# सिविस स्मारिका

## २०७५

CWISH 25 Years

बाल अधिकार अभियानमा सिविसको २५ वर्ष

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

सिविस स्मारिका २०७५

CWISH

**समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)**

पो.ब. नं. २१४३३, बुद्धनगर, काठमाडौं, नेपाल

फोनः ९७७-१-४७८१३८६, ४७८०४४६, फ्याक्स नं.: ९७७-१-४७८४५४५

हेल्पलाइनः १६६०-०१-१००००

इमेलः info@cwish.org.np वेभः www.cwish.org.np

9 789937 052252

बाल अधिकार अभियानमा सिविसको २५ वर्ष

# स्मारिका

## २०७५

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपाल
बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ

**समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका**
बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ
**बाल अधिकार अभियानमा सिविस नेपालको २५ वर्ष : स्मारिका**

प्रकाशन वर्ष : २०७५

अवधारणा : विमला ज्ञवाली, शान्ति अधिकारी
सल्लाहकार : राजु थापा
सम्पादन : ज्योतीलाल बन र रमेशकुमार पौडेल

संयोजन : रमेशकुमार पौडेल

व्यवस्थापन सहयोग : प्रमोद आचार्य, सुजता चौलागाईँ, केदार मगराती, गीता बस्नेत

सहयोगीहरू : ईशा बिमली, पारस घिमिरे, कृति वैद्य, दिपा सिग्देल, दुर्गा पुडासैनी, मनिता धरेल, देवकी पोखरेल, कपिल श्रेष्ठ, सुस्मिता राई, सन्तोष सत्याल, नवराज सापकोटा, यादवकुमारी बस्नेत, सुकमाया गुरुङ, श्रीकृष्ण थापा, भरत अधिकारी, विनिता जोशी, सुशिला योञ्जन

प्रकाशक : सिविस
आकृतिविन्यास : रमेश दाहाल, नयाँ बानेश्वर, काठमाण्डौ
मुद्रण : सुप्रभा प्रकाशन प्रा.लि.

ISBN : 978-9937-05225-2

# विषयसूची

**प्रकाशकीय**

**संस्थापक अध्यक्षको सन्देश**

**शुभकामना सन्देशहरू**

सिविस अर्थात् आवाजविहीनहरूको आवाज — *युवराज घिमिरे* — १

## लेखहरू

बालअधिकार अभियानका ३० वर्षहरू — *गौरी प्रधान* — १५

बालबालिकासम्बन्धी ऐन २०७५ मा बालसंरक्षणसम्बन्धी व्यवस्था र नागरिक समाजको भूमिका — *चन्द्रिका खतिवडा* — २४

नेपालमा बालश्रमविरुद्धको अभियान — *उद्धव राज पौड्याल* — ३३

बदलिँदो परिवेश र बालअधिकार अभियान — *तारक घिताल* — ४०

फरेन्सिक विज्ञान र बलात्कारसम्बन्धी स्वास्थ्य परीक्षणको अवस्था — *डा. हरिहर ओस्ती* — ४७

शिक्षा अधिकारमा एनसिइ-नेपालको भूमिका — *कुमार भट्टराई* — ५२

सिविस अभियान : चुनौती र सफलताहरू — *मिलन धरेल* — ५७

## अन्तरवार्ता

अदालत बालबालिकाको न्याय निरूपणमा गम्भीर भएरै लागेको छ। — *गिरीराज गौतम* — ६५

बालअधिकार अनुगमन र समीक्षामा संयुक्त राष्ट्र सङ्घीय अभ्यास — *कृष्ण सुवेदी* — ६९

सिविससँगको सहकार्य प्रभावकारी रहेको छ — *कमला सुवेदी* — ७८

बालयौन दुर्व्यवहारविरुद्ध सिविसले निर्वाह गरेको भूमिका सराहनीय छ — *डा. श्री सिर्जना कुँवर* — ८२

सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्य आवश्यक छ — *नमुना भुसाल* — ८७

पैसाको खाँचो टार्न ठुलो सहयोगी बनेको छ बचत समूह — *गीता थापा* — ९०

## अनुभव र अनुभूतिमा सिविस

संरक्षण नेपाल र सिविस नेपालबीचको साझेदारी र सिकाइहरू — *बृजमोहन कुशवाहा* — ९५

बालअधिकारको अभियानमा  सिविस र प्रयास नेपालको सहयात्रा — *दामोदर अर्याल* — ९७

## पूर्व घरेलु बालश्रमिकहरूको अनुभवमा सिविस

| | | |
|---|---|---|
| विछोडिएको एघार वर्षपछि परिवारसँग पुनर्मिलन | *सावित्री तामाङ, गोले* | १०१ |
| बालश्रमिकदेखि घरेलु श्रमिक युनियनको अध्यक्षसम्म | *सोनु दनुवार* | १०५ |
| शिक्षा र सीपले रूपान्तरण गरेको जीवन | *देवेन्द्र चौधरी* | १०९ |

## विद्यालयहरूसँगको सहकार्यमा सिविस

| | | |
|---|---|---|
| सिविससँगको, मेरो अनुभूति | *श्याम श्रेष्ठ* | ११३ |
| मेरो दृष्टिमा सिविस | *तारा न्यौपाने* | ११५ |
| सिविससँग सहकार्यका केही अनुभूतिहरू | *जीवन सुवाल* | ११८ |

## सिविसका पूर्व कर्मचारीहरूको दृष्टिमा सिविस

| | | |
|---|---|---|
| घरदैलो प्रमुखदेखि कार्यकारी प्रमुखसम्म | *ऋतु भट्ट राई* | १२३ |
| घरेलु बालश्रम न्यूनीकरणका लागि पारिवारिक सशक्तीकरण | *ध्रुव लामिछाने* | १२६ |
| घरेलु बालश्रम र अनौपचारिक शिक्षा कक्षा | *कमल चापागाईँ* | १२९ |
| सिविससँगको सहयात्राका छ वर्षहरू | *अनिता तामाङ* | १३३ |

## सिविसमा म : अनुभव र दृष्टिकोणहरू

| | | |
|---|---|---|
| मनोविमर्शकर्ताको रूपमा संलग्न हुँदाको अनुभूति र सिकाइ | *पूर्णकला शर्मा* | १३९ |
| घरेलु बालश्रमिकसम्बन्धी अनुसन्धान २०१८ को सारसंक्षेप | *राजु थापा* | १४४ |
| महिला तथा बालबालिका बेचबिखनको न्यूनीकरणमा सिविसको भूमिका | *बाबु राम गौतम* | १४७ |
| सिविसको स्रोत परिचालन र व्यवस्थापन विगतदेखि वर्तमानसम्म | *प्रमोद आचार्य* | १५१ |
| शिक्षाको अधिकारको अभियानमा सिविस | *रमेशकुमार पौडेल*<br>*ईशा बिमली* | १५५ |
| बाल मनोविमर्श सेवामा सिविसका भोगाइहरू | *मनिता धरेल* | १६१ |
| बालबालिकामाथि हुने यौनजन्य अपराधः विद्यमान कानुन र चुनौती | *देवकी पोखरेल* | १६७ |

**सिविस अभियानका झलकहरू**

**सिविसबाट प्रकाशित पुस्तक तथा सामग्रीहरू**

**सिविसले प्राप्त गरेका प्रशंसापत्रहरू**

**शब्द चित्रमा सिविसको २५ वर्ष**

# प्रकाशकीय



**विमला ज्ञवाली**
**अध्यक्ष**

हामीले यो २०७५ सालदेखि २५ वर्ष पार गऱ्यौँ । यस बीच हामी बालअधिकार अभियानको महत्त्वपूर्ण नेतृत्वदायी हिस्साका रूपमा विकसित भएका छौँ । बालअधिकार अभियानभित्र सिविसले बालश्रम र बाल संरक्षणको सवालमा एउटा छुट्टै र महत्त्वपूर्ण स्थान बनाएको छ। तत् विषयमा नीतिगत बहस गर्ने, तथ्यमा आधारित एडभोकेसी गर्ने र श्रम शोषण तथा यौनदुर्व्यवहारलगायत कुनै पनि हिसाबले शोषणमा परेका बालबालिकाको उद्दार र पुनर्स्थापन गर्नु नै सिविसका महत्त्वपूर्ण कामहरू हुँदै आएका छन् ।

यसरी बालअधिकारका क्षेत्रमा काम गर्ने क्रममा यस २५ वर्षमा हामी श्रम शोषणमा परेका वा पर्न सक्ने हजारौँ बालबालिकाबीच पुगेका छौँ। हामीले श्रमशोषणमा रहेकाहरूको उद्दार र पुनर्स्थापन गरेका छौँ, बाल यौनदुर्व्यवहारका घटनाहरूमा अदालतमा पुगेर न्यायिक लडाइँ लड्दै बालबालिकालाई न्याय दिलाएका छौँ। साथै शैक्षिक सहयोगको माध्यमबाट बालबालिकाको शिक्षा अधिकारलाई प्रत्याभूत गर्न मद्दत पुऱ्याएका छौँ ।

प्रतिबद्ध भएर निरन्तर काम गर्दै जाँदा सिविस घरेलु बालश्रमिकहरूको मुद्दालाई उठान गर्दै उचाइमा पुऱ्याउने संस्थाका रूपमा परिचित भएको छ । घरेलु बालश्रम हुनु परिवारको प्रतिष्ठा बढ्नु हो भन्ने सोच परिवर्तन भएर घरमा बालश्रम हुनु भनेको लज्जाको विषय हो भन्ने अवस्था सिर्जना हुनु आफैँमा महत्त्वपूर्ण उपलब्धि हो। आफूले उठान

गरिरहेको मुद्दामा यस स्तरको सामाजिक जागरण देख्दा स्वभाविक रूपमा गर्वबोध भइरहेको छ।

बालअधिकार आन्दोलनलाई थप सबल बनाउनका लागि यसले विभिन्न सञ्जालहरूको नेतृत्व गर्नुका साथै सञ्जालको निर्माणमा समेत महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। राष्ट्रिय बाल संरक्षण सञ्जाल (एनसिपिए)को निर्माणमा सिविसले खेलेको भूमिका विशेष उल्लेखनीय रहेको छ। बालबालिका स्वयम्लाई सशक्तीकरण गर्न उनीहरूलाई संगठित गर्दै बालक्लब गठन गर्ने र परिचालनमा मद्दत गर्दाका अनुभवले हामीलाई बालबालिका समाज परिवर्तनका संवाहक हुन् भन्ने तथ्यलाई पुनर्पुष्टि गर्न मद्दत पुगेको छ। सिविसका यी र यस्तै अन्य कामहरूबाट यस संस्थाले राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति कमाएको हो।

बितेका २५ वर्षमा सिविसलाई थुप्रै चुनौतीहरू पनि आए। तर हामीले तिनलाई कुशलतापूर्वक सामना गर्‍यौँ र अवसरका रूपमा बदल्दै लग्यौँ। यसरी संस्थाले प्राप्त गरेका उपलब्धीहरूको संरक्षण गर्दै अबका दिनमा एउटा क्रियाशील र जिम्मेवार राष्ट्रिय संस्थाका हैसियतमा सिविसले फराकिलो मानवअधिकार आन्दोलन र सामाजिक आन्दोलनहरूसँग आफूलाई गाँस्दै जानुपर्ने भएको छ। यसैगरी देशमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिक समाजको स्थान बनाउन पनि उत्तिकै भूमिका खेल्नुपरेको छ।

आफ्नो स्थापनाकालदेखि नै सिविसले लिएको स्पष्ट दृष्टिकोण र क्रियाशीलताका कारण हामीले आजको पहिचान कायम गर्न सकेका हौँ। यसरी दूरदृष्टि राखेर यस संस्थाको निर्माणमा योगदान पुर्‍याउने संस्थापक अध्यक्ष शान्ती अधिकारीलगायत सम्पूर्ण संस्थापकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु। साथै विभिन्न कालखण्डमा नीतिगत तहमा संस्थालाई नेतृत्व दिने कार्यसमितिलगायत सिविसका सदस्य तथा सल्लाहकारहरूले दिनु भएको योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु।

यसैगरी प्रतिबद्ध कर्मचारी मित्रहरूले पुर्‍याउनु भएको योगदानलाई यहाँ म आदरका साथ उल्लेख गर्न चाहन्छु। सिविसका कामलाई आर्थिक तथा प्राविधिक सहयोग गरेर योगदान दिने साझेदार संघसंस्थाहरू र बालअधिकारका मुद्दामा सँगसँगै काम गर्ने सहयात्री एवम् सहकर्मी नागरिक समाजका अग्रज एवम् संघसंस्थाहरू प्रति विशेष आभार व्यक्त गर्दछु।

हामीले विगत २५ वर्षमा देशको समग्र बालअधिकार अभियानमा पुर्‍याएको योगदानहरूको मूल्याङ्कन र चर्चा गर्दै यस स्मारिकाका लागि लेख, रचना, अनुभव र शुभ-कामना उपलब्ध गराइदिने सम्पूर्ण महानुभाव, संघसंस्था, सञ्जाल तथा सरकारी निकाय प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस स्मारिका प्रकाशनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने रमेश कुमार पौडेल तथा ज्योतिलाल वनलगायत सम्पूर्ण मित्रहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

# महिला अधिकारदेखि बालअधिकारसम्मको सिविस अभियान



**शान्ती अधिकारी**
**संस्थापक अध्यक्ष तथा कार्यसमिति सदस्य**

सन् १९९३ मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा दर्ता गरिएको **समाजसेवा र मानव अधिकारमा महिला र बालबालिका** (**सिविस**) ले यतिबेलासमम आइपुग्दा २५ वर्ष पूरा गरेको छ। यस अवधिमा यस संस्थाले बालअधिकार खास गरी निकृष्ट प्रकारको बालश्रम उन्मूलनतर्फ लक्षित रही संचालन गर्दै आएका गतिविधि उल्लेखनीय रहका छन् । यो आलेख मूलतः सिविस स्थापनाको पृष्ठभूमिदेखि यो यस क्षेत्रमा क्रियाशील हुनुका प्रेरक पक्षहरूका बारेमा केन्द्रित रहने छ।

यो संस्था दर्ता गर्नुभन्दा पहिले महिला अधिकारप्रति जागरुक हामी केही महिलाहरूले '**समाज सेवा तथा मानवअधिकारमा महिला Women In Social Service and Human Rights (WISH)**' नामक संस्था दर्ता गरेका थियौं । त्यतिबेला महिलामाथि चर्को रूपको लैङ्गिक विभेद, शोषण उत्पीडन, अशिक्षा, उपेक्षा, अपमानलगायत विभिन्न प्रकारका दुर्व्यवहारहरू हुने गर्थ्यो । यस्ता समस्याहरू अन्त्यका लागि प्रयास गर्दै उनीहरूको हक अधिकार र सशक्तीकरणका लागि काम गर्नुलाई यो संस्थाले आफ्नो मूल उद्देश्य बनाएको थियो ।

नेपालमा निरंकुश पञ्चायती व्यवस्था कायम रहेका बखत मानवअधिकार, महिला अधिकार, बाल अधिकारको क्षेत्रमा काम गर्नका लागि संस्था दर्ता गर्न नपाइने कुरा हामी सबैमा विदितै छ। सन् १९९१ मा प्रजातन्त्रको पुनःस्थापना भएपछि मात्रै यस्ता बन्देजहरू हटेका थिए। हुन त

प्रजातन्त्रको पुनःस्थापनापछि पनि यस्ता समस्याहरू कायम नरहेका हैनन् । तथापि यतिबेलाको अवस्था त्यतिबेलाको जस्तो कहाली लाग्दो छैन । खास गरी राजनैतिक अधिकार र सशक्तीकरणको हिसाबले महिलाहरू निकै अगाडि बढेको पाउन सकिन्छ ।

यो संस्था स्थापना गरेपछि आर्थिक रूपले कमजोर र चेतनाका हिसाबले पछाडि पारिएको सीमान्तीकृत थारु समुदाय बीच कामको थालनी गर्ने सोच बनाइयो । यो सोचमा आधारित रहेर नै नवलपरासी जिल्लाका थारु समुदायका महिलाहरूमा अनौपचारिक शिक्षा सञ्चालन गरियो । अनौपचारिक शिक्षा संचालनकै क्रममा कानुनी शिक्षा तथा आर्थिक उपार्जनका लागि सीपमूलक कार्यक्रम पनि सञ्चालन गरिएको थियो । यसरी काम गर्दै जाँदा त्यहाँका महिलाहरूले पढ्न पाउने आशामा आफ्ना बालबालिका काम गर्न काठमाण्डौ गएको कुरा बताए । काठमाण्डौ गएका बालबालिका घर परिवारको सम्पर्कमा नआएका कारण अत्यन्त चिन्तित बनेका उनीहरूले आफ्ना बालबालिका खोजिदिनका लागि हामीसँग बारम्बार अनुरोध गरेका थिए । त्यसपछि हामी काठमाण्डौ आएर ती बालबालिकाको खोजीमा लाग्यौँ । खोज्दै जाँदा धेरैजसो घरेलु बालश्रमिकको रूपमा रहेको पाइयो । यसपछि मात्र घरेलु बालश्रमिकहरूले भोगिरहेको कहालिलाग्दो अवस्था हामीले थाहा पायौँ ।

यो समस्यालाई गहिरो गरी अध्ययन गर्ने क्रममा काठमाडौका कतिपय बासिन्दाले देशका विभिन्न भागबाट आफ्नो घरमा काम गर्नका लागि स-साना बालबालिका ल्याउने र दासदासीको जस्तो व्यवहार गर्ने गरेको पाइयो । यस्ता बालश्रमिक राख्नेहरूमध्ये कसै कसैले मात्र आफ्नो बालश्रमिकलाई विद्यालय पढ्न पठाउथे । तराईको हावापानीमा हुर्केका ती बालबालिकाका लागि काठमाण्डौको कठ्याङ्ग्रिदो चिसो वातावरणको सामना गर्दै घरभित्रको काममा जोतिनु कम कठिन थिएन । फाटेका लुगा लगाएर पटपटी फुटेका हात गोडा चलाएर मालिक मालिक्नीको हप्कीदप्की र कहिलेकँही त पिटाइसमेत सहदै एकछिन पनि थकाइ नमारी लगातार काममा जोतिनु उनीहरूको दिनचर्या थियो । सानै उमेरमा आएकाले होला उनीहरूमध्ये धेरैलाई आफ्ना बाबु आमाको ठेगानासमेत थाहा थिएन । आफ्ना आमाबुबासँग सम्पर्क गरेर खबर पठाउन सक्ने स्थिति नभएकोले उनीहरू घर फर्कन पनि सक्दैनथे । यति मात्र होइन, आफूले काम गरेको मालिकको अत्याचार सहन नसकी एक ठाउँबाट भागेर अर्को ठाउँमा गए पनि फेरि उस्तै समस्या । काँडाको झ्याङबाट सिस्नाको झ्याङमा गए जस्तै ।

घरेलु बालश्रममा संलग्न बालबालिकाको यस्तो अवस्था देखेपछि हामीले यस क्षेत्रमा काम गर्ने अठोट गर्‍यौँ र उनीहरूका लागि अनौपचारिक कक्षा सञ्चालन गर्ने सोच बनायौँ । यस क्रममा काठमाण्डौका विभिन्न वडाहरूमा दिउँसो २ घण्टाका लागि घरेलु बालश्रमिकहरूलाई भेला गरेर अनौपचारिक शिक्षासँग सम्बन्धित कक्षाहरू सञ्चालन गर्न थालियो । कक्षा संचालनकासाथै ती बालबालिकासँग प्रत्यक्ष छलफल पनि चलाइन्थ्यो । छलफलका क्रममा उनीहरूले भोग्दै आएका तर बाहिर नआएका कैयौँ समस्याहरूका बारेमा पनि जानकारी भयो ।

त्यसबेला मुलुकमा भर्खरै मात्र प्रजातान्त्रिक सरकारको स्थापना भएकाले संस्था दर्ता गरेर यस्ता समस्याहरू समाधानतर्फ केन्द्रित रहेर काम गर्न सक्ने परिस्थिति बनेको थियो । साथै नेपाल सरकारले बालअधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर बालबालिकासम्बन्धी ऐन २०४८ पनि जारी गरिसकेको थियो ।

तर राजनीतिक रूपमा परिवर्तन भएर राज्यद्वारा यस्ता अधिकारमुखी विभिन्न प्रतिबद्धता जनाइएको भए पनि समाजको सोच भने पुरानै थियो । मानिसमा १४ वर्ष मुनिका बालबालिकालाई श्रममा लगाउनु कानुन विपरीत छ भने ज्ञान पनि

थिएन। कतिले बालबालिकालाई काममा लगाउनु या नलगाउनु मेरो व्यक्तिगत कुरा हो भन्ने गर्थे। अझ कतिले त "आफूले गरिबका बच्चालाई कम से कम खान र लाउन दिएर उद्धार गरेको" भन्ने दाबी नै गर्ने गर्थे। घरेलु बालश्रमको सवाल सरकारी चासोको विषय थिएन। सरकारी पदाधिकारीहरूमा पनि "रोजगारदाताले घरेलु बालश्रमिक राखेर कमसेकम उनीहरूको खान लाउन पाउने समस्या त हल भएको छ, यो त राम्रै कुरा हो, यो उनीहरूप्रति गरिएको उपकार नै हो" भन्ने धारणा थियो। यसरी त्यतिबेला सिङ्गो समाजले बालश्रमलाई अत्यन्त सहज रूपमा स्वीकार गरेको अवस्था थियो। यस्तो परिस्थितिमा घरको चार पर्खालभित्र रहेर काम गर्ने बालश्रमिकहरूका लागि काम गर्न पटक्कै सजिलो थिएन। फेरि पनि हामीले विभिन्न रणनीति अपनाउदै ४।५ सय बालबालिकालाई अनौपचारिक शिक्षा प्रदान गर्न सफल भयौँ। त्यति मात्र होइन ती मध्ये धेरै बालबालिकालाई सामुदायिक विद्यालयहरूमा भर्ना गरी उनीहरूलाई औपचारिक शिक्षासँग गाँस्ने कार्यमा सफलता प्राप्त गऱ्यौँ। धेरै बालश्रमिकहरूको समस्या नजिकबाट विश्लेषण गर्ने क्रममा हामी यसको स्थायी समाधानको उपायको खोजीमा लाग्यौँ। यस खोजीबाट हामीले 'केही घरेलु बालश्रमिकहरूलाई अनौपचारिक, औपचारिक शिक्षा दिएर मात्र यो समस्याको समाधान नहुने रहेछ' भन्ने वस्तुतथ्य पनि बुझ्न सक्यौं।

गरिवीलगायत अन्य विभिन्न समस्याका कारण बालबालिका घरेलु बालश्रममा संलग्न हुने गरेको र यो राष्ट्रिय तहकै समस्या बन्न पुगेको छ भन्ने निष्कर्षमा हामी पुग्यौँ। साथै, यसको स्थायी सम्बोधन सरकारले नीति निर्माण गरेर प्रभावकारी कार्यान्वयनमा लानसके मात्रै सम्भव छ भन्ने पनि हामीले महसुस गऱ्यौँ। यसपछि हामीले सरकारसँग यो सवालको सम्बोधनका लागि छलफल र पैरबी पनि गर्न थाल्यौँ। सुरुमा सम्बन्धित सरकारी निकायहरू सकारात्मक थिएनन्। हाम्रो अथक प्रयास पछि पहिलो पटक ललितपुर नगरपालिकाले घरेलु बालश्रमविरुद्ध आचारसंहिता निर्माण गऱ्यो। यसले आफ्ना वडाहरूमा लागु गर्नका लागि सार्वजनिक सूचना जारी गर्ने उद्देश्यले ठुलो होडिङ्ग बोर्डसमेत राख्यो। बिस्तारै अन्य विभिन्न सरकारी निकायले पनि वार्षिक बजेट नै छुट्याएर काम गर्न थाले। यसले गर्दा हामीलाई पनि बालश्रमविरुद्ध सरकारी निकायसँग साझेदारी गर्दै सहकार्य गर्न सहज हुन थाल्यो।

बाल अधिकारको हिसाबले खान पाउनु, लाउन पाउनु, पढ्न पाउनु, खेल्न पाउनु, स्वास्थ्य सुविधा पाउनु, सहभागी हुन पाउनु, समग्र रूपले बाल विकास हुन पाउनु बालबालिकाको अधिकार हो। तर घरेलु बालश्रमिकहरू सबै अधिकारबाट बञ्चित हुने गरेका छन्। अझ उनीहरूमाथि हुने विभिन्न दुर्व्यवहारका घटनाहरू अझै कहाली लाग्दा छन्। तुलनात्मक रूपमा हेर्ने हो भने विगत २५ वर्ष अगाडि र अहिलेको अवस्थामा थुप्रै सकारात्मक परिवर्तनहरू आएका छन्। जस्मा कानुनी व्यवस्था, जनचासो, बालश्रमिकका अभिभावकमा बढेको चेतना, सरकारी र गैरसरकारी निकायले बालबालिकाका लागि गर्ने लगानी आदि मुख्य रहेका छन्।

सिविसले आफ्नो २५ वर्षे अवधिमा गरेका गतिविधि र उपलब्धिहरूलाई यहाँ उल्लेख गर्न सम्भव रहेन। फेरि पनि यसले गरेका कामहरूको सिंहावलोकन गर्दा सन्तुष्ट हुने ठाउँहरू पनि धेरै छन्। सिविसले गरेको कामबाट थुप्रै बालबालिकाको जीवनमा सकारात्मक परिवर्तनहरू आएका छन्। धेरै बालबालिकाले शिक्षा आर्जन गर्ने अवसरका साथै संरक्षणको अधिकार पनि पाएका छन्। सिविसकै प्रयासबाट जोखिम अवस्थामा रहेको निकै धेरै बालबालिका यस्तो अवस्थाबाट मुक्त भएका छन्। सिविसले कतिपय सरकारी विद्यालयका शिक्षक शिक्षिकाको व्यवहारलाई बाल मैत्री व्यवहारमा रूपान्तरण गर्न सफलता प्राप्त गरेको छ। हामी बालश्रमसँग सम्बन्धित सरोकारवालाहरूको

सोचमा परिवर्तन ल्याउन सफल भएकाले घरेलु बालश्रमलाई हेर्ने समाजको दृष्टिकोणमा परिवर्तन आएको छ। स-साना बालबालिकालाई घरमा काम गर्न राख्दा आफु संवृद्ध र सम्पन्न भएको घमण्ड गर्नेहरू अहिले त्यस्ता बालबालिका राख्नु र तिनलाई काम लगाउनु भनेको लज्जाको विषय र बालअधिकार विपरीत भएको ठान्नुलाई ठुलै परिवर्तन मान्नुपर्दछ।

हुन त आजको २१ औँ शताब्दिमा आइपुग्दा पनि हाम्रो समाजमा बालबालिकाले दासत्वपूर्ण व्यवहार भोग्नु परिरहेकै छ। घरेलुलगायत विभिन्न निकृष्ट प्रकारका बालश्रमले निरन्तरता पाउनु, अझै पनि ठूलो संख्यामा बालबालिका शिक्षाको अवसरबाट बञ्चित रहनु, दुर्व्यवहार, यौन शोषण, अपहेलना, उपेक्षा, भेदभाव तथा भोकमरीको समेत शिकार हुने स्थिति विद्यमान रहनु यो युगकै उपहास हो।  यसरी बालबालिकाले भोग्दै आएका समस्याहरू जवसम्म प्रभावकारी ढङ्गबाट समाधान हुन सक्दैनन् तबसम्म सन्तोष लिने अवस्था रहदैन।

यी समस्याहरूको सम्बोधन गर्न राज्यले नै विशेष उत्तरदायित्व लिनुपर्दछ। यसका लागि राज्य योजनाबद्ध ढङ्गबाट लाग्न जरुरी छ। बालबालिकाका सबै अधिकारहरू सुनिश्चित हुनुको अर्थ बालमैत्री राज्यको स्थापना हुनु हो। बालमैत्री राज्यको स्थापना भनेको राज्यको संवृद्धिको परिचायक पनि हो। तर यो स्थिति प्राप्त गर्नका लागि राज्यका साथै समाजका सम्पूर्ण सरोकारवालाहरूको ठुलो जिम्मेवारी छ। यो हामी सबैको सामूहिक जिम्मेवारीको विषय हो। बाल अधिकार सबैको सरोकारको विषय हो भन्ने कुराको बोध हामी सबैले गर्नु आवश्यक छ।

अन्त्यमा, सिविसलाई बालबालिका त्यसमा पनि घरेलु बालश्रमिकको हक अधिकारका लागि काम गर्ने राष्ट्रिय संस्थाका रूपमा चिनाउन सहयोग गर्ने सम्पूर्ण महानुभावहरू, शुभचिन्तकहरू, संस्थाका सदस्यहरू, सल्लाहकारहरू विशेष गरी संस्थाको कामको लागि इमान्दारीका साथ अहोरात्र खटिएर काम गर्ने कर्मचारी मित्रहरू, साझेदार संस्थाहरू, सरकारी निकायहरू र सम्पूर्ण सरोकारवालाहरूमा आभार व्यक्त गर्न चाहन्छु। यस स्मारिकामा शुभकामना दिनु हुने र हामीले गरेका कामहरू जस्ताको तस्तै रूपमा पस्किदिनुहुने सम्पूर्ण सहकर्मीहरूप्रति आभार व्यक्त गर्न चाहन्छु। यसबाट सिविस परिवारलाई भविष्यमा अझै बढी काम गर्न हौसला प्राप्त भएको छ।

**माननीय थममाया थापा**
**मन्त्री**
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**पत्र संख्या :** ०७५/७६
**चलानी नं. :** ११०

**नेपाल सरकार**

**फोन नं.:** ४२००२८०
**फ्याक्सः** ४२००११६
**वेभसाइटः** www.mowcsw.gov.np
**इमेलः** mail@mowcsw.gov.np

**निजी सचिवालय**
**सिंहदरबार, काठमाण्डौ**

**मितिः** २०७५/७/२०

हार्दिक शुभकामना



सर्व प्रथम समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपालले आफ्नो स्थापना कालको २५ वर्ष पूरा गरेकोमा हामीलाई खुशी लागेको छ । बालश्रम तथा बालदुर्व्यवहारको विरुद्धमा उभिएको सिविसले जोखिममा परेका बालबालिकाको पक्षमा बहस पैरबी गर्दै आएको छ । बालसंरक्षणका विभिन्न सवालहरूका सम्बन्धमा सचेतना अभियान सञ्चालन गर्ने तथा बालबालिका, उनीहरूका अभिभावक लगायत आम समुदायमा बाल अधिकारबारे जागरुक बनाउने काम गरेको छ । नागरिक समाजको एउटा क्रियाशील सदस्यको रूपमा परिचित सिविसले बालबालिकाको शिक्षाको निरन्तरताका लागि भूमिका खेल्दै आएको छ । यसैगरी मानव बेचबिखनविरुद्धको सचेतना अभियानलाई निरन्तर रूपमा सञ्चालन गर्दै आएको सिविस आगामी दिनमा पनि बालअधिकारको स्थापनार्थ निरन्तर लागिरहने भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा सबै बालबालिकाका लागि बालअधिकारको सुनिश्चितता गर्न तथा मानव बेचबिखनविरुद्धको महा अभियानमा अझ नयाँ सोच र कार्यक्रमका साथ लाग्न सिविसलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

.............................
थममाया थापा
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(स्रोत परिचालन समन्वय शाखा)
फोन { ४२००३०९ ४२००२८१

पत्र संख्याः- ०७५।०७६
चलानी नं.:- २४

मिति : २०७५।७।१८

## शुभकामना सन्देश

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपालले आफ्नो स्थापनाकालको २५ वर्ष पूरा गरेको उपलक्ष्यमा स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । बालश्रम तथा बाल दुर्व्यवहारको विरुद्धमा कृयाशील यस संस्थाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा युनिसेफसंगको सहकार्यमा सन् २०११ देखि विभिन्न १४ वटा नगरपालिकामा बालश्रम न्यूनीकरण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्य गर्दै आएको छ । यस कममा संस्थाले नगरपालिकाका निर्वाचित प्रतिनिधी एवम् कर्मचारी तथा नगरपालिका अन्तरगत कृयाशील नागरिक समाजसँग सम्बद्ध संघ संस्थाहरुका प्रतिनिधि र युवाहरुका लागि क्षमता अभिवृद्धि गर्ने तथा बालश्रम विरुद्धको सूचना तथा संचारसँग सम्बन्धित सामग्रीहरु प्रकाशन तथा प्रचार प्रसार गर्ने कार्यमा उल्लेख्य भूमिका निभाएको छ । यसका साथै संस्थाले बालश्रमिक तथा जोखिममा परेका बालबालिकाको शिक्षाको निरन्तरता तथा मानव बेचबिखन विरुद्धको सचेतना अभियानलाई समेत विगत लामो समयदेखि निरन्तर रूपमा सञ्चालन गर्दै आएको छ । यस अवसरमा सिविसले बालअधिकार सुनिश्चितताको क्षेत्रमा हालसम्म पुऱ्याएको योगदानका लागि हार्दिक धन्यबाद ज्ञापन गर्दै आगामी दिनमा समेत यस महाअभियानमा अझ नयाँ सोच र कार्यक्रमका साथ कृयाशील रहन सफलता मिलोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(सुरेश अधिकारी)
सह-सचिव

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**



| पत्र संख्या :- ०७५/७६ | च. नं. | |
|---|---|---|

# शुभकामना

नेपालमा बाल संरक्षण, बाल अधिकार र पारिवारिक सशक्तीकरणका क्षेत्रमा सन् १९९३ देखि **समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CWISH Nepal)** काम गर्दै आएकोमा यस संस्था स्थापनाको २५ वर्ष पुगेको सन्दर्भमा स्मारिका प्रकाशन गर्न लागेको विषय सराहनीय रहेको छ ।

यसै सन्दर्भमा **CWISH Nepal** ले बाल अधिकार (बाल श्रम उन्मूलन, बाल शिक्षा, बालश्रमिकहरुको पक्षमा वकालत गर्ने) लगायत नेपाल सरकारवाट सञ्चालित बालश्रम निवारण गर्ने अभियानमा एउटा क्रियाशील संस्थाको रुपमा देखा परेको र यस संस्थावाट सञ्चालित क्रियाकलापहरु अनुसरणयोग्य रहेका पाइएका छन् । आमनागरिक लगायत बाल अधिकारका क्षेत्रमा काम गर्ने अन्य संस्थाहरुलाइं समेत **CWISH Nepal** का यस्ता गतिविधिहरु अनुसरण गरी नेपालमा बालश्रमको पूर्ण अन्त्य तथा बाल अधिकारको रक्षाका लागि हातेमालो गरी अघि बढ्न प्रेरणा प्राप्त हुने समेत देखिएको छ । जसलाई उदाहरणीय कार्यको रुपमा लिन सकिन्छ ।

यसै गरी घरेलु बालश्रमिकहरुलाई अनौपचारिक शिक्षाको माध्यमवाट औपचारिक शिक्षासंग जोड्ने एउटा अभियानको रुपमा समेत यसको परिचय स्थापित गर्न सफल भएको छ । जोखिममा परेका वालवालिकाको संरक्षणको विषयलाई प्रमुख सवाल वनाई अगाडि वढ्ने **CWISH Nepal** को प्रयास अझै प्रशंसायोग्य छ र यसवाट नेपाल सरकारको बालश्रम निवारणसम्वन्धी कानून र गुरुयोजना कार्यान्वयनमा समेत मद्धत पुग्न जाने देखिएको छ ।

आगामी दिनमा पनि बाल अधिकार तथा बाल सशक्तिकरणका क्षेत्रमा अनुकरणीय कार्य गर्न यो संस्था सदैव क्रियाशील हुन सकोस भन्ने शुभकामना दिन चाहन्छु ।

..............................
**राम प्रसाद भट्टराई**
**महानिर्देशक**
**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**
**मीनभवन, काठमाडौ**

"जनमुखी प्रशासन: अनुशासन र सुशासन"
मीनभवन, काठमाडौं, फोन: ४१०७११७, ४१०७१९, ४१०७२० फ्याक्स: ४१०७२८८
इमेल: info@dol.gov.np वेभ: www.dol.gov.np

# शुभकामना सन्देश

‘समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका’ सिविस नेपाल महिला एवं बालबालिकाको अधिकार संरक्षण र न्यायको अभियानमा कार्यरत संस्था हो। यसले यस अभियानमा सफलतापूर्वक पच्चीस वर्ष पार गरेकोमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु।

सिविस नेपालले महिला तथा बालबालिकाको अधिकारसँग सम्बन्धित फौजदारी कानुनका विषयहरूमा समेत काम गर्दै आएको छ। यी कामहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन विगतदेखि नै हामी बीच हुँदै आएको सहकार्य स्मरणीय रहेको छ। यसलाई अझ प्रभावकारी बनाउन संस्थाको सार्थक पहलको अपेक्षा गरेको छु। यस संस्थाको भूमिकाबाट सरोकारवालाहरू र समग्र समाज लाभान्वित हुने विश्वास व्यक्त गर्दै स्मारिका प्रकाशनको सफलताको कामना गर्दछु।



**राम घिमिरे**

जिल्ला न्यायाधिवक्ता, ललितपुर

# शुभकामना

नेपालमा बालअधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूमध्ये समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल) एउटा लोकप्रिय र कार्य सम्पादनमा अग्रणी रही आएको संस्था हो। जिल्ला सरकारी वकिल कार्यालयका काम कामकारबाही (खासगरी महिला तथा बालबालिकाका पीडित भएको मुद्दा) मा यस संस्थाले निरन्तर बहस पैरबी गरी हातेमालो र सहकार्य गर्दै आएको छ। आगामी दिनमा पनि कानुनको द्वन्द्वमा परेका बालबालिकाहरूका पक्षमा स्वच्छ सुनुवाइका लागि यो सहकार्यले निरन्तरता पाओस भन्ने अपेक्षा राख्दै जाहेरवाला एवं पीडितका तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्न चाहान्छु। साथै साहाराविहिन अपराध पीडित महिला एवं बालबालिकाको संरक्षणमा समेत निरन्तर कार्य गरी समाज सेवा, मानव अधिकारको पक्षमा यहाँहरूको पाइला निरन्तर अगाडि बढिरहोस भन्ने अपेक्षा पनि राखेको छु।

यसरी बालअधिकार संरक्षण तथा संवर्धनका लागि अभियान सञ्चालन गर्दै आएको सिविसले यतिबेला २५ वर्ष पूरा गरेको छ। यस अवसरमा सिविसलाई हार्दिक बधाइ तथा शुभकामना दिन चाहान्छु र आगामी दिनमा उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**भीमसेन काफ्ले**
**सहायक जिल्ला न्यायाधिवक्ता**
**जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर**

# शुभकामना सन्देश



**बिना दाहाल**
**सहायक जिल्ला न्यायाधिवक्ता**

'समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल)'ले स्मारिका प्रकाशित गर्न गैरहेको जानकारी पाउँदा धेरै खुशी लागेको छ। यो संस्थाले महिला र बालअधिकारको संरक्षण, शिक्षाको अधिकार, पारिवारिक सशक्तीकरण जस्ता कार्यहरूमा प्रभावकारी भूमिका निर्वाह गरेको छ। साथै यसले जोखिममा परेका बालबालिकाको हकहितमा पनि आफूलाई समर्पित गर्दै आएको छ। सिविसले गर्दै आएका यी सबै कार्यहरू अत्यन्त महत्त्वपूर्ण रहेका छन्। यस्ता अभियानहरूलाई जिल्ला न्यायाधिवक्ताको कार्यालय, काठमाण्डौले समेत महसुस गर्दै आएको छ।

विभिन्न प्रकारका शोषण र अन्यायमा परेका बालबालिकालाई न्याय दिलाउने सन्दर्भमा सिविसले प्रहरी, जिल्ला न्यायाधिवक्ताको कार्यालय र अदालतलाई समेत सहयोग पुऱ्याएको कुरा उसले गरेका क्रियाकलापहरूबाट नै प्रष्ट हुन्छ। यस्ता बालबालिकाको तर्फबाट साक्षीको संरक्षण, साक्षीलाई जिल्ला न्यायाधिवक्तासमक्ष पुऱ्याएर छलफल गराउने र अदालतमा समेत उपस्थित भएर आफ्नो दायित्व निर्वाह गरिरहेको छ। विशेष गरी बाल यौनदुर्व्यवहार, शोषण, बलात्कार, हिंसा जस्ता क्रुर अपराधबाट पीडामा पारिएका बालबालिकाको संरक्षण गर्न, अदालतमा दायर भएका बालयौन दुर्व्यवहार र जबरजस्ती करणी मुद्दामा पीडितको तर्फबाट बहस पैरबी गरी न्याय सम्पादनमा उल्लेख्य सहयोग पुऱ्याएको छ। जोखिममा परेका बालबालिकाहरूको पहिचान गर्ने, संरक्षण गर्ने र निजहरूलाई औषधी उपचार एवं परामर्श प्रदान

गर्ने जस्ता महत्त्वपूर्ण काम गरी यसले समाजमा सकारात्मक योगदान पुऱ्याइरहेको छ।

बालसंरक्षणका सवालहरूमा सिविसद्वारा सञ्चालित सचेतनामूलक कार्यक्रमहरू तथा अन्तक्रियात्मक कार्यक्रमहरूले एकातर्फ महिला तथा बालबालिकाविरुद्धका अपराध न्यूनीकरण गर्ने तर्फ समेत उल्लेखनीय कार्य गरेको छ। जोखिममा परेका बालबालिकाका लागि न्याय निरूपणमा सहजीकरण गर्ने दौरानमा यसले पीडित बालबालिकालाई सुरक्षित आश्रयको व्यवस्था गरेबाट बालबालिकाहरू पीडकहरूबाट थप जोखिममा पर्नबाट संरक्षण गरेको कुरा निश्चय नै प्रसंशनीय कार्य हो। जोखिममा परेका बालबालिकालाई सिविसबाट दिइने मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने कार्यले बलात्कार तथा यौन शोषणमा परी विक्षिप्त अवस्थामा पुगेका बालबालिकालाई सामान्य अवस्थामा फर्काउन उल्लेखनीय भूमिका खेल्ने गरेको छ। यसका साथै घटना भएको थाहा पाउने पहिलो निकाय प्रहरीसँग समन्वय गरी पीडितको संरक्षण, उपचार, शिक्षा एवं पीडितको तर्फबाट वकालत गर्नेलगायतका कार्यहरूको जिल्ला न्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ सराहना गर्दछ।

अन्त्यमा आगामी दिनमा पनि महिला तथा बालबालिकाको अधिकार संरक्षण संवर्धनमा सक्रियतापूर्वक एवं निरन्तर रूपमा लागिरहनका लागि सिविसलाई हौसला मिलोस भनी जिल्ला न्यायाधिवक्ताको कार्यालयको तर्फबाट शुभकामना व्यक्त गर्दछौं।

# पनौती नगरपालिका
## Panauti Municipality
## नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

काभ्रेपलाञ्चोक
Kavrepalanchok
३ नं. प्रदेश नेपाल ।
3 No. Province, Nepal

प.सं.:
च.नं. :

मिति : २०६४।०५।०३......



## शुभकामना सन्देश

बालअधिकार संरक्षण तथा प्रवर्धनको अभियानमा कार्य गर्दै आएको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) २५ वर्षमा पुगेको सुखद सन्देश सुन्न पांउदा खुशी लागेको छ । सिविसले २५ वर्षको दौरानमा आफूले भोगेका अनुभव, सिकाइहरू र विगतमा भए गरेका कामको समीक्षा समेटेर स्मारिका प्रकाशन गर्न लागेकोमा सो कार्यको लागि सफलताको कामना समेत गर्दछु ।

मानव अधिकार र बाल अधिकारको संरक्षण तथा प्रवर्धन एवं समाजिक न्याय सुनिश्चित गर्ने उद्येश्यले सन् १९९३ मा स्थापित समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) आफ्नो उद्येश्य परिपुर्तिका लागि बालसंरक्षण, शिक्षाको अधिकार र पारिवारिक सशक्तीकरणका क्षेत्रमा कार्य गर्दै सफल संस्थाको श्रेणीमा स्थापीत भएको छ । परिणाम स्वरुप बालश्रम उन्मूलनमा योगदान पुऱ्याए बापत अन्तर्राष्ट्रिय श्रम संगठन बाट सन् २००५ मा सर्वोत्कृष्ठ गैरसरकारी संस्था पुरस्कार, सन् २००६ मा समाज कल्याण परिषद बाट मानव अधिकार पुरस्कार तथा सन् २००९ मा World Women Summit Forum (WWSF) बाट बाल दुर्व्यवहार रोकथाम सम्बन्धी विश्व पुरस्कार द्वारा सम्मान प्राप्त गरिसकेको जानकारी प्राप्त भएको छ ।

यस नगरपालिकामा Winrock International को सहयोगमा सिबिस संगको सहकार्यमा बालश्रम अनुगमन प्रणाली स्थापना सम्बन्धी कार्य भईरहेकोमा संस्थाको कार्य अनुभब, सिकाई, काम प्रतीको लगनशिलताले बास्तबमै उपलब्धी हासिल हुनेमा हामी बिश्वस्त छौं । यस नगरपलिकाको भलाईका लागि कार्य गर्नेहरु संग हातेमालो गर्ने हाम्रो निति अनुरुप आगामी दिनमा समेत सिविस संगको सहकार्य थप अघी बढनेमा आशाबादी रहदै स्मारिका प्रकाशनको अबसरमा संस्थाको स्थायित्व एवं उतरोत्तर प्रगतीको कामना गर्दछु ।

भिम न्यौपाने
नगर प्रमुख

Phone: 011-440138, 011-440136
Website: www.panautimun.gov.np
Fax No.: 011-440137
Email: info@panautimun.gov.np

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फोन नं.: [illegible]

पत्रसङ्ख्या :-
चलानी नं. :- १२०९



### शुभकामना सन्देश

बालअधिकार तथा महिलाको अधिकारको क्षेत्रमा स्थापनाकाल देखि अनवरत रुपमा लागि परेको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका(सिबिस) २५ बर्षमा पुगेको यस पुनित अवसरमा यो शुभकामना सन्देश दिन पाउदा हर्षित भएको छु। बिशेषत सिबिसले आफ्नो स्थापना कालदेखि हाल सम्म गरेका भोगेका बिषयहरुको संगालोको रुपमा प्रकाशन हुन लागेको यो स्मारिका बालबालिका तथा महिलाका क्षेत्रको एउटा कोसेढुङ्गा साबित हुनेमा म बिश्वस्त छु।

मानव अधिकार र बाल अधिकारको संरक्षण तथा प्रवर्धन एवं सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यले सन १९९३ मा स्थापित समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका(सिबिस) आफ्नो उद्देश्य हासिल गर्ने अभिप्रायले शिक्षाको अधिकार,बालसंरक्षण,सामाजको सकारात्मक परिवर्तनर र सशक्तिकरणका क्षेत्रमा कार्य गर्ने यो मुलुकको अग्रणी स्स्थाको रुपमा स्थापित संस्था हो।

बर्तमान अवस्थामा नेपाल सरकारले महिला तथा बालबालिकाहरुको सर्वांगिण विकासको लागि अंगिकार गरेका नीति तथा कार्यक्रम र सोको कार्यान्वयनका लागि स्थानीय सरकारले समेत सो कार्यलाई मूर्त रुपमा कार्यान्वयन गर्न जरुरी छ। यसै परिप्रक्षेमा तुलसीपुर उपमहानगरपालिका र सिबिसको सहकार्यमा यस तुलसीपुर उपमहानगरपालिकामा बिगत देखि बालबालिकाको क्षेत्रमा संचालन गरेका गतिविधिहरु अत्यन्तै प्रभावकारी भएको छ। दुबै निकायले समन्वयात्मक तवरले आगामि दिनमा पनि महिला तथा बालबालिकाको क्षेत्रमा अझ प्रभावकारी कार्यक्रमहरु संचालन गरी समाजमा महिला हिंसा, बालश्रम, बालबिवाह र बालसंरक्षण गरी एक आदर्श समाजको निर्माण गर्न अपरिहार्य बनेको छ।

अन्तमा महिला तथा बालबालिकाको क्षेत्रमा २५ बर्ष लामो अनुभवमा राष्ट्लाई समेत एक ईटा थप्ने गरी सिबिसले गरेको कार्यको उच्च प्रशंसा गर्दै आगामि दिनमा सिबिस र यस तुलसीपुर उपमहानगरपालिका बीचको सहकार्यको अपेक्षा सहित हार्दिक शुभकामना दिन चाहन्छु।

घनश्याम पाण्डे
(नगर प्रमुख)
तुलसीपुर उपमहानगरपालिका

# पोखरा लेखनाथ महानगरपालिका

नगर कार्यपालिका

न्यूरोड, कास्की



पत्र संख्या: ०७५/७६
चलानी नं.: 92

पोखरा लेखनाथ महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की ४ नं. प्रदेश, नेपाल

## शुभकामना मन्तव्य

समाज सेवा तथा मानव अधिकारमा महिला र वालवालिका (सिविस) ले बालअधिकार संरक्षण तथा प्रवर्धनका लागि सञ्चालित अभियानमा अभियन्ताको रुपमा कार्यरत रहँदाको २५ वर्ष पुगेको सुअवसरमा आफ्ना अनुभव, सिकाइ र कार्य समिक्षा सहितको स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु ।

वालवालिका साझा भविष्य हुन र उनीहरुको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ । शारिरिक, तथा मानसिक अपरिपक्वताका कारण बालवालिकालाई जन्मअघि र जन्मेपछि पनि विशेष हेरचाह तथा उचित कानूनी संरक्षण आवश्यक पर्दछ । वालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक र शैक्षिक विकास गर्न आवश्यक स्याहार, पोषण, शिक्षा सहयोग, सम्मान र सदभाव प्रदान गर्नुपर्दछ । यद्यपी विभिन्न समयका द्वन्द्व, वर्गीय जातीय एवं लैङ्गिग विभेद, पारिवारिक विखण्डन, सामाजिक विकृति, सास्कृतिक विचलन, कुरीति, वालश्रम, वेचविखन, शोषण, अपमान दुर्व्यवहार, अनुचित प्रयोगका घटनाहरुबाट वालवालिका प्रभावित हुने क्रम नरोकिएको सन्दर्भमा वालअधिकारको संरक्षण, प्रवर्द्धन तथा प्रचलन गर्न वालसंरक्षण, शिक्षाको अधिकार र पारिवारिक सशक्तिकरणका क्षेत्रमा सिविसले संचालन गर्दै आइरहेका कार्यहरु अत्यन्त सह्रानीय रहेका छन् । यस सन्दर्भमा आगामी दिनहरुमा पनि यस संस्थाले संचालन गर्ने कार्यक्रमहरु मानव अधिकार तथा वालअधिकारको संरक्षण तथा प्रचलनमा थप प्रभावकारी र उपलब्धीमुलक वन्दै जाओस शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, यस संस्थाको प्रकाशित हुँदै गरेको स्मारिका उपलव्धीमुलक वनोस शुभकामना ।

मानवहादुर जी.सी.
प्रमुख
पोखरा लेखनाथ महानगरपालिका

# शुभकामना



**नरेन्द्र सिंह थापा**
नगर प्रमुख
दशरथचन्द नगरपालिका, बैतडी

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपालका १४ वटा नगरपालिकाहरूमा बालसंरक्षणका सवालहरू विशेष गरी बालश्रम सम्बोधन गर्दै आएको छ। यस क्रममा यस दशरथचन्द नगरपालिकामा पनि डिसेम्बर, २०१७ देखि नै बालश्रमविरुद्ध क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसले यस नगरपालिकामा बालश्रमको सवाललाई सम्बोधन गर्न उल्लेख्य भूमिका निभाउने प्रष्ट छ। आगामी दिनमा पनि यस नगरपालिकामा बालश्रम न्यूनीकरण गर्दै निराकरणको दिशातर्फ अगाडि बढ्ने अभियानमा सिविसको सहकार्य निरन्तर जारी रहनेछ भन्ने अपेक्षा गरेको छु। साथै यस नगरपालिकालाई बालमैत्री नगरपालिकामा रूपान्तरण गर्नका लागि सिविस सहयोगी हात बनेर अगाडि बढोस् भन्ने कामनासमेत गर्दछु। यसरी सिविसले यस नगरपालिकासँग आजसम्म गरेको सहकार्यका लागि मेरो व्यक्तिगत तर्फबाट र दशरथचन्द नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। सिविस स्थापना भएको २५ वर्ष पुग्दैछ। यस उपलक्ष्यमा सिविस भविष्यमा पनि एउटा सशक्त बालअधिकारसम्बद्ध संस्थाको रूपमा स्थापित हुँदै जानका लागि निरन्तर सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु।

*मिति : २०७५।५।२०*

**दिपायल सिलगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**Dipayal Silgadhi Municipality**
**Office of the Municipal Executive**

☎ - ४२०२९७ फ्याक्स नं.
- ४२००९०, ४२०१६८
E-Mail : info@dipayalsilgadhimun.gov.np
Web : www.dipayalsilgadhimun.gov.np

सिलगढी, डोटी
७ नं. प्रदेश, नेपाल

**Silgadhi, Doti**
**Province -7, Nepal**

प.सं. : ०७४।०७५
च.नं. :

# शुभकामना सन्देश

समाज सेवा तथा मानव अधिकारमा महिला तथा बालबालिका (सिविस) स्थापनाको भएको २५ वर्ष पूरा भएको छ। सिविसले बाल संरक्षण, बाल अधिकार, शिक्षा र पारिवारिक सशक्तीकरणसहित महिला र बालबालिकाको क्षेत्रमा ३५ जिल्लामा काम गरिसकेको छ। बालश्रमविरुद्धका अभियान तथा बालसंरक्षणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय तथा युनिसेफ नेपालको सहयोगमा सिविस नेपाल यस दिपायल सिलगढी नगरपालिकामा पनि कार्यरत छ। बालअधिकारका लागि सञ्चालित अभियानको दौरानमा विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थासँग साझेदारी गरी धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा समेत सिविसले आफ्नो उपस्थिति जनाइसकेको छ। यसका साथै महिला तथा बालबालिकाविरुद्ध हुने हिंसासम्बन्धी करिब २९० जति मुद्दाहरूका पीडकहरूलाई कानुनको कठघरामा पुऱ्याउन सफल भएको छ।

सिविस बालश्रम तथा बालसंरक्षणका विषयमा विभिन्न प्रशिक्षण तथा तालिमहरू, अभिमुखीकरण, बालश्रमिक उद्धार तथा पुनर्स्थापनामा संलग्न रहेको छ। यस क्रममा यस नगरपालिका र यहाँका सरोकारवालाहरूको बालश्रमविरुद्धको ज्ञान र सीपसम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सिविसले खेलेको भूमिकाप्रति यो नगरपालिका हार्दिक कृतज्ञता प्रकट गर्दछ। बालश्रमलगायत बालबालिकामाथि हुने सबै प्रकारका दुर्व्यवहार तथा हिंसाविरुद्धको अभियानलाई अझ सशक्त बनाउन तथा बाल मैत्री समाज निर्माण गर्न आगामी दिनमा पनि सिविसले सफलता प्राप्त गर्न सकोस भन्ने शुभकामना दिन चाहान्छु।



**मञ्जु मलासी**
नगर प्रमुख
दिपायल सिलगढी नगरपालिका, डोटी

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या २०७५।०७६
च.नं. ५५

मिति: २०७५।६।२९



**विषय**:शुभकामना सन्देश बारे ।

बालबालिका तथा महिलाको अधिकारको क्षेत्रमा स्थापनाकाल देखि निरन्तर लागि रहेको संस्था समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस नेपाल) ले २५औं बर्ष मनाउन लागेकोमा साह्रै खुसी लागेको छ । बिषेशगरी बालिका तथा महिलाको अधिकारको निरन्तर पैरबी, अधिकारको स्थापना लगायत पिडितहरुको उद्धार, सामाजिक तथा पारिवरिक पुनर्स्थापन, कानुनी तथा मनोसामाजिक सहायता, पिडकलाई दण्ड सजाय दिलाउने काममा आवश्यक सहयोग, तथा विभिन्न कुरीति, कुप्रथा विरुद्ध जनचेतना जगाउने काममा सिविसले महत्वपूर्ण भूमिका खेलेको छ । त्यस्तै विभिन्न बालबालिकाका परिवारहरुलाई जीविकोपार्जनका अवसरहरू उपलब्ध गराउन सहयोग गर्दै आएको छ ।

सन् २०१७ सम्ममा सिविसले प्रदान गरेका सेवाहरू १,७०,१२३ बालबालिका, १,५८,१५६ महिला, ३,१३,९६२ अभिभावक, ७९८ संघ संस्थाहरू समक्ष पुग्न सफल भएको छ । यसको अतिरिक्त ३५ वटा जिल्लाका करिब ११,०७,९८१ व्यक्तिहरू सिविसका सेवाहरूबाट अप्रत्यक्ष रूपमा लाभान्वित हुन पुगेका छन् ।

राजविराज  नगरपालिकामा पनि राजविराज  नगरपालिकाको समन्वयमा सिविसले विभिन्न कार्यक्रमहरु मार्फत नगरपालिकाका जनप्रतिनिधि, सरोकारवाला, बाल कलवका प्रतिनिधिहरुलाई बाल अधिकार, बाल संरक्षण तथा बालश्रम निवारण विषयमा अभिमुखिकरण तथा कार्यशाला गोष्ठीहरु सञ्चालन गरी जनचेतना जगाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यसै गरी आगामि दिनहरुमा पनि सिविसबाट बाल अधिकार, बाल संरक्षण तथा बालश्रम निवारण क्षेत्रमा अझ प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ । साथै बालबालिका तथा महिलाको अधिकारको लागि कार्य गर्दै २५औं वर्षको यात्रा तय गर्दै गरेको उपलक्ष्यमा सिविसलाई हार्दिक बधाई तथा आगमी दिनमा प्रभावकारी कदमको लागि पनि शुभकामना दिन चाहन्छु ।

शम्भु प्रसाद यादव
(नगर प्रमुख)
राजविराज  नगरपालिका

शम्भु प्रसाद यादव
नगर प्रमुख

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं : ०७५/०७६
च.न. : ८८५

मिति : २०७५/०५/२५



### शुभकामना

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस, नेपाल) २५औं वर्षमा प्रबेश गरेको अवसरमा स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई ज्यादै खुशी लागेको छ । प्रकाशन हुने क्रममा रहेको स्मारिका सिविस, नेपालको आफ्ना अनुभव, सिकाई र विगतका कार्य सम्पादनको समीक्षाहरुको अभिलेखका साथै सम्पूर्ण महिला तथा बालबालिकाहरुको विषयमा केन्द्रित महत्वपूर्ण दस्तावेजको रुपमा रहने विश्वास लिएको छु ।

सिविस, नेपालले आफ्नो स्थापनाकाल देखि नै मानव अधिकार विशेष गरी बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन एंव सामाजिक न्यायको सुनिश्चित गर्दै बालअधिकार संरक्षण तथा प्रवर्धनका लागि सञ्चालित अभियानमा एक अग्रणी अभियन्ताको रुपमा आफूलाई स्थापित गर्दै आईरहेको छ । आगामी दिनहरुमा पनि त्यस संस्थाले सम्पूर्ण महिला तथा बालबालिकाहरुको हकहितको लागि उत्कृष्ट कार्य गर्दै थप गतिशिलताका साथ अघि बढ्नको लागि सफलताको कामना गर्दछु । अतः महिला तथा बालबालिकाको हकहित, बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्दै अफ्नो लक्ष्य एंव उद्देश्य प्राप्त गर्न सकोस् ।

विशेषतः रत्ननगर नगरपालिकालाई बालश्रम मुक्त गर्दै सन् २०१९ भित्र बालमैत्री स्थानिय शासन अवधारण अनुसार बालमैत्री नगर निमार्ण गर्ने योजना सहित रत्ननगर नगरपालिका र सिविस, नेपाल विच बालश्रम तथा बालअधिकार र बालसंरक्षणका विषयमा अभिमुखिकरण तथा कार्यशाला गोष्ठीहरु संचालन हुँदै आईरहेको र यसै किसिमका गतिविधिहरुका साथ सहयात्रा गर्ने अपेक्षा सहित हामी विच दिगो रुपमा प्रगाढ सम्बन्ध कायम रहिरहने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु । साथै त्यस संस्थाको स्मारिका प्रकाशन कार्यको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै २५औं वर्षमा प्रबेश गर्न सफल भएकोमा सिविस, नेपाललाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

नारायण वन
नगर प्रमुख
रत्ननगर नगरपालिका

नारायण वन
नगर प्रमुख

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

"समृद्ध समुन्नत र व्यबसायिक सहर सुसंस्कृत वालमैत्री हाम्रो नयां बिराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरंग

१ नं. प्रदेश, नेपाल



प.स. :
च.नं.

## शुभकामना

बालअधिकारको संरक्षण र संवर्धनमा समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल)ले २५ औं बर्षगाठ मनाउन लागेकोमा हामी एकदमै हर्षित भएका छौं । सिविसले आफ्नो स्थापनाकाल देखि नै मानव अधिकार विशेष गरी बाल अधिकारको संरक्षण, प्रवर्धन तथा समाजिक न्यायको सुनिश्चित गर्ने कार्यमा निरन्तर काम गर्दै आईरहेको छ । मुलतः यस संस्थाले बालबालिका तथा महिलाको अधिकारको रक्षाको लागि विभिन्न अभियान, कार्यक्रम तथा क्रियाकलपहरु मार्फत उदाहरणीय योगदान पुऱ्याउदै आईरहेको छ ।

यसरी सिविसले गरेका उदाहरणीय कामको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट पहिचान तथा उच्च कदर भई विभिन्न समयमा पुरस्कृत भईसकेको छ । सिविसले बालश्रम न्यूनिकरणमा योगदान पुऱ्याए बापत अन्तर्राष्ट्रिय श्रम संगठन(ILO)ले सन् २००५ मा सर्वोत्कृष्ठ गैरसरकारी संस्थाको रुपमा पुरस्कृत गरेको छ । त्यस्तै सन् २००६ मा समाज कल्याण परिषद बाट मानव अधिकार पुरस्कार प्राप्त गरेको छ । यसैगरी सन् २००९ मा World Women Summit Forum (WWSF) ले बालदुर्व्यवहार रोकथाम सम्बन्धी विश्व पुरस्कारद्वारा सिविसलाई सम्मानित गरेको छ ।

बिराटनगर महानगरपालिका र सिविस बीचमा सन् २००४ देखि नै बालश्रम न्यूनिकरण तथा बालमैत्री नगर स्थापनाको लागि सहकार्य रहदै आएको छ । हाल सम्म पनि निरन्तर रुपमा विराटनगर महानगरपालिकामा सिविसले महात्तगरपालिका तथा साझेदार संस्थाहरुका प्रतिनिधिहरुको लागि बाल संरक्षण तथा बालश्रम निवारण बिषयमा समय समयमा विभिन्न कार्यक्रम, अभिमुखिकरण तथा कार्यशाला गोष्ठिहरु संचालन गर्दै आईरहेको छ । बालअधिकारको संरक्षण तथा बालश्रम निवारणको लागि आगामी दिनहरुमा पनि विराटनगर महानगरपालिका र सिविस बीचको सहकार्य रहिरहनेछ साथै आगामी दिनमा सस्थाबाट हुने सामाजिक कार्यहरुको लागि विराटनगर महानगरपालिकाबाट सहकार्य र पूर्ण सहयोगको प्रतिबद्धता सहित संस्था स्थापनाको २५ औं बर्ष प्रवेश गर्न लागेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

.....................

भीम पराजुली
नगर प्रमुख
विराट्नगर महानगरपालिका
मितिः २०७५।०६।२८

# गजुरी गाउँपालिका
## गाउँ कार्यपलिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

फोन: ०१०-४०२१४२
०१०-४०२१४५


प.सं. 0७५/0७६

च.नं. 333

मिति : २०७५/०६/१४

विषय : शुभकामना

नेपालमा बालअधिकार तथा बालसंक्षणको अभियानमा विगत लामो समय देखि काम गर्दै आएको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल) ले २५ वर्षको अवधि पार गर्न लागेको सुन्दा हामीलाई खुशी लागेको छ । यस संस्थाले २०१८ को फेब्रुवरी देखि यस गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना कक्षा सञ्चालन गर्दै आएको छ । यसका साथै संस्थाले मानव बेचबिखनविरुद्ध विभिन्न कार्यक्रमहरु पनि निरन्तर रुपमा गर्दै आएको छ । साथै बालमैत्री स्थानिय शासन घोषणका लागि बाल समुह गठन तथा तथ्याङ्क संकलनमा पनि सहयोग पनि गर्दै आएको छ । यस गाउँपालिका सिविस नेपाल २५ वर्ष पुगेको अवसरमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछ । यसका साथै आउँदा दिनहरुमा पनि सिविसले बालअधिकार र बालसंरक्षणको अभियानलाई अझ सशक्त रुपले अगाडि बढ्नका लागि यस गाउँपालिकासँग सहकार्य गर्दै अगाडि बढोस भन्ने कामना गर्दछ ।

(राजेन्द्र विक्रम बस्नेत)
अध्यक्ष

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्या : प्र.२०७५/०७६
च.नं. :

मिति : २०७५/०७/१५

विषय : शुभकामना

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपाल बालअधिकार तथा बालसंक्षणको क्षेत्रमा विगत लामो समयदेखि काम गर्दै आएको संस्था ले २५ वर्षको अवधि पार गर्न लागेको सुन्दा हामीलाई खुशी लागेको छ । यस संस्थाले २०१८ को जनवरीदेखि यस गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना कक्षा सञ्चालन गर्दै आएको छ । यसका साथै संस्थाले मानव बेचबिखनविरुद्ध विभिन्न कार्यक्रमहरु पनि निरन्तर रुपमा गर्दै आएको छ । यस सन्दर्भमा यस गाउँपालिका सिविस नेपालको २५ वर्ष पुगेको अवसरमा हार्दिक बधाइ तथा शुभकामना सन्देश व्यक्त गर्दछ । आगामि दिनमा पनि बालअधिकार र बालसंरक्षणको क्षेत्रमा अझ सशक्त रुपमा विभिन्न किसिमका सीपमूलकलगायत यस गाउँपालिकाको क्षमता अभिवृद्धि गर्नेसमेत कार्य गर्नका लागि सहकार्य गर्ने अवसर प्राप्त होस भन्ने कामना गर्दछु ।

०७५/७/१५
केदार क्षेत्री

अध्यक्ष

# शुभकामना मन्तव्य



**राज कुमार खिउजु**
प्र.ना.उ. महानगरीय प्रहरी वृत्त चापागाउँ,
ललितपुर

समाज सेवा तथा मानव अधिकारको क्षेत्रमा महिला र बालबालिका तथा तिनीहरूका हक अधिकारको संरक्षण तथा प्रवर्धन गर्ने पवित्र उद्देश्यले एक अभियन्ताको रूपमा बिगत २४ वर्षदेखि कार्यरत यस सिविस नेपाल २५ औं वर्षमा प्रवेश गर्न लागेको सुखद खबर सुन्न पाउँदा ज्यादै हर्षित भएको छु।

यो संस्था विशेषगरी जोखिमयुक्त अवस्थामा रहेका महिला तथा बालबालिकालाई निस्वार्थ भावनाले सेवा गरी तिनीहरूको हक अधिकारको संरक्षण तथा प्रवर्धन गरी सामाजिक न्यायको सुनिश्चित गर्ने पवित्र उद्देश्यका साथ स्थापना भएकोले यस्तो संस्था हाम्रो जस्तो विकासोन्मुख देशका लागि कति महत्त्व छ भन्ने कुरा उल्लेख गरिरहुनुपर्ला जस्तो  लाग्दैन। यतिमात्र होइन यस संस्थाले विशेष गरी बालबालिकाको संरक्षण गरी तिनीहरूलाई आवश्यकतानुसार शिक्षाको अधिकार दिनुका साथै परिवारका सदस्यहरूलाई पनि के कसरी आफ्नो कार्यक्षेत्रमा सशक्त रूपमा प्रस्तुत हुने भन्ने विषयमा समेत विभिन्न माध्यमबाट सचेतना दिने काम गर्दै आइरहेको देखिन्छ। यो संस्थाको स्थापनाले सबैभन्दा लाभान्वित त नेपाल प्रहरी भएको मसहुस गरेको छु। किनकि विगतका दिनहरूमा प्रहरीले आफ्नो दैनिक काम कारबाही गर्ने गराउने क्रममा विभिन्न माध्यमबाट जोखिममा परेका महिला तथा बालबालिका प्रहरीको सम्पर्कमा आउने गर्दछन्। त्यसरी सम्पर्कमा आएका महिला तथा बालबालिकालाई प्रहरी कार्यालयमा सुरक्षित वासस्थानको अभावलगायत विविध कारणले गर्दा

राख्न सकिदैनथ्यो। सरकारी निकायको रूपमा रहेको एकमात्र महिला विकास कार्यालयबाट पनि विविध कारणहरूले गर्दा प्रहरीले अपेक्षित सहयोग प्राप्त गर्न सकिरहेको अवस्था थिएन। यस्तो विषम परिस्थितिमा सिविस नेपालको स्थापनाले प्रहरी संगठन मात्र होइन सिंगो देश नै लाभान्वित हुन गएको कुरामा दुईमत छैन। जसले जोखिममा परेका बालबालिकाहरूको संरक्षण गर्नुका साथै बाल अधिकार उल्लंघनका पीडितहरूलाई कानुनी सेवा, मनोसामाजिक परामर्श तथा जीविकोपार्जनका अवसरहरू उपलब्ध गराउँदै आइरहेको देखिन्छ। यसको साथसाथै बालबालिकाकै हक हित तथा बालश्रम उन्मूलन गर्नको लागि बालअधिकारको पक्षमा सिविस नेपालले वकालतको पहल पनि गर्दै आइरहेको देखिन्छ। सिविस नेपालले गर्दै आएका बालबालिकासम्बन्धी विविध कार्यहरूबाट अभिप्रेरित भई सन् २००५ मा अन्तराष्ट्रिय श्रम संगठनले सिविस नेपाललाई सर्वोकृष्ट गैरसरकारी संस्था, सन् २००६ मा समाज कल्याण परिषदले मानव अधिकार पुरस्कार, सन् २००९ मा भएको विश्व महिला सम्मेलनले बाल दुर्व्यवहार रोकथामसम्बन्धी विश्व पुरस्कार र सन् २०१६ मा बालमजदुर सरोकार संस्थाले बालबालिकाको संरक्षण र प्रवर्धनका लागि सबैभन्दा राम्रो काम गर्ने संस्थाको रूपमा पुरस्कृत गरेको थियो।

यसबाट जुन उद्देश्यले सिविस नेपालको स्थापना भएको हो, सोही अनुरूप हालका दिनसम्म सफलतापूर्वक कार्य गर्दै आइरहेको प्रष्ट हुन आउँछ। आगामी दिनहरूमा पनि यस संस्थालाई अझ बढी भन्दा बढी गौरवमय सफलता मिलोस् भन्ने कामना पनि गर्दछु। जय नेपाल।

# शुभकामना



**विश्वरत्न पुन**
परियोजना व्यवस्थापक, सेभ द चिल्ड्रेन,
नेपाल कन्ट्री अफिस

सर्वप्रथम, सिविसले बालबालिका र बालसंरक्षणको क्षेत्रमा पुऱ्याएको २५ वर्ष लामो योगदान प्रति हार्दिक बधाइ दिन चाहन्छु।

सिविस र सेभ द चिल्ड्रेनको साझेदारी सन् २००१ देखि सुरु भएर हालसम्म पनि निरन्तर रहेको छ। यति लामो साझेदारीमा विभिन्न परियोजना मार्फत बालसंरक्षणको क्षेत्रमा धेरै प्रभावकारी कामहरू सम्पन्न हुँदै आएका छन्। यसै क्रममा सिविसले बालयौन दुर्व्यवहार र बालश्रमबाट प्रभावित धेरै बालबालिकालाई न्याय दिलाउन सकेका धेरै उदाहरणहरू जगजाहेर नै छ। बालबालिका भोलिका कर्णाधार हुन् भने वर्तमानका साझेदार पनि हुन्। यो महत्त्वलाई बुझेर नै सिविसले बालबालिकाको सहभागिता प्रवर्धनका लागि विद्यालय तथा समुदायमा आधारित बालक्लब मार्फत धेरै अभियान तथा पहलहरू गरेको देखिन्छ। यसले सञ्चालन गर्दैआएको ‘विद्यालयको लागि बालसंरक्षण प्रवर्द्धन कार्यक्रम’ पनि निकै महत्त्वपूर्ण रहेको छ। यस कार्यक्रमबाट हिंसा रहित शिक्षण सिकाइ, गुनासो सुनुवाइ तथा व्यवस्थापन, शिक्षक एवं बालबालिका र विद्यालय व्यवस्थापनको लागि आचारसंहिता निर्माण, नमूना विद्यालयहरूको स्थापना जस्ता गतिविधिहरू पनि सफल भएको पाइन्छ। साथै टेलिभिजनबाट ‘बहसमा बालबालिका’ कार्यक्रम मार्फत बालअधिकार र बालसंरक्षणका महत्त्वपूर्ण मुद्दाहरूमा छलफल र पैरबी गर्न पनि सिविस सफल भएको देखिन्छ।

सेभ द चिल्ड्रेनले विकास र आपतकालीन दुवै अवस्थामा उत्तिकै प्राथमिकता र क्षमताअनुसार काम गर्नुपर्ने मान्यता राखेको छ। त्यस्तै मान्यता सिविसले पनि राखेको पाइन्छ। भूकम्पबाट प्रभावित बालबालिका र परिवारको मनोसामाजिक सहयोगका साथै बालमैत्री कक्षा मार्फत धेरै बालबालिकाको पूर्वावस्था ग्रहण क्षमतामा पुऱ्याएको योगदानलाई यस्तो मान्यताको उदाहरण मान्न सकिन्छ। सिविसबाट निर्वाह हुँदै आएका सबल र सकारात्मक पक्षहरूमध्ये बालसंरक्षणको क्षेत्रमा काम गर्ने विभिन्न साझेदार निकाय तथा संस्थाहरू अझ विशेष गरी सरकारी निकायहरूसँगको सहकार्य र समन्वयलाई अझै महत्त्वपूर्ण मान्न सकिन्छ। बाल अधिकार र बालसंरक्षणका प्रमुख अभियानहरू जस्तै बालश्रम विरुद्धको विश्व दिवस (१२ जुन), बालदुर्व्यवहार विरुद्धको विश्व दिवस (१९ नोभेम्बर) र अन्तर्राष्ट्रिय बाल दिवस (२० नोभेम्बर) जस्ता महत्त्वपूर्ण अभियानमा सिविसले नेतृत्वदायी संस्थाको भूमिका निभाएको पाइन्छ। साथै, यसले सम्पूर्ण साझेदार संस्था र निकायहरूलाई एकताबद्ध गरी समुदायमा पुऱ्याएको योगदानलाई पनि सबै निकायबाट सकारात्मक रूपमा लिएको पाइन्छ ।

बालसंरक्षणका सवालहरूको पैरबीका लागि सिर्जनात्मक अभियान जस्तै बालयौन दुर्व्यवहारविरुद्धको **कालो टोपी** (Black Cap movement), **बालश्रमविरुद्धको हरियो झण्डा** (Green Flag Movement against Child labour Campaign) जस्ता अभियानहरूले पनि सिविसलाई बालसंरक्षणको सवालमा स्रोत संस्था (Resource organization) को रूपमा स्थापित गराउन सफल भएको छ।

यसरी सिविससँगको लामो सहयात्रामा नेपालका बालबालिकाप्रति उसले पुऱ्याउन सकेको सहयोगमा हातेमालो गर्ने अवसर पाएकोमा सेभ द चिल्ड्रेनको तर्फबाट धेरै धेरै कृतज्ञता प्रकट गर्दछु।

हाल 'बालसंरक्षणका लागि सामाजिक सुरक्षा' अभियानका लागि सिविस र सेभ द चिल्ड्रेनको सहकार्य जारी रहँदै आएको छ। यसमा पनि सिविसको त्यक्तिकै साथ, सहयोग र इच्छा शक्तिसहित समुदायमा बालबालिकाको लागि सहयोग पुऱ्याउन सकोस् भन्ने अपेक्षा र विश्वास पनि राख्दछु।

अन्तमा सिविसले २५ औं वर्ष पूरा गरेको अवसरमा सेभ द चिल्ड्रेन र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा हाम्रो सहकार्य थप फलदायी बन्दै जाने विश्वाससहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

# WORLD EDUCATION

1 November 2018

On behalf of World Education, I would like to extend our heartiest congratulations to your organization for completing 25 years of successes. CWISH has been a pioneer organization addressing child rights issues and has contributed greatly to reducing exploitative child labor in the domestic work sector.

We have appreciated the commitment of your dedicated workers and Board members. Over many years of collaboration we have been impressed by your sustained efforts to support the children and their families to improve their lives. We have also found your support for poor inner city public schools invaluable and believe your efforts over the years have been instrumental in making then more child-friendly and effective. This has helped ensure brighter futures and opened up new opportunities for so many children that would have otherwise remain trapped in domestic work for the rest of their lives.

CWISH's commitment and sincerity has not only benefitted the children, families and communities it works with directly through, its research, engagement with local government and policymakers it has been able to draw attention to the plight of children and adult domestics and changing attitudes and influencing policies.

Your consistent efforts are a credit to all the staff and Board members and are appreciated by all the team at World Education. We would like to wish you all the best on this occasion and much success in the future.

Regards

World Education Inc
Post Box 937
Kathmandu, Nepal

Helen Sherpa
Country Director

Nepal: PO Box: 937, Ratopul, Kathmandu
Tel: (977) 1-4422385/4422386 Fax: 4415303
E-mail: worldedu@wei.org.np

USA: 44 Farnsworth Street, Boston, MA 02210-1211
Tel: (617) 482-9485 Fax: (617) 482-0617
Website: www.worlded.org

terre des hommes
Help for Children in Need

**terre des hommes Germany**
**Nepal Country Office**
**Inar Pulchowk Lalitpur, Nepal (Opposite Nabil Bank)**

**Phone : +977-5010519**
**Email: tdhgermany.nepal@gmail.com**
**GPO Box: 24289 Kathmandu Nepal**

**Contact Persons**

**Ms Ingrid Mendonca**
Regional Coordinator
South Asia

**Mr Shyam Krishna Shrestha**
Country Coordinator
**Ms Moni Shrestha**
**Dy. Country Coordinator**

मिती : २०७५/०५/१२

**शुभकामना ।**

नेपालमा बालबालिका र महिला अधिकारको क्षेत्रमा निरन्तर क्रियाशील संस्था "समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल)" ले संस्थाको २५ वर्ष गाँठको उपलक्ष्यमा "स्मारिका" प्रकाशन गर्न लागेकामा तेर द जोम्स (टीडीएच) जर्मनी नेपाल कार्यालय गौरवान्वीत भएका छौं । टीडीएच जर्मनीले सिविस नेपालसँग २०१४ देखि "गन्तव्यहिन बालबालिकाको अभियान" र भूकम्प प्रभावित क्षेत्रमा राहत कार्यक्रमका साथै प्रभावितहरुको जीवनस्तर पुर्नस्थापना र पुनर्संरचना परियोजनामा बालबालिकाहरुको बस्तुस्थितिको पहिचान गरी स्थानीय खेल प्रवर्द्धन र भूकम्प प्रभावित बालबालिकाको बालमनोविमर्श सेवामा साझदारी गरेको छ ।

विगत ४ वर्षको साझेदारीको अनुभवबाट सिविस नेपाल बालबालिका र महिलाको क्षेत्रमा एक जिम्मेवार र विश्वसनीय संस्था भएको प्रष्ट छ । अनुभवी र प्रतिबद्ध कर्मचारी, बालबालिका र महिलाहरुप्रति संवेदनशील र जिम्मेवार कार्यसमितिले सिविस नेपालले आफ्नो स्थापनाको गरिमा र औचित्यलाई थप उचाइमा पुऱ्याएको छ। तसर्थ संस्थाले आगामी दिनमा समस्त बालबालिकाको हित, कल्याण र अधिकारको क्षेत्रमा विभिन्न अभियान र कार्यक्रम मार्फत थप योगदान दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

..........................
श्याम कृष्ण श्रेष्ठ
देशीय संयोजक
तेर द जोम्स जर्मनी नेपाल

TERRE ★ DES ★ HOMMES

On the behalf of Winrock International CLEAR II project, we would like to extend our hearty congratulations to CWISH for their successful accomplishment of 25 years in the welfare and right of both children and women. We commend CWISH's mission particularly in reduction of child labor and appreciate their contributions to the CLEAR II project and the initial development of a Child Labor Monitoring System (CLMS) to monitor child labor and link children to protection services. CWISH creates a learning platform in its organization for the youth to enhance their career and for the protection of children.

We would like to extend our best wishes for the prosperity of the organization.

With best wishes,

Dr. Milan Adhikary
Country Coordinator, CLEAR II project
Winrock International
Jhamsikhel, Lalitpur, Nepal

2101 Riverfront Drive | Little Rock, Arkansas 72202
p1 501 280 3000 |f 1 501 280 3090

winrock.org

2121 Crystal Drive, Ste. 500 | Arlington, Virginia 22202
p 1 703 302 6500 | f 1 703 302 6512

# शुभकामना



**कृष्णचन्द्र आचार्य**
अध्यक्ष
एनएसिजी, काठमाण्डौ

राष्ट्रिय बालसंरक्षण सञ्जालको संस्थापकसमेत रहेको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस,नेपाल)ले बालअधिकार प्राप्तिको अभियानमा संलग्न भएको २५ औँ वर्ष पूरा गरेको सुन्न पाउँदा खुशी लागेको छ। यस अवसरमा राष्ट्रिय कार्यका लागि समन्वय समूह (NACG) को तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। बाल संरक्षणको अभियानमा एक अग्रणी संस्थाको रूपमा स्थापित सिविसले विशेष गरी घरेलु बालश्रमको विरुद्ध तथा जोखिममा परेका बालबालिकाको पक्षमा सशक्त ढङ्गले भूमिका खेल्दै आएको छ। साथै, राष्ट्रिय बाल संरक्षण सञ्जाल, कन्सोर्टियम, शिक्षाका लागि राष्ट्रिय अभियान एटविनलगायतका सञ्जाल संस्थाहरूमा समेत यसको आबद्धता रहेको छ। यिनमा आबद्ध रहेर बालसंरक्षण, बालश्रम, यौन शोषण, मानव बेचबिखन तथा ओसारपसार, बाल विवाहलगायतका समस्याहरूका विरुद्ध सिविसले सञ्चालन गर्दैआएका अभियानहरू बाल अधिकारका क्षेत्रका लागि महत्त्वपूर्ण योगदान हो।

अन्त्यमा बालअधिकारको संरक्षण र प्रवर्धनका लागि NACG र सिविस बीचको सहकार्यलाई अझ नयाँ उचाइमा पुऱ्याउनका लागि निरन्तर पहल गरौँ। यसमा राष्ट्रिय कार्यका लागि समन्वय समूह (NACG)को तर्फबाट सदैव साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गर्दै सिविसको आगामी दिनको कार्यसफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# शुभकामना



**सन्तराम डंगोल**
अध्यक्ष, कन्सोर्टियम नेपाल
काठमाण्डौ

कन्सोर्टियम नेपाल बालसहभागिताको अधिकारको क्षेत्रमा क्रियाशील एउटा सञ्जाल हो । विगत लामो समयदेखि 'समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस, नेपाल)' यस सञ्जालमा आबद्ध रहँदै आएको छ। यसक्रममा यस संस्थाले आफ्नो यात्राको २५ औँ वर्ष पूरा गरेको अवसरमा कन्सोर्टियम नेपाल हार्दिक बधाई तथा शुभकामन ा व्यक्त गर्दछ।

सिविस नेपाल बालसंरक्षणका सवालहरू विशेष गरी घरेलु बालश्रमको विरुद्ध तथा जोखिममा परेका बालबालिकाको पक्षमा वकालत गर्दै आएको संस्था हो। यसले कन्सोर्टियमकै साझेदारीमा धादिङमा सञ्चालित भूकम्प प्रभावित जिल्लाका किशोरकिशोरी सशक्तीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो। धादिङका भूकम्प प्रभावित दूर दराजमा रहेका गाउँपालिकाहरूका जोखिममा परेका किशोरकिशोरीका लागि गरिएको कार्यक्रमबाट लक्षित समूहमा पारेको सकारात्मक परिवर्तनलाई कन्सोर्टियम उच्च कदर गर्दछ। बालअधिकारको क्षेत्रमा क्रियाशील यस संस्थासँग गरेको सहकार्यबाट कन्सोर्टियम स्वयंले पनि धेरै सिक्ने अवसर पाएको छ। साथै यसले बालश्रमविरुद्धको अभियानलाई थप गतिसमेत प्रदान गरेको छ। देशका विभिन्न नगरपालिकाहरूमा बालश्रम न्यूनीकरण गर्दै निराकरणको बाटोमा अगाडि बढ्नु यसको एउटा ज्वलन्त उदाहरण हो।

बाल अधिकारको क्षेत्रमा अनवरत काम गर्ने दौरानमा विभिन्न पुरस्कारहरूबाट समेत पुरस्कृत भएको सिविस नेपालले विशेष गरी बालसंरक्षणका लागि अग्रणी संस्थाको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ। राष्ट्रिय बालसंरक्षण सञ्जालको संस्थापकसमेत रहेको सिविसले बालसंरक्षणका सवालहरू जस्तै बाल श्रम, यौन शोषण, मानव बेचबिखन तथा ओसारपसार, बाल विवाहलगायतका विषयविरुद्ध अभियान सञ्चालन गर्दै आएको छ।

अन्त्यमा बालअधिकारको संरक्षण र प्रवर्धनका लागि कन्सोर्टियम र सिविस बीचको सहकार्यलाई अझ नयाँ उचाइमा पुऱ्याउनका लागि निरन्तर पहल गरौँ। यसमा कन्सोर्टियम नेपालको तर्फबाट सदैव साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गर्दै सिविसका आगामी दिनमा कार्य सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# शुभकामना

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस, नेपाल)ले आफ्नो यात्राको २५औँ वार्षिकी पूरा गरेको यस महत्त्वपूर्ण घडीमा सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, तथा शान्तिका लागि साझा अभियान (कोक्याप) का तर्फबाट हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु। बाल अधिकारको संरक्षण, प्रवर्धन र समाजिक न्यायको सुनिश्चितता गर्ने उद्देश्यमा सिविसले सम्पन्न गरेका कार्यहरू उल्लेखनीय र तारिफ योग्य छन्। बालश्रम उन्मूलन, मानव अधिकारको क्षेत्रमा अनवरत काम गरेको परिणामस्वरूप नै सिविस अन्तर्राष्ट्रिय श्रम संगठन, समाज कल्याण परिषद, सिविन र World Women Summit Forum (WWSF) द्वारा विभिन्न उपाधी र पुरस्कारहरूले सम्मानित भइसकेको छ। जुन निकै उत्साहजनक र प्रेरणादायी सफलता हो भन्ने लाग्छ।

हामी कहाँ महिला सशक्तिकरणका लागि भएका यावत् प्रयासहरूका बाबजुद पनि महिलाहरूको स्थिति समाजमा अझै कमजोर नै देखिन्छ। उनीहरूले भोग्नु परिरहेको शारीरिक, मानसिक तथा यौनिक हिंसा न्यूनीकरण हुनुको सट्टा अझ विकराल बनिरहेको अवस्था छ। बालबालिकाहरूको अवस्था पनि त्यो भन्दा कम जोखिमपूर्ण छैन। बाल विवाह, बाल श्रम, यौन शोषण, शिक्षा, स्वास्थ्य तथा अवसरहरूबाट बञ्चितीकरण आदि समस्याको जोखिम यथावत् नै छ। यस्तो अवस्था सुधारको लागि सरकार, स्थानीय तह, राजनैतिक दलको प्रमुख जिम्मेवारी त रहन्छ नै विकास साझेदार, सामाजिक संस्था र नागरिक समाजको पनि उत्तिकै भूमिका रहन्छ। यसका लागि सिविसले विगतका दिनहरूमा जस्तै आफ्नो उपस्थितिलाई कायम राख्दै अझ जोश र उत्साहका साथ आफ्नो अभियानलाई अगाडि बढाउने नै छ भन्ने आशा छ। एउटा साझेदार संस्थाको नाताले कोक्यापको पनि त्यसमा पूर्ण साथ र सहयोग रहने नै छ भन्दै सिविसको आगामी दिनको यात्रा र कार्य सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**बद्री प्रसाद भुसाल**
अध्यक्ष
सामाजिक सुरक्षा नागरिक समाज
सञ्जाल,काठमाण्डौ
तथा
शान्तिका लागि साझा अभियान (कोक्याप)

# बधाई सन्देश

समाज सेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)ले बालअधिकार संरक्षण तथा प्रवर्धनको अभियानमा २५ वर्ष पुगेको उपलक्ष्यमा एटविन हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ। सिविसले उक्त अवसरमा बालअधिकार संरक्षण तथा प्रवर्धनको अभियानमा २५ वर्षमा आफुले भोगेको अनुभव, सिकाइ, विगतको कामको समीक्षालाई समेटेर स्मारिका प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ। यस स्मारिकाले सिविसको बालअधिकार संरक्षण तथा प्रवर्द्धनको अभियानमा सहयोग पुर्‍याउने छ भन्ने विश्वास एटविनले लिएको छ।

सिविसले एटविनको संस्थापक सदस्यको हैसियतले मानव बेचबिखनविरुद्धको अभियानमा सक्रिय रूपमा योगदान गर्दै आएको छ। सिविसले मानव बेचबिखनविरुद्धको अभियानमा सन् २०१३-२०१४ मा एटविन अध्यक्षको रूपमा यस राष्ट्रिय सञ्जालको सफल नेतृत्व पनि गरिसकेको छ। यस मानव बेचबिखनविरुद्धको यस योगदानको एटविन सराहना गर्दछ। आगामी दिनहरूमा पनि बालअधिकार संरक्षण तथा प्रवर्द्धनको अभियानलाई थप प्रभावकारी बनाउँदै लाने अपेक्षा गर्दछ।

बालअधिकार संरक्षण तथा प्रवर्धनका अभियानमा सम्पूर्ण सरोकारवालाहरूका लागि यो स्मारिका सहयोगी बनोस र महत्त्वपूर्ण सन्दर्भ सामाग्री बनोस। सिविसको अभियानको अनुभवबाट अन्य सरोकारवालाहरूलाई पनि सहयोग पुगोस। आगामी दिनहरूमा सिविसको बालअधिकार संरक्षण तथा प्रवर्धनका अभियान थप प्रभावकारी बनोस भन्दै स्मारिकाको प्रभावकारिता तथा सफलताका लागि एटविन हार्दिक शुभकामना व्यक्त गर्दछ।



Anjana Shakya

**अन्जना शाक्य**

अध्यक्ष

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

# सिविन-नेपाल

नेपाल बालमजदूर सरोकार केन्द्र

Child Workers in Nepal Concerned Centre

CWIN

For Children, With Children

P.O.Box: 4374, Chunne Bhairab Marga
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np



## शुभकामना सन्देश

लामो समय देखिको सिविन नेपालको सहयात्री एवम् सहकर्मी संस्था समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) ले बालअधिकार अभियानको अथक अभियन्ताका रूपमा २५ वर्ष पारगरेको सुखद सन्देश पाउँदा सिविससँगै हामी पनि गौरवान्वित भएका छौं । यस अवसरमा हामी समग्र सिविस परिवारलाई हार्दिक बधाई एवम् शुभकामना ज्ञापन गर्दछौं ।

यस क्रममा बालअधिकार संरक्षण तथा प्रवर्धनका क्षेत्रमा आफ्नो क्रियाशीलताको २५ वर्ष पारगरेको सन्दर्भमा संस्थाले आफूले भोगेका अनुभव, सिकाईहरू र विगतमा भए गरेका कामहरूको समीक्षालाई समेत समेटेर एउटा स्मारिका प्रकाशन गर्न लागेको थाहा पाएर थप्र खुशी लागेको छ । नेपालको बालअधिकार आन्दोलनको नेतृत्वदायी पंक्तिमा रहेर क्रियाशील संस्था हुनुका नाताले यस स्मारिकामा समेटिएका सामग्रीहरु सिविसका अनुभव र काम मात्र नभई देशको समग्र बालअधिकार अभियानको अनुभव र काम हुन् भन्ने विश्वास लिएका छौं । यसबाट यस क्षेत्रमा लाग्ने सबैका लागि प्रेरणा मिल्ने अपेक्षा गरेकाछौं ।

पछिल्ला दिनहरूमा बालबालिका विशेषत: बालिकाहरू माथि भैरहेका बलत्कार तथा हत्या जस्ता जघन्य अपराध विरूद्धको लडाईंमा नागरिक समाजका संघसंस्थाहरूको भूमिका अझ थपिएको सन्दर्भमा बालअधिकारका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका सिविन-नेपाल र सिविस-नेपालबीचको सुमधुर सम्बन्ध र सहकार्यले निरन्तरता पाइरहनु पर्दछ । अन्तमा, संघारमै आइरहेका नेपालीहरूको महान चाडपर्वहरू शुभ-विजयादशमी, तिहार, न्यूहदयाभिन्तुना, छठ, फागुनन्द जयन्ती, ईद लगाएतका अवसरमा समस्त बालबालिकाको सुरक्षा, संरक्षण र अधिकार सुनिश्चिताका लागि हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

मधव प्रधान
सिविन-नेपाल ।

२६ असोज २०७५

# शुभकामना सन्देश



**पुजा महतो**
अध्यक्ष
कुमुदिनी

बाल संरक्षण तथा प्रवर्धनका लागि अविरल लागि परेको अग्रणी र कटिबद्ध संस्था सिविस २५ औँ वर्ष प्रवेशको उपलक्ष्यमा कुमुदिनी परिवारको तर्फबाट सिविस परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

कुमुदिनी र सिविसको सहकार्य सन् २०१६ देखि नै हुँदै आएको हो। यस सहकार्यमा सिविस राम्रो सहयात्री र मार्गदर्शक रूपमा रही आएको छ। दुई वर्षको अन्तरालमा दुवै संस्थाको संयुक्त पहलमा चौध जना यौन दुर्व्यवहार र शोषणमा परेका बालिकाहरूको उद्धार हुन सकेको छ। साथै उनीहरूको संरक्षण, पुनर्स्थापना, शैक्षिक अभिवृद्धि, कानुनी लडाईं तथा पुनर्एकीकरणको प्रक्रिया पनि अगाडि बढेको छ। यी कार्यहरूमा सहयोग गर्दा हामीले सिविसलाई एउटा समन्वय र सहकार्यमा काम गर्न तत्पर, राम्रो सञ्जाल भएको, समान बुझाइ, काम गर्दा सहजपन र पीडित बालिकाहरूको परिवारसँग काम गर्नुपर्छ भनी मान्यता राख्ने संस्थाको रूपमा पाएका छौँ।

सिविसको बाल अधिकार र बालसंरक्षणको अभियान निरन्तर चलिरहोस्। हाम्रो शुभकामना।

# शुभकामना

सर्वप्रथम समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस, नेपाल) ले आफ्नो स्थापना कालको २५ वर्ष पूरा गरेको उपलक्ष्यमा स्मारिका प्रकाशन गर्न लागेको छ। यस अवसरमा हामीलाई आफ्नो शुभकामना व्यक्त गर्ने मौका दिनुभएकोमा अत्यन्त हर्षित भएका छौँ। सिविसले बालअधिकारको संरक्षण तथा प्रवर्धनको क्षेत्रमा गरेको कार्यले समाज र राष्ट्रलाई नै योगदान पुऱ्याएको कुरा जगजाहेर छ। हिंसा तथा दुर्व्यवहारबाट पीडामा परेकाहरू तथा तिनका परिवारलाई सेवामूलक सहयोग पुऱ्याई उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि सिविसले खेलेको भूमिका सह्रानीय छ। यसैगरी बालश्रम उन्मूलनको सचेतना र पैरबीको लागि ' हरियो झण्डा' अभियानका लागि सिविसको पहलकदमी प्रशंसनीय छ। भविष्यमा यस्ता कार्यहरूले अझ बढी निरन्तरता पाउने कुरामा हामी आशा र विश्वास राख्दछौँ।

हाम्रो जस्तो बालश्रमबारे अपेक्षित रूपमा सचेत अभिभावक नभएको देशमा बालबालिकाको संरक्षण तथा प्रवर्धनको विषय बिकराल नै छ। जबसम्म बालबालिकाको संरक्षणको दायित्व आफ्नो हो भन्ने अभिभावक वर्गले हृदयाङ्गम गर्दैनन् तबसम्म यो समस्या यथावत नै रहने छ। तसर्थ नागरिक समाज, अभिभावक तथा समाजका जागरुक व्यक्तिहरू एकजुट भई अगाडि बढेमात्र बालसंरक्षणका सवालहरूको सम्बोधन गर्न सम्भव छ भन्ने हामीलाई लाग्दछ। बालअधिकार उल्लंघनका घटनाहरू हुन नदिन र भइहालेमा पनि पीडकहरूलाई कानुनी दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउने क्रममा हामी एकअर्काको सहयोगी बन्न सक्छौँ। बालअधिकार उल्लंघनविरुद्धको यस अभियानमा सिविस नेपाल र आशा नेपाल बीचको साझेदारी र सहकार्य भविष्यमा अझ प्रगाढ हुनेछ भन्ने पूर्ण विश्वास राख्दै सिविस २५ वर्षमा प्रवेश गरेकोमा बधाइ ज्ञापन गर्नुका साथै उत्तरोउत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछौँ।

**स्मृति खड्का**
आशा नेपाल

# वडा बाल संरक्षण समिति

## का.म.पा.-१६, सोह्रखुट्टे

पत्र संख्याः

च.नं.

मितिः २०७५/०७/१३

**विषय : शुभकामना**

बाल अधिकारको अभियन्ता समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका ( सिविस नेपाल) ले २५ वर्षको अवधि पार गर्दैछ ।यस सुखद अवसरमा कामपा वडा नं. १६ को वडा बालसंरक्षण समिति सिविसप्रति हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछ ।यस संस्थाले वडा नं. १६ मा गठन भएको वडा बालसंरक्षण समितिसँग विगत लामो समयदेखि बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि सहकार्य गर्दै आएको छ । यस क्रममा संस्थाले यस समितिको गठनका लागि सहजीकरणका साथै समितिको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरू सञ्चालनसमेत गरेको थियो ।यस वड ।भित्र घरेलु बालश्रमिक तथा होटेलका बालश्रमिकहरूको तथ्याङ्क संकलन गरेको थियो । सिविससँगको सहकार्यमा समितिले जोखिममा परेका बालबालिकाहरुको पहिचान गरी उनीहरूको आवश्यकता अनुसार शैक्षिक सामाग्रीको सहयोग उपलब्ध गराएको थियो ।यसको अतिरिक्त सिविसले यस वडाका यौन दुर्व्यवहारमा परेका बालबालिकाका लागि मनोसामाजिक विमर्श सेवा प्रदान गरेको थियो भने पीडित बालबालिकालाई कानुनी सहयोग उपलब्ध गराउने कार्यसमेत गरेको थियो ।सिविससँगको सहकार्यमा समिति बालश्रम लगायत बालबालिका सम्बन्धी विभिन्न दिवसहरूमा निरन्तर रूपले सहभागी भइरहेको छ ।यसरी समितिको क्रियाशीलताका कारण २०७२ मा यो बालसंरक्षण समिति जिल्लाको उत्कृष्ट वडास्तरीय बाल संरक्षण समितिको रुपमा पुरस्कृतसमेत भएको थियो । समितिले यो सम्मान पाउनका लागि सिविसको सहकार्यले पनि योगदान पुऱ्याएका थियो ।अन्त्यमा, आउँदा दिनहरूमासमेत बालअधिकार र बालसंरक्षणको अभियानलाई अझ सशक्त रूपले अगाडि बढाउनका लागि संस्थाले यस समितिसँग सहकार्य गर्दै अगाडि बढोस भन्ने कामना गर्दछु ।

काठमाडौं महानगरपालिका १६ नं. वडा कार्यालय सोह्रखुट्टे, काठमाडौं २०७३

मुकुन्द रिँजाल
वडा अध्यक्ष

मुकुन्द रिँजाल
संयोजक/वडा अध्यक्ष

वडाबालसंरक्षण समिति
का.म.पा.,वडा नं. १६,
सोह्रखुट्टें, काठमाण्डौ

फोन: ०१-५५७२५९२

# नगर स्तरीय बालसंरक्षण तथा संवर्धन समिति

गोदावरी नगरपालिका, बज्रबाराही, ललितपुर

स्थापित : २०७४

पत्र संख्या: ०७५।०७६

मिति: २०७५-७-१४

चलानी नं. ००२

## शुभकामना !

बाल अधिकार तथा बाल संरक्षणको अभियानमा क्रियाशील रहँदै आएको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस नेपाल) ले २५ वर्षको अवधि पार गर्दैछ ।यस सुखद अवसरमा गोदावरी नगर स्तरीय बाल संरक्षण तथा संम्वर्धन समितिको तर्फबाट सिविस प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । त्यस संस्थाले गोदावरी नगर बाल संरक्षण समितिसँग विगत लामो समय देखि बाल संरक्षणका सवालहरूको सम्वोधन गर्नका लागि सहकार्य गर्दै आएको छ । यसै क्रममा संस्थाले २०७४ सालमा यस समितिको गठनका लागि सहजीकरण गरेको थियो । यसका साथै समितिको क्षमता अभिवृद्धिका लागि अभिमुखिकरण तालिमहरू सञ्चालन समेत गरेको थियो । यस नगरपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरू पहिचान गरी उनीहरूको आवश्यकता अनुसार शैक्षिक सामाग्रीको सहयोगका साथै उनीहरूका परिवारहरूका लागि जीविकोपार्जन सम्बन्धी सहयोग गरेको थियो । यसको अतिरिक्त सिविसले यस नगरपालिकाका यौन दुर्व्यवहारमा परेका बालबालिकाका लागि मनोसामाजिक विमर्श सेवा प्रदान गरेको थियो भने पीडित बालबालिकालाई कानुनी सहयोग उपलब्ध गराउने कार्यसमेत गरेको थियो । अन्त्यमा, आउँदा दिनहरूमा समेत बाल अधिकार र बाल संरक्षणको अभियानलाई अझ सशक्त रूपले अगाडि बढाउनका लागि संस्थाले यस समितिसँग सहकार्य गर्दै अगाडि बढोस् भन्ने आशा व्यक्त गर्दछौं ।

मुना अधिकारी<br>
संयोजक<br>
नगर स्तरीय बाल संरक्षण तथा संम्वर्धन समिति

# CWISH…. 25 Years. Congratulations.

CWISH get 25 years old ! Nice age… After teenage, CWISH is now a young adult in the prime of life, ready to continue the nice job already done…

I know CWISH from 1995. I met Shanti Adhikari, I don't remember how but we meet. At this time, as representative of a french organisation (AAEN), I had the project to start litteracy classes for children who were working. She wanted do the same. I wanted work with nepalese people…

So after I found some funds, we started to rent a small room in Bab Bazar near the goat market… Meena Bista was the first teacher with around 20 students in two batchs…

Later, as it was so obvious we have to continue because a lot of children wanted to study, we found more money and opened more classes in other area of Kathmandu… It lasted 6 or 7 years together, we employed Yubaraj Guimire as a novice teacher, then Pradip Dongol… In the beginning, 20 children were in our class per year... After 5 years more than 200. And now ? I don't know...

And Cwish had new projects and new programs. Pramod Acharya was recruited…. Most of this staff still works with CWISH…

To each of them and specially Shanti Adhikari, congratulations for their work.

I am proud to have been a partner of this organisation, I know now CWISH is an exemple in the Asia to fight against child labour and to promote children' right…

I wish long life to CWISH and rendez vous for the 50 birthday !

**Dominique Pivron Aide Aux Enfants du Nepal - France**

# सिविस अर्थात् आवाजविहीनहरूको आवाज



**युवराज घिमिरे**
**बालअधिकार अभियन्ता तथा पूर्व बालसंरक्षण संयोजक, सिविस**

## विषय प्रवेश

समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) को स्थापना सन् १९९३ मा भएको थियो। यसको मूल उद्देश्य गरिबीको चपेटामा परेका, पछाडि पारिएका तथा सीमान्तीकृत समुदायका महिला, बालबालिका तथा युवाहरूको अधिकारको पक्षमा आवाज उठाउनु थियो। शान्ति अधिकारी, सर्मिला कार्की, संगीता चापागाईँलगायतका अधिकारकर्मी महिलाहरूको पहलमा स्थापना गरिएको यस संस्थाले आफ्नो कामको थालनी नवलपरासी जिल्लाका विभिन्न गाउँहरूबाट गरेको थियो। सुरुवाती दिनहरूमा संस्थाले यस जिल्लाका पछाडि पारिएका थारु समुदायका महिलाहरूका लागि अनौपचारिक शिक्षा, कानुनी सचेतना र आर्थिक सशक्तीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरेको थियो।

सिविसद्वारा सञ्चालित पछाडि पारिएका समुदाय, समाजमा व्याप्त कुरीति, कुसंस्कार, शोषण र अत्याचारविरुद्धको अभियान समुदायको सचेतीकरण र परिचालनदेखि नीतिगत तहसम्मको सुधार र परिवर्तनका लागि केन्द्रित छ। बालअधिकारको आन्दोलनलाई व्यवस्थित ढङ्गले अघि बढाउन अग्रणी भूमिका खेलेकै कारण बाल अधिकार र बालसंरक्षणको अभियानमा सिविसले आफूलाई स्थापित गर्न सफल भएको छ।

> सिविस बालबालिकाको सुख दुःखको साथी, न्याय प्राप्तिको अभियानमा लागिरहने अभियन्ता तथा आवाजविहीनहरूको आवाज हो जो सामाजिक न्यायका लागि शङ्खघोष गर्दै निरन्तर अगाडि बढिरहन्छ ।

## घरेलु बालश्रमिकहरूको भरपर्दो साथी

नवलपरासी जिल्लाको थारू समुदायमा काम गर्ने क्रममा अर्को एउटा तितो तर वास्तविक सत्य उजागर भयो। त्यो थियो बालबालिकालाई घरेलु श्रमिकका रूपमा प्रयोग। थारु समुदायलगायत अन्य सीमान्तीकृत समुदायका बालबालिकालाई सहर विशेष गरी काठमाण्डौका घरहरूको बन्द ढोका र चार दिवार भित्र दास सरह काममा लगाइरहेको थाहा भयो। अध्ययनबाट थुप्रै बालबालिका पढ्ने अवसरको खोजीमा र आर्थिक समस्या टार्न भनी सहर आउने गरेको, अझ कतिपयलाई त अभिभावकहरूले नै पठाउने गरेको पाइयो। साथै गाउँमा भएका आमा तथा अन्य अभिभावकहरूले लामो समयदेखि भेटघाट र सम्पर्कमा नरहेका आफ्ना बालबालिका कस्तो हालमा छन् ? के गर्छन् ? कहाँ छन् ? भन्ने कुराका बारेमा थाहा नभएकोले चिन्तित अवस्थामा रहेको पाइयो। कार्यक्रम संचालनका क्रममा आमाहरूले यसरी विछोडिएका आफ्ना छोराछोरी देख्न भेट्न नपाउने गरेको दुखेसोपछि सिविसले सन् १९९६ देखि थप अर्को अभियान सुरु गर्‍यो, त्यो थियो बालअधिकारको पक्षमा गरिएको जनवकालती अभियान। सिविसको अभियान अन्तर्गत पहिले कामको खोजीका लागि सहरतिर आएका वा पठाइएका बालबालिकाको खोजी गर्ने र तिनीहरूको हकहितमा काम गर्ने सोच बनाइयो। यही सोचअनुसार घरेलु बालश्रमको क्षेत्रमा काम गर्ने योजना बनाइयो। त्यसबेला घरेलु बालश्रम सबैको ओझेलमा परेको सवाल थियो। घरेलु श्रमको क्षेत्रमा काम गर्नु सिविसकै लागि जटिल परीक्षा थियो। किनकी त्यसबेला घरेलु श्रमको क्षेत्रमा कसैले पनि काम गर्ने गरेका थिएनन्। घरेलु बालश्रमको अभ्यासलाई समाजले एकदमै सहज रूपमा स्वीकार्ने गरेको अवस्था थियो। अझ रोजगारदाताहरूका लागि बालबालिकालाई घरेलु श्रममा लगाउने कुरा सानको विषय हुन्थ्यो। साँच्चै भन्ने हो भने रोजगारदाताले घरेलु बालश्रमिकहरूलाई व्यक्तिगत सम्पत्ति सरह नै ठान्ने गर्दथे। यस्तो अवस्थामा अनौपचारिक रूपमा विभिन्न घरहरूमा छरिएर रहेका घरेलु बालश्रमिकहरूलाई एक ठाउँमा ल्याउनु नै एक कठिन काम थियो। उनीहरूलाई एक ठाउँमा ल्याएर सशक्तीकरण गर्ने कार्य फलामको चिउरा चपाउनु जस्तै थियो। यस्तो प्रतिकूल परिवेशमा सिविसले बालश्रमिकहरू बटुलेर अनौपचारिक बालशिक्षा कक्षा सञ्चालन गर्ने कार्यको थालनी गर्‍यो। यसरी सञ्चालन गरिने अनौपचारिक कक्षा दिनको २ घण्टासम्म चल्ने गर्दथ्यो। कक्षामा सिविसले बालश्रमिकहरूलाई साक्षर बनाउने, बेलाबखतमा मनोरञ्जनात्मक क्रियाकलापहरू गराउने र सँगसँगै उनीहरूका अधिकारबारे छलफल गर्ने गर्दथ्यो। अनौपचारिक बालशिक्षा कक्षा बालश्रमविरुद्ध तथा बालसंरक्षणका लागि एउटा रणनीति थियो। यो कक्षा बालश्रमिकहरूलाई उनीहरूका बा आमा परिवार र रोजगारदाताहरूसँगको सिधा सम्पर्क गर्ने माध्यम बनेको थियो। कक्षाले उनीहरूमा अधिकारबारेमा सचेतना अभिवृद्धिका साथै उनीहरूको सशक्तीकरणमा उल्लेख्य भूमिका निभाएको थियो। दिनको २ घण्टाको समयमा ९ महिनासम्म पढ्न पाउँदा बालबालिकामा काम गरे बापत आफूले पाउने तलबका बारेमा रोजगारदातासँग सौदाबाजी गर्ने आँट र क्षमताको विकास भयो। औपचारिक शिक्षा पूरा गरेका बालश्रमिकहरूलाई सिविसको पहलमा सरकारी विद्यालयहरूको कक्षा ४/५ मा भर्ना गराइयो। यसरी अनौपचारिक शिक्षा हासिल गरेका

बालश्रमिकहरूको औपचारिक शिक्षामाथिको पहुँच सुनिश्चित गर्ने कार्यमा सिविसले उल्लेख्य भूमिका खेल्यो ।

सन् १९९७ देखि हालसम्मको अवधिमा सिविसले उल्लेख्य संख्यामा घरेलु श्रमिकहरूलाई अनौपचारिक शिक्षा मार्फत साक्षर बनाउन सफल भयो। साथै सिविसले घरेलु बालश्रमिकहरूलाई विद्यालय भर्ना गराउने काम पनि गर्दै आएको छ। आजसम्म आइपुग्दा तीमध्ये कतिपय घरेलु बालश्रमिकहरू उच्च शिक्षा अध्ययन गरी राम्रो जीवन यापन गरिरहेको पाउन सकिन्छ। पछिल्लो चरणमा बालश्रमिकहरूको उद्धार र पुनर्स्थापनामा सिविसले गरेको योगदानले महत्त्वपूर्ण भूमिका निर्वाह हुन सकेको तथ्य जगजाहेर नै छ । सिविसले यस अवधिमा घरेलु बालश्रमिकहरूलाई घरमा पुनर्स्थापित गर्ने कामसमेत गरेको छ । यी तथ्याङ्कहरू शब्द चित्रमा सिविसको २५ वर्षमा हेर्न सकिन्छ ।

## संगठनकर्ताको रूपमा सिविस

सहभागीता बिना सशक्तीकरण असम्भव छ। समूहमा आबद्ध भएपछि नै मानिसको आत्माबलको विकास हुन्छ। संगठित शक्तिको माध्यमबाट नै शक्तिहीनहरूले शक्ति आर्जन गर्न सक्छन्। यही कुरालाई मनन् गर्दै सिविसले विद्यालयमा अध्ययन गरिरहेका घरेलु बालश्रमिकहरूलाई संगठित गर्ने पहल सुरु गऱ्यो । यस क्रममा यसले काठमाण्डौ उपत्यकामा रहेका सरकारी विद्यालयमा अध्ययनरत घरेलु बालश्रमिकहरूलाई संगठित गरी घरेलु बालश्रमिक मञ्चको स्थापना गऱ्यो। सुरुवाती अवस्थामा घरेलु बालश्रमिकहरूको संगठनको रूपमा मात्र रहेको मञ्चलाई अझ परिमार्जन गरी अन्य बालबालिकासमेतको सहकार्यमा विद्यालयहरूमा बालक्लब गठन गरियो। प्रारम्भमा श्रमिक बालबालिकाले स्थापना गरेको घरेलु बालश्रमिक मञ्चमा आबद्ध भएका बालबालिका समय क्रममा युवा अवस्थामा प्रवेश गर्न थाले। यसरी बालक्लबमा संगठित हुँदै युवा अवस्थामा प्रवेश गरेका घरेलु श्रमिकहरूको पहलमा घरेलु श्रमिक मञ्च स्थापना भयो। यो मञ्च स्थापनाका लागि पनि सिविसले सहजीकरण गरेको थियो। समय क्रममा यही मञ्च विकसित हुँदै घरेलु श्रमिकहरूको पहिलो ट्रेड युनियन नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियन (Nepal Indipendent Domestic Workers Union) को रूपमा स्थापित भयो। यो युनियन नै दक्षिण एसियामा बनेको घरेलु श्रमिकहरूको पहिलो युनियन थियो। यसले घरेलु श्रमिकहरूको अधिकारका लागि आवाज उठाउने काम गरेको थियो । आज त्यो ट्रेड युनियन Home based Workers Union of Nepal (HUN) को रूपमा विकास भएको छ। यस युनियनमा हाल हजारौँ घरेलु श्रमिकहरू आबद्ध छन्। ती श्रमिकहरू घरेलु श्रम सम्मानित श्रमको नाराका साथ घरेलु श्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization (ILO) को महासन्धि १८९ को कार्यान्वयनका लागि अघि बढिरहेका छन् । उनीहरूको अभियानका कारण श्रम ऐनमा घरेलु श्रमिकहरूको विषय समेट्न सकिएको छ । यसरी बालश्रमविरुद्धको अभियानमा आफूलाई अग्रपंक्तिमा उभ्याउन सफल भएको सिविस सन् २००४ मा अन्तर्राष्ट्रिय श्रम संगठनबाट सम्मानित पनि भएको थियो ।

## बालयौन दुर्व्यवहारविरुद्धमा सिविस

घरेलु बालश्रमविरुद्धको अभियानलाई

अगाडि बढाउने क्रममा पहिचान भएको अर्को गम्भीर सवाल बालयौन दुर्व्यवहारविरुद्धमा सिविसले आफूलाई उभ्यायो। सिविसले घरेलु बालश्रमविरुद्धको अभियानको सँगसँगै अर्थात् सन् २००३ देखि नै बालयौन दुर्व्यवहारविरुद्धको अभियान सुरु गऱ्यो। यो अभियान आज पनि जारी छ। यस क्रममा सिविसले बालबालिकामाथि हुने यौन दुर्व्यवहारविरुद्ध बालबालिकालाई विद्यालयमा गएर सचेतना गराउने, अभिमुखीकरण सञ्चालन गर्ने, तालिम प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गरेको छ। यसै गरी शिक्षक, युवा, प्रहरीलगायतका बीच बालयौन दुर्व्यवहार र सञ्चार सीपसम्बन्धी तालिम तथा अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गरियो। बालयौन दुर्व्यवहारबाट पीडित बालबालिकाको कानुनमा पहुँचका लागि पीडित बालबालिकालाई न्यायमा पुऱ्याउन हेल्पलाइनको स्थापना गरी अपराधीलाई कानुनको कठघरामा पुऱ्याउने तथा बालबालिकालाई कानुनी तथा मनोसामाजिक सेवा प्रदान गर्ने काम सिविसले गरेको छ। परिणामस्वरूप बालयौन दुर्व्यवहारविरुद्ध राम्रो काम गरे बापत सिविसले सन् २००९ मा Women World Sunnit Foundation (WWSF) बाट प्रथम पुरस्कार पाएको थियो।

## स्थानीय सरकारसँग सिविस

स्थानीय सरकारसँग मिलेर बाल संरक्षणको विषयमा काम गर्ने पहिलो संस्थाको रूपमा पनि सिविसलाई लिन सकिन्छ। सुरुवाती दिनहरूमा स्थानीय निकायहरूले विकासको काम भनेको बाटो बनाउने, पुल निर्माण गर्ने र बिजुली बाल्ने जस्ता कुरालाई मात्र बुझ्ने गरेको पाइन्थ्यो। सिविसलगायत बालबालिकाको क्षेत्रमा कार्यरत अन्य संस्थाहरूसँगको सहकार्य सँगसँगै नगरपालिकाले बालबालिकाको हित र संरक्षणमा बजेट छुट्याउने, नीति तथा कार्यक्रमहरू निर्माण तथा लागु गर्ने गरेको पाइएको छ। स्थानीय तहमा बालसंरक्षण समितिहरूको निर्माण, परिचालन तथा बालमैत्री नगर तथा गाविस निर्माणमा सिविसले पहल गरेको थियो। सिविस प्रमाणमा आधारित जनवकालतमा विश्वास गर्दछ। यसै विश्वासमा टेकेर सिविसले बालश्रमको अवस्था पहिचानका लागि अध्ययन अनुसन्धान कार्यको थालनी गऱ्यो। यस क्रममा सिविसले सन् २००० मा देशमै पहिलो पल्ट का.म.न.पा वार्ड नं ७ सँगको सहकार्यमा घरेलु बालश्रमसम्बन्धी अध्ययन गरेको थियो। ३५३७ वटा घरमा गरिएको यस सर्वेक्षणबाट ८४० जना घरेलु श्रमिकहरू पाइएको थियो। सन् २००० देखि नै स्थानीय सरकारसँगको सहकार्यमा बालसंरक्षणका लागि सिविसले काम गर्दै आएको छ। चाहे त्यो सशस्त्र द्वन्द्वकालमा होस या जनप्रतिनिधिविहीन अवस्था होस या गणतन्त्र पछिको निर्वाचित सरकार भएको अवस्थामा होस सिविसको बालसंरक्षणको अभियान निरन्तर जारी रहेको छ।

बालसंरक्षणका लागि रणनीतिक योजना निर्माणमा सहयोग सँगसँगै सिविसले थालनी गरेको अर्को महत्त्वपूर्ण कार्य बालश्रमविरुद्धको हरियो झण्डा अभियान हो। यस अभियानको अवधारणाको विकास गर्दै सिविसले पहिलोपल्ट यस अभियानलाई हेटौँडा नगरपालिका र ललितपुर उपमहानगरपालिकामा सञ्चालन गरेको थियो। हाल सिविसले पूर्वमा विराटनगरदेखि पश्चिममा दिपायल सिलगढी नगरपालिकासम्मका १५ स्थानीय तहहरूसँग बालश्रमविरुद्धको अभियानमा सहकार्य गर्दै आएको छ। सुरुवाती अवस्थामा नगरपालिका कर्मचारी, राजनीतिक दलका प्रतिनिधिहरूमा बालअधिकार र बालसंरक्षणसम्बन्धी ज्ञान र

सीपको कमी रहेको पाइएको थियो । यस कमीलाई पूरा गर्न सिविसले नगरपालिका, स्थानीय समुदाय, स्थानीय नागरिक समाजका प्रतिनिधि तथा स्वयं बालबालिकालाई बालअधिकार, बालसंरक्षण र बालश्रमका बारेमा क्षमता वृद्धि गर्ने कार्य सञ्चालन ग¥यो । परिणामस्वरूप नगरपालिका र समुदायलाई बालश्रमविरुद्धमा कार्य गर्नका लागि सहयोग पुगेको थियो । हाल पनि सिविसले देशका विभिन्न नगरपालिकाहरूमा स्रोत संस्थाको रूपमा काम गर्दै आएको छ। नगर क्षेत्रमा बालबालिकाले भोगेका समस्याहरूलाई बाहिर ल्याई सम्बन्धित सरोकारवाला निकाय समक्ष पु¥याउने उद्देश्यका साथ सिविसले 'बालबालिकासँग मेयर' कार्यक्रमको अवधारणा ल्यायो। न्युज ट्वेन्टी फोरको डेभलपमन्ट फोरमसँगको सहकार्यमा सञ्चालित उक्त 'बालबालिकासँग मेयर' टेलिभिजन कार्यक्रम निर्माण भई प्रसारण भइरहेको छ ।

## सञ्जालमा सिविस

सिविस बालअधिकार र बालसंरक्षणका लागि गठित र परिचालित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूको सक्रिय सदस्य रहेको छ। साथै कतिपय सञ्जाल तथा अभियानहरूमा यसले नेतृत्वदायी भूमिका पनि निभाउदै आयो। स्थापनाकालदेखि नै बालश्रमसम्बन्धी राष्ट्रिय सम्मेलन, बालदुर्व्यवहारविरुद्ध विश्व दिवस तथा बालश्रमविरुद्ध विश्व दिवस मनाउने सन्दर्भमा सिविसले नेतृत्वदायी पंक्तिमा रहेर कार्यक्रम गर्दै आएको छ। यसैगरी देशका ठुला सञ्जालहरू जस्तै ह्यूमन राइट्स एलाइन्सको अध्यक्ष, महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी संस्थाहरूको साझा सञ्जाल (एटबिन) को अध्यक्ष, एनसिपिए नेपालको अध्यक्ष तथा बालसहभागितामा कार्यरत संस्थाहरूको साझा सञ्जाल कन्सोर्टियम नेपालको २ पटक अध्यक्ष तथा एनसिइमा उपाध्यक्षको रूपमा नेतृत्व गरिसकेको छ। यसरी सञ्जालहरूको नेतृत्व गरिरहँदा देशको बालअधिकार आन्दोलनलाई सही दिशामा परिचालन गर्नका लागि जनवकालती अभियान तथा सदस्य संस्थाहरूको क्षमता विकासमा योगदान गरेको छ।

## बाल संरक्षण सामाजिक अभियानको अगुवाइमा सिविस

बाल संरक्षण क्षेत्रमा दिगो अभियान अवधारणाको विकास गर्नु र अभियानको नेतृत्व गरी समुदाय परिचालन गर्नु आफैँमा एक महत्त्वपूर्ण विषय हो। सिविसले बाल संरक्षणको क्षेत्रमा जनचेतना जगाउने, दबाब दिने र नीति नियम कार्यक्रम कार्यान्वयनका लागि विभिन्न अभियानहरू सञ्चालन ग¥यो, जुन उपलब्धीमूलक हुन पुग्यो। संविधान निर्माण प्रक्रियामा बालबालिकाका कुरा र विषयलाई संविधानमा स्थापित गर्न "हाम्रा कुरा सुनिदिनुहोस् है" भन्ने बालबालिकाद्वारा नै नेतृत्व गरेको अभियानलाई सिविसले सहजीकरण गरेको थियो। यस अभियानले बालबालिकाका मुद्दालाई संविधानमा मुखरित गर्नका लागि महत्त्वपूर्ण योगदान पु¥याएको थियो। यसै गरी बालयौन दुर्व्यवहारविरुद्धको अभियान अन्तर्गत विद्यालयहरूमा गएर बालबालिकालाई बालयौन दुर्व्यवहारविरुद्ध सचेतना कार्यक्रमहरू सञ्चालन ग¥यो। यसैगरी नीति निर्माताहरूलाई बालमैत्री कानुन निर्माणका लागि दबाब दिने उद्देश्यका साथ लगभग १००० युवाहरूलाई परिचालित गरी 'कालो टोपीमा युवाहरू' अभियान सञ्चालन गरेको थियो। यसका साथै बालश्रमविरुद्ध हरियो झण्डा अभियान सिविसद्वारा नेतृत्व गरिएको र नगरपालिका मार्फत

कार्यान्वयन गरिएको एक सफल अभियान हो ।

## विद्यालयहरूसँगको सहकार्यमा सिविस

बालबालिकाको अधिकार र संरक्षणको अभियानलाई सफलतापूर्वक सञ्चालन गर्नका लागि सिविसले आफ्नो स्थापनाकालदेखि नै विद्यालयलाई आफ्नो सहकार्यस्थल बनाउदै आएको छ। सन् १९९८ मा चावहिलस्थित श्री मित्र प्राविसँगको सहकार्यबाट थालनी भएको यो अभियान आजसम्म पनि जारी छ। विद्यालयसँगको सहकार्यको क्रममा विद्यालयमा बालसंरक्षण प्रणाली स्थापनाका लागि क्षमता विकास, हिंसारहित शिक्षाको प्रवर्धनका लागि शिक्षक शिक्षिका तथा बालबालिकालाई बालयौन दुर्व्यवहार र संरक्षणसम्बन्धी तालिमहरूको आयोजना गरियो। साथै गुणस्तरीय शिक्षाको प्रवर्धनका लागि विषयगत तालिमहरूको पनि आयोजना गरियो। मनोसामाजिक समस्यामा परेका बालबालिकाका समस्याहरूको स्थायी किसिमबाट सम्बोधन गर्न विद्यालयमै मानवीय स्रोत तयार गर्ने उद्देश्यले शिक्षक शिक्षिकालाई मनोसामाजिक विमर्श तालिम उपलब्ध गराइयो। विद्यालयका बालबालिकालाई मनोविमर्श सेवा प्रभावकारी ढङ्गले उपलब्ध गराउन विद्यालयमा बाल मनोसामाजिक विमर्श केन्द्रको स्थापना गरियो। यो अभ्यास नेपालमै पहिलो र नौलो प्रयास थियो। अहिले पनि उपत्यकाका १५ वटा विद्यालयमा यस किमिसका केन्द्रहरू सञ्चालित भइरहेका छन्। काठमाण्डौ उपत्यकालगायत १४ जिल्लाका २८० विद्यालयमा सिविसले बालसंरक्षण प्रणालीको स्थापनाका लागि काम गरेको थियो जुन हालसम्म पनि जारी रहेको छ। यस क्रममा ती विद्यालयहरूमा बालसंरक्षण समिति गठनका लागि सहजीकरण गर्ने कार्यको पहल सिविसले गरेको थियो।

बालबालिकाको खेल खेल्न तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सहज होस भन्नका लागि सिविसले विद्यालयमा विभिन्न प्रकारका प्रतियोगिताहरू सञ्चालनमा सहयोग पुर्‍याउँदै आएको छ। यसले विद्यालयलाई बालमैत्री विद्यालयमा रूपान्तरण गर्न उल्लेख्य भूमिका खेलेको छ। आर्थिक अवस्थाका कारण विद्यालयको पोशाक र शैक्षिक सामाग्री नभएर विद्यालय छोडन बाध्य भएका बालबालिकालाई पोशाक र शैक्षिक सामाग्रीहरू उपलब्ध गराउँदै आएको छ। विद्यालय बीचैमा छाड्ने बालिबालिकालाई विद्यालयमा पुनः फर्काउनका लागि विद्यालय र अभिभावक बीच प्रत्येक ३ महिनामा अन्तरक्रिया कार्यक्रमको आयोजना पनि गरिँदै आइएको छ। यसबाट विद्यालयको शैक्षिक अवस्था सुधार गर्न सहयोग पुगेको छ। बालसहभागिता अन्तर्गत बालबालिकाको संगठित हुन पाउने अधिकारलाई कार्यान्वयनमा लान सिविसले विद्यालयहरूमा बालक्लब निर्माणका लागि सहजीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको थियो। यस क्रममा सन् २००० मा पहिलो पल्ट सिविसको सहजीकरणमा श्री बाल व्यवसायी केन्द्र मावि, सिफलमा नेपाल बालक्लब स्थापना भएको थियो। सिविसको सहयोगमा ती क्लबहरूले वार्षिक रूपमा कम्तीमा ६ वटा कार्यक्रमहरू सञ्चालन गर्ने गर्दथे। त्यस पछिका दिनहरूमा सिविसले ती बालक्लबहरूको प्रतिनिधित्व हुने गरी जिल्ला स्तरीय बालक्लब सञ्जाल निर्माणमा समेत सहयोग पुर्‍याएको थियो। गुणस्तरीय शिक्षाको प्रवर्धन गर्न सिविसले विद्यालयहरूमा भौतिक संरचना निर्माणमा सहयोगका साथै १५ वटा विद्यालयहरूमा १५० वटा कम्प्युटरसमेत उपलब्ध गराएको थियो। यसैगरी

सिविसले विद्यालयमा बालविकास केन्द्रका लागि कक्षा कोठामा आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराउन र कक्षा कोठालाई बालमैत्री बनाउने कार्यमा उल्लेख्य योगदान गरेको थियो ।

## समुदायको असल मित्र सिविस

स्थापनाकालदेखि नै बालबालिकाको हित र संरक्षणका लागि सिविसले समुदायसँग मिलेर काम गरिरहेको छ। समुदायमा बालबालिकाको हित रक्षा गराउन सिविसले उपत्यकामा नै पहिलोपल्ट तत्कालीन ललितपुर उपमहानगरपालिका वडा नं १३ सँगको सहकार्यमा पहिलो बालसंरक्षण समितिको निर्माणमा सहजीकरण गरेको थियो। समितिलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सिविसको सहयोग रहेको थियो। बालसंरक्षण समितिको निर्माण तथा परिचालनले समुदायमा बालसंरक्षणको प्रचारपसार र अनुगमनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। स्थानीय निर्वाचित जनप्रतिनिधिहरूको अभाव खट्किएको समयमा पनि बालसंरक्षण समितिमा आवद्ध राजनीतिक कर्मी, सामाजिक कार्यकर्ता, सामुदायिक प्रहरी, महिला तथा युवा समूहले बालबालिकाको संरक्षण र प्रवर्धनमा गरेको योगदान महत्त्वपूर्ण रहेको थियो । यसको परिणामस्वरूप तत्कालीन नगरपालिका तथा गाविसहरूले बालसंरक्षण समिति मार्फत कार्यक्रम गर्न बजेट विनियोजन गरेका थिए। उपत्यकामा पहिलो पल्ट काठमाण्डौको महाङ्काल गाविसले बालसंरक्षण समिति मार्फत काम गर्न १० लाख विनियोजन गरेको थियो। सिविसले समुदायमा राम्रो काम गरेका बाल संरक्षण समितिहरूलाई जिल्ला बालकल्याण समितिसँगको सहकार्यमा पुरस्कारको व्यवस्थासमेत गरेको थियो ।

सामुदायिक सेवा समिति स्थानीय तहमा समुदाय र प्रहरीको सक्रियतामा सञ्चालित संस्था हो । उपत्यकामा रहेका सामुदायिक प्रहरी तथा सामुदायिक सेवा समितिसँगको सहकार्यमा सिविसले बालबालिका र महिलाविरुद्ध हुने हिंसाविरुद्धका कार्यक्रमहरू सञ्चालन गरेको थियो । यस क्रममा सिविसको पहलमा उपत्यकाका सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्रसँगको समन्वय र सहकार्यमा उपत्यका भित्र रहेका सेवा केन्द्रका सबै सदस्य तथा सामुदायिक प्रहरीहरूलाई बालयौन दुर्व्यवहार तथा बालसंरक्षणको तालिम प्रदान गरियो ।

२५ वर्षको अवधिमा सिविस २ लाखभन्दा बढी व्यक्तिहरूबीच पुग्न सफल भएको छ। सामुदायिक सेवा समितिमा बालसंरक्षणलाई मूलप्रवाहीकरण गर्ने श्रेय सिविसलाई जान्छ । जसको पुष्टि सिविसले पहिलो पल्ट का.म.पा ३१, ल.पु १४ तथा गठ्ठाघर सामुदायिक सेवा समितिसँग मिलेर घरेलु बालश्रमिक र महिलाहरूका लागि साक्षरता कक्षा सञ्चालन गरेको कार्यले गर्दछ। समुदायमा सिविसद्वारा संचालित अर्को महत्त्वपूर्ण कार्य सैली थिएटरसँगको सहकार्यमा गरिएको नाटक हो । यस क्रममा आम समुदायमा बाल अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले करिब ५०० भन्दा बढी नाटकहरू सञ्चालन गरिएका थिए ।

## सञ्चार माध्यमसँगको सहकार्यमा सिविसको बालअधिकार अभियान

सञ्चार माध्यमबाट कुनै पनि सन्देश एकैपटक लाखौँ पाठक र दर्शकसम्म पुग्ने गर्दछ। यस्तो विशेषता भएको सञ्चार माध्यमले बालअधिकारको संरक्षण र संवर्धनका लागि उल्लेख्य भूमिका खेल्ने कुरामा दुईमत हुन सक्दैन । सञ्चार माध्यमको यही भूमिकालाई मध्यनजर

गर्दै सिविसले सञ्चार माध्यमसँगको सहकार्यमा बालअधिकार र बालसंरक्षणको अभियानलाई अगाडि बढाएको थियो। यसले सबभन्दा पहिला नेपाल समाचार पत्रसँगको सहकार्यमा सन् २००६ देखि २००९ सम्म प्रत्येक १५ दिनमा बालयौन दुर्व्यवहार र बालसंरक्षणसम्बन्धी लेख प्रकाशन गर्ने गरेको थियो। सिविसको यो ३ वर्षे अभियानले आम समुदायमा बालअधिकार र बालसंरक्षणका बारेमा सचेतना जागरणमा उल्लेख्य भूमिका खेलेको थियो। यसै गरी बालअधिकारसम्बन्धी सचेतना बढाउने क्रममा दक्षिण एसियाको पहिलो सामुदायिक रेडियोसँग सिविसको सहकार्य पनि लामो समयसम्म रह्यो। यस अभियान अन्तर्गत सन् २००६ देखि नै सिविसले 'बालसंरक्षणका कुरा' नामक बाल कार्यक्रम प्रत्येक शुक्रबार साँझ प्रसारण गर्ने गर्दथ्यो। यो अभियानलाई अगाडि बढाउने क्रममा बीचमा केही समय खालि भए पनि सन् २०१७ सम्मै निरन्तर जारी रहयो। यसैगरी नेपाल एफंएमसँगको सहकार्यमा पनि सिविसले ३ वर्षसम्म बाल कार्यक्रम सञ्चालन गऱ्यो। यसका अतिरिक्त बालअधिकार र बालसंरक्षण प्रति सचेतना जगाउने रेडियो जिङ्गल निर्माण गरी प्रसारण गर्ने कार्य भयो। साथै सन् २०१४ देखि २०१६ सम्म 'की एडभरटाइजीङ' सँगको सहकार्यमा बालअधिकारसम्बन्धी जागरण कार्यक्रम सञ्चालन गरियो। यस क्रममा नेपालका ३७ वटा एफ.एम मार्फत प्रत्येक शनिबार बालसंरक्षणसम्बन्धी कार्यक्रम प्रसारण गरिन्थ्यो। यसबाट देश भरिका बालबालिका, नीति निर्माता तथा आम समुदाय समक्ष बालअधिकार अनुगमन र बालसंरक्षणका विषयसम्बन्धी ज्ञान तथा जानकारीमूलक सूचनाहरू पुऱ्याउने सफलता मिल्यो। यसै अवधिमा नेपाल टेलिभिजनमा वरिष्ठ सञ्चारकर्मी श्री बिजय पौडेलले बालअधिकार र बालसंरक्षणका विभिन्न आयामहरू समेटेर तयार गरिएको कार्यक्रम 'संरक्षण' सञ्चालन गर्नुभयो। यो कार्यक्रमको अवधारणा सिविसले तयार गरेको थियो भने कार्यक्रम प्रसारणमा पनि सिविसको सहयोग रहेको थियो। सन् २०१७ देखि अर्को सञ्चार माध्यम News 24 अन्तर्गत डेभलपमेन्ट फोरमसँगको सहकार्यमा प्रत्येक शनिबार सिविसको अवधारणा र सहयोगमा तयार भएको 'बालबालिकासँग मेयर' कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रमले स्थानीय तहमा  बालबालिकाले भोग्दै आएका बालसंरक्षणका सवालहरूको सम्बोधनका लागि महत्त्वपूर्ण योगदान दिएको छ।

बालमैत्री लेखन तथा पत्रकारिताको लागि सञ्चार माध्यम र सञ्चारकर्मीलाई उत्प्रेरित गर्नु आजको आवश्यकता हो। यही आवश्यकतालाई मध्यनजर गर्दै सिविसले पत्रकारिताको क्षेत्रमा काम गर्ने सञ्चारकर्मीहरूका लागि बालमैत्री पत्रकारिता र बालअधिकार विषयमा सहयोगी पुस्तिका निर्माण गऱ्यो। यसका साथै सञ्चारकर्मीहरूलाई यस विषयसम्बन्धी तालिमको व्यवस्थासमेत गरेको थियो। तालिमपश्चात् वरिष्ठ पत्रकार बिजय चालिसे तथा प्रमोद प्रधानको सक्रियतामा पत्रकारहरूलाई समावेश गरी बालमैत्री पत्रकार सञ्जालको स्थापना गरियो। यसरी नेपालमा पहिलो पटक औपचारिक रूपमा गठन गरिएको सञ्जालका संयोजक राजाराम कार्की हुनुहुन्थ्यो भने यसका सदस्यहरूमा युवा संचारकर्मी जीवन भण्डारीलगायतका व्यक्तित्वहरू हुनुहुन्थ्यो।

## नेपाल प्रहरीसँगको सहकार्यमा सिविस

'आम नागरिकको सुरक्षाको जिम्मेवारी सम्हालेको नेपाल प्रहरीलाई

बालअधिकारप्रति संवेदनशील बनाउन सके बालबालिकाको न्यायमाथिको पहुँचमा अझ सहजता आउन सक्छ' भन्ने कुरालाई दृष्टिगत गर्दै  बालबालिका, समुदाय र प्रहरी बीचमा सुसम्बन्ध स्थापित गर्ने उद्देश्यले सिविस र नेपाल प्रहरी बीच सन् २००५ मा पहिलोपल्ट सहकार्य सुरु भएको थियो। यस क्रममा २ फरवरी २००५ मा सिविस र नेपाल प्रहरी बीच पहिलो बैठक बस्यो। बैठकमा भएको छलफल पछि सन् २००५ को अप्रिल ११ मा सिविसको आयोजनामा नेपाल प्रहरीसँगको समन्वय एवं सहकार्यमा पहिलो पटक बालअधिकारसम्बन्धी तालिम सञ्चालन भयो। यही तालिमबाट नै सामुदायिक प्रहरीसँगको सहकार्य सुरुवात भएको थियो । यो सहकार्य हालसम्म आउँदा नेपाल प्रहरी महिला तथा बालबालिका सेवा निर्देशनालय, जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र, प्रभाग तथा वृत्तहरूसँग समेत बिस्तार भयो। परिणामस्वरूप बालबालिकामाथि हुने यौन दुर्व्यवहार र बालश्रम शोषणका घटनामा पीडित बालबालिकाको उद्धार तथा पुनर्स्थापनामा सिविसको र प्रहरी निकायसँगको सहकार्य अत्यन्त महत्त्वपूर्ण रहेको छ। सहकार्यकै क्रममा प्रहरीका लागि बालअधिकार, यौनदुर्व्यवहार र अनुसन्धानसम्बन्धी सहयोगी पुस्तक, जनचेतना सम्बन्धी पुस्तिका र ब्रोसियरहरू निर्माण गरिए। यस अवधिमा भएको सबैभन्दा महत्त्वपूर्ण काम भनेको देश भरिका बालबालिकामाथि भएका यौन हिंसा र प्रहरीहरूबाट बालबालिकाको सुरक्षाका लागि भए गरेका प्रयाससम्बन्धी तथ्यहरू पत्रकार सामु प्रस्तुत गर्ने कार्यको सुरुवात भयो। यसको सुरुवात एआइजी प्रकाश कुवरज्यूले गर्नु भएको थियो। यसै गरी नेपाल प्रहरीको सहकार्यमा नेपाल प्रहरी तालिम केन्द्रका प्रहरीहरूलाई प्रशिक्षक प्रशिक्षण गरिएको थियो। यसका साथै प्रहरी जवानदेखि अधिकृतहरूसम्म गरी जम्मा २७० जनालाई बालअधिकार तथा बालयौन दुर्व्यवहारसम्बन्धी तालिम पनि प्रदान गरिएको थियो। यसै क्रममा नेपाल प्रहरीका केही कार्यालयहरूमा बालमैत्री कक्षहरूको स्थापनाका लागि सिविस र नेपाल प्रहरी बीच सहकार्य भएको थियो।

## नीति निर्माणका लागि सिविसको वकालत

प्रारम्भिक दिनहरूमा सिविसले घरेलु बालश्रमिकहरूको अवस्था सुधारका लागि नीति निर्माताहरूसँग बैठक तथा छलफल गरेको थियो। यस क्रममा बालश्रमसम्बन्धी नियमावली तथा बालबालिकासम्बन्धी राष्ट्रिय नीति निर्माणका लागि सरकारसम्बद्ध निकायसँग विभिन्न चरणमा लबी बैठक, छलफल, ज्ञापन पत्र प्रदान, दबाबमूलक कार्यक्रमहरूको समेत आयोजना गरेको थियो। वर्तमान अवस्थामा पनि सिविस बालमैत्री कानुन र नियमावली निर्माणका लागि काम गरिरहेको छ। नेपालको संविधान (२०७२)मा बालश्रम र बालबालिकामाथि हुने हिंसालाई सम्बोधन गर्ने विषयमा सभासदहरूसँग विभिन्न चरणमा बैठक तथा छलफल गरियो। नयाँ संविधानमा बालबालिकाका कुरा समावेश गर्नका लागि 'संविधानमा हाम्रा कुरा' अभियान पनि सञ्चालन गरिएको थियो।

बालबालिकासम्बन्धी ऐन २०७५ संघीय संसदले पारित गर्नु अघि यसको मस्यौदामा सुधार गर्न सिविसले सांसदहरूको कार्याशाला आयोजना गरेको थियो। कार्यशालामार्फत नागरिक समाजको अभिमत प्रस्तुत गरियो। यस अभिमतले सांसदहरूको ध्यानाकर्षण गर्ने काम गरेको थियो।

यसै गरी अपराध संहिता अन्तर्गत यौनदुर्व्यवहारको विषयमा भएका कानुनी त्रुटीहरूलाई सच्याउने सम्बन्धमा सिविसले राष्ट्रिय कानुन आयोग मार्फत नेपालमै पहिलो पटक छलफलको आयोजना गऱ्यो। यसैको प्रतिफल आज हामीले मुलुकी अपराध संहिता ऐन अन्तर्गत यौन दुर्व्यवहारसम्बन्धी नयाँ कानुनी प्रावधान प्राप्त गरेका छौँ। यसै गरी यौनहिंसा पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति परिपूरण सहितको हुनुपर्दछ भन्ने मागसहित सिविसद्वारा सर्वोच्चमा रिट दायर गरिएको थियो। सम्मानित सर्वोच्च अदालतबाट बालबालिकाको पक्षमा फैसला भयो। यसलाई सिविसको नीतिगत पैरबीको सफलताको रूपमा लिन सकिन्छ।

नीतिगत पैरबीको क्रममा सिविस र श्रमविभाग बीच घरेलु बालश्रम अन्तर्गत भएका त्रुटीपूर्ण प्रावधानहरूलाई हटाउन तथा कानुनी कार्यवाहीलाई सहजीकरण गर्ने विषयमा छलफल भएको थियो। यसैगरी विभाग अन्तर्गतका श्रम कार्यालयका कर्मचारीहरूलाई बालश्रम अनुगमनसम्बन्धी तालिम दिने कार्यसमेत भएको थियो। यसकाअतिरिक्त श्रम विभागसँगको सहकार्यमा न्यायिक प्रकृयासम्बन्धी निर्देशिका निर्माण गरी मन्त्रालयसम्म पठाउने कार्य गरिएको थियो।

घरेलुश्रमलाई सम्मानित श्रमको रूपमा स्थापित गर्न सिविसले वयस्क घरेलुश्रमिकहरूलाई संगठित गर्न सहजीकरण गरेको थियो। यसैगरी घरेलु बालश्रमलाई सम्मानित श्रमको रूपमा स्थापित गर्ने उद्देश्यले जारी गरिएको आइएलओ महासन्धि १८९ पारित गर्नका लागि सिविससमेतको सहयोगमा नेपालबाट घरेलुश्रमिकहरूको प्रतिनिधि मण्डललाई जेनेभा पठाइएको थियो। यो प्रतिनिधि मण्डलको  नेतृत्व घरेलुश्रमिक तथा नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियनकी अध्यक्ष श्री सोनु दनुवारले गर्नु भएको थियो।

अहिलेको अवस्थामा पनि सिविसले आइएलओ अभिसन्धि १८९ नेपालमा अनुमोदन गर्नका लागि पैरबी गर्ने काम गरी घरेलु श्रमलाई व्यवस्थित र सम्मानित तथा शोषणरहित बनाउन अझै निरन्तर लागि परिरहेको छ। पैरबीकै क्रममा सिविसले विभिन्न राष्ट्रिय सम्मेलनको आयोजना गर्नुका साथै मन्त्रालय, सांसद, सम्माननीय प्रधानमन्त्री, सम्माननीय राष्ट्रपतिज्यू समक्ष बालबालिकाका अधिकार, श्रम शोषणविरुद्ध काम गर्न र नीतिगत परिवर्तनका लागि छलफलहरू चलाइरहेको छ। यसैगरी केन्द्रीय वा संघीय तहका साथसाथै स्थानीय तहसमेत बाल संरक्षणसम्बन्धी नीति, बालश्रमसम्बन्धी निर्देशिकाको निर्माण त्यसको कार्यान्वयन र क्षमता विकासका लागि सिविसले अहिले पनि अग्रणी संस्थाको रूपमा भूमिका निभाइरहेको छ।

## विपद् अवस्थाको सम्बोधनमा सिविस

२०७२ सालमा गएको भूकम्प पश्चात्को आपतकालीन अवस्थामा सिविसले नियमित रूपले चलिरहेका आफ्ना सबै कार्यक्रमहरूलाई स्थगित गरी विपद् पश्चातको अवस्थामा तहसनहस भएका विद्यालयहरूलाई पुनः सामान्य अवस्थामा ल्याउनका लागि पहलकदमी सुरु गऱ्यो। यस क्रममा अस्थायी सिकाइ स्थलहरू निर्माण गर्ने, राहत सामग्रीहरू वितरण गर्ने, भूकम्प प्रभावित विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीहरू वितरण गर्ने, भूकम्पका कारण असामान्य अवस्थामा पुगेका बालबालकालाई समान्य अवस्थामा फर्काउन बालमैत्री स्थल स्थापना र सञ्चालन गर्ने, गम्भीर मनोसामाजिक पीडामा

परेका बालबालिकालाई मनोविमर्श सेवा प्रदान गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गरेको थियो । भूकम्पबाट क्षतिग्रत भएका विद्यालयको भौतिक संरचना पुनर्निर्माणको लागि सहयोग भएको थियो । भूकम्प पछिको अवस्थामा नेपाल सरकारले सिविससँगको सहकार्यमा विद्यालयमा मनोविमर्शसम्बन्धी तालिमको आयोजना गर्नुका साथै यससम्बन्धी सेवा प्रदान गरेको थियो ।

## स्रोत संस्थाको रूपमा सिविस

घरेलु बालश्रमिकलाई बालकक्षा पढाउने संस्थाको रूपमा परिचित सिविस २५ वर्षको अन्तरालमा एउटा स्रोत संस्थाको रूपमा आफ्नो परिचय बनाउन सफल भएको छ । सिविसले घरेलु बालश्रम, बालयौन दुर्व्यवहारसम्बन्धी अध्ययन अनुसन्धान गरी प्रतिवेदनहरू सार्वजनिक गरेको छ । यसैगरी बालसंरक्षणका सवालहरूसम्बन्धी तालिम सामाग्री, स्रोत पुस्तक, निर्देशिकाहरू प्रकाशन गरेको छ । जसमध्ये नेपालमा बालअधिकार महासन्धि लागु भएको २५ वर्ष पुगेको उपलक्ष्यमा प्रकाशित स्रोत पुस्तक 'नेपालमा बालअधिकार - २५ वर्ष', बालयौन दुर्व्यवहार : सहयोगी हाते पुस्तक, घरेलु बालश्रमिकहरूको भोगाइहरूलाई बाहिर ल्याउने उद्देश्यले सन् २००५ मा गरेको अध्ययनपश्चात तयार गरेको प्रतिवेदन 'Close door suffering' सन् २०१४ मा गरेको यौन दुर्व्यवहार र शोषणमा परेका घरेलु बालश्रमिकहरूको उत्थानशीलता वा पूर्वावस्था ग्रहण क्षमता)सम्बन्धी अध्ययनपछि तयार गरेको प्रतिवेदन 'Resilience in Child Domestic Workers, Nepal' बालक्लब सञ्चालन सहयोगी पुस्तिका : भाग १, २ र ३, बालअधिकार स्थिति अनुगमन निर्देशिका, विद्यालयमा आधारित मनोविमर्शसम्बन्धी सहयोगी निर्देशिका, रिफ्लेक्ट कक्षा सञ्चालन सहयोगी निर्देशिका, बालसंरक्षण हाते पुस्तिका, बालयौन दुर्व्यवहार र मानव बेचबिखनविरुद्ध बालमैत्री खेल सामाग्रीहरू यसका केही उदाहरणहरू हुन् ।

यसै गरी बाल संरक्षणका सवालहरू, विपद् अवस्थामा बालबालिकाको संरक्षण, मनोसामाजिक विमर्श, सकारात्मक अनुशासन, बालश्रम, बालयौन दुर्व्यवहारलगायत विविध विषयसम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरू प्रकाशन गरेको छ । २५ वर्षको अवधिमा गर्दै सिक्दै (learning by doing) को क्रममा बालअधिकार एवं बालसंरक्षणको क्षेत्रमा सिविसले प्राप्त गरेका अनुभव सहकर्मी संस्थाहरूका लागि पनि सहयोगी बन्ने निश्चित छ । सिविस आफ्नो अनुभव सहकर्मी संस्थाहरू बीच साटासाट गर्न तथा अरूको अनुभवबाट सिक्नका लागि हर्दम तयार छ । किनकी यी सिकाइ तथा अनुभवहरू हाम्रा निजी सम्पत्ति होइनन् । यी सबै समाजकै सम्पत्ति हुन् । यसैले सामाजिक सम्पत्तिको रूपमा रहेका यी अनुभव तथा सिकाइहरू आदान प्रदान गर्न कुनै कञ्जुस्याइँ गर्न आवश्यक छैन भन्ने सिविसको सोच रहेको छ । यिनै सिकाइ तथा अनुभवहरूबाट सिविसले खारिँदै माथि उल्लेखित विषयहरूको सहजकर्ताको रूपमा आफूलाई विकास गर्न सफल भएको छ । यसको अतिरिक्त सिविस बालअधिकार र बालसंरक्षणका सवालहरूबारे सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गर्न तथा ती सवालहरूप्रति उनीहरूलाई संवेदनशील बनाउनका लागि पैरबीका नयाँ तथा सिर्जनात्मक सोच तथा तौर तरिकाहरू पहिचान तथा प्रयोग गर्ने संस्थाको रूपमा समेत आफूलाई उभ्याएको छ । बालयौन दुर्व्यवहारविरुद्ध युवाहरूलाई परिचालन गर्दै सञ्चालन गरेको कालोटोपी अभियान, बालश्रमविरुद्ध सचेतना जागरणका लागि

सञ्चालन गरिएको बालश्रमविरुद्धको कला यात्रा, नगरपालिका क्षेत्रभित्र बालबालिकाले भोगेका समस्याहरूबारे सम्बन्धित सरोकारवाला निकायलाई सुसूचित गर्न तथा तिनीहरूको सम्बोधनका लागि उनीहरूलाई जिम्मेवार बनाउन सञ्चालन गरिएको बालबालिकासँग मेयर कार्यक्रम, बालबालिका तथा किशोर किशोरीहरूलाई बालयौन दुर्व्यवहार तथा मानव बेचबिखनविरुद्ध सचेतना जागरण गर्नका लागि तयार गरिएको खेल सामाग्री 'नागपास खेल' यस्तै नयाँ तथा सिर्जनात्मक सोचका उदाहरण हुन् । यिनै कामहरूको माध्यमबाट सिविसले आफूलाई समुदायदेखि राष्ट्रिय तहसम्मका सरोकारवालाहरू बीच एक सशक्त स्रोत संस्थाको रूपमा स्थापित गर्न सफल भएको हो ।

## निष्कर्ष

एउटा संस्थाको प्रभावशालिताको मापदण्ड के ? के धेरै बजेट चलाउने संस्था मात्र प्रभावशाली संस्था हुन सक्छ ? होइन, पटक्कै होइन । जुन संस्था सानो बजेटको सीमामा रहेर पनि सामाजिक परिवर्तनका लागि तथा गरिब र पछाडि पारिएकाहरूका लागि काम गर्छ, जसलाई समाजले माया गर्छ, जसको कामले समाजको सकारात्मक रूपान्तरणका लागि उल्लेख्य भूमिका खेल्छ र जसको कामले स्थानीयदेखि राष्ट्रिय तहसम्म प्रभाव पार्न सक्छ त्यस्तै संस्थालाई नै प्रभावशाली संस्था भन्न सकिन्छ। सिविस स्थापनाकालदेखि दशौँ वर्षसम्म चावहिल क्षेत्रमा कार्यरत रहेको थियो। सिविसले त्यस क्षेत्रमा गरेका कामबाट प्रभावित भएर का.म.पा वडा नं. ७ का जनप्रतिनिधिले सिविस कार्यरत क्षेत्रको एउटा मार्गको नाम समेत सिविस मार्ग राख्नु भएको छ। सिविसले जनप्रतिनिधिबाट पाएको उक्त सम्मान सिविसप्रतिको माया, सदभाव र विश्वासको परिचायक हो। समग्रमा सिविस बालबालिकाको सुख दुःखको साथी, न्याय प्राप्तिको अभियानमा लागिरहने अभियन्ता तथा आवाजविहीनहरूको आवाज हो जो सामाजिक न्यायका लागि शङ्खघोष गर्दै निरन्तर अगाडि बढिरहन्छ।

# लेखहरू

# बालअधिकार अभियानका ३० वर्षहरू



**गौरी प्रधान**

*(सिन्धुपाल्चोकको चौतारामा जन्मनु भएका गौरी प्रधान नेपालमा मात्र नभई सिङ्गो दक्षिण एसियामै मानव अधिकार रक्षक तथा सामाजिक अभियन्ताको रूपमा स्थापित व्यक्तित्व मानिनु हुन्छ । साथै उहाँ लेखक, अनुसन्धानकर्ता एवं नीति विश्लेषक पनि हुनुहुन्छ । बालअधिकारका लागि अगुवा संस्था नेपाल बाल मजदुर सरोकार केन्द्र (CWIN)का संस्थापक अध्यक्ष एवं राष्ट्रिय मानव अधिकार आयोगको सदस्य एवं प्रवक्ता (२००७-२०१३) समेत रहीसक्नु भएका गौरी प्रधान UNICEF Global Leadership on the Best Interest of Children in 2000 लगायत धेरै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्मानबाट सम्मानित पनि भै सक्नु भएको छ । सन् २००२ देखि २००५ सम्म केन्द्रीय बाल कल्याण समितिमा अध्यक्षको जिम्मेवारी वहन गरिसक्नु भएका प्रधानले गैरसरकारी संस्था महासंघ नेपाल एवं मानव अधिकार तथा सामाजिक न्याय मञ्चमा पनि राष्ट्रिय अध्यक्षको जिम्मेवारी सम्हालिसक्नु भएको छ । साथै उहाँले नेपालमा बालबालिकाको १० वर्षे कार्ययोजना निर्माणका लागि राष्ट्रिय संयोजक (२००५-२०१४)को भूमिका पनि निर्वाह गरिसक्नु भएको छ । हाल उहाँ अल्पविकसित मुलुकहरूको प्रतिनिधित्व गर्ने Least Developing Countries (LDC) Watch नामक संस्थाको विश्व संयोजक हुनुहुन्छ ।*

*प्रस्तुत आलेख श्री प्रधानसँग सिविसका रमेशकुमार पौडेलले गर्नु भएको कुराकानीमा आधारित रहेको छ )*

## यात्रा आरम्भका दिनहरू

नेपालमा बालअधिकार अभियानको यात्रा सुरु भएको ३० वर्ष पूरा भइसकेको छ । यो सुरु हुँदा नेपालमा निरंकुश पञ्चायती व्यवस्था थियो । त्यतिबेला संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि पारित भएकै थिएन । तर नेपालमा निरंकुशताका विरुद्ध मानव अधिकारको प्रत्याभूतिकासाथै लोकतान्त्रिक अधिकारका कुरा भने घनिभूत रूपमा उठिरहेको थियो । त्यसैले हामी युवा तथा विद्यार्थीहरू लोकतन्त्र र मानव अधिकार स्थापनाको निम्ति उठेको आन्दोलनमा सक्रिय रूपले लागेका थियौँ ।

मानव अधिकारभित्र नागरिक, राजनैतिक अधिकार साथसाथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू पनि पर्दछ । त्यतिञ्जेल महिला, दलित, आदिवासी जनजाति, मजदूरलगायतका मानव अधिकारका विविध सवालहरू उठिरहँदा पनि बालअधिकार भने चर्चाको विषय हुने गरेको थिएन । बालबालिकाका अधिकारको कुरा पनि समेटिनु पर्दछ भन्ने सोचका साथ मैले बाल अधिकार र जोखिममा परेका बालबालिकाको सवालमा त्रिभुवन विश्वविद्यालयमा एउटा कार्यक्रमको आयोजना गरेँ । सन् १९८३ मा बैंककमा भएको एउटा अन्तर्राष्ट्रिय गोष्ठीमा बालश्रम र बाल अधिकारबारे एक कार्यपत्र प्रस्तुत गरिसकेकाले म यो कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित भएको थिएँ । उक्त कार्यपत्र तयार गर्ने क्रममा नै बालअधिकारबारे मेरो खोजी सुरु भएको थियो । यो नै मेरो बालअधिकार यात्राको प्रारम्भिक चरण थियो ।

तत्कालीन पञ्चायती व्यवस्थाका निरंकुश शासकहरू मानवअधिकारको कुरै सुन्न चाहदैनथे। त्यसैले त्यतिबेला बालअधिकारबारे आवाज उठाउन सहज थिएन। तर पनि हामीले अनेकौँ तौरतरिका लगाएर, बालअधिकार र उनीहरूको हकहितको कुरा उठाएका थियौँ।

नेपालमा बालअधिकारको अभियानलाई व्यवस्थित रूपमा अगाडि बढाउने कार्यको सुरुवात सन् १९८७ नोभेम्बर २० तारिखदेखि हुन सकेको हो। बालअधिकारसम्बन्धी महत्त्वपूर्ण कार्यहरू नोभेम्बरमा नै सम्पन्न हुँदै आएकाले यो दिन रोजिएको थियो। उदाहरणका लागि, सन् २०५९ को बाल अधिकार घोषणा पत्र नोभेम्बर २० तारिखमै जारी गरिएको थियो। त्यसैगरी अन्तर्राष्ट्रिय बाल वर्ष १९७९ को घोषणा पनि नोभेम्बर महिनाको २० तारिखमै भएको रहेछ। संयुक्त राष्ट्र संघबाट अनुमोदित बालअधिकार महासन्धि पनि १९८९ नोभेम्बर २० तारिखकै दिन भएको थियो। त्यसैकारण हामीले नोभेम्बर २० लाई नै बालअधिकार अभियान अगाडि बनाउने दिनको रूपमा चुनेका थियौँ।

## बालअधिकारको कार्यान्वयनको विकासक्रम

सिविनको स्थापना २०४४ सालमा भएको थियो। यसले २०४५-४६ को ऐतिहासिक जनआन्दोलनकै बेला बालअधिकारसम्बन्धी महासन्धिको मस्यौदालाई नेपालीमा अनुवाद गर्ने, प्रचार प्रसार गर्ने र त्यसमा छलफल चलाउने कार्यको थालनी गरिसकेको थियो। त्यतिबेलै हामीले जोखिमयुक्त अवस्थाका बालबालिकाको विषयमा "मेरो कथा" भन्ने कार्टुन पुस्तक (चित्र कथा) को माध्यमबाट बालबालिका माझ सचेतना फैल्याउने काम पनि सुरु गरेका थियौँ। २०४५-४६ को आन्दोलनमा म पनि सक्रियतापूर्वक लागिरहेको थिएँ। नेपाली जनमतलाई लोकतान्त्रिक आन्दोलनको पक्षमा ल्याउने प्रक्रियाकै शिलशिलामा मेरो मनको एक कुनामा बालअधिकारको विषयलाई पनि सँगसँगै उठाउनु पर्दछ भन्ने लागिरहेकाले सोको सुरुवात गरिएको थियो।

जन आन्दोलन पछि २०४७ सालको संविधान निर्माण गरियो। सो संविधान बनाउँदाखेरि नै हामीले बालअधिकारको पक्षमा १० बुँदे सुझाव त्यसबेला संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायलाई बुझाएका थियौँ। उक्त सुझाव प्रस्तुत गर्न जाँदा आयोगका अध्यक्ष उपाध्यायले "अन्य मानिसहरू आफ्नै वर्ग र समुदायको हक-अधिकारको बारेमामात्र आयोगमा सुझाव पेश गर्न आउँछन्, तर तपाईँहरू भने बालबालिकाको अधिकारको विषयमा आफ्ना सुझाव राख्न आउनु भएको छ, हामी त्यसलाई सकभर सम्बोधन गर्ने प्रयास गर्नेछौं।" भनेर हाम्रो सुझावप्रति सकारात्मक भावना दर्शाउनु भएको कुरा मेरो स्मृतिमा अहिले पनि ताजै छ।

नेपालको निर्वाचित सरकारले पहिलो पटक बालअधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर तथा अनुमोदन गरेपश्चात हामीले २०४८ सालमा देशकै इतिहासमा पहिलो पटक बालबालिकासम्बन्धी ऐन २०४८ प्राप्त गर्न सफल भयौँ। यो ऐन जारी गर्ने कुरा महासन्धि अनुमोदन गरेपछि राज्यपक्षले कार्यान्वयनको दौरानमा पूरा गर्नु पर्ने दायित्व पनि थियो। यो ऐन निर्माणका लागि धेरै मिहिनेत गर्नु परेको थियो। तर पनि हामी यो ऐनप्रति पूर्ण रूपमा सन्तुष्ट थिएनौ। त्यो ऐनको मस्यौदा निर्माण गर्दा हामीले महासन्धिमा उल्लेखित भएका अधिकारका विषयहरूलाई प्रतिविम्बित गर्नका लागि निकै मिहिनेत गर्‍यौँ। तर ऐनमा हामीले समावेश गर्नु पर्दछ भनेर जोड दिएका अनेकन विषयहरू समेटिएनन्। नतिजा यस्तो भए तापनि हामीले यस बारेमा राज्यसँग धेरै वादविवाद गर्नु उचित ठानेनौं, किनकी त्यही ऐन पनि नआउला भन्ने डर थियो। त्यतिबेला कानुन आयोगको सचिव रहनु भएका तीर्थमान शाक्य

बालअधिकारको सवाल स्थापित गर्न एकदम सकारात्मक हुनुहुन्थ्यो। तर सरकारका अन्य पदाधिकारीहरूसँगको छलफलमा उहाँ आफैँले पनि आफ्ना अडानहरूमा सम्झौता गर्नुपर्ने हुँदा जति आयो त्यतिमै चित्त बुझाउनुपर्ने अवस्था सिर्जना भयो। पछि त्यही ऐनमा टेकेर त्यसमा रहेका कमीकमजोरी र छुटेका कुराहरूलाई नियमावलीमा समेट्ने काम भयो।

ऐतिहासिक संविधान सभाबाट निर्माण भएको नेपालको नयाँ संविधान (२०७२) सम्म आइपुग्दा नेपालले बालबालिकाको क्षेत्रमा धेरै ठूलो फट्को मारिसकेको अवस्था छ। अहिले नेपालको संविधानमा भएजस्तो बालअधिकारसम्बन्धी प्रगतिशील प्रावधानहरू संसारका अन्य कुनै संविधानमा छैनन्। संविधानको मौलिक हकमा समेटिएको बालबालिकासम्बन्धी हक र त्यस भित्रका १० वटा उपधाराहरूको व्यवस्था हुनु वास्तवमै एकदम प्रगतिशील कदम हो। अब यसको व्यवहारिक कार्यान्वयन हाम्रा अगाडि चुनौतीको रूपमा खडा भएको छ। त्यसको प्रभावकारी कार्यान्वयनका लागि राज्य सचेत र क्रियाशील हुनुपर्दछ। नागरिक समाजले पनि त्यही गतिका साथ अघि बढ्नु आवश्यक छ।

## बालअधिकार अभियानको विद्यमान अवस्था

बालबालिकाको अवस्थामा बिगतभन्दा महत्त्वपूर्ण सुधार आएपनि अझै चुनौतीपूर्ण छ। तर पनि म भने सकारात्मक छु किनकी जुन बेला नेपालमा बालअधिकार अभियानको सुरुवात भयो, त्यतिखेर मुलुकमा बालअधिकारसम्बन्धी प्रावधानले न संविधानमा स्थान पाएको थियो, न कुनै कानुनमा नै उल्लेख थियो न त राज्य र नागरिक समाज नै बालअधिकारप्रति संवेदनशील र सचेत थिए। मानव अधिकार भनेपछि सबैको अधिकारको कुरा आइहाल्यो फेरि बालबालिकाका लागि किन छुट्टै अधिकार चाहियो भन्ने सोच पनि थियो। कतिपय बाबुआमा नै अब बालबालिकालाई पनि अधिकार दिन पर्ने भो भन्दै प्रश्न गर्थे। यो विषय सबैका लागि नयाँ थियो। त्यस्तो प्रतिकूल अवस्थाको सामना गर्दै हामीले थुप्रै राष्ट्रिय अभियानहरू चलायौँ। जस्तै तत्कालिन संविधान निर्माणका निम्ति विभिन्न चरणमा भएका निर्वाचनहरूमा बालअधिकारका लागि आवाज उठाइयो। सशस्त्र द्वन्द्वको दौरानमा भएका विद्यालयहरू बन्द, बालबालिकाको आन्तरिक विस्थापन, बालबालिकालाई लडाकुको रूपमा प्रयोग लगायतका बाल अधिकार उल्लंघनका विरुद्धमा हामीले "बालबालिका शान्ति क्षेत्र हुन्" भनेर अभियान चलायौँ। शिक्षाको क्षेत्रमा 'राष्ट्रिय शिक्षा अभियान' उठायौँ। बालसहभागीताको अधिकार कै लागि राष्ट्रिय सञ्जालहरू बनायौँ। नेपालमा बालअधिकारहरूमध्ये सबैभन्दा चुनौतीपूर्ण विषय वस्तु बालसंरक्षण हो भन्ने कुराको उजागर गर्दै बालसंरक्षणकै क्षेत्रमा काम गर्ने संस्थाहरूको पनि सञ्जाल बनायौँ।

पछिल्लो चरणको संविधान बनाउने क्रममा पनि हामीले संविधान बनेदेखि नै लगातार रूपमा बाल संसद, बाल संविधान सभा जस्ता क्रियाकलापहरू सञ्चालन गर्‍यौँ। ती क्रियाकलापहरूलाई केन्द्र, क्षेत्र, जिल्लामा पुर्‍याउने काम गरियो। राज्यले पनि यस कुरालाई समर्थन गर्दै सबै तहमा बालमैत्री सुशासन लागु गर्ने गरी कार्यविधिहरू ल्याएको छ। हामीले राज्यका तल्ला तहहरूसम्म पुगेर बालसंरक्षण समितिहरू बनायौँ। बालबालिकाको अधिकारप्रतिको सचेतनाको तह माथि उठाउन हामीले उनीहरूलाई सहजीकरण गर्‍यौँ। बाल शिक्षा र बाल स्वास्थ्यको क्षेत्रमा पनि क्रमशः सुधार हुँदै आयो। यी मध्ये कतिपय राष्ट्रिय लक्ष्यहरू हासिल भइसकेका छन् भने कति अझै पूरा गर्न बाँकी नै छ।

## बालअधिकार कार्यान्वयनमा देखिएको चुनौती

बालअधिकारको प्रभावकारी कार्यान्वयनमा चुनौतीपूर्ण रहेका केही क्षेत्रहरू छन्। जस्तै : विद्यालयहरूमा विद्यालय छोड्ने बालबालिकाको दर एकदम धेरै छ, भर्ना भएदेखि १० कक्षा उत्तीर्ण भएसम्मको विद्यार्थी सङ्ख्या हेर्ने हो भने ह्वात्तै घटेको देखिन्छ। यसरी घटेका आधा विद्यार्थीहरू कहाँ हराइरहेका छन् ? उनीहरू विद्यालयमा नहुनु भनेको जोखिममा रहनु हो। अध्ययनबाट ती हराएका विद्यार्थीहरूमध्ये केही बालश्रममा, केही बालविवाहमा परेका, केही विस्थापनमा त कोही बेचबिखनमा पनि परेका छन्। त्यसकारण हामीले जति अभियानहरू, आन्दोलनहरू गरेतापनि पूर्णरूपमा सफल भइसकेका छैनौ। सहस्राब्दि लक्ष्यले कोही नछुटुन् भने झैँ, हाम्रो यो बालअधिकार अभियानको यात्रा पनि तबसम्म टुङ्गिनु हुँदैन, जबसम्म ती छुटेका सबैलाई समेट्न सकिदैन।

यसरी विश्लेषण गर्दा हाम्रा अभियानहरूका सकारात्मक र नकारात्मक दुवै पाटाहरू देखिन्छन्। अभियानको नकारात्मक पाटोका पछाडि, राज्यका संयन्त्रहरू अझै प्रभावकारी हुन नसक्नु, कार्य योजनाहरूको निरन्तरताको अनुगमन नहुनु, बनेका कानुनको प्रभावकारी कार्यन्वयन नहुनु आदि रहेका छन्। हाम्रा उपलब्धि तथा कम्जोरीहरू दुवैको बोध भइसकेको अवस्थामा अब हाम्रो अभियान तिब्र गतिले अगाडि बढाउनु परेको छ।

वास्तवमा, विगतका ३० वर्षहरू उथलपुथलले भरिएका थिए। यसमध्ये सुरुको दश वर्ष बालअधिकारको सवाललाई स्थापित गर्न, अर्थात् मानिसहरूलाई बालअधिकारबारे बुझाउन, दश वर्ष सशस्त्र युद्ध खेप्न र अर्को दश वर्ष संक्रमणकाल व्यहोर्नमा लागेको थियो। फेरि पनि यस अवधिमा हामीले यतिको फट्को मार्न सफल भयौँ। यदि देश राजनीतिक स्थायित्व र शान्तिपूर्ण ढङ्गबाट अगाडि बढ्ने हो भने अबको दश वर्षमा नेपालले ठूलो परिवर्तन गर्नेछ र हामीले ठूलो उपलब्धि हासिल गर्न सक्छौँ भन्ने कुरामा आशा गर्न सकिन्छ।

## नागरिक समाजसम्बद्ध संस्थाहरूबाट निर्वाह हुनुपर्ने भूमिका

प्रारम्भमा बालअधिकारको अभियान केन्द्रबाट थालनी भएको हो। तर कतिपय अभियानहरू हामीले तल्लो तहबाट पनि सुरु गरेका छौँ। माथि उल्लेखित अभियानहरू जस्तै बालअधिकारका अभियान, बालसहभागिता, बालसंरक्षण, शिक्षाको अभियान, स्वास्थ्य अभियान, बालबालिका शान्ति क्षेत्र हुन् अभियान, बालश्रमिकहरूको हकहितका लागि अभियान, बालविवाहविरुद्धको अभियान, बालिका सशक्तीकरण अभियानहरू कुनै न कुनै तरिकाले तल्लो तहमा पुगिरहेको अवस्था छ। अब त्यसलाई ग्रहण गर्ने भनेको स्थानीय सरकार, स्थानीय संघसंस्था, विद्यालय, अभिभावक र स्वयं सचेत बालबालिकाका पनि हुन्। अहिलेसम्म बालअधिकारसम्बद्ध सवालहरूलाई उठान गर्ने कार्य नागरिक समाजसम्बद्ध संस्थाहरूले गरेको हुनाले यी संस्थाहरूप्रति आम मानिसहरूको आशा/अपेक्षा हुने गर्दछ। तसर्थ सबैले एकै खालका काम गर्नुभन्दा खास खास सवालमा अर्थात् विषयगत ढङ्गले, कसैले बालश्रममा कसैले बालसंरक्षणमा, कसैले बेचबिखन आदिमा गर्नु राम्रो हुन्छ। गरिएका कामहरूको प्रभावकारीतामा विशेष ध्यान पुऱ्याउन जरुरी छ। उनीहरूले गर्ने प्रत्येक कार्यहरू पारदर्शी ढङ्गले स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्नु पर्दछ।

हिजो राज्यका नीति, नियम र व्यवस्थाहरू व्यवहारमा प्रभावकारी हुन नसक्दा हामीले राज्यको आलोचना गऱ्यौँ। आवश्यक परेको खण्डमा नागरिक समाजको हैसियतले पछि पनि गर्नु पर्ने हुन सक्छ। तर यतिबेला मुलुकमा तीन

तहको सरकार बनिसकेको छ। संघीय सरकारले राष्ट्रिय कानुन, नीति र मापदण्डहरू बनाउँछ। प्रादेशिक सरकारले पनि राष्ट्रिय अवधारणाअनुसार नीति तथा कार्ययोजनाहरू बनाउँछन् भने स्थानीय तहका सरकारहरूले वार्षिक कार्ययोजनाहरू बनाई लागु गर्दछन्। नागरिक समाजले ती वार्षिक कार्ययोजनाहरूमा बालबालिकाका हकहितका कुराहरू बालमैत्री छन् की छैनन् भनेर हेर्नुपर्दछ। संघसंस्थाहरूले राज्य वा स्थानीय सरकारहरूले अनुमोदन गरेका कार्ययोजनाहरूसँग तालमेल हुने गरी काम गर्नु पर्दछ। त्यसो भयो भने सरकार र गैरसरकारी संस्थाहरूको सहकार्य सुरु हुन्छ। त्यसैले पनि सरकारले ल्याएको कार्ययोजनामा नागरिक समाजले सहभागिता जनाउनुपर्छ, सहयोग, समर्थन र सहकार्य गर्नुपर्छ। त्यसो भयो भने हाम्रो काम पनि सरकारलाई थाहा हुन्छ र सरकारसँग लिनुपर्ने सहयोगबारे पनि हामी जागरुक हुन्छौँ। त्यसैले अबको बेला भनेको सहकार्यको बेला हो। त्यसको निम्ति सबै तहका सरकारहरूले संघ-संस्था र नागरिक समाजसँग सहकार्य गर्नु पर्दछ, साथसाथै आवश्यकताअनुसार समन्वय र अनुगमन पनि गर्नु पर्दछ।

## बालअधिकार संरक्षणका लागि आवश्यक संरचनाहरू

बालबालिकासम्बन्धी ऐन २०७५ जारी भएको छ। यस ऐनले तीनै तहका संरचनाले बालअधिकारको संरक्षण र सम्वर्द्धनको कुरा परिकल्पना गरेको छ। त्यहाँ केन्द्रदेखि स्थानीय बालअधिकार समितिको पनि परिकल्पना गरेको छ। मुलुक संघीय प्रणालीको अभ्यासमा गएको अवस्थामा अब अधिकारहरूको बाँडफाँड विकेन्द्रीकरणको आधारमा हुनुपर्छ। अब अधिकांश सेवा प्रवाहसम्बन्धी कामहरू स्थानीय तहमा हुने गर्दछ। अहिलेको संसारमा आदर्श सरकार त्यही हो जसले सहजीकरण बेसी र शासन कम गर्छ। हाम्रो मुलुकको संघीयताको ढाँचा पनि सहकारी संघीयता नै हो। संघीय सरकार एकातिर, प्रदेश तथा स्थानीय सरकार अर्कातिर हिडने प्रकृतिको संघीयता होइन। यसको मूल कारण मुलुकभित्रका सबै भौगोलिक क्षेत्र, जात जाति संस्कृति, भाषा भाषी, लिङ्ग, अपाङ्गतालगायत सबै क्षेत्रका बालबालिका उस्तै तरिकाबाट हुर्किन पाउनुपर्दछ भन्ने हो। बालअधिकारको कार्यान्वयनलाई यदि सही संघीयताको ढाँचाअनुसार जाने हो भने बीस प्रतिशत संघीय तहबाट, तीस प्रतिशत प्रादेशिक र पचास प्रतिशत स्थानीय तह (बीस-तीस-पचासको अवधारणा) ले गर्ने सिद्धान्तमा जानु उपयुक्त हुन्छ। किनकी सबैभन्दा धेरै बालबालिकाको निम्ति काम गर्नुपर्ने क्षेत्र त स्थानीय तहमै हुन्छन्। शिक्षा, स्वास्थ्य, सुरक्षा सबै जिम्मा स्थानीय सरकारको हो। यी अधिकारको कार्यान्वयनका लागि स्थानीय तह अर्थात् पालिकाहरूलाई बलियो बनाउनु पर्दछ। तर त्यसको राष्ट्रिय मापदण्ड चाहिँ केन्द्रले नै बनाउनुपर्छ।

प्रदेशले आफ्नो क्षेत्रमा के कुराको आवश्यकता छ त्यसलाई प्राथमिकता दिने, सो आधारमा सवालहरू पहिचान गर्ने र ती सवालहरूको सम्बोधन गर्ने काम स्थानीय तहले गर्नु पर्दछ। जस्तै प्रदेश नं. दुईमा बालविवाहको समस्या बढी हुन सक्छ भने प्रदेश नं सातमा छाउपडी होला। स्थानीय तहसम्म पुग्दा यस्ता अरू धेरै फरकपनाहरू हुन सक्छन्। यी कुराहरूलाई मनन् गर्न जरुरी छ। यो स्थानीय वास्तविकतामा आधारित हुने गर्दछ। फरक परिवेश र पृष्ठभूमिबाट निर्वाचित भएका आएका जनप्रतिनिधिहरूलाई बालअधिकारबारे सचेतना जागरण गर्ने कामको जिम्मेवारी सघंसस्थाहरूको हो। यो निरन्तर गरिरहनु पर्ने कार्य हो।

## बालबालिकाको क्षेत्रमा भए गरेका उल्लेखनीय कार्यहरू

प्रारम्भमा बालअधिकारको आवाज उठाउनका लागि सिविन नेपाल नै एउटा अगुवा संस्थाको रूपमा स्थापित भयो। सुरुवाती दिनहरूमा

बालबालिकाका क्षेत्रमा भएका बालसंरक्षण, सडक बालबालिकाको सवाल, सरकारसँग सहकार्य गर्ने सवालजस्ता अभियानहरूमा होस वा बालबालिकाको शिक्षा र शान्ति क्षेत्रका कुरा होस यी सबै सिविनबाटै सुरुवात भए। बालअधिकारको अभियान एउटा तहमा पुगेपछि यस क्षेत्रमा काम गर्ने अन्य संस्थाहरू पनि स्थापना हुँदै आए। कतिपय यस्ता संस्थाहरू स्थापना हुँदा पनि मेरो सहयोगी र सल्लाहकारको भूमिका रहेको थियो।

पछिल्ला दिनहरूमा हामी नयाँ सोचका साथ अगाडि बढ्दैछौँ। यो अभियानलाई सशक्त बनाएर बिस्तार गर्न सिविनलगायत् सम्बन्धित अन्य संस्थाहरू समेत समेटेर राष्ट्रिय सञ्जालहरू निर्माण गर्नुपर्छ भन्ने सोच विकास गऱ्यौँ। यसका लागि मेरो आफ्नै पहलमा माथि भनिएका कैयन सञ्जालहरू गठन भए। सुरुदेखि नै सञ्जालहरूको नेतृत्व पालैपालो लोकतान्त्रिक आधारमा गरौँ भन्ने सोचका साथ मानव बेचबिखनविरुद्धको सञ्जाल एटविन निर्माण भयो। यसकै पहलमा बालबालिका शान्ति क्षेत्र अभियान, राष्ट्रिय बाल शिक्षा अभियान, बाल सहभागिता अभियानहरू सञ्चालन हुँदै आए। साथै, सिविसलगायतका संस्थाहरूसँगको सहकार्यमा बालसंरक्षणको अभियान पनि सञ्चालन भयो। यी अभियानहरूलाई अन्तर्राष्ट्रिय अभियानसँग जोड्दै लगियो। हामीले बालश्रमसम्बन्धी विश्व अभियानलाई १५० भन्दा धेरै देशहरूमा पुऱ्यायौँ। बालश्रमविरुद्धको आवाजका साथै नेपालमा बालअधिकारका क्षेत्रमा भए गरेका अन्य प्रगतिबारे पनि विश्व समुदायसमक्ष पुऱ्याउने काम भयो। परिणामस्वरूप निकृष्ट प्रकारको बालश्रमबारे आइएलओ महासन्धि १८२ पारित गर्न यो अभियानले अहम् भूमिका खेल्न सक्यो।

## मुम्बईको रेस्क्यु अपरेशन

सन् १९९६ मा मुम्बईमा ठूलो रेस्क्यु अपरेशन भयो। तर यो अपरेशन भएको एक महिना पछि मात्र हामीलाई थाहा भयो। यसबाट उद्धार गरिएकाहरूमा धेरै नेपालीहरू थिए। हामीले यस विषयमा तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाकोमा डेलिगेसन गएर प्रभावितहरूलाई स्वदेश फर्काउन पहल गरेका थियौँ। प्रधानमन्त्रीबाट सहयोगको आश्वासन प्राप्त भएको थियो। त्यसपछि नेपाली नागरिक समाजको प्रतिनिधित्व गर्दै म मुम्बई पुगेँ। त्यहाँ विभिन्न संस्थामा राखिएका नेपाली चेलीबेटीहरूलाई बडा मुस्किलले भेटघाट गर्न सकिएको थियो। त्यहाँ रहेका प्रभावित बहिनीहरूलाई आश्वस्त पारेर सबैको सहयोगमा स्वदेश फिर्ता ल्याउने काम भयो। नेपालमा ल्याइएका चेलीहरूलाई सात वटा संस्थाहरूमा राखेर उनीहरूको हकहित र अधिकारका लागि अभियान चलायौँ। यसरी फर्काएका चेलीहरूको समूह बनाएर प्रभावितहरूको संस्था खोलियो जसको नाम "शक्ति समूह" राखियो। रेस्क्यू गरिएका महिलाहरूबाट खोलिएको यो संस्थालाई संसारकै पहिलो मानिन्छ। त्यसैले यो विश्वमा चर्चित रहेको छ। यो संस्था हरेक वर्ष जस्तो विभिन्न खालका पुरस्कारहरूबाट सम्मानित हुँदै आएको छ।

जिन्दगीदेखि हरेस खाएर सब थोक सकियो भनेर निरास अवस्थामा आफ्नो देश फर्केका यी चेलीहरू जागरुक र सशक्त भएर अगाडि बढेको देख्दा ज्यादै खुशी लाग्छ। पहिले हामीले उहाँहरूको अगुवाइ गरेका थियौँ। अब उहाँहरू आफैले नेतृत्व गरिरहनु भएको छ। हामी पछाडि बसेर सहयोग गरिरहेका छौँ। यो, वास्तवमा नै अत्यन्त ठूलो उपलब्धि हो।

विगतमा, प्रभावितहरू जसलाई समाजले छिःछिः र दुर दुर गर्थे अहिले राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले सम्मान र पुरस्कार दिन्छन्। यो भनेको उहाँहरूलाई हेर्ने दृष्टिकोणमा आएको ठूलो सामाजिक परिवर्तन हो। हिजो वादी, कम्लरी र दलित भनेर हेपिएकाहरूको प्रतिनिधित्व आज सार्वभौम संसदमा भइसकेको छ। उनीहरू सम्मानित

बनेका छन् । नेपालको यो उपलब्धिलाई चानचुने ठान्न सकिदैन ।

## नयाँ नेतृत्व जन्मने र स्थापित हुने क्रम जारी

हिजोको कठिन परिस्थितिमा बालअधिकार अभियानको अगुवाइ मेरो पहलमा भयो । अहिले त धेरै नयाँ साथीहरूको विकास भैसकेको छ । केन्द्र, प्रदेश तथा जिल्ला तहमा नयाँ नयाँ नेतृत्व स्थापित हुने क्रम जारी छ । हामी सबै बालअधिकारको अभियानमा साथै रहेर सहकार्य गरिरहेको देख्न र सुन्न पाउँदा खुशी लाग्छ । त्यसैले, बालअधिकारको महाअभियान कसैले चाहेर पनि रोकिदैन । यो निरन्तर चलिरहनेछ हामी भएपनि नभएपनि । एउटा पुस्ताबाट अर्को पुस्तामा नेतृत्व हस्तान्तरण भइरहन्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो । सामाजिक क्षेत्रमा बालअधिकारको अभियानले ठूलो योगदान पुऱ्याएको छ । लैङ्गिक विभेद, छुवाछुत तथा शोषण उत्पीडनमा रहेकाहरूकासाथै अपाङ्ग बालबालिकालाई समेत अभियानको माध्यमबाट बालअधिकारसँग जोड्दै अघि बढ्यौँ र त अहिलेको परिवर्तन सम्भव भएको हो ।

## मानव अधिकार अभियानमा वहन गरिएका जिम्मेवारीहरू

बालअधिकार र मानव अधिकारको अभियानमा मैले तीन वटा भूमिका खेल्ने अवसर पाएँ । पहिलो, नागरिक समाजको अगुवाको रूपमा । दोस्रो भनेको नागरिक समाजबाटै केन्द्रीय बाल कल्याण समितिको सरकारले चुनेको पहिलो अध्यक्षको रूपमा र तेस्रो राष्ट्रिय मानव अधिकार आयोगको सदस्यको रूपमा । नागरिक समाजमा क्रियाशील हुँदा सरकारका विभिन्न तहसँग सहकार्य र समन्वय गर्दै विविध गोष्ठी, अन्तरक्रिया, अभियान सञ्चालन गरी बालअधिकार स्थापित गर्ने कार्यको पहल गर्ने कार्य भयो । केन्द्रीय बालकल्याण समितिको अध्यक्ष हुँदा बालअधिकारसम्बन्धी दश वर्षे कार्ययोजना निर्माण गर्न अगुवाइ गर्ने काम भयो । तेस्रो अर्थात् राष्ट्रिय मानव अधिकार आयोगको सदस्य भएको अवस्थामा मेरा थुप्रै जिम्मेवारीहरूमध्ये बालअधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मा पनि थियो । राष्ट्रिय मानव अधिकार आयोगमा राष्ट्रिय बाल अधिकार आयोग नभएको अवस्थामा त्यसको अभावलाई परिपूर्ति गर्न पहल गर्ने तथा बालअधिकारसम्बन्धी संघसंस्थासँग सहकार्य गर्ने काम भयो । त्यसबेला, पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोगले बालअधिकारसम्बन्धी प्रतिवेदनहरू निकाल्ने काम गऱ्यो । त्यसै अवधिमा बालअधिकार डेक्सको पनि व्यवस्था गरियो । बालअधिकारसम्बन्धी दक्षिण एशियाली मानवअधिकार आयोगहरूको क्षेत्रीय सम्मेलन पनि सम्पन्न गरियो ।

## राष्ट्रिय मानव अधिकार आयोग र बालअधिकार अधिकार अनुगमन

बाल अधिकार आयोग नभएकाले यसको भूमिका निर्वाह गर्न र अरू आयोग पनि नभएको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगमाथि त्यो आशा र भरोसा त हुने नै भो । अझ म यही पृष्ठभूमिबाट आएको हुँदा बालअधिकार अभियानमा लागेका साथीहरूको त बढी आशा र अपेक्षा थियो नै । आयोगले विश्वव्यापी आवधिक समीक्षा (UPR process ) मा बाल अधिकारको तर्फबाट हस्तक्षेपकारी भूमिका निर्वाह गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोगको काम सरकारले गरेका काम कारबाहीहरूलाई समालोचनात्मक ढङ्गले हेर्ने हो । सरकारले गरेका कामहरूका राम्रा र कमी कमजोरी पक्ष, सुधार पक्ष र चुनौतीको पक्षलाई संयुक्त राष्ट्र संघमा राखिदिने काम पनि हो आयोगको । यसका अतिरिक्त आयोगले राष्ट्रिय सञ्जालहरूसँग विभिन्न राष्ट्रिय अभियानहरूमा सहकार्य गऱ्यो । बाल संरक्षणसम्बन्धी कामहरू गर्ने संयन्त्रको रूपमा बालअधिकार डेस्क खडा गर्ने काम गऱ्यो । विद्यालय बाल संरक्षणसम्बन्धी नीति तर्जुमा गरी त्यसलाई अङ्गिकार गर्न सरकारलाई सिफारिस गऱ्यो । बालअधिकार डेक्सलाई आयोगका केन्द्र,

क्षेत्रका साथै हरेक जिल्ला कार्यालयहरूमा पनि स्थापित गर्ने काम भयो। आयोगले भए गरेका कामहरूलाई अझै व्यवस्थित गर्नका लागि विगतमा झैं प्रत्येक वर्ष बालअधिकारसम्बन्धी प्रतिवेदन नियमित निकालोस भन्ने मेरो सुझाव रहेको छ।

## LDC Watch र बालअधिकार

LDC Watch (Least Developed Countries Watch) भन्नाले अल्प विकसित राष्ट्रहरूमा कार्यरत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय नागरिक समाजसम्बद्ध संस्थाहरू, यिनीहरूका सञ्जालहरू र अभियानहरूको विश्वव्यापी सञ्जाल हो। यसले अल्प विकसित राष्ट्रहरूका लागि सन् २०११ देखि २०२० अर्थात् एक दशकका लागि निर्माण गरिएको स्तानबुल कार्ययोजना तथा अन्य अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका विकास लक्ष्यहरू (दिगो विकास लक्ष्य)को कार्यान्वयनका लागि वकालत गर्ने, अभियान सञ्चालन गर्ने तथा सञ्जाल निर्माणका लागि नागरिक समाजसम्बद्ध संस्थाहरूसँग समन्वय गर्ने निकायको रूपमा काम गर्दछ। यसमा विश्वका ४७ वटा मुलुकहरू पर्दछन्। यो सञ्जालको संयोजक नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN) रहेको छ। यसले गर्ने कार्यभित्र प्रत्यक्ष रूपमा बालअधिकार गाँसिएको छैन तर यो सञ्जालले गर्ने कार्यभित्र बालअधिकारका सवालहरू अप्रत्यक्ष रूपमा भने गाँसिएको छ भन्न सकिन्छ। अब LDC Watch को कार्यक्षेत्रभित्र बालअधिकारको अभियानलाई पनि समाविष्ट गर्दै जानु पर्ने भएको छ। बिस्तारै यस सञ्जालको कार्यसूचीमा बालअधिकारसम्बद्ध सवालहरूलाई गाँस्दै लैजाने योजनाहरू बन्दैछन्। यसका लागि यो वर्ष हामी LDC watch को बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने योजनामा लागेका छौं, यो पहिलो चोटि हुँदैछ। यस विषयलाई प्राथमिकतामा राख्नको निम्ति यसको बोर्ड सहमत भइसकेको छ। दीगो विकास लक्ष्य (SDG) को प्रक्रियासँग त बालअधिकारको सवाल झन् स्वभाविक रूपले जोडिएकै छ। यस कारण पनि बालअधिकारको विषय पनि LDC watch को अभिन्न अङ्ग बन्दैछ।

## बालअधिकार अभियानका लागि आगामी बाटो

बालअधिकारको सवाल कसैको निजी विषय होइन। यो त सार्वजानिक बहस, छलफल र सरोकारको विषय हो। यसैले यसमा संलग्न नागरिक समाजसम्बद्ध संघ संस्थाहरूले गरेका काम कारबाहीहरू सबै पारदर्शी हुनुपर्दछ। बालअधिकारसम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरेर जानुपर्दछ। संस्थागत तथा अभियन्ताहरूको स्रोत शक्ति र क्षमता अनुसार प्रभावकारी ढङ्गले काम गर्नु पर्दछ। स्रोत साधन धेरै जुटाउनेले धेरै गऱ्यो भनेर स्रोत साधन कम हुनेले चिन्ता लिने र थोरै गरैं भनेर पीडा बोध गर्ने आवश्यकता छैन।

सबै अगुवाहरूले समाजबाटै सिकेका हुन्। अध्ययन, अनुभव र भोगाइहरूबाट सिकेका हुन्। यसैले अगुवाहरूले सिकेका कुराहरू पनि सार्वजनिक कुराहरू नै हुन्। तिनीहरू कसैका निजी सम्पत्ति होइनन्। अगुवाहरूले समाजबाट सिकेको सिकाइ समाजलाई नै फिर्ता गर्नुपर्छ। यसैगरी हामी बीचमा भएका कमजोरी पक्षलाई पनि सार्वजनिक गर्नु पर्दछ। कमजोरीबाट त सिक्ने हो। कमजोरी लुकाइएमा त्यसबाट सिक्न सकिन्न। किनकी सिकाइ सफलता असफलता दुवैबाट हुन्छ। हरेक असफलताले केही न केही सिकाएरै जान्छ।

अर्को खुशीको कुरा बाल्यावस्थामा यस अभियानमा प्रवेश गरेकाहरू अहिले युवा भएर नेतृत्व पंक्तिमा आउन थालिसकेका छन्। हिजो पीडित भनेर उद्धार गरिएका भाइबहिनी आज हाम्रो अगुवा भइसकेका छन्। हामीलाई उनीहरूको पछि छौं भन्न गर्व लाग्छ। नेतृत्व बिस्तारै नयाँ पुस्तामा हस्तान्तारण हुँदै गएको छ। यो हामी सबै अभियन्ताहरूका लागि गौरवको कुरा हो। अर्को बिर्सनै नहुने कुरा नागरिक समाजसम्बद्ध संस्थाहरू

पनि लोकतान्त्रिक पद्धतिबाट अगाडि बढ्नु पर्दछ। नागरिक समाजमाथि पनि आलोचनाहरू हुने गरेका छन्। यस्ता आलोचनाहरूको विश्लेषण गर्नु पर्छ।

राज्य संघीयतामा गइसकेको अवस्थामा हामी नागरिक समाजसम्बद्ध संस्थाहरू चाहिँ केन्द्रीकरणबाट मुक्त हुन सकिरहेका छैनौ। अब संघसंस्थाहरूले पनि जिल्ला तहका स्थानीय सरकारसँग मिलेर काम गर्न सक्नु पर्दछ। अहिले सरकारी संयन्त्रहरू पनि बालमैत्री नै हुँदै आइरहेका छन्। संविधानको भावनाअनुसार तिनीहरूको परिचालनमा हामीले सघाउनु जरुरी छ।

## आगामी कार्यभार

अबका दिनहरूमा नागरिक समाजसम्बद्ध संस्थाहरूले बालअधिकारका अन्य क्षेत्रका कामहरूको अतिरिक्त विद्यालयभित्रको कामलाई जोड दिनुपर्ने अवस्था छ। सरकारले विद्यालयको भर्नादर ९७ प्रतिशत पुगेकोमा गौरव गर्ने गरेको छ। यो शिक्षा क्षेत्रमा भएको एउटा उल्लेख्य सफलता हो। फेरि पनि हाम्रा विद्यालयहरूको भर्नादर अझै १०० प्रतिशत पुग्न सकेको छैन। करिब ३ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर छन्। ती विद्यालय बाहिर रहेका बालबालिकालाई कसरी विद्यालयमा ल्याउने हो त्यो हाम्रो अगाडि चुनौती छ। दोस्रो चुनौती भनेको के ९७ प्रतिशत विद्यालय भर्ना भएका सबै बालबालिका कक्षा १० मा पुगेका छन् त ? यसरी हेर्दा विद्यालय बीचैमा छोड्ने बालबालिकाको संख्या निकै ठूलो रहेको छ। यदि विद्यालय नजाने र बीचैमा विद्यालय छोड्ने बालबालिका दुवैको तथ्याङ्क जोड्ने हो भने ४३ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको पाइन्छ। विद्यालय नजानुको अर्थ कि त उनीहरू बालश्रममा छन् वा कुनै न कुनै प्रकारको जोखिममा परेका हुन सक्छन्। यसैले अबको कामको केन्द्र विन्दु भनेको ती विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने र उनीहरूको मूल प्रवाहको शिक्षा सफल र प्रभावकारी बनाउन वातावरण तयार गर्ने हो। यसरी लेखाजोखाविहीन अवस्थामा रहेका यति ठूलो संख्यामा बालबालिका आखिर कहाँ छन् त ? अब उनीहरूको खोजी गरिनु पर्दछ। यसका लागि संघ, प्रदेश र मूलतः स्थानीय सरकारसँगको सहकार्यमा अध्ययन अनुसन्धान गरिनुपर्दछ र भर्ना नै नभएकालाई भर्ना गर्ने र विद्यालय छोड्नेहरूलाई विद्यालयमा फर्काउनै पर्दछ। अहिलेको प्रमुख कार्यभार सरकारले भने जस्तै विद्यालयमा बालबालिकाको भर्ना गराउदा 'टिकाउ र बिकाउ'को गुणस्तरिय शिक्षामा ध्यान दिनुपर्छ।

विद्यालय बाहिर रहेका बालबालिकाको खोजी गर्नका लागि विद्यालयले गर्नुपर्ने दुईवटा काम छन् : एउटा बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यको सुनिश्चितता गर्ने र अर्को भनेको विद्यार्थी आएको छैन भने त्यसको खोजी गर्ने। विद्यालय भर्ना नहुनुको कारण वा विद्यालय बीचैमा छोड्नुको कारण पहिचान गर्ने। यस कार्यमा संघ संस्थाहरूको सहयोग लिने र दिने गर्नु पर्दछ। स्कुलमा गएर विद्यार्थी आएको नआएको जानकारी लिने, यदि १५/२० दिनसम्म निरन्तर अनुपस्थित छ भने विद्यालय, सामाजिक संघसंस्था र स्थानीय सरकार मिलेर बालबालिका किन अनुपस्थित भयो भनेर सोधखोज गर्नुपर्दछ। यदि गम्भीर भएर पालिका, विद्यालय, नागरिक समाजसम्बद्ध संघ संस्थाहरूले संयुक्त रूपमा खोजी कार्य गर्ने हो भने कारण सजिलै पत्ता लाग्न सक्छ। त्यसपछि त्यसको समाधानका लागि योजना बनाएर लाग्नु पर्दछ।

राष्ट्रिय बाल आयोग नभएको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगले सो भूमिका निर्वाह गर्नु पर्दछ। बालअधिकारको संरक्षण र सम्वर्द्धन मानवअधिकारसम्बन्धी अन्य निकायहरूले पनि गर्नु पर्दछ। वास्तवमा, बालबालिकाका हकहितका लागि एउटा छुट्टै राष्ट्रिय बाल आयोग हुनुपर्छ भनेर नागरिक समाजसम्बद्ध संस्थाहरूले पैरबी गर्न जरुरी छ। राष्ट्रिय बाल अधिकार आयोग भयो भने राष्ट्रिय मानव अधिकार आयोगलाई पनि सहयोग हुन्छ।

# बालबालिकासम्बन्धी ऐन २०७५ मा बालसंरक्षणसम्बन्धी व्यवस्था र नागरिक समाजको भूमिका



**चन्द्रिका खतिवडा**

*(बालबालिकाको हकअधिकारको क्षेत्रमा सन् १९९२ देखि निरन्तर क्रियाशील चन्द्रिका खतिवडा कानुनको विद्यार्थी हुनुहुन्छ । खासगरी बालबालिकाको हकअधिकारको विषयमा अध्ययन/अनुसन्धान तथा शिक्षण-प्रशिक्षण कार्यमा समेत संलग्न श्री खतिवडाका तत्सम्बन्धी विभिन्न पुस्तक तथा अनुसन्धान लेख/प्रतिवेदनहरू प्रकाशित छन् । हाल उहाँ इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका निर्देशक हुनुहुन्छ)*

## विषय प्रवेश

संघीय संसदले बनाएको बालबालिकासम्बन्धी ऐन, २०७५ यसै साल असोज २ गते विधिवत् प्रमाणीकरण भइसकेको छ। यसले २०४९ साल जेठ ७ गते लाल मोहर सदर भई २०५० साल बैशाख १ गतेदेखि लागु भएको बालबालिकासम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरेको छ।

"बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले यो ऐन बनाइएको हो" भनी यसको प्रस्तावनामा उल्लेख गरिएको छ।

प्रस्तुत लेखमा बालबालिकासम्बन्धी ऐन, २०७५ बनाउनु पर्नाका केही कारणहरू, बालबालिकाको संरक्षणको सम्बन्धमा ऐनका केही नयाँ व्यवस्थाहरू र नागरिक समाजको भूमिकाबारे सङ्क्षिप्त चर्चा गरिएको छ।

## बालबालिकासम्बन्धी ऐन, २०७५ ल्याउनुपर्नाका केही कारण

बालबालिकासम्बन्धी ऐन, २०७५ ल्याउनुपर्नाका कारणहरूलाई देहायअनुसार केलाउन सकिन्छ :

(क) तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ तर्जुमा भई लागु भएको वर्षको तुलनामा वर्तमानमा नेपालले बालबालिकाको हकअधिकारसम्बन्धी सोचमा ठूलो फड्को मारेको छ। बालबालिकाको अधिकारलाई बुझ्ने, बुझाउने सवालमा सरकार, सम्बन्धित सरकारी निकाय, बालबालिकाको क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्थाहरू, अभिभावक, एवं स्वयं बालबालिकालगायत सबै सरोकारवालाहरूमा सकारात्मक परिवर्तन आएको छ। यस अवधिमा उल्लेख्य सफलताहरू समेत प्राप्त भएका छन्। साथै, बालबालिकाको संरक्षणको हक प्रत्याभूत गर्ने सवालमा नयाँ प्रकृतिका चुनौतीहरू पनि थपिएका छन्। यस्तो स्थितिलाई प्रभावकारी रूपमा सम्बोधन गर्नको लागि सुदृढ कानुनी व्यवस्था गरिनु पर्ने आवश्यकता देखिएको हो।

(ख) नेपालको संविधान (२०७२) भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था रहेको छ। ३३ वटा धाराहरूमा उल्लिखित यी व्यवस्थाहरू बढ्दो उमेर, परिपक्वता एवं विकासको स्तर अनुरूप सबै बालबालिकाको हकमा लागु हुन्छन्। यसको अर्को एउटा धारामा बालबालिकाका विशेष अधिकारलाई नेपालको संविधानमा समेटी संवैधानिक सुनिश्चितता प्रदान गरिएको छ। यसरी संविधानमा उल्लेख भएका बालबालिकाका अधिकारसम्बन्धी प्रावधानहरूको व्यावहारिक कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न आवश्यक भएको हो।[१]

(ग) नेपालमा बालबालिकाको शिक्षा, स्वास्थ्यको अधिकार कार्यान्वयन गर्नको लागि संस्थागत संयन्त्र, प्रक्रिया र पद्धति स्थापित भई क्रियाशील रहेका छन्। तर बालबालिकाको संरक्षणको अधिकार, सहभागिताको अधिकार सुनिश्चित गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा संरचना, पद्धति एवं प्रक्रिया तय गर्नुको साथै तिनलाई क्रियाशील बनाउनु आवश्यक देखिएको छ। नेपालको संविधान लागु भएपछि देश संघीय शासन प्रणालीमा रूपान्तरण भएको छ। देशमा संघ, ७ प्रदेश तथा ७५३ वटा स्थानीय तहका गरी ७६१ वटा सरकारहरू क्रियाशील छन्। यी सबै तहमा बालबालिकाको हकअधिकारको सम्मान, बालसंरक्षण, अधिकार प्रवर्धन एवं बालअधिकार प्रत्याभूतिका लागि अख्तियारी बाँडफाँड गर्न एवं उत्तरदायित्व बढाउन कानुनी व्यवस्था गरिनु आवश्यक भएको हो।

(घ) नेपाल बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र यसका दुईवटा इच्छाधीन आलेखको पक्ष राष्ट्र भएकोले उक्त महासन्धिले दिएको दायित्व अनुरूप संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नियमित रूपमा प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरू पठाइरहेको छ। ती प्रतिवेदनहरूमाथि सुनुवाइ गर्दै समितिले

१ नेपालको संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयका सम्बन्धमा गरिएको व्यवस्था-"यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ।"

## ३९. बालबालिकाको हक :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
(नेपालको संविधान, भाग ३, मौलिक हक र कर्तव्य)

समापन टिप्पणीमार्फत् नेपाललाई सबै बालबालिकाको हकमा बालअधिकार प्रत्याभूत गर्नको लागि विभिन्न सुझावहरू पनि दिएको छ। साथै, संयुक्त राष्ट्रसंघमा मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review(UPR) अन्तर्गत नेपालको दुई चरणको समीक्षा सम्पन्न भइसकेको छ। त्यसबाट पनि बालबालिकाको हकअधिकार सम्बन्धमा नेपालले केही सुझावहरू प्राप्त गरेको थियो। तिनमा कतिपय सुझावहरू कानुनी व्यवस्था गरी सम्बोधन गरिनु पर्ने प्रकृतिका थिए। त्यसो भएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ ल्याउनु आवश्यक परेको हो।

## ३. बालबालिकासम्बन्धी ऐन, २०७५ ले सुनिश्चित गरेका केही अधिकार

२०४८ को ऐनको तुलनामा बालबालिकासम्बन्धी ऐन, २०७५ (यसपछि 'ऐन' भनिएको) ले बालबालिकाको हकअधिकारका सम्बन्धमा केही उल्लेख्य व्यवस्थाहरू गरेको छ।

ऐनले 'अठार वर्ष पूरा नगरेको व्यक्ति' लाई बालबालिका भनी परिभाषा गरेको छ।[२] यसले वयस्कताको उमेरबारे एकीन गरेको छ र त्यो बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले गरेको बालबालिकाको परिभाषा अनुरूप हुन गएको छ।

ऐनले परिच्छेद-२ मा 'बालबालिकाको अधिकार' सम्बन्धमा व्यवस्था गरेको छ। जस अन्तर्गत, बाँच्न पाउने अधिकार (दफा-३), नाम, राष्ट्रियता र पहिचानको अधिकार (दफा-४), भेदभावविरूद्धको अधिकार (दफा-५), बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार (दफा-६), संरक्षणको अधिकार (दफा-७), सहभागिताको अधिकार (दफा-८), अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार (दफा-९), संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार (दफा-१०), गोपनीयताको अधिकार (दफा-११), अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार (दफा-१२), पोषण तथा स्वास्थ्यको अधिकार (दफा-१३), खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार (दफा-१४), र शिक्षाको अधिकार (दफा-१५) रहेका छन्।

ऐनको परिच्छेद-३ मा बालबालिकाप्रतिको दायित्वको व्यवस्था गरिएको छ। जसमा, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, परिवार वा संरक्षकको दायित्व, राज्यको दायित्व र सञ्चार क्षेत्रको दायित्व आदि पर्दछन्। मूलतः बालबालिकाको हकअधिकारको उपभोगका लागि सहयोगी वातावरण तयार गर्नु र बालबालिकाका अधिकार परिपूर्ति गर्ने अहम् दायित्व बोकेका व्यक्ति, संस्था वा समूह तथा राज्यका निकायलाई जिम्मेवार, सजग र सतर्क पार्ने उद्देश्यले बालबालिकाप्रतिको दायित्वको व्यवस्था गरिएको पाइन्छ। यो आफैँमा एक महत्त्वपूर्ण प्रावधान हो।

त्यसैगरी, ऐनले पहिलो पटक बालबालिकाको कर्तव्यबारे उल्लेख गरेको छ। ऐनको दफा ७७ मा, "बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ" भनिएको छ।

## ४. बालबालिकासम्बन्धी ऐन, २०७५ मा बालसंरक्षणबारे गरिएका केही व्यवस्था

### ४.१ बालबालिकाको संरक्षणको अधिकार

ऐनको दफा ७ मा संरक्षणको अधिकारसम्बन्धी व्यवस्था छ। बालबालिकालाई आफ्ना बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया पाउने अधिकार छ। बालबालिकाको हेरचाह, संरक्षण र पालनपोषणमा बाबुआमाको समान दायित्व हुनेछ र बाबुआमाको सम्बन्ध विच्छेद भएको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमताअनुसार दुवैले व्यहोर्नु पर्नेछ। त्यसैगरी, आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न नहुने तथा अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा परेको बालबालिकालाई राज्यबाट विशेष संरक्षण पाउने अधिकार छ। बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिले बालबालिकाविरूद्ध शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र

---

२ हुनत यस अघि नै, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति भनी परिभाषित गरेको छ र २०७५ साल भदौ १ गतेदेखि लागु भएको मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले, "नाबालक" को परिभाषा गर्दै 'अठार वर्ष उमेर पूरा नगरेको बालबालिका' भनेको छ।

शोषण गर्न पाइँदैन। बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार छ। साथै कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने व्यवस्था पनि यस दफामा गरिएको छ। र, यी अधिकार सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणका लागि आवश्यक मापदण्ड बनाई लागु गर्न सक्ने व्यवस्था गरिएको छ।

## ४.२ बालबालिकाविरूद्धको हिंसा वा बालयौन दुर्व्यवहारको परिभाषा

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६ मा बालबालिकाविरूद्धको हिंसा र बाल यौन दुर्व्यवहारको विस्तृत परिभाषा गरिएको छ। समग्रमा बालबालिकाविरूद्धको हिंसालाई शारीरिक तथा मानसिक यातना, शोषण, परम्परागत हानिकारक अभ्यास, कूलत वा दुर्व्यसन तथा राजनैतिक प्रयोग जस्ता हानिहरूमा देहायअनुसार वर्गीकरण गर्न सकिन्छ :

**शारीरिक तथा मानसिक यातना**

- घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,
- शारीरिक चोट पटक वा असर पुर्‍याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,
- क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने; तथा विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,
- गैरकानुनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल हतकडी लगाउने,

**(बाल) शोषण**

- जादू वा सर्कसमा लगाउने,
- कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,
- प्रचलित कानुन विपरीत बालबालिकाको अङ्ग झिक्ने,
- औषधी वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,
- जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,
- कानुन बमोजिम बाहेक बालगृहमा राख्ने।

**परम्परागत हानिकारक अभ्यास**

- सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गर्न लगाउने,
- भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,
- बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

**कुलत वा दुर्व्यसन र बालबालिकाको राजनैतिक प्रयोग**

- धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,
- बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

- राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

त्यसैगरी, बाल यौन दुर्व्यवहारको परिभाषा अन्तर्गत बालबालिकाको अश्लील चित्रण, दुर्व्यवहार तथा यौन शोषणसँग सम्बन्धित अपराध कार्यहरू समेटिएका छन् :

**अश्लील चित्रण**

- अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,
- बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,
- अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

**यौन दुर्व्यवहार**

- यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्क्याउने,
- यौनजन्य मनसायले शरीरको संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,
- कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
- यौन सन्तुष्टी प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
- यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

**यौन शोषण**

- बालयौन शोषण गर्ने वा गराउने,
- यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
- वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

## ४.३ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणसम्बन्धी केही प्रबन्ध

**वैकल्पिक हेरचाहको व्यवस्था**

*यस ऐनको दफा ४९(१) मा देहायका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ, भनिएको छ :*

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानुन बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

ऐनको दफा ४९(२) अनुसार वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने छ :

(क) बालबालिकाको आमा वा बाबुका तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बालगृह ।

**बालसंरक्षण कार्यको प्रक्रिया**

ऐनको दफा ५० मा बालसंरक्षण कार्यको प्रक्रियाबारे गरिएको व्यवस्था देहाय बमोजिम रहेको छ :

- कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना बालकल्याण अधिकारीलाई दिनुपर्नेछ,
- त्यस्तो सूचना पाएपछि बालकल्याण अधिकारीले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ र निज बालक वा बालिकालाई आवश्यक सेवा प्रदान गर्न सूचीकृत समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ। र, सेवाको आवश्यकता नदेखिएमा वा निज बालक वा बालिकाको बाबु, आमा, परिवारको सदस्य वा संरक्षक फेला परेमा उनीहरूलाई जिम्मा लगाउनु पर्नेछ,
- त्यस्तो सूचना पाएपछि बालकल्याण अधिकारीले तत्काल उद्धार गर्नु पर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ,
- जाँचबुझ तथा छानबिन गर्दा वैकल्पिक हेरचाहको आवश्यकता देखिएमा बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ,
- पीडित बालबालिकाले चाहेमा, वा घरपरिवारमा नै बालबालिका पीडित भएमा वा बाबुआमा वा अभिभावक नै पीडक भएमा बालकल्याण अधिकारीले त्यस्तो बालक वा बालिकालाई निश्चित अवधिका लागि परिवारबाट अलग गरी अस्थायी संरक्षण सेवामा राख्न सक्दछ,
- साथै, पितृत्व र मातृत्वको ठेगाना नलागेको बालक वा बालिका पाइएमा बालकल्याण अधिकारीले निजको जन्मदर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ ।

**बालसंरक्षणसम्बन्धी मापदण्ड**

ऐनको दफा ५७ को व्यवस्थाअनुसार विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिकाविरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागु गर्नु पर्नेछ ।

यस्तो मापदण्ड कार्यान्वयनको दायित्व सम्बन्धित निकाय वा संस्थाको प्रमुखको दायित्व रहनेछ।

**बालकोष**

ऐनको दफा ६३ मा बालकोषको स्थापना तथा परिचालनसम्बन्धी व्यवस्था गरिएको छ। यस्तो कोष बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतमा उपयोग गर्न सकिनेछ। बालकोषको रकम प्रदेश तथा स्थानीय तहको कानुन बमोजिम स्थापना हुने बालकोषलाई समेत उपलब्ध गराउन सकिनेछ।

**अस्थायी संरक्षण सेवा**

"तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ।" (दफा ६९)

**अन्तरिम क्षतिपूर्तिको व्यवस्था**

ऐनको दफा ७३ को उपदफा ४ मा, "बालबालिकाविरूद्धको प्रचलित कानुन बमोजिमको कसूर, बालबालिकाविरूद्धको कसूरबाट पीडित बालबालिकालाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा प्रचलित कानुन बमोजिम अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था रहेको छ। सामान्यतया अदालतले मुद्दाको फैसला गरिसकेपछि मात्र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हुन्छ। तर, माथि उल्लेख गरिएको व्यवस्थाले तत्काल पीडित बालबालिकालाई क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु आवश्यक देखिएमा त्यसो गर्न सकिनेछ।

## ५.संस्थागत संरचना

बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालअधिकार कार्यान्वयनका लागि संघीय तहमा राष्ट्रिय बालअधिकार परिषद्, केन्द्रीय बाल न्यायसमिति र बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न बाल कोषको स्थापना गरिएको छ। प्रदेश तहमा प्रदेशको बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बालअधिकार समिति रहनेछ भने स्थानीय तहमा स्थानीय बालअधिकार समितिको व्यवस्था गरिएको छ। साथै, प्रत्येक जिल्लामा एक बाल न्याय समिति रहने व्यवस्था गरिएको छ।

संघीय तहले नीति निर्माण गर्ने, निर्देशिकाहरू जारी गर्ने अन्तर्राष्ट्रिय समन्वय गर्ने, प्रदेश तहले प्रदेश तहमा बालबालिकासम्बन्धी नीति निर्देशिकाहरू जारी गर्ने र स्थानीय तहले हक अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सेवा प्रदान गर्ने जिम्मेवारी पूरा गर्नु पर्दछ।

बालबालिकासम्बन्धी ऐन, २०४८ मा प्रत्येक जिल्लामा बालकल्याण अधिकारी रहने व्यवस्था थियो भने नयाँ ऐनले ७५३ वटै स्थानीय तहमा बालकल्याण अधिकारी रहने व्यवस्था गरेको छ। यसले खासगरी बालबालिका तथा परिवारको नजिकमा रहेर अख्तियार प्राप्त अधिकारीले काम गर्ने अवसर जुटाउने छ।

## ६. ऐनको कार्यान्वयन गर्नमा नागरिक समाजको भूमिका

कानुनको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारहरू, नागरिक समाजले आपसमा सहकार्य गरेर, हातेमालो गरेर अगाडि बढ्न आवश्यक देखिन्छ। यस सम्बन्धमा नागरिक समाजले देहायका कार्यहरू गर्न सक्दछन् :

(क) कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि बालबालिका, घरपरिवार, संघसंस्था विद्यालय शिक्षक, स्थानीय तहका निर्वाचित पदाधिकारी एवं कर्मचारीलाई ऐनका प्रावधानबारे जानकारी गर्न, गराउन सघाउने,

(ख) ऐनले खासगरी स्थानीय तहमा परिकल्पना गरेका संरचनाहरू निर्माण गर्न मद्दत गर्ने अथवा यी संरचनाहरू निर्माणका लागि सरकारहरूसँग सहकार्य गर्ने,

(ग) साथै, संरचनाहरूलाई क्रियाशील बनाउने अख्तियारी अन्तर्गत गर्नु पर्ने जिम्मेवारीहरू के के छन् भन्ने बारे त्यसका पदाधिकारी तथा कर्मचारीलाई जानकारी दिने, अख्तियारी अनुसारका कार्य सम्पन्न गर्नका लागि क्षमता अभिवद्धि गर्न संघ, प्रदेश र स्थानीय तहसँग मिलेर सहकार्य गर्ने,

(घ) अन्तर्राष्ट्रिय अनुभवलाई संघ, प्रदेश र स्थानीय तहमा परिचित गराउने

(ङ) वैकल्पिक हेरचाह कसरी गर्ने यसको कार्यविधि तथा प्रक्रिया परिभाषित गर्ने, यसका लागि नमुना कार्यविधि वा ढाँचाहरू तर्जुमा गरी त्यसको व्यवहारिक प्रयोगबारे सहकार्य गर्ने, गराउने

(च) गाउँपालिका वा नगरपालिकामा बालबालिकाको संरक्षणसम्बन्धी नीति, पद्धति र प्रक्रिया सुदृढ बनाउन सहकार्य गर्ने, गराउने,

(छ) बालबालिकालाई के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने बारेमा सुसूचित गर्ने, बालबालिकालाई अधिकारबारे जानकारी दिई सशक्तीकरण गर्न सहयोग गर्ने,

(ज) अभिभावक, समुदायमा बालबालिकाप्रति सहयोगात्मक वातावरण बनाउनका लागि उनीहरूलाई लक्षित गरी बालअधिकार एवं बालसंरक्षणका खासखास विषयहरूमा अन्तरक्रिया, छलफल गरी सहजीकरण गर्ने, गराउने,

(झ) विभिन्न तहका सरकारहरूका खासगरी बालबालिका लक्षित नीति कार्यक्रम, प्रक्रिया र संरचनाहरूले गरेका कार्यहरूलाई समालोचनात्मक रूपमा अध्ययन गरी सोको सबलीकरण गर्नका लागि सहकार्य गर्ने, गराउने । आदि ।

# नेपालमा बालश्रमविरुद्धको अभियान



**उद्धव राज पौड्याल**

*(लगभग ८ वर्ष (वि.सं. २०३८-२०४५) सम्म जडिबुटीजन्य औषधी विज्ञको रूपमा कार्यरत उद्धव राज पौड्याललले वि.सं. २०४५ देखि नितान्त फरक बाटो रोज्नुभयो । त्यो बाटोले उहाँलाई तात्कालीन नागरिक समाजसम्बद्ध संस्थाहरूको अभियानमा सामेल गरायो । यसै क्रममा उहाँ सेभ द चिल्ड्रेन (युके) मा आबद्ध हुनु भयो । सेभ द चिल्ड्रेनमा संलग्न भएपछि नै उहाँ बाल अधिकारको अभियानसँग परिचित हुनुभयो । यसै संस्थामा रहँदा रहँदै उहाँ विकास अध्ययन (Development Studies) का लागि बेलायत पनि जानुभएको थियो । उहाँले नेपाल सरकारको श्रम तथा रोजगार मन्त्रालयमा बालअधिकार तथा श्रमिक अधिकारसम्बन्धी परामर्शदाताको भूमिका पनि निर्वाह गर्नु भएको थियो । त्यसपछि उहाँ सन् १९९८ देखि २०१४ सम्म अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) मा आबद्ध रहनुभयो । आइएलओमा रहँदा उहाँले राष्ट्रिय कार्यक्रम व्यवस्थापक तथा मुख्य प्राविधिक सल्लाहकारसमेतको जिम्मेवारी सम्हाल्नु भयो । नेपालको एक जना बालअधिकार तथा बालश्रम विज्ञका रूपमा पनि परिचित श्री पौड्याललले आइएलओ छाडेपछि Winrock International नामक संस्थामा रहेर राष्ट्रिय संयोजकको जिम्मेवारी पनि सम्हाल्नुभएको थियो । हाल उहाँ बालअधिकारको बहाली तथा बालश्रम उन्मूलनका सम्बन्धमा स्वतन्त्र परामर्शदाताको हैसियतबाट क्रियाशील रहँदै आउनुभएको छ । प्रस्तुत लेख उनै बालश्रमविज्ञ उद्धवराज पौड्यालसँग सिविसका रमेशकुमार पौडेलले गर्नु भएको कुराकानीमा आधारित रहेको छ ।)*

## नेपालमा बालश्रमविरुद्धको अभियानको सुरुवात

नेपालमा सन् १९९० भन्दा पहिले बालश्रमविरुद्धको आवाज एकदमै सुसुप्त अवस्थामा थियो । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि भने यो आवाज प्रकट रूपमा देखिन थाल्यो । यो आवाजलाई सर्वप्रथम बालश्रम उन्मूलनतर्फ लक्षित भएर स्थापित सिविनले नै बाहिर ल्याएको थियो । त्यसपछि सिविनले Child Workers Asia सँग सम्बन्ध कायम गरेर यस अभियानलाई अझ सशक्त बनाउने प्रयासमा लागेको पाइन्छ ।

नेपालमा बालश्रमविरुद्धको अभियान सुरु हुनुभन्दा पहिले घर, होटेल, कारखानालगायतका ठाउँमा बालश्रममा लगाइएका बालबालिकामाथि ज्यादै नै शोषण र अत्याचार गरिन्थ्यो । कतिपय रोजगारदाताले त उनीहरूलाई तलबसमेत नदिई कुटपिट गरेर अत्यधिक काममा दलाउँथे । यस्ता बालश्रमिकलाई अपवाद बाहेक पढ्ने मौका दिइदैनथ्यो । यही कारणले गर्दा नै बालश्रमविरुद्धको अभियान थालनी गर्नु नितान्त आवश्यक बनेको थियो । अभियानकै क्रममा बालश्रमविरुद्धको पहिलो निसाना कार्पेट उद्योगमा प्रयोग गरिदै आएको बालश्रमलाई बनाइयो । मूलतः जर्मनको Paramount TV टिभीले कार्पेट उद्योगमा प्रयोग गरिएका बालश्रमिकहरूको अवस्थालाई सार्वजनिक गरेपछि यो सवाल अन्तर्राष्ट्रिय रूपमा पनि स्थापित भयो । यसलाई सम्बोधन गर्नका लागि अन्तर्राष्ट्रिय श्रम संगठनले आफनो International Programme

on the Elimination of Child Labor (IPEC) कार्यक्रम सञ्चालन गऱ्यो। यसले बालश्रमविरुद्धको अभियानलाई अझ तिब्र गतिका साथ अगाडि बढाउन मद्दत गऱ्यो। यसरी अगाडि बढेको बालश्रमविरुद्धको अभियान हाल पनि निरन्तर रूपमा जारी छ। तथापि अझै पनि बालश्रमलाई उन्मूलन गर्न सकिएको छैन। फेरि पनि विगतको तुलनामा बालश्रमिकहरूको अवस्थामा केही सकारात्मक परिवर्तनहरू भने भएका छन्।

## बालश्रमिकहरूले भोग्दै आएका समस्याहरू

बालश्रमिकहरूले भोग्ने गरेका समस्याहरू धेरै छन्। जस्तैः लामो समयसम्म काम गर्नु पर्ने, कामबाट फुर्सत नदिइने, उमेरभन्दा बढी ओजन उठाउनु पर्ने, आमाबुबा, घरपरिवारसँग बस्न नपाउने, विद्यालय जान नपाउने, खेल्न नपाउने, पारिश्रमिक नपाउने र पाए पनि नाम मात्रको हुने, बिमारी भएको बेला औषधी उपचार नपाउने वा औषधी उपचार गर्ने कुरामा बेवास्ता गर्ने, शारीरिक एवं मानसिक दुर्व्यवहार खेप्नु पर्ने, यौन शोषणको सामना गर्नु पर्ने आदि। तर बालश्रमविरुद्धको सचेतनासम्बन्धी गतिविधि विकास गरिएपछि उनीहरूको अवस्थामा केही सुधार आएको देखिन्छ।

विगतमा बालश्रमिक राख्नु गौरवको विषय हुने गर्दथ्यो भने हिजोआज त्यसो गर्नु अनुचित व्यवहार ठानिन थालेको छ। कतिपय रोजगारदाताहरूले करकापले भए पनि बालश्रमिकलाई विद्यालय पठाउने गरेको पाइन्छ।

बालश्रममा लाग्ने बालबालिकामध्ये धेरैजसो आमाबुबा वा अभिभावक नभएका र आयस्रोत अत्यन्त न्यून भएकाहरू नै हुने गरेको पाइएको छ। यस्ता बालबालिकाहरू हिमाल, पहाड, तराई सबै क्षेत्रबाट आउने गरेका छन्।

## जोखिमयुक्त बालश्रम र निकृष्ट बालश्रमको भिन्नता

बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा कठिन र धेरै काममा लगाउनुलाई नै जोखिमयुक्त बालश्रम मानिन्छ। उचाइमा गर्ने काम, पानीमुनि गर्ने काम, रासायनिक पदार्थसँग गर्ने काम आदि जोखिमयुक्त श्रमभित्र पर्दछन्। उदाहरणका लागि बालबालिकालाई ईँट्टाभट्टा र गलैँचा बुनाइ तथा धागो कताइ जस्ता काममा लगाइनु जोखिमयुक्त काम हो, किनकी यस प्रकृतिका श्रमक्षेत्रहरूमा अत्यधिक धुलाका कणहरू फैलन्छन्। यस्ता धुलाका कणहरू श्वास प्रश्वासबाट फोक्सोमा पुग्छन्, परिणामस्वरूप १०/१५ वर्षको उमेर भएपछि यस्तो श्रममा लागेका बालबालिकालाई क्षयरोग लाग्न सक्ने अत्यधिक सम्भावना हुन्छ।

निकृष्ट प्रकारको बालश्रमको परिभाषा अन्तर्राष्ट्रिय श्रम संगठनको निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि नं. १८२ ले गरेको छ। यसमा मुख्यत : बाल वेश्यावृत्ती, अश्लील चित्रहरूको उत्पादन र बालबालिकाको ओसारपसार पर्दछन्। यी चारवटा चाहिँ एकदमै निकृष्ट हुन्। त्यस बाहेक विभिन्न देशहरूका रोजगारदाता, सरकार र ट्रेड युनियनले गरेको त्रिपक्षीय आपसी सहमति अनुसार यी लगायत बालश्रमका अरू कुनै पनि क्षेत्रलाई निकृष्ट प्रकारको बालश्रम मानिने गरिएको छ।

नेपालको हकमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रम अन्तर्गत निम्न सात प्रकारका श्रमहरू पर्दछन्।

- घरेलु बालश्रमिक
- गलैँचा कारखानामा काम गर्ने बालश्रमिक
- बालभरिया
- सडकमा फोहोरमैला टिप्ने बालबालिका

- बालबालिकाको बेचबिखन तथा ओसारपसार
- खानीमा काम गर्ने बालबालिका
- बाँधा श्रमिक बालबालिका

निकृष्ट तथा जोखिमपूर्ण बालश्रममा बालबालिकालाई कुनै पनि हालतमा संलग्न गराउन पाइदैन। खासगरी खतरनाक अथवा अमर्यादित कामहरू, जबरजस्ती गर्नु पर्ने काम, बँधुवा बालश्रम निकृष्ट प्रकारका श्रम मानिन्छ। बालबालिकालाई निकृष्ट तथा जोखिमयुक्त काममा लगाउँदा शारीरिक, मानसिक तथा नैतिक रूपमा जटिल तथा नकारात्मक प्रभाव परी उनीहरूको व्यक्तित्व विकासमा पनि बाधा पुग्दछ। नेपालमा करिब ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण श्रममा संलग्न छन् ।

## बालश्रमविरुद्धमा राज्यको तर्फबाट भएका प्रयासहरू

नेपालमा बालश्रमका विरुद्ध राज्य तर्फको प्रयास प्रभावकारी ढङ्गले हुन सकेको पाइदैन। अन्तर्राष्ट्रिय श्रम संगठनले IPEC कार्यक्रम सञ्चालन गरिसकेपछि सरकारसँग समयबद्ध कार्यक्रम अर्थात् निश्चित समयको अवधिभित्र गरिसक्नु पर्ने कार्यक्रम पहिचान गऱ्यो। यो कार्यक्रमले २००४ देखि २०१४ सम्मका लागि बालश्रमविरुद्धको गुरुयोजना तयार गऱ्यो। उक्त गुरुयोजना अनुसार २०१४ सम्ममा नै निकृष्ट प्रकारको बालश्रम उन्मूलन गरिसक्नुपर्ने थियो। तर त्यो समयबद्ध कार्यक्रम ४ वर्ष पछि धकेलियो।

यो गुरु योजना लागू गर्ने बारेमा नेपाल सरकारले त्यति चासो देखाएन। यसका लागि ५, ६ लाख बजेट छुट्याएको थियो तर उक्त रकम कार्पेट फ्याक्ट्रीमा पूर्व बालविकास कक्षा सञ्चालनमा खर्च गऱ्यो। यसरी राज्यको तर्फबाट जति पहल हुनु पर्ने थियो त्यति हुन सकेन। यसरी राज्यले बाल अधिकारको सन्दर्भमा बालबालिकाको संरक्षणका सवालहरूलाई सम्बोधन गर्ने र शोषणमा परेका बालबालिकाको उद्धार, पुनर्स्थापना र उनीहरूको पुनर्मिलनका विषयहरूमा त्यति चासो दिएको पाइदैन।

## बालश्रमविरुद्ध गैरसरकारी संस्थाहरूको प्रयास

बालश्रमविरुद्धमा गैरसरकारी संस्थाहरूले विभिन्न पहल गरेका छन्। सिविन, सिविस, बाल विकास समाज, युएमइएसलगायतका संस्थाहरूले बालश्रमका विभिन्न सवालहरूलाई लक्षित गरेर काम गरिरहेका छन्। यस सन्दर्भमा CWISH ले घरेलु श्रमको सवाललाई केन्द्र बिन्दु बनाई काम गऱ्यो। यस संस्थाले जोखिमयुक्त अवस्थामा रहेका बालश्रमिकहरूलाई उद्धार गर्ने, उनीहरूको पुनर्स्थापना गर्ने काम गरेको छ। यो एउटा उदारहणीय काम हो। CWISH ले गर्दैआएका यस्ता राम्रा कामलाई निरन्तरता दिनु पर्ने आवश्यकता छ। यसबाट संस्थागत रूपमा सिकेका सिकाइहरूलाई अन्य संस्थाहरूले पनि निरन्तरता दिनु राम्रो हुन्छ। यस्ता कामहरूलाई सरकारले पनि त्यतिकै जिम्मेवारीपूर्वक हेरिनु पर्दथ्यो तर यस तर्फ सरकारको ध्यान जान सकेन। देशको बदलिदो संरचनाअनुसार तीनै तहका सरकारहरू क्रियाशील भएर लागिरहेको अवस्थामा स्थानीय तहका सरकारहरूले बालश्रमको सवाललाई पनि विशेष रूपमा सम्बोधन गर्न सक्छन्। स्थानीय सरकारले आफ्नो स्थानका बालबालिका यदि कही काम गर्छन् भने तिनीहरूलाई आफ्नो घरपरिवारमा त्यसरी ल्याउने भन्ने बारेमा योजनाबद्ध ढङ्गले लाग्न जरुरी छ। पालिकाहरूले बालश्रमको अनुगमन गर्ने संयन्त्र बनाएर काम गर्नु जरुरी छ। केही पालिकाहरूले यस्ता कामको थालनी गरिसकेका छन्। जस्तै रोल्पा जिल्लाका सबै पालिकाहरूले आफ्नो आफ्नो रणनीति बनाएर बालश्रम निवारणमा लागिपरेका छन्। यो कामलाई अरू पालिकाहरूले पनि निरन्तरता दिनु जरुरी छ। CWISH ले पालिकाहरूको क्षमता सुदृढीकरण र प्रणाली विकास गर्न पहल गर्नु पर्दछ र सरकारले

पनि यस्ता संस्थालाई सहयोगीको रूपमा स्वीकार गरी बालश्रम निवारण गर्न लाग्नु पर्दछ।

## बालश्रमविरुद्धको दोस्रो गुरु योजना रणनीति र लक्षित समूह

बालश्रमविरुद्धको पहिलो गुरुयोजना २००४ देखि २०१४ सम्मको लागि थियो। बीचमा अर्थात् सन् २००८ देखि नै यसलाई अध्यावधिक गर्ने वा नयाँ गुरुयोजना निर्माण गर्न थालियो। दोस्रो गुरुयोजना निर्माण गर्ने उद्देश्यले विभिन्न अध्ययनहरू गरिए। अन्तर्राष्ट्रिय श्रम संगठनले पनि यसमा धेरै सहयोग गरेको थियो। तर पनि दोस्रो गुरुयोजना बन्न सकेन। पछि दोस्रो गुरुयोजना (२०७५ –२०८५) बनाइयो तर त्यसलाई पास गर्न असाध्य कठिन भयो। धेरै ठूलो प्रयत्न पश्चात २०७५ असारमा २०७५ देखि २०८५ सम्मका लागि नयाँ गुरु योजना बनाइएको छ। त्यसले बालश्रम अन्त्यका लागि ५ वटा रणनीतिहरू पहिचान गरेको छ। जुन निम्नानुसार रहेका छन् :

१. बालश्रम निवारणसम्बन्धी नीतिगत कानुनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने

२. बालश्रम निवारणसँग सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

३. बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनर्स्थापना गर्ने।

४. प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने।

५. सरोकारवालाहरू बीच सहकार्य, समन्वय र सञ्जाल स्थापना एवं सञ्चालन गर्ने।

यदि बालश्रम उन्मूलनका लागि तय गरिएका यी ५ वटा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा बालश्रम उन्मूलनमा उल्लेख्य फड्को मार्न सकिन्छ।

## दोस्रो गुरु योजनाले तय गरेको लक्षित समूह

दोस्रो गुरु योजनाले निर्दिष्ट गरेको रणनीतिले तय गरेको लक्षित समूह निम्न प्रकार छन् :

(१) घरेलु बालश्रम, (२) बाल भरिया (३) कृषि बालश्रम (४) लागु पदार्थ संकलन, बेचबिखन तथा ओसारपसारमा परेका बालश्रमिक (५) बुनाइमा संलग्न बालश्रम, (६) ईँटाभट्टाको बालश्रम (७) खानी क्षेत्रको बालश्रम, (८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषणसमेत) (९) यातायात क्षेत्रको बालश्रम (१०) जरी तथा बुट्टा भराइ (११) छिमेकी देशमा पलायन भएको बालश्रम (१२) यान्त्रिक वा रसायन क्षेत्रमा काम गर्ने बालश्रम (१३) माग्ने काम गरिरहेका बालश्रम (१४) सडक व्यापारमा संलग्न बालश्रम (१५) जडिबुटी संकलन गर्ने बालश्रम (१६) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम (१७) होटेल रेष्टुराँ क्षेत्रको बालश्रम

## स्थानीय निकायलाई बालश्रम निराकारण गर्न जिम्मेवार बनाउने उपायहरू

बालश्रम उन्मूलन गर्नका लागि ऐन तथा नीति निर्देशिकाहरू कार्यान्वयन गर्ने तथा सेवा प्रवाह गर्ने जिम्मेवारी पाएको स्थानीय निकायलाई जिम्मेवार बनाएर मात्र बालश्रम उन्मूलनका लागि अगाडि बढ्न सकिन्छ। यसरी स्थानीय निकायलाई बालश्रम उन्मूलनका लागि जिम्मेवार बनाउन निम्न कार्यहरू सम्पन्न गर्नु पर्दछ :

१. बालश्रमको अवधारणा पक्ष र विद्यमान् ऐन नीति नियमहरूको बारेमा स्थानीय तहका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

२. अभिमुखीकरण कार्यक्रम सम्पन्न भइसकेका पालिकाहरूमा बालश्रमविरुद्ध रणनीति बनाएर स्थानीय निकायको पहलमा बालश्रमिकको उद्धार गर्ने, पुनर्स्थापना तथा पुनर्मिलन गर्ने। पुनर्स्थापना वा पुनर्मिलन सम्भव नभएको अवस्था भएका बालश्रमिकहरूलाई अन्तिम उपायको रूपमा बालगृहहरूमा राख्ने व्यवस्था गर्नु पर्दछ।

३. बालश्रम उन्मूलनको विषयलाई बालमैत्री स्थानीय शासनको अवधारणा सँगसँगै अगाडि बढाउनु पर्दछ। किनकी वर्तमान अवस्थामा धेरै पालिकाहरूले बालमैत्री स्थानीय शासनलाई आत्मासात गरिसकेका छन्। आफूलाई बालमैत्री घोषणा गर्ने क्रममा लागिरहेका छन्। बालमैत्री पालिका घोषणा गर्नका लागि बालश्रमको पनि सम्बोधन हुनुपर्दछ।

४. बालश्रम अन्त्य गर्ने दिशामा अगाडि बढ्न सबैभन्दा पहिले तथ्याङ्क नै सङ्कलन गर्नु पर्ने हुन्छ किनकी तथ्याङ्क सङ्कलनले नै बालश्रमको यथार्थ स्थितिको बारेमा जानकारी गराउँछ। यसपछि यथार्थ स्थितिको आधारमा रणनीति बनाउनु पर्दछ र बालश्रमलाई Cross cutting issue बनाएर लैजानु पर्दछ।

## दिगो विकास र बालश्रमविरुद्धको लक्ष्य

दिगो विकास लक्ष्यको लक्ष्य नं ८.७ ले बालश्रमको सवाललाई सम्बोधन गरेकोछ। यसले इच्छाविरुद्धको जबरजस्ती श्रम उन्मूलन, आधुनिक दासता एवं मानव बेचबिखनको अन्त्य गर्नका लागि तत्काल एवं प्रभावकारी मापदण्डहरू अपनाउने कुरामा जोड दिएको छ। यसैगरी बालसैनिकको भर्ती र प्रयोग तथा बालश्रमका सबैभन्दा नराम्रा स्वरूपहरूको निषेध तथा उन्मूलन सुनिश्चित गर्ने लक्ष्य तय गरेको छ। यसका साथै दिगो विकास लक्ष्यले सन् २०२५ सम्म त्यसका सबै स्वरूपहरूसहित बालश्रमको अन्त्य गर्ने सोच राखेको छ। यसले के देखिन्छ भने बालश्रम न्यूनीकरण गर्ने विषय अहिलेको दिगो विकासको पनि लक्ष्य हो। यो लक्ष्य पूरा गर्नका लागि राज्यले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका कुराहरूलाई सँगसँगै लिएर जानुपर्छ। त्यस्ता तहका वर्गका परिवार र बालबालिकालाई सामाजिक सुरक्षा उपलब्ध गराउने हो भने उनीहरू शोषणयुक्त अवस्थाबाट बाहिर आउन सक्छन्। नेपालको सन्दर्भमा बालश्रम अन्त्य गर्नका लागि सहयोग गर्ने संयुक्त राष्ट्र संघसँग सम्बद्ध कार्यालयहरू ILO, UNICEF, तथा अरू विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरू लागेका छन्। दक्षिण एशियाका मुलुकहरूमा बालश्रमलगायत बालसंरक्षणका सवालहरूमा काम गर्ने गैरससरकारी संस्थाहरूले राष्ट्रिय कार्य समन्वय समूह (National Action & Coordinating Group (NACG) नामक आफ्नै Alliance पनि बनाएका छन्। यसले पनि दीगो विकास लक्ष्यले तय गरेका उद्देश्यमा पुग्न थप सहयोग पुऱ्याउँछ।

## बालश्रम उन्मूलन गर्नका लागि गर्नु पर्ने पहलहरू

बालश्रमको सवाललाई सम्बोधन गर्ने सन्दर्भमा नागरिक समाजसँग सम्बद्ध संघ संस्थाहरूले केही नयाँ र सिर्जनात्मक कामहरू गर्दै आएका छन्। जस्तै सिविसले बालश्रमभित्रको पनि घरेलु बालश्रमलाई सम्बोधन गर्ने र यस दौरानमा घरेलु बालश्रमभित्र लुकेको अर्को गम्भीर सवाल बाल यौन दुर्व्यवहार एवं शोषणको सवाललाई पनि उजागर गऱ्यो। यसको सम्बोधनका लागि पीडितलाई कानुनी परामर्श सेवा प्रदान गर्ने यो एउटा सिर्जनात्मक कार्य हो। यसलाई अन्य संघ संस्था मात्र होइन राज्यले पनि प्रचार प्रसार गर्नु पर्ने विषय हो भन्ने मलाई लाग्छ। यसलाई साझा सिकाइको विषय बनाउनु पर्दछ।

बालश्रम उन्मूलनको विषयलाई अब बालअधिकारको क्षेत्रमा काम गर्ने सबै सञ्जालले सँगै बसेर एउटा साझा रणनीति बनाउनु आवश्यक छ। जस्तै बालसंरक्षणको क्षेत्रमा काम गर्ने National Child Protection Alliance (NCPA) बालसहभागिताको क्षेत्रमा बनेको सञ्जाल Consortium र CZOP लगायतका सञ्जालहरूले बालश्रम मात्र होइन बाल संरक्षणको सवालमा काम गर्न एउटा Alliance बनाउनु पर्दछ। नेपालमा बाल संरक्षणलाई सम्बोधन गर्ने संयन्त्रलाई बलियो बनाउनु पर्दछ। बाल संरक्षण पद्दतिलाई सशक्त बनाउन जरुरी छ। अब स्थानीय पालिकामा बाल संरक्षण पद्धति सशक्त बनाउन यी सञ्जालहरूले संयुक्त रूपमा सहजीकरण गर्नु आवश्यक छ। यसले बालश्रमको प्रयोगलाई निरुत्साहित गर्ने तथा बालश्रमिकहरूलाई उद्धार, पुनर्स्थापना र पुनर्मिलन गर्ने कार्यलाई प्रभावकारी बनाउन सकिन्छ।

## बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०५६ को कार्यान्वय पक्षको अवस्था

बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०५६ नेपालले ILO को महासन्धिलाई अनुमोदन गरी IPEC कार्यक्रम गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर गरेको केही समय पश्चात जारी भएको थियो। त्यस बेला बालश्रमलाई सम्बोधन गर्नका लागि ऐन बनाउनै पर्ने भएकोले यो ऐन निर्माण भयो। तर यसको कार्यान्वयन पक्ष भने अत्यन्त फितलो रह्यो। यो ऐनलाई आधार बनाएर बालश्रमविरुद्ध अदालतमा एउटा पनि मुद्दा परेको पाइदैन। ऐन बनिसके पछि यसको प्रयोग जनताले अथवा अरू सम्बन्धित पक्षले गर्नुपर्ने थियो तर ऐनको प्रयोग गरिएको देखिदैन। कथंकदाचित यस ऐनलाई आधार बनाएर मुद्दै पऱ्यो भने पनि उक्त मुद्दालाई बालश्रमिक र रोजगारदाता बीच सम्झौतामा टुङ्ग्याइदिने गरिएको पाइन्छ। यसमा बालश्रमविरुद्धको मुद्दा जिल्ला अदालत हुँदै उच्च अदालतसम्म पुग्ने गरेको पाइदैन। फेरि पनि यस ऐनको राम्रो पक्ष भनेको यसले १४ वर्ष मुनिकालाई काम गर्न निषेध गरिदियो। जसको व्यवहारिक प्रयोग गर्नका लागि गैरसरकारी संस्थाहरूले पहल गरेका थिए। ऐनको अर्को सकारात्मक कुरा १४ देखि १६ वर्ष उमेर समूहकालाई जोखिमयुक्त काममा लगाउन नपाइने थियो। यो उमेर समूहका लागि काममा लगाउन केही सर्तहरू राखिए, तर ती सर्तहरूलाई भने पूर्ण रूपमा कार्यान्वयन गराउन नसकेको पाइयो। यसको प्रमुख कारणमा राज्यले श्रम अनुगमनका लागि स्थापना गरेका श्रम कार्यालयहरू नै न्यून संख्यामा छन्, देश भरिमा श्रम कार्यालयहरू केवल १० वटा मात्र छन्। श्रमको क्षेत्र सरकारको कम चासो भएको विषयभित्र परेको हुनाले पनि यस क्षेत्रमा जति काम हुनुपर्ने हो त्यति हुन सकेन। तुलनात्मक रूपमा हेर्ने हो भने वैदेशिक रोजगार चाहिँ ठूलो विभागको रूपमा रहन गयो। यसले यथोचित स्रोत साधनहरू पायो तर श्रम विभाग सानो भयो र सरकारले यसलाई चाहिने यथोचित स्रोत साधनहरूको व्यवस्था पनि गरेन। त्यसले गर्दा ऐनका कार्यान्वयन पक्षहरू ज्यादै फितला रहे। ऐनको अर्को कमजोर पक्ष यसमा श्रम निरीक्षक Labor inspector भन्ने पदको व्यवस्था गरिएको छैन। यसको साटो कारखाना निरीक्षक factory inspector को व्यवस्था छ। जबसम्म श्रम निरीक्षकको व्यवस्था गरिदैन र उनीहरूलाई औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमको अनुगमन गर्ने जिम्मेवारी दिइदैन तबसम्म सबै श्रम क्षेत्रको अनुगमन तथा निरीक्षणको कार्य प्रभावकारी ढङ्गले हुन सक्दैन।

अर्को सकारात्मक कुरा संघीय सरकारले आगामी दिनमा यो ऐनलाई संशोधन गर्ने सोच बनाएको छ। यसका लागि सम्बन्धित मन्त्रालयले समिति पनि बनाइसकेको छ। दोस्रो गुरु योजना पनि बनिसकेको र नयाँ श्रम ऐन २०७४ पनि आइसकेको परिपेक्षमा वर्तमान अवस्थामा रहेको बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०५६ पनि

संशोधन हुनेछ। त्यसपछि बालश्रम उन्मूलनलाई सशक्त ढङ्गले अगाडि बढाउन सकिन्छ भनेर भन्न सकिन्छ।

## बालश्रम उन्मूलनका लागि नागरिक समाज र स्थानीय निकायबीचको सहकार्य

बाल संरक्षण, बालअधिकार, महिला अधिकार, जनजातिका अधिकारका कुराहरू गैर सरकारी संस्थाहरू, नागरिक समाजहरू कै पहलबाट उठाइएका सवालहरू हुन्। नागरिक समाजको अभियानले यसलाई अगाडि बढाउन उल्लेख्य भूमिका खेलेको छ। यसैगरी बालश्रम उन्मूलनको अभियानलाई सफल बनाउनका लागि स्थानीय निकायले पनि नागरिक समाजसँग सहकार्य गर्नु जरुरी छ। अब स्थानीय निकायले नागरिक समाजसँग सम्बद्ध संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न जरूरी छ। सबै संस्थाहरूमा अपारदर्शीता, गैरजिम्मेवार, रकमको जथाभावी प्रयोग गर्ने प्रवृत्ति हुँदैन। यी संस्थाहरू देशमा भएका केही विसंगति र कुरीतिहरूलाई हटाउन लागि परेका हुन्छन्। यस्ता संस्थाहरूमा संलग्न भएका नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू समाज परिवर्तनका लागि केही योगदान गर्न सकिन्छ कि भनेर नै लागेका हुन्छन्। यी कुराहरूलाई स्थानीय निकायहरूले राम्ररी बुझ्न जरूरी छ। कतिपय स्थानीय निकायहरूले त गैर सरकारी संस्थालगायतका नागरिक समाजहरू जरुरी छैन भनेर पनि भन्ने गरेको पाइन्छ। नागरिक समाजको अनुपस्थितिमा सरकारका राम्रा कामहरूको समर्थन कमी कमजोरी पक्षको  आलोचना र कमजोरी हटाउन सुझाव र सल्लाह सम्भव हुँदैन। यसैले अबको दिनमा बालश्रमविरुद्धको अभियानमा सरकार र नागरिक समाजसँग सम्बद्ध संघ संस्थाहरू बीचको सम्बन्ध नङ्ग र मासुको जस्तो हुनुपर्दछ। स्थानीय सरकारसँग बालअधिकार के हो, बाल संरक्षण पद्धति भनेको के हो, बालश्रम कसरी न्यूनीकरण गर्न सकिन्छ, यसका रणनीतिहरू के हुन सक्छन् लगायतका विषयमा आवश्यक ज्ञान तथा सीपको अभाव छ। यी विषयहरूमा उनीहरूको समान बुझाइ पनि छैन। बालश्रम उन्मूलन भनेको सबैको साझा विषय भएकोले यसबारे सबैको एउटै किसिमको बुझाइ हुनु आवश्यक छ। यस विषयसँग सम्बन्धित ज्ञान, सीप र अनुभवका लागि पनि स्थानीय निकायले नागरिक समाजसँग काम नगरी हुँदैन। नागरिक समाजले पनि स्थानीय सरकारको नेतृत्वलाई आत्मासात गरेर जानुपर्दछ।

## नागरिक समाजले ध्यान दिनुपर्ने विषय

नागरिक समाजले पनि अबका दिनमा बालश्रम तथा बालसंरक्षणका सवालहरूमा काम गर्नका लागि स्थानीय, प्रदेशीय र संघीय तहको सञ्जाल बनाउन जरूरी छ। नागरिक समाजसँग सम्बद्ध संघसंस्थाहरूले आफ्नो आवाजलाई यी तीनै वटा तहमा पुर्‍याउन सहज हुन्छ। नागरिक समाजको नाममा अलग अलग संघ संस्थाका चार पाँच जनाले गर्ने प्रयास अबका दिनमा प्रभावकारी नहुन सक्छ। त्यसमाथि हुने राजनीतिक प्रभावले सवालको निष्पक्षतामाथि शङ्का गर्ने परिस्थिति पैदा हुन सक्छ। त्यसैले नागरिक समाजले यी कुराहरूमा ध्यान दिन जरूरी छ।

अन्त्यमा, सिविसले गर्दै आएको घरेलु बालश्रम र यौन शोषणको सवाललाई अझै व्यापक रूपमा उठाउनु पर्दछ। यस सवाललाई प्रदेश तहमा पनि बिस्तार गर्नु आवश्यक छ। सिविस अब २५ वर्ष पुग्दैछ। स्मारिका निकाल्दै छ। रजत वार्षिक उत्सवको यस अवसरमा बालअधिकारको प्रत्याभूतिका लागि सिविसले आफूलाई एउटा सक्षम र क्षमतावान संस्थाको रूपमा स्थापित गरोस भन्ने कामना गर्दछु।

# बदलिँदो परिवेश र बालअधिकार अभियान



**तारक घिताल**

*(विगत तीन दशकदेखि बालअधिकार अभियानमा सामेल हुन भएका कानुनको विद्यार्थीसमेत रहनु भएका तारक घितालको जीवनमा व्यवसायिक कार्यअनुभव शिक्षक, अदालतको कर्मचारी हुँदै तत्कालिन शाही नेपाल वायुसेवा निगमसम्म पुगेको थियो। तत्कालिन अवस्थामा अत्यन्त राम्रो सेवा सुविधा भएको मानिने निगममा काम गरिरहेको अवस्थामा बालअधिकारका अगुवा गौरी प्रधानसँग भएको भलाकुसारी पछि उहाँ पूर्णरूपमा बालअधिकारको अभियानमा होमिनु भयो। समाज परिवर्तन गर्न निजी स्वार्थभन्दा माथि उठ्नु पर्दछ भन्ने मान्यता बोक्नु हुने घितालले मानवअधिकार र लोकतन्त्रका लागि विगतमा विद्यार्थी आन्दोलनको समेत अनुभव बटुल्नु भएकोछ। वरिष्ठ बालअधिकारकर्मीका रूपमा स्थापित हुनुभएका अभियन्ता तारक घिताललै पछिल्लो चरणमा केन्द्रीय बालकल्याण समितिको कार्यकारी निर्देशकका रूपमा रहेर राज्य संयन्त्रको माध्यमबाट बालअधिकार अभियानलाई अगाडि बढाउनु भयो। सिविस प्रतिनिधि रमेशकुमार पौडेल र सुकमाया गुरुङले बदलिदो परिवेश र बालअधिकार अभियानका बारेमा वहाँसँग गरेको कुराकानीका महत्वपूर्ण अंशहरू तल प्रस्तुत गरिएको छ )*

## विद्यमान अवस्थामा नेपालमा बाल अधिकारको कार्यान्वयनको स्थिति

नेपालको संविधान निर्माण भई कार्यान्वयन भइरहेको छ। संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ। यसैगरी भरखरै मात्र विगतको बालबालिकासम्बन्धी ऐन २०४८ प्रतिस्थापन गर्न बनेको बालबालिकासम्बन्धी ऐन २०७५ संसदले पारित गरेको छ। तर नयाँ संरचनाअनुसार बनेका संघ, प्रदेश र स्थानीय तह गरी राज्यका तीन तहका सरकारहरू भरखरैमात्र क्रियाशील हुँदै गरेको अवस्था र आवश्यक स्रोत साधनको अभावका कारण यी कानुनहरू कार्यान्वयनको चुनौती उत्तिकै छ। बालअधिकारको कार्यान्वयनका लागि सरोकारवाला संस्थाहरूको अझै क्षमता अभिवद्धि तथा सचेतनाका काम गर्न बाँकी नै छ। तर पनि बालबालिकाको क्षेत्रमा उल्लेखनीय कामहरू पनि भएका छन् तर अझै सुधार गर्नु पर्ने पाटाहरू भने धेरै छन्। बालबालिकाको क्षेत्रमा काम गर्न हामीले बाटो बिराएका छैनौ तर बिलम्ब भने अवश्य भएको छ। अबको यस परिवर्तित अवस्थामा सबैले कामको गतिमा तिब्रता ल्याउन जरुरी छ। खासगरी बाल संरक्षणको क्षेत्रमा काम गर्नु पर्ने धेरै पक्षहरू बाँकी छन्।

## बदलिदो परिवेशमा बालअधिकार

## संरक्षणका लागि आवश्यक संरचना

संघीय, प्रदेश तथा स्थानीय तहमा बालअधिकारका संरचनाहरूको केही परिकल्पना गरिएको छ, तर यिनीहरूको स्थापना र व्यवस्थापन हुन बाँकी नै छ। संघीय र प्रदेश तहमा भएका संरचनाहरू नीति निर्माण गर्ने प्रकृतिका हुन्छन्। नयाँ संरचनाअनुसार सेवा प्रवाह गर्ने अर्थात् जनतालाई प्रत्यक्ष सेवा दिन दिन संविधानदेखि ऐन कानुनका प्रावधानहरूको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहले पाएको छ। यसर्थ अब गाउँपालिका तथा नगरपालिकाका साथै वडा तहमा पनि बालबालिकाको सवाललाई सम्बोधन गर्ने छुट्टै इकाइ हुनुपर्दछ। विगतका गाउँ तथा नगर बाल संरक्षण समिति जस्ता संरचनाहरूलाई नयाँ ढङ्गले बनाउनु पर्दछ। प्रदेशले आफ्ना क्षेत्राधिकारभित्र पर्ने गाउँपालिका तथा नगरपालिकाहरूलाई सहजीकरण गरेर बाल संरक्षण गर्ने संरचनाहरू बनाउनका लागि वातावरण तयार गर्नु पर्दछ। बालबालिकाविरुद्ध हिंसात्मक घटनाहरू हुनासाथ अभिलेख राख्ने तथा तिनीहरूको तत्काल सम्बोधन गर्ने जिम्मेवारी लिने संरचना निर्माण गर्नु पर्दछ भने सँगसँगै यिनले रोकथाममूलक कार्य पनि गर्नु पर्दछ। अतः गाउँपालिका र नगरपालिका नै नीति नियम कानुनको कार्यान्वयन गर्ने जिम्मेवार निकाय हुनुपर्दछ। यी निकायहरू आफैँले पनि आवश्यक नीति नियम बनाउन सक्ने भएकोले यिनीहरूलाई नै बालअधिकार प्रति संवेदनशील, क्रियाशील र क्षमतावान बनाउन जरुरी छ।

## बालबालिकासम्बन्धी ऐन २०७५ मा भएको संरचनागत व्यवस्था

भरखरै मात्र पारित भएको बालबालिकासम्बन्धी ऐन २०७५ ले संघीय तहमा महिला, बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयका मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद गठन गर्ने व्यवस्था गरेको छ भने प्रदेशमा बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा र स्थानीय तहमा पनि बालअधिकार समिति गठन गर्ने व्यवस्था गरेको छ। यसरी नयाँ व्यवस्था अनुसार ७ वटै प्रदेशमा प्रदेश तहको बाल अधिकार समिति गठन हुनेछ र ७५१ वटै स्थानीय तहहरूका बालअधिकार समिति गठन गरिने छन्। नयाँ ऐनले बालअधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा बाल संरक्षण कार्य गर्ने गरी प्रत्येक स्थानीय तहमा एक एक जना बालकल्याण अधिकारी रहने व्यवस्थासमेत गरेको छ। यसले नयाँ संरचनाअनुसार स्थानीय तहमा बालबालबालिकाका सवालहरूलाई सम्बोधन गर्ने जिम्मेवारी कसको हो ? भन्ने प्रश्नको हल भएको छ। यो बालबालिकाको संरक्षणको अधिकारको सन्दर्भमा सकारात्मक कदम मान्न सकिन्छ। तर यी संरचनाहरू कत्तिको संवेदनशील र क्रियाशील हुने छन् एवम् यसमा यसै क्षेत्रमा क्रियाशील विज्ञहरूलाई कत्तिको समेट्न सकिने छ भन्ने कुराले पनि आगामी दिनहरूमा बालअधिकारको संरक्षण, प्रवर्धन लगायतका कार्यहरू निर्भर रहनेछन्। बालबालिका प्रतिको संवेदनशीलताका साथै यस विषयको ज्ञान र सीपको अभावमा बालबालिकाको निम्ति काम प्रभावकारी हुन सक्दैन।

## नागरिक समाजसँग सम्बद्ध संस्था र सरकारी निकायमा काम गर्दाको अनुभव

नागरिक समाजसँग सम्बद्ध संस्था सिविनमा कार्यरत रहँदा नागरिक समाजको तर्फबाट प्रतिनिधित्व गर्दै बालअधिकारका विषयहरूमा सरकारसँग सहकार्य गर्नु पर्दथ्यो। यस दौरानमा

द्वन्द्वको अवस्थामा समेत सरकारसँगै हातमा हात मिलाउँदै बालबालिकाको संरक्षणमा सम्लग्न हुने काम भयो, उदाहरणका लागि बालबालिका शान्ति क्षेत्र हुन् भन्ने राष्ट्रिय अभियानको नेतृत्व गर्दै विद्यालय शान्ति क्षेत्रसम्बन्धी नीतिगत व्यवस्था समेत गर्न सहकार्य गरियो। केन्द्रीय बालकल्याण समितिको कार्यकारी निर्देशकको जिम्मेवारीमा रहेर काम गर्ने अवसर पाएपछि मैले राज्यको तर्फबाट प्रतिनिधित्व गर्दै नागरिक समाजका प्रतिनिधिसँग सहकार्य गर्नु पर्‍यो। जहाँ बसेर काम गरे पनि बालअधिकारकै संरक्षण र प्रवर्धनका लागि काम गर्नु पर्थ्यो र गरियो पनि। तर हिजो नागरिक समाजको तर्फबाट बालबालिकाका लागि आवाज लिएर राज्यका निकायमा जानुपर्दथ्यो भने केन्द्रीय बालकल्याण समितिमा हुँदा नागरिक समाजबाट उठाएका आवाजहरूलाई सम्बोधन गर्ने र सहकार्य गर्ने जिम्मेवारी निभाउनु परेको थियो। जसबाट दुवै पक्षका कुरा बुझ्ने, दुवैका सबल पक्ष र कमजोरीहरू विश्लेषण गर्ने अवसर प्राप्त भयो। यस अनुभवले एकातिर मलाई बालबालिकाको क्षेत्रमा अझ दह्रोसँग काम गर्ने उर्जा मिल्यो भने अर्को तर्फ दुवैलाई सिर्जनशील आलोचनात्मक दृष्टिकोणबाट हेर्ने पनि बनायो। बाटो नबिराएको भए पनि गति बढ्न नसक्नुमा दुवैपक्षमा कमजोरी रहेको महसुस भयो। जे भएपनि यो मेरो लागि पनि महत्त्वपूर्ण सिकाइको अवसर भएको मैले ठानेको छु। समितिको कार्यकारी निर्देशक भएको दौरानमा बालबालिकासम्बन्धी नयाँ ऐनको मस्यौदा घनीभूत रूपमा सम्लग्न भइयो, तर धेरै प्रयत्न गर्दागर्दै पनि अन्तिम समयमा कतिपय कुराहरू समावेश हुन सकेनन्। यसका लागि नागरिक समाजका प्रतिनिधिहरूसँग पनि धेरै पटक छलफल भएको थियो। अत्यन्त कमजोर संस्थागत व्यवस्था रहेको केन्द्रीय बालकल्याण समितिको व्यवस्थापन सुधारमा आन्तरिक लेखा परीक्षण प्रणालीको थालनी लगायतका कार्यहरू भए भने थुप्रै नयाँ कार्यक्रमका मार्फत बालबालिकाको हित संरक्षणका लागि समितिको संस्थागत क्रियाशीलता बढ्यो। सडक बालबालिकाको उद्धार र पुनर्स्थापना अभियानकै रूपमा सुरु भयो, बालगृह अनुगमनका लागि सफ्टवेयर विकासका साथै अनुगमन कार्यलाई थप व्यवस्थित बनाइयो। यसै गरी बालबालिकासँग सम्बन्धित घटनाहरू तत्काल सम्बोधन र व्यवस्थापन गर्ने पद्धति विकास भएको छ। स्थानीय तहमा बाल अधिकारमा आधारित योजना निर्माण गर्ने प्रक्रियाको थालनी, सोको निर्देशिका प्रकाशन तथा क्षमता अभिवृद्धि भएको छ। विभिन्न भाषामा बालअधिकारसम्बन्धी सचेतना पुस्तकहरू, बाल संरक्षण तथा सहभागितासम्बन्धी निर्देशिकाहरू, नयाँ राज्य संरचनामा बालबालिकाको विषय तथा अन्य सामाग्रीहरू प्रकाशन भएका छन्। अन्य निकायहरूलाई बालअधिकारप्रति संवेदनशील बनाउने कार्यहरू भए। निर्वाचनको क्रममा राजनैतिक दलहरूसमेतलाई संवेदनशील बनाउने प्रयत्नहरू भए। यसको साथै निर्वाचनमा बालअधिकार अनुगमनका कार्यहरू पनि भए। बालबालिकासम्बन्धी सूचना स्रोतहरूको व्यवस्थापन गर्ने, आवधिक तथ्यपत्र प्रकाशित गर्ने लगायत काम भयो। भूकम्पलगायत विपद्मा परेका बालबालिकाको निम्ति तत्काल संरक्षण र सहयोगका कार्यहरू हुनुका साथै विगतको द्वन्द्व प्रभावित बालबालिकाको पुनर्स्थापन सहयोगलगायतका कार्यहरू भए। सञ्चार माध्यमलाई बालमैत्री बनाउनका लागि प्रेस काउन्सिल लगायतसँगको सहकार्यमा आचारसंहिता निर्माण गरियो। यस्ता कार्यहरूको सूची लामो हुन जान्छ, त्यसैले समग्रमा भन्नु पर्दा थुप्रै नीतिगत सुधारका कार्यहरू भएका छन्, सचेतना र क्षमता अभिवृद्धिका

काम भएका छन्, बालअधिकार उल्लंघन तथा बालबालिकाको निम्ति उपलब्ध सेवाहरूको अनुगमन, जोखिममा रहेका बालबालिकाका लागि सहयोग, पीडित बालबालिकाहरूको घटना व्यवस्थापन, अन्य सरकारी, गैर सरकारी, निजीक्षेत्र, सञ्चार क्षेत्रलगायतसँग समन्वय, सहकार्य र सहयोग, नीतिगत प्रभाव लेखाजोखा, सूचना स्रोत व्यवस्थापन, नयाँ राज्य संरचनामा बालबालिकाको विषय लगायतका क्षेत्रमा उल्लेख्य कार्यहरू भएका छन् । यति हुँदाहुँदै पनि पर्याप्त स्रोत साधनको अभाव थियो। सँगसँगै विभिन्न तहमा बालबालिकाको विषय प्रतिको संवेदनशीलता एवम् यसलाई प्राथमिकता दिइनु पर्ने भन्ने जस्ता अवधारणात्मक स्पष्टताको कमी थियो । यी कारणहरूले गर्दा बाहिरबाट सोचे जस्तो गरी राज्य संरचना भित्रबाट काम गर्न भने प्रसस्त कठिनाइ र चुनौतीहरू पनि रहन गयो ।

## पछिल्लो CRC reporting मा केन्द्रीय बालकल्याण समितिको भूमिका

राज्यको तर्फबाट गरिएको पछिल्लो CRC Reporting मा केन्द्रीय बालकल्याण समितिले उल्लेख्य योगदान गरेको छ । यसले मूलतः सूचना स्रोत व्यवस्थापन गर्ने सूचनाहरूलाई विश्लेषण गर्ने कार्यमा भूमिका खेल्यो। यो प्रतिवेदन मूलतः सरकारको तर्फबाट मन्त्रालयबाट बनाइन्छ र संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी समितिमा पेश गरिन्छ। यस प्रतिवेदन माथि संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा भएको छलफल पश्चात प्राप्त समापन टीप्पणीलाई नेपालीमा रूपान्तरण गरी सोमा उल्लेख भएका विषयहरूलाई कुन–कुन निकायले सम्बोधन गर्नु पर्दछ भन्नेसमेत छुट्याउने काम भयो। त्यसपछि सम्बन्धित निकायहरू बीच छलफल गरी जिम्मेवार र सम्वेदनशील बनाउने पहल पनि गरियो ।

## केन्द्रीय बालकल्याण समिति र नागरिक समाजसँग सम्बद्ध संस्थाहरू बीचको सहकार्य

केन्द्रीय बालकल्याण समितिलाई बालबालिकासम्बन्धी नीति निर्देशिकाहरू निर्माण गर्ने, बालअधिकारसम्बन्धी प्रतिवेदन तयार गर्नेलगायतका कार्यहरूमा नागरिक समाजसँग सहकार्य भयो। त्यहाँबाट सहयोगहरू प्राप्त भए। राज्यको न्यून स्रोत भएको अवस्थामा पनि नागरिक समाजसँग सम्बद्ध संस्थाहरूको सहयोगमा जोखिममा परेका बालबालिकाको उद्धार संरक्षणको क्षेत्रमा केही उल्लेख्य कामहरू भए। फेरि पनि कतिपय अवस्थामा सोचेजस्तो सहकार्य हुन सकेन। नागरिक समाज तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट आएका सुझावहरू उनीहरूका परियोजनामा आधारित भएर बढी आउने गरेका थिए। यस्ता सुझावहरू आउँदा परियोजनाको घेराभन्दा माथि उठेर समग्रमा राज्यको आवश्यकता र दीगोपनालाई ख्याल गरेर आएको भए अझ राम्रो हुने थियो ।

## सरकार र नागरिक समाजसँगको सम्बन्ध

सरकार र नागरिक समाजसँग सम्बद्ध संस्थाहरू दुवैलाई नजिकबाट विश्लेषण गर्दा यी दुई बीचको सम्बन्धलाई आलोचनात्मक ढङ्गले हेर्नु पर्ने हुन्छ। वास्तवमा भन्ने हो भने सरकारी निकाय र नागरिक समाज एक अर्काका परिपूरक हुन् प्रतिष्पर्धी होइनन्। नागरिक समाजले पनि राज्यबाट सुझाव मागेको बेला राज्यको योजना निर्माणको बेलामा आफ्ना सुझावहरू उपलब्ध गराउनु पर्दछ। यता सरकार र यससँग सम्बद्ध निकायहरूले पनि नागरिक समाजको दक्षता,

क्षमता र अनुभवलाई स्वीकार गर्नु पर्दछ । नागरिक समाजले पनि आफूलाई दबाब मात्र दिने पक्षको रूपमा नबुझी सुझाव सहितको दबाब दिनु उपयुक्त हुन्छ । यस्ता सुझावहरू पनि उचित समयमा दिनु श्रेयस्कर हुन्छ । समयमा नदिने अनि समय घर्के पछि हल्ला गरेरमात्र केही हुँदैन । सरकारी निकायले पनि प्राप्त सुझावलाई ग्रहण गर्ने क्षमता बढाउनु पर्छ । तर जे भएपनि बालअधिकारसँग सम्बद्ध सबै सवालहरूको सम्बोधन गर्ने अन्तिम जिम्मेवार निकाय सरकार नै हो । यसैले सरकारको यो अहम भूमिकालाई नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले उच्च मूल्याङ्कन गर्नु पर्दछ र आफ्नो स्रोत र साधनले भ्याएसम्म सहकार्य गर्नु पर्दछ । सरकार र सरकारसँग सम्बद्ध निकायहरू बाल अधिकारका सबै सवालहरूमा पोख्त नहुन सक्छन् । त्यसैले यस क्षेत्रका अनुभव संगालेका नागरिक समाजसँग सम्बद्ध विशेषज्ञहरूले सहयोग, सुझाव र सहजीकरण गर्नु पर्दछ ।

## सेवा निवृत्त भएपछिको अवस्था

केन्द्रीय बाल कल्याण समितिको कार्यकारी निर्देशकको जिम्मेवारीबाट मुक्त भएपछि हलुका महसुस भएको छ । संस्थागत चिन्ता र दौडधुपमा केही कमी आएको छ र आफ्ना लागि केही फुर्सद मिलेको छ । तर सँगैसँगै अझै बालबालिकाको जीवनमा परिवर्तन ल्याउन धेरै काम गर्न बाँकी रहेको र राज्य संरचनाको परिवर्तनले बिगतका संरचनाहरू र कार्यपद्धतिहरू खलबलिएको तर नयाँ व्यवस्थापन भइनसकेकाले बालसंरक्षणको विषय ओझेलमा त पर्ने होइन भन्ने चिन्ता बढेको छ । आफूले ३३ वर्षको अन्तरालमा प्राप्त गरेको अनुभवलाई बालअधिकारको संरक्षण र प्रवर्द्धनमा लगाउने काममा प्रत्यक्ष अप्रत्यक्ष जुनसुकै रूपमा भए पनि निरन्तर लागिरहने छु । अहिले सरकारी निकाय तथा अन्य विभिन्न संघ संस्थाहरूले सहयोग मागेको बेला स्रोत व्यक्तिको रूपमा कार्यरत हुने गरेको छु । मसँग भएको  ज्ञान, सीप र अनुभवको आवश्यकता परेको बेला जुनसुकै निकाय वा संघ संस्था वा क्षेत्रमा प्रयोग गर्न सकिनेछ । आफ्नो अनुभव, ज्ञान र सिकाइका आधारमा कुनै पनि तहमा बालबालिका प्रतिको संवेदनशिलता अभिवृद्धि गर्न, नीति कार्यक्रम निर्माण देखि व्यवस्थापनमा सुधार ल्याउन र अन्ततः बालबालिकाको मुहारमा हाँसो ल्याउनका लागि मेरो तर्फबाट हर तरहको सहयोग हरक्षेत्रमा हुनेछ ।

## अबको बाटो

विद्यमान अवस्थामा हिजोदेखि स्थापित पद्धतिहरू केही खलबलिएको अवस्था छ । राज्य पुनर्संरचनाको कारण नयाँ गाउँपालिका तथा नगरपालिकाहरू निर्माण भई कार्य सञ्चालन हुन थालेका छन् । यस अवस्थामा हिजोको गाउँ विकास समिति र नगरपालिकामा बनेका बाल संरक्षणका संरचनाहरूलाई नयाँ परिवेश अनुसार पुनर्गठन वा नयाँ गठन गर्नु पर्ने अवस्था छ । जिल्ला तहमा भएका बालअधिकार तथा बालसंरक्षणका संरचनाहरू हटेका छन्, तर यिनलाई खारेज भएको भन्नु भन्दा गाउँ वा नगरपालिकामा बिस्तार भएको रूपमा बुझ्नु पर्दछ । बालबालिकासम्बन्धी ऐन २०७५ भरखरै मात्र संसदले पारित गरेको छ । कार्यान्वयन स्थितिमा आउन अझै केही समय लाग्ने अवस्था छ ।

यस्तो स्थितिलाई सामान्य अवस्थामा ल्याउनका लागि सरकार तथा नागरिक समाज हातेमालो गर्दै यस क्षेत्रमा लाग्नु जरुरी छ । अबका दिनमा दाताहरू, नागरिक समाजसँग सम्बद्ध संस्थाहरू आफ्नो परियोजनाको स्वार्थभन्दा माथि उठेर काम गर्न जरुरी छ । नयाँ परिवेशमा बालसंरक्षण प्रणाली स्थापना गर्न

गाउँ तथा नगरपालिकाहरूलाई सहजीकरण गर्नु पर्दछ। नागरिक समाजसँग सम्बद्ध संस्थाहरूको काम गर्ने शैलीलाई पनि समीक्षा गर्नु जरुरी छ। कार्यक्रमहरू गर्नु पूर्व यस अघि गरिएका राम्रा अभ्यासहरूको सूची तयार गरी आउँदा दिनहरूमा ती अभ्यासहरूलाई पुनः व्यवहारमा ल्याउनु पर्दछ। नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले गाउँपालिका तथा नगरपालिकासँग सहकार्य गर्दै बालअधिकारको संरक्षण र प्रवर्धनमा लाग्नु जरुरी छ। यसैगरी अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा देशभित्रका नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले सरकारका योजनाहरूसँग तादात्म्य मिलाउँदै आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। नयाँ संरचनाअनुसार राज्य सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय गरी तीन वटा तहहरू छन्। ती तीन वटा तहहरूको जिम्मेवारी, कार्यक्षेत्र, क्षमता जे जस्तो छ त्यही अनुरूपको कार्यक्रम लिएर जानुपर्दछ। जस्तै संघले नीति निर्माण गर्ने अनुगमन गर्नेलगायतका कामहरू गर्दछ। प्रदेशले प्रदेश तहमा नीति निर्माण गर्ने तथा अनुगमन गर्ने र गाउँ तथा नगरपालिकाहरूलाई सहजीकरण गर्ने काम गर्नु पर्दछ। मूल सेवा प्रवाह भने पालिका स्तरबाट हुने भएकाले पालिकासँगको समन्वय र सहकार्य बढाउन आवश्यक छ। अबका दिनमा नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले आफ्ना कार्यक्रमहरू तिनै तहका सरकारका योजनासँग समन्वय तथा आबद्ध हुने गरी सञ्चालन गर्नु पर्दछ। राज्यसंयन्त्रको योजना तथा कार्यक्रमसँग मिलान नभएसम्म अन्य क्षेत्रबाट गरिएका कार्यक्रमहरूको दीगोपना रहन सक्दैन, क्षणिक उपलब्धि त हुन्छ तर दीर्घकालिन परिवर्तन कायम हुनसक्दैन। स्थानीय तहको जिम्मेवारी संघ र प्रदेश तहमा बनेका नीति योजनाहरूलाई कार्यान्वयन गर्ने भएकोले नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले गाउँपालिका तथा नगरपालिकाहरूलाई कार्यान्वयनमै सघाउनु पर्दछ।

यसक्रममा बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाहरूले निम्न चार बुँदाहरूका आधारमा पालिकाहरूसँग सहकार्य गर्नु जरुरी छः

(१) गाउँपालिका वा नगरपालिका स्तरको बालबालिकाको समस्या वा सवालहरूको पहिचान र प्राथमिकीकरण

(२) सोको सम्बोधनमा हालसम्म भएका असल अभ्यासहरूको सूची तयार गर्ने

(३) पहिचान भएका सवालहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न पालिका स्तरमा गर्नु पर्ने कार्यहरू, उपायहरूको पहिचान

(४) ती सवाल सम्बोधन गर्न व्यक्तिगत तथा नागरिक समाजसँग सम्बद्ध संस्थाहरूले पुऱ्याउन सक्ने ठोस योगदान, सहयोग

यसरी पहिचान गरिएका सवालहरूको प्राथामिकीकरण गरेर उपलब्ध हुनसक्ने सबै श्रोतहरूको संयोजन तथा सदुपयोग गरेर कामको थालनी गरिनु पर्दछ। यसका लागि गाउँपालिका तथा नगरपालिकासँग समन्वय, सहकार्य र क्षमता अभिवृद्धि गरिनु पर्दछ।

बालअधिकारसँग सम्बन्धित सचेतन सामाग्रीहरूको निरन्तर प्रचार प्रसार गर्ने, छलफलको विषय बनाउने, सातै वटा प्रदेशका ७५१ वटै गाउँ तथा नगरपालिका पुगी जनप्रतिनिधि, राजनीतिकर्मी, सञ्चार माध्यम, कानुन व्यवसायीलगायत आम जनसमुदायलाई बालअधिकारप्रति संवेदनशील बनाउन जरुरी छ। राजनीतिक दलहरूलाई उनीहरूले निर्वाचनका बेला जारी गरेका घोषणा पत्रहरूमा उल्लेखित बालबालिकाप्रतिका प्रतिवद्धताहरू पूरा गर्नका लागि घच्घच्याइरहनु आवश्यक छ।


## दातृ निकायको सोचमा परिवर्तन आवश्यक

कतिपय अवस्थामा दातृ निकायहरूले कुनै सवाललाई सम्बोधन गर्नका लागि परियोजना सञ्चालन गरेका हुन्छन्। तर उक्त सवालको सम्बोधन भई नसक्दै उक्त परियोजना समाप्त गर्ने र फेरि अर्को सवालसँग सम्बन्धित परियोजना प्रारम्भ गर्ने प्रवृत्ति रहेको देखिन्छ। नवप्रर्वतनको नाममा गरिने यस प्रकारका कार्यक्रमहरूले सवालहरूको सम्बोधनलाई पूरा नगरी केवल अलि अलि मात्र मक्मक्याउने गर्दछन्। आवधिक परियोजना त सफल भएको प्रतिवेदन होला तर अधिकांशतः सवाल ज्यूँका त्यूँ नै रहने गर्दछ। यसैले यस्तो प्रवृत्तिलाई दातृ निकायहरूले सच्याउन जरुरी छ। दशकौँदेखि काम गर्दै आए पनि अझै कतिपय समस्याहरू किन रहिरहेका छन्, हालसम्मको विषय छनौट, कार्यक्रम परिकल्पना, निर्माणदेखि कार्यसञ्चालनसम्मका तौर तरिकामा कमजोरी के छन्, कतिपय लुकेका नीहित स्वार्थहरूले नेपाली समाजमा के कस्तो असर गरिरहेको छ र वास्तवमै देशको “सिस्टम”लाई सुदृढीकरणमा सहयोग भएको छ वा परियोजना पूरा भएका छन् भन्ने लगायतकाबारेमा खुला हृदयका साथ रचनात्मक ढंगले आलोचनात्मक विश्लेषण हुन जरुरी छ।

## गैरसरकारी संस्था महासंघको भूमिका

गैरसरकारी संस्था महासंघले नेपालमा विगतदेखि हालसम्म विद्यमान विकासको ढाँचा बारे अध्ययन गर्नु आवश्यक छ। गैरसरकारी संस्थाहरूबाट भए गरेका कामहरूका सकारात्मक र सुधार गर्नु पर्ने पक्ष पहिचान गरी बाहिर ल्याउनु पर्दछ। गैरसरकारी संस्थाहरूले प्रसस्त राम्रा कामहरू पनि गरेका छन्, कतिपय गलत अभ्यासहरूले समाजले तथा राज्यसंयन्त्रले समेत हेर्ने दृष्टिकोण नकारात्मक पनि हुँदै गएका छन्। दातामुखी क्रियाकलापबाट समाजमा परेका नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि क्रियाशील हुन जरुरी छ भने सरकारसँगको सहकार्य, समन्वय र सौहार्दता अभिवृद्धिमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ। परियोजनामा मात्रै केन्द्रित होइन, सामाजिक अभियानलाई सुदृढ बनाउन तर्फ पुनः ध्यान जानु जरुरी छ।

# फरेन्सिक विज्ञान र बलात्कारसम्बन्धी स्वास्थ्य परीक्षणको अवस्था



**डा. हरिहर ओस्ती**
**फरेन्सिक विभाग, महाराजगञ्ज शिक्षण अस्पताल**

*(फरेन्सिक विज्ञान औषधी विज्ञानको विकासमा पछिल्लो अवधिमा विकास गरिएको विधा हो। सामान्य रूपमा फरेन्सिक विज्ञान भन्ने बित्तिकै शव परीक्षण गर्ने विज्ञान भनेर बुझ्ने गरिन्छ। तर वास्तवमा यो विधा यतिमा मात्र सीमित छैन। यसभित्र शव परीक्षणलगायत उमेर निर्धारण गर्ने, बलात्कार भए नभएको यकिन गर्नका लागि परीक्षण गर्नेलगायतका विषयहरू यसभित्र पर्ने गर्दछन्। यो परीक्षण मानवीय संवेदनासँग अत्यन्त निकट रूपमा गाँसिएको विधा पनि हो तर यसलाई राज्यका जिम्मेवार निकायले समेत यसको गाम्भीर्यतालाई हलुका रूपमा लिने गरेको पाइएको छ। यस सम्बन्धमा महाराजगञ्जस्थित शिक्षण अस्पतालका फरेन्सिक विभागका भिजिटिङ प्रोफेसर तथा मेडिको लिगल सोसाइटीका प्रेसिडेन्ट डा. हरिहर वस्तीसँग सिविसका रमेशकुमार पौडेल र मनिता धरेलले गरेको कुराकानीमा आधारित)*

त्रिभुवन विश्वविद्यालयमा फरेन्सिक मेडिसिन विभागमा मेडिको लिगल कार्यको सुरुवात वि.सं. २०५७ मा भएको थियो। यस विभागमा कार्यरत हुनु भन्दा अघि म वीर अस्पतालमा कार्यरत थिएँ। म यस क्षेत्रमा कार्यरत रहेको १८ वर्ष पार गरेर १९ वर्ष भएको छ। यस विभागमा विभिन्न प्रकृतिका केसहरू परीक्षणका लागि आउने गरेका छन्। यसरी यो विभागमा २२ हजारभन्दा बढी शवको परीक्षण भएको छ। यसै गरी हाम्रो विभागले परीक्षण गरेका उमेर निर्धारणसम्बन्धी केसहरू करिब १५०० भन्दा बढी रहेका छन् भने बलात्कार, यौन दुर्व्यवहार, शोषणसम्बन्धी ५०० देखि ६०० को हाराहारीमा छन्। यसैगरी यहाँ आउने अन्य प्रकृतिका केसहरूमा कुटपिट, कस्टडीमा दिइएको यातनासम्बन्धी केसहरू रहेका छन्। विभागबाट परीक्षण गरिएका कस्टडीमा दिइएको यातनासम्बन्धी केसहरू करिब ५०० भन्दा बढी छन्।

विभागमा परीक्षणका लागि प्रसूति गृह, प्रहरी, अन्य स्वास्थ्य संस्थाबाट पनि विभिन्न प्रकृतिका केसहरू सिफारिस भई आउने गर्दछन्। यसमध्ये सन् २००५ देखि सिविसमार्फत आएका जोखिममा परेका बालबालिकाहरूले यस विभागबाट परीक्षणको सेवा प्राप्त गर्दै आएका छन्। सिविसले पठाएको करिब १०० भन्दा बढी केसहरूमा यस विभागले जाँच गरी प्रतिवेदन दिएको छ।

सिविसले पठाउने प्रायः केसहरू अत्यन्त संवेदनशील प्रकृतिका हुने गरेका छन्।

बालिकाविरुद्ध भएका बलात्कार एवं यौन शोषण एवं दुर्व्यवहारसम्बन्धी रहने गरेका छन्। यस्ता केसहरूमा पीडकहरू प्रायः शक्तिसाली हुने गरेको कारण परीक्षणको क्रममा तथ्य सत्यलाई तोडमरोड गर्न तथा पीडकको पक्षमा पार्नका लागि पीडकहरूबाट दबाबहरू पनि आउन सक्ने सम्भावना हुन्छ। तर यस विभागको सन्दर्भमा भन्ने हो भने अहिलेसम्म हामीले यस्तो दबाबको सामना गर्नु परेको छैन। सम्भवतः यस विभागमा भएका दक्ष विशेषज्ञहरू र घटना हुनका लागि तत्कालीन परिस्थिति वा परिवेशसम्बन्धी आवश्यक सूचना तथा प्राप्त अनुसन्धानबाट हामीले पहिचान गरेको सत्य तथ्यलाई बाहिर ल्याइने हुँदा आजसम्म कसैले पनि दबाब दिने आँट गरेको पाइएको छैन। यस विभागमा आउनु भन्दा अगाडि वीर अस्पतालमा कार्यरत हुँदा एउटा केसको सन्दर्भमा गरिएको शव परीक्षणको क्रममा भने यस्तो दबाब आएको थियो तर मैले त्यो दबाबलाई प्रतिरोध गर्ने कार्यमा सफल भएको थिएँ।

## स्वास्थ्य परीक्षणको संवेदनशीलता

यो यति संवेदनशील विषय हो कि फरेन्सिक विशेषज्ञले गरेका कैयौँ परीक्षणहरूबाट प्राप्त सत्य तथ्यले अदालतको फैसलालाई समेत प्रभावित गर्दछ। यसैको आधारमा अदालतले अभियुक्तबाट अपराध भएको हो वा होइन भन्ने कुरा ठहर गर्नु पर्ने हुन्छ। अध्ययन अनुसन्धानको क्रममा विशेषज्ञहरू पनि अत्यन्त संवेदनशील हुनु आवश्यक छ। प्राप्त भएका घटना हुनका लागि परिस्थितिजन्य सूचना तथा जानकारीहरू तथा वस्तुगत प्रमाणको विश्लेषणमा असाध्य इमान्दारीता प्रदर्शन गर्नु आवश्यक हुन्छ। नत्र एउटा अपराधी उम्कन सक्छ

### बलात्कारमा परेकी अढाइ वर्षीय बालिकाले न्याय पाइन्

आजभन्दा करिब ७/८ वर्ष अघिको कुरा हो। २.५ वर्षकी एक बालिका आफ्नो छिमेकमा बस्ने व्यक्तिबाट बलात्कारमा परेकी थिइन्। बालिका दृष्टि कमजोर भएकी हजुरआमासँग बस्थिन्। यही मौका छोपेर पीडकबाट यस्तो जघन्य अपराध भएको थियो। बालिकाकी आमा साँझमा घर आएपछि बालिकाको असहजता र छटपटी देखेर छोरीलाई फकाएर सोधिन्। यसरी सोध्दा छोरीले उनकै शब्दमा दादा भनी बोलाउने गरेको नजिकैको कोठामा बस्ने एक व्यक्तिले दिउँसो उनमाथि गरेको यौन कार्य गरेको कुरा आमालाई बताइन्। यसपछि उनलाई टिचिङ अस्पतालको आकस्मिक कक्षमा ल्याइयो। आकस्मिक कक्षका चिकित्सकहरूले जाँच गरी बालिकालाई बालिकाकी आमाले भनेजस्तो केही पनि भएको छैन भन्ने जानकारी दिए। त्यसपछि उनकी आमाले यो परीक्षणले देखाएको कुरा गलत छ। हुनै सक्दैन भनिन्। उनले अझ प्रष्ट पार्दै भनिन्, नत्र मेरी यति सानी छोरीले किन यस्तो कुरा मलाई भन्थी। यति सानी बालिकाले कसरी झुटो बोल्न सक्छे ? यसरी आमाले जिरह गरेपछि चिकित्सकहरूले उक्त केसलाई फरेन्सिक विभागमा परीक्षणका लागि सिफारिस गरे। त्यसपछि बालिकाको आमा रुँदै न्याय माग्न फरेन्सिक विभागमा आइपुगिन्। उक्त केसको व्यवस्थापन गर्नका लागि विभागबाट सिविससँग सहयोग मागियो। त्यसपछि सिविसको पहलमा बालिकालाई जाँच गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने काम भयो। यसको साथै बालिकाकी आमालाई मनोसामाजिक विमर्श सेवा प्रदान गरियो। फरेन्सिक विभागले गरेको परीक्षणबाट बालिकालाई गुदद्वारमा बलात्कार भएको पत्ता लाग्यो। तत्काल बालिकालाई उपचारको बन्दोबस्त गरियो। त्यसपछि यही परीक्षण प्रतिवेदनले निकालेको निष्कर्षको आधारमा अदालतले बालिकाविरुद्ध बलात्कार भएको ठहर गऱ्यो र उक्त बालिकालाई न्याय दिलाउने काममा सफलता प्राप्त भएको थियो। यो घटनाबाट सिविसले कुनै पनि केश लिएपछि त्यसलाई फत्ते गरेर मात्र छोड्छ भन्ने विश्वास जगाउने काम गरेको छ।

र पीडितले न्याय पाउन नसक्ने स्थिति सिर्जना हुन्छ। यसै हुनाले विशेषज्ञले सत्य तथ्य सम्बन्धित निकायसमक्ष प्रस्तुत गरिसकेपछि अदालतले न्याय निरूपणको क्रममा फेरि वकपत्रका लागि बोलाउने गर्दछ। यस शिलशिलामा हामी विभागको तर्फबाट बकपत्र गर्न अदालतमा उपस्थित हुने गरेका छौँ। यस दौरानमा हामी उपत्यकाभित्रका अदालतहरूमा मात्र होइन उपत्यका बाहिरका अदालतमा पनि जाने गरेका छौँ। एक पटकको कुरा हो केसको परीक्षणमा सम्लग्न हामी ४ जना विशेषज्ञहरू मकवानपुर अदालतमा गएका थियौँ। यसरी अदालतले बकपत्रका लागि विशेषज्ञहरूलाई बोलाउने कुरालाई अत्यन्त सकारात्मक रूपमा लिनुपर्दछ।

## बलात्कारका केसहरूमा सत्य तथ्य पहिचानमा जटिलता

बलात्कार, बालयौन शोषण तथा बालयौन दुर्व्यवहार जस्ता केसहरू भएका हुन् कि होइनन् भन्ने विषयमा सत्य तथ्य पहिचान गर्न असाध्य कठिन हुने गर्दछ। यस्ता घटनाहरू प्रमाणित गर्न वस्तुगत प्रमाण मात्र भएर पुग्दैन। कतिपय यस्ता घटनाहरू प्रमाणित गर्नका लागि परिस्थितिजन्य सूचनाहरूको पनि उत्तिकै आवश्यकता पर्दछ। कतिपय अवस्थामा मेडिकल परीक्षणले मात्र बलात्कारका घट्नाहरू प्रमाणित नहुन पनि सक्छन्। कहिले काहीँ सामूहिक बलात्कारका घटनाहरूको परीक्षणमा पनि चिकित्सककीय प्रतिवेदन नकारात्मक आउन सक्छ भने कतिपय केसमा मेडिकल परीक्षणले अकाट्य प्रमाण दिन सक्छ। यस्ता कुराहरूलाई, न्याय निरूपण गर्ने व्यक्ति, प्रहरी, न्यायाधिवक्ता तथा यसक्षेत्रमा कार्यरत संघसंस्थाहरूले थाहा पाउनु आवश्यक हुन्छ। बिर्सनै नहुने कुरा के हो भने पीडित पक्षको फरेन्सिक परीक्षण ढिलो भएमा सत्य प्रमाणित नहुन सक्छ। यसैगरी धोइ पखाली वा नुहाइ धुवाइ गरेमा विर्य तथा रौँ लुगामा लागेका टाटा जस्ता प्रमाणहरू नष्ट हुन्छन्।

## फरेन्सिक परीक्षण अत्याधुनिक उपकरणयुक्त (Team Work)समूह कार्य

फरेन्सिक परीक्षण एउटा टिम वर्क हो। यो एउटा सत्य तथ्य पत्ता लगाउने मिसन पनि हो। फरेन्सिक परीक्षण गर्न सामान्य डाक्टर (MBBS) पास गरेको मात्र भएर पुग्दैन। फेरि अर्को कुरा एउटा विषयको विशेषज्ञमा अर्को विषयसम्बन्धी विशिष्ट ज्ञानको अपेक्षा गर्न सकिन्न। जस्तै गाइनोकोलोजीमा विशेषज्ञता हासिल गरेको डाक्टरलाई पनि फरेन्सिक परीक्षणसम्बन्धी विशिष्ट ज्ञान हुँदैन। यसैले फरेन्सिक परीक्षण गर्नका लागि यसै क्षेत्रमा विशिष्ट ज्ञान, सीप र दक्षता भएको व्यक्तिको आवश्यकता पर्दछ। अझ यससम्बन्धी विशेष तालिम र अनुभव भएको विशेषज्ञको आवश्यकता हुन्छ। यसमा विशेषज्ञको इमान्दारिता र तटस्थता पनि उत्तिकै जरुरी हुन्छ। यतिले मात्र पुग्दैन। परीक्षणका लागि विशेष प्रविधियुक्त सुक्ष्मदर्शक यन्त्रलगायतका उपकरणहरू तथा सुविधासम्पन्न विधि विज्ञान प्रयोगशालाहरूको पनि जरुरी हुन्छ। हाम्रो देशका अस्पतालहरूमा त्यस्ता उपकरण तथा प्रयोगशालाहरू उपलब्ध हुने सक्ने स्थिति छैन। अपराध प्रमाणित गर्न प्राप्त तथ्यहरूले किटानी गर्नु पर्दछ। उदाहरणका लागि वस्तुगत प्रमाणको रूपमा प्राप्त भएको शुक्रकिट शंकास्पद व्यक्तिको शुक्रकिटसँग तुलना गरेर हेर्दा सम्बन्धित व्यक्ति अपराधी हो वा होइन भन्ने किटानी गर्न सकिन्छ।

## राज्यको चासोभित्र नपरेको क्षेत्र

फरेन्सिक परीक्षण अत्यन्त संवेदनशील हुँदाहुँदै पनि राज्यबाट उपेक्षा गरिएको विषय हुन गएको छ। टिचिङ अस्पतालमा भएको यो विभाग केवल पढाउनका लागि मात्र स्थापना गरिएको हो। यसका लागि छुट्टै बजेटको व्यवस्था छैन। यसका लागि पूर्वाधारयुक्त कोठा पनि छैन। लामो समयसम्म एउटा फोहोर फालिएको कोठामा

परीक्षण गर्ने काम गर्न हामी बाध्य छौँ र त्यसै कोठालाई केही समय अगाडि युनिसेफको सहयोगमा केही सुधार भएको अवस्था छ। यसबाट थोरै मात्र भएपनि केही सहजता भएको छ।

प्रहरी निकायले बलात्कार तथा यौन शोषणका केसहरू प्रायः जसो मेडिकल परीक्षण सोझै प्रसुती गृहमा पठाउने गर्दछ। प्रसुती गृहले जटिल ठानेका तथा संस्थाको आग्रहमा सिफारिस गरिएका केसहरू मात्र मेडिकल परीक्षणका लागि यहाँ आउने गरेका छन्। देशभरि नै बलात्कारमा परेका महिला, बालबालिकालगायत केसहरूमा चिकित्सीय जाँच तथा प्रतिवेदन तयारी गर्ने कार्य केवल झारो टार्ने कामको रूपमा मात्र हुने गरेको देखिन्छ।

## बलात्कार र स्वास्थ्य परीक्षणसम्बन्धी कानुनी व्यवस्था

बलात्कार र स्वास्थ्य परीक्षणसम्बन्धी कानुनी व्यवस्थाको सन्दर्भमा मेडिकोलिगल भन्ने विषयले असाध्य ठूलो महत्त्व राख्छ। कानुनमा शव परीक्षणसम्बन्धी केही कानुनी प्रावधानहरू छन्। तर बलात्कारसम्बन्धी केसको सन्दर्भमा यस्तो अस्पतालमा स्वास्थ्य जाँच गराउनु पर्दछ भन्ने समेत लेखिएको छैन। कानुनका दफाहरूमा नै गम्भीर प्रकृतिका केस खासगरी बलात्कार, यौन शोषणलगायतका केसहरूमा मेडिकल परीक्षण गराउनुपर्दछ भनेर किटानी गर्ने प्रावधान हुनु आवश्यक छ। यस्तो व्यवस्था नत हिजोको मुलुकी ऐन २०२० मा थियो न हालै जारी गरेको मुलुकी अपराध संहिता ऐन २०७४ मा नै छ। पछि बन्ने नियमावलीमा पनि आउन सक्ने सम्भावना नहुन सक्छ। तर मूल कुरा के हो भने कार्यविधिमै तोकिएको खण्डमा मात्र सत्य तथ्य पहिचान भई वास्तविक पीडामा परेका सर्वसाधारणले उचित न्याय पाउनका लागि सहज हुन सक्छ। बलात्कारको केसको स्वास्थ्य परीक्षण गर्न विशिष्ट निर्देशिका बनाउनै पर्दछ। कञ्चनपुर जिल्लाको निर्मला पन्तको केसमा पनि सम्बन्धित विज्ञले सुरुको अवस्थामै परीक्षण गरेको भए सायद त्यसको वास्तविकता पहिचान गर्न सहज हुन सक्थ्यो। बलात्कारसम्बन्धी केसमा फरेन्सिक विशेषज्ञले नै परीक्षण गर्नु पर्दछ भन्ने कानुनी व्यवस्था नभएपनि हालसम्म गरिएका अभ्यासहरूको आधारमा बेला बखत त्यस्ता केसहरू यस विभागसम्म आइपुग्ने गर्दछन्।

अर्कोतिर आजसम्मको अभ्यासमा प्रायः यो काम सबैभन्दा जुनियरले गर्नु पर्ने स्थिति छ। संवेदनशील प्रकृतिका घटनाहरूमा मेडिकल परीक्षण गर्दा आफ्नो अनुकूल मेडिकल रिपोर्ट तयार गर्नका लागि दबाब धम्की आउन सक्ने भएको कारण यो चिकित्सकहरूका लागि पनि आकर्षणको विषय होइन। यस्तो मानसिक जोखिम उठाएर काम गर्नु पर्ने विषयमा कुनै थप प्रोत्साहन तथा आकर्षण जस्ता न्यूनतम सुविधासमेत राज्यले उपलब्ध गराएको छैन।

## स्वास्थ्य परीक्षणको आवश्यकता भएका बालबालिकाको सवाल

बलात्कारमा परेका बालबालिकाको स्वास्थ्य परीक्षणको सवाल अझ ओझेलमा परेको विषय भएको छ। बालबालिकाको मेडिकल परीक्षण गर्दा एउटा बालमैत्री वातावरण भएको छुट्टै कोठा चाहिन्छ। किनकी कतिपय अवस्थामा बालबालिकाले विश्वास गरेका मनोविमर्शदातालाई पनि सँगै राखेर उनीहरूबाट परिस्थितिजन्य सूचनाहरू लिनुपर्ने हुन सक्छ। स्वास्थ्य परीक्षणको शिलशिलामा सोधिएका कैयौँ सवालहरू डरत्रास तथा मनोसामाजिक समस्यामा परेको अवस्थामा परेका बालबालिकाले हामीलाई बताउन नसक्ने अवस्था हुन सक्छ। यसैले पनि मनोसामाजिक परामर्शदातासहित बालमैत्री वातावरणयुक्त कोठाको आवश्यकता हुन्छ। तर हामी कहाँ यस्तो व्यवस्था छैन। यस्तो व्यवस्था गर्न जरुरी छ।

## आम मानिसहरूको बुझाइ

आम मानिसहरूमा पनि फरेन्सिक परीक्षण गर्ने बारे सामान्य जानकारी मात्र छ। फरेन्सिक विभाग भनेको शव परीक्षण गर्ने निकाय मात्र हो भन्ने बुझाइ भएको पाइन्छ। काठमाण्डौको कुरा गर्ने

हो भने प्रहरी निकायले पनि बलात्कारका केसहरू प्रायः थापाथलीस्थित प्रसुती गृह मै पठाउने गर्दछ। त्यसैले आम मानिसहरू पनि यस्ता केसहरू प्रहरीले जहाँ पठाउँछ त्यही निकाय नै ठीक होला भन्ने कुरा अनुमान गर्दछन्। तर वास्तवमा भन्ने हो भने बलात्कारका केसहरू फरेन्सिक विभाग वा यस्ता तालिम प्राप्त विशेषज्ञहरू भएका अस्पतालहरूमा मात्र परीक्षण गरिनुपर्दछ।

## फरेन्सिक विभागले सिविससँग गरेको सहकार्यको अनुभव

यस विभागले सिविससँग लामो समयदेखि सहकार्य गर्दै आएको छ। प्रारम्भका दिनहरूमा अनुभवको अभावमा यस संस्थाद्वारा ल्याइएका केसहरूको स्वास्थ्य परीक्षणको सम्बन्धमा आवश्यक परिस्थितिजन्य प्रमाणहरू तत्काल पेश गर्न सक्ने अवस्था हुँदैनथ्यो। तर पछिल्ला दिनहरूमा भने यो स्थितिमा धेरै सुधार भएको देखिन्छ। सिविसले सहजीकरण गरेका हालसम्मका केसहरूमा सम्बन्धित केसको घटना व्यवस्थापन नहुञ्जेलसम्म निरन्तर अनुगमन गरिरहने हुनाले पीडित बालबालिका बीचमा अलपत्र पर्नु पर्ने अवस्था देखिएको छैन। यसबारे ध्यान दिनुपर्ने कुरा के हो भने कुनै पनि केश स्वास्थ्य परीक्षणका लागि ल्याउँदा वा रिफर गर्दा फरेन्सिक विभागलाई पनि पर्याप्त मात्रामा सूचना हुन आवश्यक हुन्छ। घटनाको बारेमा दिन सकिने जति सबै सूचना दिनुपर्छ जसले गर्दा स्वास्थ्य परीक्षण गर्नको लागि सहज बनाइदिन्छ। वास्तवमा परिस्थितिजन्य सूचनाहरू र स्वास्थ्य परीक्षणबाट प्राप्त भएका तथ्यहरू बीच मेल खानु पर्दछ। अनि मात्र वास्तविकताको नजिक पुग्न सकिन्छ।

## राज्यलाई घच्घच्याउन आवश्यक

बालबालिकाको अधिकारका लागि कार्यरत रहने क्रममा अब सिविसले यस क्षेत्रमा राज्यका सम्बन्धित निकायको ध्यानाकर्षण गर्नका लागि निम्न विषयहरूमा लबी एडभोकेसी गर्नु पर्ने आवश्यक देखिन्छ :

(१) बलात्कार जस्तो जघन्य अपराधसँग सम्बन्धित केसको स्वास्थ्य परीक्षण सामान्य डाक्टरले नगरी फरेन्सिक विशेषज्ञता हासिल गरेका डाक्टरहरूले गर्नका लागि व्यवस्था मिलाउने।

(२) फरेन्सिक विभाग तथा फरेन्सिक विशेषज्ञ भएका अस्पतालहरूलाई अत्याधुनिक प्रविधियुक्त उपकरण तथा प्रयोगशालाहरूको व्यवस्था गर्नु पर्ने।

(३) फरेन्सिक विभागमा तथा सम्बन्धित अस्पतालहरूमा मनोसामाजिक विमर्शदातासहितको एउटा छुट्टै बालमैत्री स्वास्थ्य परीक्षण गर्ने कोठाको व्यवस्था हुनुपर्ने।

(४) प्रहरी निकायहरूलाई यस्ता केसहरू सामान्य अस्पतालहरूमा नपठाइ फरेन्सिक विशेषज्ञता भएका अस्पतालहरूमा पठाउनु पर्ने।

(५) प्रत्येक क्षेत्रीय तथा अञ्चल अस्पतालहरूमा फरेन्सिक विशेषज्ञको व्यवस्था एवं आवश्यक उपकरणसहित प्रयोगशालाको व्यवस्था गर्नु पर्ने।

(६) बलात्कारसम्बन्धी केसहरूको स्वास्थ्य परीक्षण फरेन्सिक विशेषज्ञता भएकै डाक्टरहरूले गर्नु पर्ने कानुनी व्यवस्था तथा यसको प्रक्रियासहितको स्पष्ट निर्देशिका जारी गरी सो कार्य गराउने।

(७) मेडिको लिगल कार्य अस्पतालमा चिकित्सकले मानव शरीर जाँच गरेर मात्र पूर्ण प्रतिवेदन तयार हुँदैन। यसको पूर्णताको लागि सुविधा सम्पन्न विधि विज्ञान प्रयोगशालामा पीडित वा पीडकबाट संकलन गरिएका विभिन्न नमुना (Sample) हरू जाँच गरिनु पर्दछ। प्रयोगशालाबाट जाँच गरिएका प्रतिवेदन र स्वास्थ्य परीक्षण दुवै मिलाएर मात्र पूर्ण प्रतिवेदन तयार गर्न सकिने कार्यविधि बनाउन आवश्यक छ।

# शिक्षा अधिकारमा एनसिइ-नेपालको भूमिका



**कुमार भट्टराई**

*(सन् १९९५ देखि बालअधिकारको अग्रणी संस्था सिविन-नेपालमा आबद्ध भई बालअधिकार अभियानमा संलग्न हुनु भएका कुमार भट्टराई यसभन्दा पहिले करिब १० वर्ष शिक्षण पेशामा संलग्न हुनुहुन्थ्यो । हाल उहाँ सिविनका कार्यक्रम निर्देशक एवम् प्रवक्ता हुनुहुन्छ । यसैगरी उहाँले सिविनको प्रतिनिधित्व गर्दै शिक्षाको अधिकारमा काम गर्ने शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ-नेपाल) नामक नागरिक सञ्जालका अध्यक्षको जिम्मेवारी सम्हाल्दै आउनु भएको छ । उहाँ बालसहभागितामा काम गर्ने संस्थाहरूको साझा समूह कन्सोर्टियम तथा दक्षिण एशियाली क्षेत्रीय संगठन सार्कको बालसंरक्षणका लागि काम गर्ने उपल्लो संरचना साइभाकसँग आबद्ध राष्ट्रिय नागरिक समाजको संरचना एनएसिजिका पूर्व अध्यक्ष समेत रहनु भएको थियो । शिक्षाको अधिकारमा एनसिइ-नेपालले पुऱ्याइरहेको योगदानको सन्दर्भमा श्री कुमार भट्टराईसँग सिविसका रमेशकुमार पौडेलले गर्नुभएको कुराकानीका आधारमा यो लेख तयार गरिएको छ ।)*

## विषय प्रवेश

हाम्रो देशमा बालबालिकाको शिक्षाको अधिकार र उनीहरूको संरक्षणको सवाल केही समय यता अत्यधिक चर्चा र बहसको विषय बन्दै आइरहेको छ। देश संघीयतामा प्रवेश गरिसकेको नयाँ परिवेशमा अबको शिक्षा कस्तो हुनु पर्ने भन्ने सन्दर्भले पनि बहसलाई व्यापकता दिएको हो। शिक्षा नीतिको ढाँचा कस्तो हुने भनेर सरकारले उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरेर शिक्षा बहसलाई घनिभूत बनाइरहेको छ भने एनसिइ लगायत नागरिक समाज तथा विद्वत वर्ग यस बहसमा तन्मयतापूर्वक सक्रिय छन्। अपेक्षा गरौं उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले हाम्रो देशको शिक्षा नीति तय गर्न महत्त्वपूर्ण सुझावहरू सरकार समक्ष राख्नेछ।

पछिल्लो केही समय यता बालबालिका विशेषतः बालिकाहरूमाथिको जोखिमता बढ्दै गएको छ। लगभग दिनहुँजसो हुने बलात्कार र हत्या जस्ता जघन्य अपराधका घटनाहरूले आम जनमानसमा त्रास फैलिएको छ। विशेषगरी बालिकाहरू, बालिकाहरू मध्ये पनि सीमान्तकृत समुदायका बालिकाहरू झन् बढी असुरक्षित बन्दै गएका छन्। विभेद र असुरक्षाका कारण विद्यालय छोड्ने बालबालिकाको संख्या बढिरहेको छ। यसरी बढ्दै गएको विभेद र असुरक्षाको समस्या दक्षिण एसियाकै साझा समस्या भएर देखा परेको छ। यस्ता परिदृश्यहरूबाट बालबालिका तथा शिक्षा क्षेत्रलाई शान्ति क्षेत्रका रूपमा स्थापित गराउने कुरा थप सान्दर्भिक हुन गएको छ।

बालबालिकाको शिक्षाको अधिकारको प्रत्याभूति तथा बालहिंसाविरूद्ध जुध्नका लागि विभिन्न सामाजिक संघसंस्था र तिनका सञ्जालहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। जसमध्ये शिक्षाको अधिकारका लागि क्रियाशील नेपालको सबैभन्दा ठूलो सञ्जाल शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) ले बालबालिकाको शिक्षाको अधिकारका लागि खेलिरहेको भूमिकाका बारेमा यहाँ चर्चा गरिने छ।

## एनसिइ–नेपालको परिचय तथा उद्देश्यहरू

नेपालमा शिक्षा अधिकारका लागि एउटा महत्त्वपूर्ण आन्दोलनको नेतृत्व गरिरहेको 'शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल)' राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा एउटा सुपरिचित नाम बन्न गएको छ। यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ संस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यम, तथा अन्य समुदायस्तरमा परिचालित संघसंस्थाहरू गरी विभिन्न ३३९ संघसंस्थाहरू आवद्ध रहेका छन्। शिक्षाका लागि विश्वव्यापी अभियान (Global Campaign for Education-GCE) को नेपाल च्याप्टरका रूपमा सन् २००३ मा स्थापित यस सञ्जालले आफ्नो क्रियाशीलताका कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म ख्याति कमाइरहेको छ।

**एनसिइ–नेपाल**ले बालअधिकार खासगरी नेपालको संविधानले सुनिश्चित गरेको गुणस्तरीय शिक्षा आर्जन गर्न पाउने अधिकारका लागि सरकार तथा सम्बन्धित सरोकारवालाहरूको ध्यान आकृष्ट गर्नेदेखि आमजनतामा शिक्षाको अधिकारसम्बन्धी चेतना फैलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। साथै यसले शिक्षाका माध्यमबाट समतामूलक, समावेशी र शान्तिपूर्ण समाज निर्माण गर्नुकासाथै आम नागरिकको सशक्तीकरण गर्दै उनीहरूको सर्वोपरी हितलाई दूर दृष्टिका रूपमा पनि अंगिकार गरेको छ। नेपालका बालबालिकादेखि वयस्कसम्ममा निःशुल्क, अनिवार्य, समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गराउनु यसको प्रमुख उद्देश्य रहेको छ। शिक्षा नीतिको एकीकृत र व्यवस्थित विकासका लागि बहस पैरबी गर्ने, समसामयिक शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गर्ने र सिफारिसहरूको कार्यान्वयनका लागि कार्यक्रमहरू निर्माण गर्ने, प्रचार एवं पैरबी गर्नु यस सञ्जालका थप उद्देश्य रहेका छन्।

## सार्वजनिक शिक्षा सम्बन्धमा एनसिइ–नेपालको धारणा

सार्वजनिक शिक्षाका सम्बन्धमा एनसिइले आफ्नो धारणा सार्वजनिक गरी सोही मुताबिक गतिविधिहरूलाई निर्देशित गरिरहेको छ। यो सार्वजनिक शिक्षाको सुदृढीकरण बिना समावेशी लोकतन्त्रको जग बलियो नहुने कुरामा विश्वस्त छ। सामाजिक तथा सांस्कृतिक सम्मुन्नति एवम् आर्थिक सम्वृद्धिको मूल आधार नै सार्वजनिक शिक्षा हो। यसले मात्र व्यक्ति तथा समुदायमा स्वतन्त्रता, समानता र सामाजिक न्यायको अवधारणालाई मजबुत बनाउँदै लैजान्छ। त्यसैले नेपालको संविधान (२०७२) ले शिक्षा राज्यको दायित्व रहेको कुरालाई आत्मसात् गर्दै शिक्षालाई सबैको पहुँचमा पुऱ्याउन माध्यमिक तहसम्म निःशुल्क तथा आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रणाली लागू गर्ने सोच राखेको छ। संविधानतः सबैको गुणस्तरीय शिक्षा पाउने मौलिक हक भए तापनि सार्वजनिक शिक्षाको अवस्था अपेक्षाअनुरूप सहज र प्रभावकारी हुन सकेको छैन। संविधानले सुनिश्चित गरेको शिक्षासम्बन्धी अधिकार, दिगो विकास लक्ष्य र सबैका लागि शिक्षा अभियानले शिक्षासम्बन्धी व्यवस्थाहरू, विद्यालय क्षेत्र विकास कार्यक्रम, बालबालिका शान्तिक्षेत्र अभियानमा व्यक्त प्रतिवद्धताहरूको पूर्ण कार्यान्वयनका लागि एनसिइ-नेपालले सम्बन्धित सरोकारवाला पक्षको गम्भीर ध्यानार्कषण गराउँदै आएको छ।

## शिक्षामा लगानी बढाउने सम्बन्धमा

सार्वजनिक शिक्षाको सुदृढीकरणका लागि सरकारले शिक्षामा लगानी बढाउनु पर्ने कुरालाई एनसिइले जोड दिइआएको छ। राज्यले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रतिवद्धतालाई व्यवहारतः पूरा गर्न तथा समावेशी र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न नेपालको सार्वजनिक शिक्षामा राष्ट्रिय कूल बजेटको २० प्रतिशत तथा कूल ग्राहस्थ उत्पादनको ६ प्रतिशत विनियोजन गरिनु पर्दछ। सामुदायिक विद्यालयका लागि स्थानीय तहबाट प्रत्यक्ष खर्च तथा अनुदानको प्रणाली लागू गरिनु पर्दछ।

## निजी क्षेत्रको नियमन सम्बन्धमा

हामीले सार्वजनिक शिक्षाको सुदृढीकरण भनिरहँदा निजी क्षेत्रको नियमनको पक्ष पनि उत्तिकै मुखरित हुने गरेको छ। लगानीका हिसाबले शिक्षा क्षेत्र एकातिर सरकारी र अर्कोतिर कम्पनीमा अभिव्यक्त हुने गरेको छ। सरकारी क्षेत्रमा कसैको चासो नहुने र कसैले दायित्व नबोक्ने भएकाले निस्क्रियता बढ्दै गएको बहानामा निजी क्षेत्र शिक्षामा लगानी गर्न हौसिएको पाइन्छ। निजीको लक्ष्य स्वच्छ प्रतिस्पर्धाभन्दा पनि सरकारी क्षेत्रलाई कमजोर बनाई एकलौटी मुनाफा कमाउने मानसिकताले ग्रस्त छ। सरकारले उचित ऐनकानुन निर्माण गरी नियमन गर्न र राज्य कोषमा सही तरिकाले निजीको लगानीलाई बाँध्न सकिरहेको छैन। शिक्षामा निजीकरण मौलाउँदा समाजमा वर्गीय खाडल बढ्दै छ। बालबालिकामाथि चरम विभेदको अवस्था छ। यसको निराकरण गरिनु पर्दछ। निजी शिक्षालाई नियमन र नियन्त्रण गर्न प्रभावकारी कदम चालिनु पर्दछ।

## शिक्षाको गुणस्तर सम्बन्धमा

शिक्षामा गुणस्तरीयताको कुरा गर्दा बदलिंदो परिवेश र प्रविधिमा आएको क्रान्तिकारी परिवर्तनलाई पछ्याउँदै उपयुक्त सिकाइ वातावरण सिर्जना र सो अनुकूलको शिक्षण विधि अवलम्बन गर्न नसकिएको कारण ८५ प्रतिशत भन्दा बढी बालबालिकाको पहुँचमा रहेको सार्वजनिक विद्यालयहरूले गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकेका छैनन्। शिक्षाको गुणस्तर मापनको मुख्य आधार विद्यार्थीको सिकाइस्तर हो। सार्वजनिक विद्यालयहरूको प्राप्ताङ्क अनुपात ४० प्रतिशतको हाराहारीमा देखिनुले सिकाइस्तर न्यून छ भन्ने पुष्टि गर्छ। फलस्वरूप, सार्वजनिक विद्यालय छाड्ने एवम् निजी विद्यालयतर्फ आकर्षण बढदै गएको देखिन्छ। यसर्थ गुणस्तरीयताको नाममा शिक्षालाई किनबेचको वस्तु बनाउने प्रवृत्तिलाई रोक्नका निमित्त शिक्षकहरूलाई आवश्यक सहभागीमूलक तथा बालकेन्द्रित शिक्षण सिकाइ विधिसम्बन्धी तालिमहरू सरकारले उपलब्ध गराउनु पर्दछ।

## समयानुकूल पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण सम्बन्धमा

पाठ्यक्रमसम्बन्धी नेपाल सरकारको मापदण्ड समान भएता पनि, सार्वजनिक विद्यालय र निजी विद्यालयमा प्रयोग गरिने सन्दर्भ सामग्री तथा पाठ्यपुस्तकमा विविधता पाइन्छ। समान उमेरका बालबालिकालाई दिइने शिक्षामा पनि विभेद देखिन्छ। शिक्षकको लागि शिक्षण सामग्री र बालबालिकाको लागि उमेर सुहाउँदो सन्दर्भ सामग्रीको निकै अभाव छ। जसबाट आम अभिभावकमा निजी विद्यालयमा राम्रो पठनपाठन हुने र सार्वजनिक विद्यालयमा पढाइ राम्रो नहुने मनोविज्ञान विकसित भएको छ। यस्तो खाडललाई पुर्नका निमित्त नेपाल सरकारले तत्काल पाठ्य सामग्रीमा समेत आवश्यक परिमार्जन गरी एकरूपता कायम गर्नुपर्दछ। विद्यालयको पाठ्यक्रमले स्थानीय उत्पादन, श्रम एवम् स्थानीय अर्थतन्त्र, स्थानीय रोजगार वृद्धि गर्ने कुरालाई सुनिश्चित गर्ने गरी रोजगारमूलक व्यवसायिक शिक्षालाई जोड दिनुपर्छ। साथै विपन्न बालबालिकाको शिक्षा सुनिश्चित गर्न आय आर्जनमा आधारित शिक्षा प्रणालीलाई जोड दिने नीति अख्तियार गरिनुपर्दछ।

## शिक्षक व्यवस्थापन सम्बन्धमा

सरकारी विद्यालयमा रहेका शिक्षकहरूबीचमा ठूलो विभेद छ । स्थायी, अस्थायी, निजी स्रोत, राहत अनुदान शिक्षक, विभिन्न अनुदानका शिक्षकहरू, प्रतिविद्यार्थी लागत, महिला परियोजना, बालविकास आदिजस्ता विविध नामका शिक्षकहरू विद्यालयहरूमा कार्यरत छन् । उनीहरूले पाउने सेवासुविधा पनि फरकफरक छन् । शिक्षक नियुक्ति र व्यवस्थापनमा नेपालको दूरदर्शी नीति र कार्यक्रमगत सोचको अभाव छ। शिक्षकहरू नै विविध सेवा सुविधा र वर्गमा विभाजित छन् । शिक्षक व्यवस्थापनमा उपयुक्त मार्ग अवलम्बन गर्न नसक्दा र स्थानीय समुदायलाई सक्षम बनाई शिक्षा व्यवस्थापन र शिक्षकको सेवा मूल्याङ्कन गर्ने क्षमता र अधिकार सेवा लिनेहरूकै हो भन्ने धारणा विकास नभएकाले सामुदायिक शिक्षा कमजोर भएको देखिन्छ । यसर्थ अभिभावकहरूलाई नै जिम्मेवार बनाएर संवैधानिक प्रावधान अनुरूप शिक्षक छनौटको प्रक्रियालाई स्थानीयकरण गरी स्थानीय सरकारप्रति जवाफदेही शिक्षक व्यवस्थापनको संयन्त्र बनाउनु जरूरी छ। प्रधानाध्यापकहरूमा अन्तरव्यैयक्तिक सक्षमता सीप, नेतृत्व दक्षता र विचारजन्य उच्च नैतिकता र स्थानीय स्रोत साधन परिचालन गरी विद्यालयलाई आकर्षक बनाउने व्यवस्थापकको रूपमा विकास गर्नु पर्दछ ।

## विद्यालय अनुगमन तथा सुपरीवेक्षण सम्बन्धमा

विद्यालयमा अनुगमनको अभावमा मनपरी भएको छ। एकातिर विद्यालयभित्र सुशासनको अभावमा स्रोतको दुरूपयोग भइरहेको छ भने अर्कोतिर बालबालिका गुणस्तरीय शिक्षाको अधिकारबाट वञ्चित छन्। अनुगमन तथा सुपरीवेक्षणका लागि विद्यमान मानव स्रोतको अवस्था व्यवहारिक देखिदैन । व्यवस्थित र सचेत ढङ्गबाट अधिकारमा आधारित सूचक बनाएर गरिने अनुगमन हुन नसक्दा सार्वजनिक विद्यालयहरूको मूल समस्या तर्फ ध्यान जान सकेको छैन । तसर्थ, विद्यालयमा सुशासन प्रवर्द्धन गर्न स्थानीय समुदायको सहभागीता सुनिश्चित गरिनु पर्दछ । नागरिक तहको जवाफदेहिताको संयन्त्र बनाई विद्यालयहरूको अनुगमन सुपरीवेक्षण तथा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

## विद्यालयको भौतिक संरचना सम्बन्धमा

हाल अधिकांश सार्वजनिक विद्यालयहरू बालमैत्री तथा अपाङ्गतामैत्री छैनन् । पर्याप्त भौतिक पूर्वाधारहरूको अभावमा सामुदायिक विद्यालयहरू जीर्ण बन्दै गइरहेका छन् । यसर्थ विद्यालयहरूको पूर्वाधारका लागि पर्याप्त लगानी गरी विद्यालय बाहिर रहेका, विद्यालयमा केही वर्ष अध्ययन गरेर छाडेका, फरक क्षमता भएका बालबालिकाका लागि क्षेत्रगत स्रोत कक्षा, वैकल्पिक कक्षा र ग्रामीण परिवेशमा आधारित प्रविधियुक्त शिक्षाको व्यवस्था गरिनु पर्दछ ।

## बालमैत्री वातावरण निर्माणका सम्बन्धमा

अहिले पनि विद्यालयहरूमा अनुशासनका नाममा बालबालिकालाई दण्ड सजाय दिने प्रचलन व्यापक छ। बालबालिका हेपाइ, विभेद, दुर्व्यवहार जस्ता कुराहरूबाट उत्तिकै पीडित छन् । बालमैत्री व्यवहारको अभाव खड्किएको छ। यी तमाम समस्यालाई सम्बोधन गर्नका लागि हरेक विद्यालयमा बालसंरक्षण नीति बनाई लागू गरिनु पर्दछ ।

## विद्यालय शान्ति क्षेत्र कायम गर्ने सम्बन्धमा

सार्वजनिक विद्यालयहरू दलीय राजनीतिक हस्तक्षेपबाट प्रताडित छन्। यसले विद्यार्थीको पढाइमा प्रत्यक्ष प्रभाव परेको छ भने

कतिपय अवस्थामा विद्यार्थीलाई राजनीतिक हतियारका रूपमा प्रयोग गरिएको पनि पाइन्छ। यसर्थ विद्यालयलाई दलीय राजनीतिबाट मुक्त र शान्तिक्षेत्रको रूपमा स्थापित गर्न स्थानीय सरकारको दायित्व तोकिनु पर्दछ।

## शिक्षकलाई जिम्मेवार बनाउने सम्बन्धमा

सरकारी तथ्याङ्कले अधिकांश शिक्षकहरू तालिम प्राप्त रहेको देखाउँछ। तर शिक्षकहरूले तालिमबाट सिकेका कुराहरू कक्षा कोठासम्म पुगेका छैनन्। भौतिक सुविधाको अभाव भनेर दिनसक्ने स्तरीय शिक्षा पनि नदिनु शिक्षकहरू गैर जिम्मेवार बन्नु हो। तर विद्यार्थी कमजोर हुनु शिक्षक पनि कमजोर हुनु हो भन्ने भावना हरेक शिक्षकमा जगाउँदै उपलब्ध स्रोत साधनका आधारमा पढाउन शिक्षकहरू प्रतिवद्ध हुनु पर्दछ।

## निष्कर्ष तथा भावी कार्यदिशा

एनसिइ-नेपाल सार्वजनिक शिक्षाको सुदृढीकरण सम्बन्धमा आफ्ना धारणाहरू स्पष्ट पार्दै शैक्षिक उन्नयनका लागि पछिल्लो डेढ दशकदेखि क्रियाशील रहँदै आएको छ। शैक्षिक बहसहरूमा यसलाई नेपाल सरकारले दिने स्थान र सुनवाइ, यसप्रति नागरिक समाजको भरोसा, अपेक्षा र क्षेत्रीय तथा विश्वस्तरका नागरिक सञ्जालका कार्यक्रमहरू नेपालमा आयोजना हुन थाल्नु यसैका ज्वलन्त उदाहरण हुन्। स्मरणीय छ, एनसिइ-नेपाल स्थानीय आयोजक रहेर गत वर्ष शिक्षामा निजीकरण विषयमा अन्तर्राष्ट्रिय कार्यक्रम सम्पन्न भएको थियो भने यस वर्ष (नोभेम्बर २०१८) मा शिक्षाका लागि विश्व अभियान (जिसिइ)को विश्वभेला आयोजना हुँदै छ। ११० भन्दा बढी देशका ३०० जनाभन्दा बढी शिक्षामा सरोकार राख्ने व्यक्तित्वहरूको नेपालमा हुने भेला देशकै लागि गर्वको विषय हुनेछ।

यसरी निरन्तर क्रियाशीलताबाट प्राप्त प्रतिष्ठालाई कायम राख्दै एनसिइ-नेपाल आगामी दिनहरूमा पनि सार्वजनिक शिक्षाको सुदृढीकरणका लागि उत्तिकै सक्रिय रहनेछ। तथ्यमा आधारित नीतिगत बहस तथा पैरबीलाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाइ रहनेछ। देश संघीय संरचनामा प्रवेश गरिसकेपछि माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा परेको सन्दर्भमा शिक्षालाई कसरी दिशा निर्देश गर्ने भन्ने द्विविधा र बहस चलिरहेको सन्दर्भमा अध्ययन, अनुसन्धान तथा अनुभवहरूलाई दस्तावेजीकरण गरी सबै तहका सरकारहरूलाई निर्दिष्ट बाटो पहिल्याउन सहयोग गर्ने ऐतिहासिक दायित्वलाई यसले जिम्मेवारीका साथ पूरा गर्दै जानेछ।

# सिविस अभियान : चुनौती र सफलताहरू

## सिविसको बालअधिकारका अभियानमा आबद्ध

सिविसका तत्कालीन कोषाध्यक्ष दिपक निरौलाले अनुरोध गर्नुभएपछि सन् २००१ मा सिविसको परियोजना प्रस्तावना लेखन कार्यमा सहयोग गर्नका लागि म यस संस्थामा संलग्न भएको थिएँ । यसै शिलशिलामा संस्थापक अध्यक्ष शान्ति अधिकारीले मलाई संस्थामा कर्मचारीकै रूपमा काम गर्न आग्रह गर्नुभयो। यसपछि सन् २००१ अक्टोबरदेखि मैले यो संस्थामा काम गर्न थालेँ ।

## सामना गरिएका चुनौतीहरू

सुरुवाती दिनमा कामहरू एकदम चुनौतीपूर्ण थिए। किनकी त्यसबेला सिविस घरेलु बालश्रमिकहरूको अधिकारका लागि काम गरिरहेको थियो । अर्कातिर मेरो आफ्नै घर परिवार तथा गाउँमा, छरछिमेक सबैको घरमा काम गर्नका लागि बालबालिका राख्ने चलन थियो। सिविस संस्थागत रूपमा यही कुराको विरुद्धमा थियो। साँच्चै भन्ने हो भने यो एउटा वर्गीय द्वन्द्वकै सांकेतिक रूप देखिन्थ्यो। त्यस अघि विभिन्न कामको दौरानमा म संघ संस्थाहरूमा जाने गरेको थिएँ। जुन संस्थामा जाँदा पनि संस्थाका जिम्मेवार व्यक्तिहरू विशिष्ट सवालको कुरा नगरेर मानव अधिकारका एकदम बृहत्तर कुराहरू गर्थे। उनीहरूलाई संस्थाले के मा काम गर्छ भनेर सोध्दा कोही मानव अधिकारको क्षेत्रमा काम गर्ने भन्थे भने कोही महिला अधिकारको क्षेत्रमा भन्थे, कोही बाल



**मिलन धरेल**

*(हाल स्वतन्त्रता अभियान नामक संस्थामा आबद्ध रहनु भएका मिलन धरेल नेपालको बालअधिकार अभियानका एक प्रखर अभियन्ता मानिनु हुन्छ। उहाँ सन् २००० देखि बाल अधिकार अभियानमा संलग्न हुनुभएको थियो। एउटा बालक्लब दर्ता गर्नका लागि सर्वोच्च अदालतमा रिट हालेको विषयमा अदालतमा भएको बहस सुने पछि उहाँ यस अभियानमा लाग्न प्रेरित हुनुभएको थियो। नवलपरासीको प्रगतिनगरस्थित जागृत बालक्लबलाई जिल्ला प्रशासन कार्यालय नवलपरासीले दर्ता गर्न अस्वीकार गरेपछि त्यसका विरुद्ध सर्वोच्च अदालतमा रिट हालिएको थियो। पहिले विद्यार्थी आन्दोलनमा क्रियाशील रहनु भएको र स्वयम् कानुनका विद्यार्थी रहनु भएका धरेल बालक्लबका पक्षमा ऐक्यबद्धता जनाउदै सर्वोच्च अदालतमा समेत पुग्नुभएको थियो। बालअधिकारका क्षेत्रमा सामेल भएपछि उहाँले सन् २००१ देखि २०११ सम्म सिविसको बाल अधिकार अभियानको अगुवाइ गर्ने जिम्मेवारी बहन गर्नुभयो। यो जिम्मेवारी बहन गर्ने क्रममा श्री धरेलले प्राप्त गरेका अनुभव र धारणाहरू यहाँ प्रस्तुत गरिएको छ। यो प्रस्तुति सिविसका रमेशकुमार पौडेल र यादवकुमारी बस्नेतले उहाँसँग गर्नु भएको कुराकानीमा आधारित रहेको छ।)*

अधिकारको क्षेत्रमा भन्थे । अझ जो–जो जुन–जुन संस्थामा काम गर्दथे उनीहरूले गर्दै आएका संस्थागत कामलाई सबै आफ्नै निजी ठेक्कामा भएको झैँ ठान्ने गर्दथे । विशिष्ट सवाललाई लिएर काम गर्ने बारेमा सोचेको कमै पाइन्थ्यो । यस्तो पृष्ठभूमिमा सिविसले बालश्रमभित्रको पनि घरेलु बालश्रमको सवाललाई मूल मुद्दा बनाएर काम गरिरहेको थियो । सिविसको यही कामले नै म प्रभावित बनेको थिएँ । यथास्थितिलाई चिरेर परिवर्तनको पक्षमा उभिने मेरो सोच थियो । मेरो आफ्नै पृष्ठभूमि र पहिलेदेखि चलि आएको चलनलाई चुनौती दिन पनि म यस क्षेत्रमा संलग्न भएको थिएँ । त्यही नै मेरो जीवनको टर्निङ्ग पोइन्ट साबित हुन पुग्यो ।

## परामर्शदातादेखि सल्लाहकारसम्मको जिम्मेवारी बहन

सुरुमा परियोजना प्रस्तावना लेख्ने परामर्शदाताको रूपमा आएको म पछि कार्यक्रम विकास अधिकृत भएर काम गर्न थालेँ । त्यसको केही समयपछि मैले कार्यक्रम निर्देशकको जिम्मेवारी पाएँ। कार्यकारी निर्देशक भएर लामै समय काम गरेपछि केही महिना कार्यक्रम सल्लाहकार र केही समय सल्लाहकार मात्रको जिम्मेवारी पनि सम्हालेँ । साथै केही समय कार्य समितिमा महासचिवको रूपमा पनि काम गर्ने अवसर पाएँ ।

एकातिर घरेलु बालश्रमको सवाल समाज, सरकार र आम मानिसहरूको नजरबाट समेत ओझेलमा परेको थियो । अर्कातिर घरेलु बालश्रमिकहरू अत्यन्त पीडादायी जीवन गुजारिरहेका थिए। यस्तो स्थितिमा उनीहरूका सवाललाई उठान गर्दै समकालिन परिस्थितिमा लेखिएको उक्त परियोजना प्रस्तावनाले सिविसको परम्परागत कार्यशैली र मान्यतामा फरकपना ल्यायो । परम्परागत रूपमा हेर्नेहरू घरेलु बालश्रमको अवस्था सुधार शिक्षाको माध्यमबाट गर्न सकिन्छ भन्ने गर्दथे । यसको समाधानका लागि अनौपचारिक कक्षा सञ्चालनमा जोड दिदै आएको अवस्थामा त्यस परियोजना प्रस्तावनाले यी कुराहरूभन्दा अझ फराकिलो दृष्टिकोण राखेको थियो । यसले रोजगारदाता, स्थानीय सरकारको संलग्नता, तथा बालसंगठनहरूको निर्माण र सामाजिक परिचालन आदि कुराहरूलाई पनि विशेष महत्त्वका साथ जोड्ने काम गरेको थियो । तत्कालिन अवस्थामा, त्यस परियोजनालाई राम्ररी बुझेर नेतृत्व गर्न सहज नहुने कुरा निश्चित भइसकेपछि त्यो असहजतालाई चिर्ने सोचका साथ मैले सिविसमा पूर्णकालिन रूपमा काम थालेको थिएँ ।

त्यो परियोजना सफलतापूर्वक सम्पन्न भयो । यो सफलताका पछि सहकर्मी साथीहरूको जोस जाँगर र केही नौलो काम गर्नुपर्दछ भन्ने उहाँहरूको सोच र चुनौतीहरूको सामना गर्दै अगाडि बढ्ने साहासले भूमिका खेलेको थियो । यसरी त्यो ९ महिने अवधिको परियोजनाले नागरिक समाजसँग सम्बद्ध संघ संस्थाहरू बीच सिविसको छुट्टै पहिचान स्थापित गऱ्यो। परिणामस्वरूप बालश्रम, बाल संरक्षणका सवालहरूमा काम गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरू सहकार्य गर्ने सोचका साथ सिविस आउने वातावरण निर्माण गऱ्यो । त्यही सफलतालाई नै हामीले कायम गर्दै अगाडि बढ्यौं । संस्था पनि बिस्तार हुँदै गयो। सोही अनुरूप मेरो जिम्मेवारी पनि परिवर्तन हुँदै गयो ।

## प्राप्त सफलता र सिकाइहरू

सिविसमा रहेर गरेको काम मेरो जीवनको लागि अविस्मरणीय रहेको छ। सिविसमा प्रवेश गर्दा म २१ वर्षे ठिटो थिएँ। एकातिर विद्यार्थी आन्दोलनको पृष्ठभूमि त छँदै थियो अर्कातिर पहाडै पल्टाउन सक्छु भन्ने जोस र जाँगर भएको उमेर थियो। सिविसमा प्रवेश भइसकेपछि मेरो कार्यकालमा २,३ कुराहरू स्थापित गर्न सफलता प्राप्त भएको मैले अनुभव गरेको छु। पहिलो कुरा, घरेलु बालश्रमलाई निकृष्ट प्रकारको बालश्रममा समाहित गराउन सिविसले उल्लेख्य

भूमिका खेल्यो । यस अघि घरेलु बालश्रमले यस प्रकारको मान्यता प्राप्त गरेको थिएन । दोस्रो, सिविसको पहलमा धेरै सार्वजनिक अभियानहरू सञ्चालन भए । जसबाट घरेलु बालश्रमको विषय सार्वजनिक सरोकारको विषय बन्यो । तेस्रो, घरेलु बालश्रमिकलाई राष्ट्रिय स्तरका संस्थाहरूको लक्षित वर्गको रूपमा स्थापित गराउन सफलता प्राप्त भयो । चौथो, घरेलु बालश्रमको सवाल केन्द्र सरकारको विषय हो भनिरहेको बेला यो सवालको सम्बोधन गर्ने जिम्मेवारी स्थानीय सरकारको पनि हो भन्ने कुरा स्थापित भयो । जुन सन् २००४ मा एघार वटा नगरपालिकाहरूसँग घरेलु बालश्रमविरुद्ध सञ्चालित कार्यक्रमको सफलताले प्रमाणित गरेरै छाड्यो ।

सेभ द चिल्ड्रेन र सिविसले सन् २००३ मा गरेको बालश्रमसम्बन्धी अध्ययनबाट घरेलु बालश्रमिकहरूले भोगेका समस्याहरूलाई एक हदसम्म खोतल्ने काम भएको थियो । यसैलाई आधार मानेर सिविसले फेरि सन् २००५ मा घरेलु बाल श्रमिकहरूको बारेमा अध्ययन गरी Suffering behind the close door नामक प्रतिवेदन सार्वजनिक गऱ्यो । यस अध्ययनले घरेलु श्रमिकहरूले घरको चार पर्खालभित्र भोग्नु परेको पीडाका साथै यौन दुर्व्यवहार एवं शोषणको अर्को गम्भीर सवाललाई बाहिर ल्याइदियो । यो सिविसले गरेको अर्को महत्त्वपूर्ण कार्य थियो ।

आफ्नो बाल्यकाल बालश्रममा बिताएकी सोनु चौधरीलाई बालक्लबमा संगठित गरिनु र उहाँलाई ट्रेड युनियनमा आबद्ध गराउन सहजीकरण गर्नुलाई यस अवधिमा भएको उल्लेख्य सफलता मान्न सकिन्छ । ततपश्चात सिविस र जिफन्टको सहकार्यमा सोनु चौधरीको अध्यक्षतामा 'नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियन' स्थापना गरियो जुन दक्षिण एशिया मै पहिलो पटक स्थापना भएको घरेलु श्रमिकहरूको ट्रेड युनियन थियो । यही युनियन र नागरिक संगठनहरूको पहलमा सर्वप्रथम एशियाली घरेलु श्रमिकहरूको सञ्जाल निर्माण भयो । अझ पछि गएर यो सञ्जालले घरेलु श्रमिकहरूको अन्तर्राष्ट्रिय महासंघ निर्माण गर्न सफल भयो । सन् २०११ मा यो महासंघले घरेलुश्रमसँग सम्बन्धित आइएलओ महासन्धि १८९ प्राप्त गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको थियो ।

यसरी बाल संरक्षणको सोचबाट सुरु गरिएको कार्यक्रमले बालश्रम, बाल यौन दुर्व्यवहार तथा वयस्क श्रमिकहरूको अधिकारको पक्षमा समेत आफूलाई उभ्याउन सफल भएको थियो ।

## सिविससँगको मिलन र विछोड

सन् २००१ देखि २०११ सम्म मैले सिविसमा बिताएका १० वटा वसन्तहरू कति छिटो आए र गए पत्तै भएन । सिविसका सहकर्मी साथीहरूसँगको सहकार्यमा बिताएका यी दिनहरू मेरा लागि स्मरणीय बनेका छन् । सिविसको बालअधिकार अभियानमा क्रियाशील रहँदा प्राप्त भएको अनुभवले आफूलाई अझ परिपक्व बनाएको अनुभूति नभएको हैन । तर मेरो मनमा आफूलाई अझ परिमार्जन गर्नु पर्दछ, अझ नयाँ क्षितिजतिर लम्किनु पर्दछ भन्ने सोच भने आइरहेकै थियो । यसै क्रममा सन् २०११ मा मैले कार्यकारी निर्देशकको पदबाट बिदा लिई पढाइको लागि बाहिर जाने सोच बनाएँ । यसपछि अध्ययनको शिलशिलामा छात्रवृत्ति लिएर म १ वर्ष सिड्नीतिर लागेँ । अध्ययनबाट फर्किएर आएपछि मैले फेरि संस्थाको सल्लाहकारको जिम्मेवारी बहन गरेँ । अन्ततोगत्वा सल्लाहकारको जिम्मेवारी रहिरहेकै अवस्थामा सन् २०१२ अगस्टबाट भने मैले सिविसबाट पूर्ण रूपमा बिदा लिएँ ।

## सिविस पश्चात बालअधिकार अभियानमा संलग्नता

सिविसबाट बिदा लिइसकेपछि मैले आफ्नो कार्यशैली परिवर्तन गर्नु पर्दछ भन्ने सोच बनाएँ । यसका लागि बालअधिकारको अभियानलाई अगाडि बढाउन सिविसबाट प्राप्त अनुभवलाई नयाँ कार्यशैलीमा उतार्नु पर्दछ

भन्ने विचार आइरहेको थियो। यही सन्दर्भमा बालअधिकार अभियानको अनुभव र मानव अधिकार तथा स्वतन्त्रताको संघर्षलाई अब नयाँ क्षितिजमा नयाँ ढङ्गले अगाडि बढाउनु पर्दछ भन्ने सोचलाई व्यवहारिक रूप दिनका लागि केही साथीहरूको सहकार्यमा स्वतन्त्रता अभियान नामक संस्था सन् २०१२ मा स्थापना गरियो। त्यसयता म स्वतन्त्रता अभियानको माध्यमबाट दासता, भय, बञ्चितीकरण र भेदभावविरुद्धको अभियानमा संलग्न हुँदै आएको छु। यस क्रममा विगतको अनुभवबाट सिक्दै सेवा प्रदान गर्ने प्रकृतिको कामभन्दा पनि सशक्तिकरण र जनपक्षीय पैरबी गर्ने प्रकृतिको कामलाई बढी जोड दिनु पर्दछ भन्ने मान्यतालाई स्थापित गर्दै लैजानुपर्दछ भन्ने सोचलाई अगाडि बढाइएको छ। आगामी दिनका बालअधिकार अभियानमा पैरबीलाई कार्यक्रमको मूल मियोको रूपमा स्थापित गर्नु पर्दछ। तर यति हुँदा हुँदै पनि अन्य बाल अधिकारमा काम गर्ने संघ संस्थाहरूले गरेका सेवा प्रदान गर्ने प्रकृतिका कार्यक्रमहरूबाट पहिचान भएका संरक्षणका विषयलाई संग्रहित गरेर नीति निर्माण तहमा काम गर्नु पर्दछ भन्ने चाहिँ यसको अर्को रणनीति रहेको छ। यसै हुनाले स्वतन्त्रता अभियानको पहलमा नेपालको संविधान तथा बालबालिकासम्बन्धी ऐन २०७५ मा बालअधिकारका सवालहरूलाई समाहित गर्नका लागि सभासदहरूसँग अन्तरत्रि(ऱ्या, सम्बन्धित समितिहरूमा सुझावहरू पेश गर्नका लागि नागरिक समाजसँग सम्बद्ध संस्थाहरूसँग छलफल कार्यक्रमहरू सञ्चालन भएका थिए। विद्यमान बालबालिकासम्बन्धी ऐन यो अवस्थामा जारी हुनुको पछि अन्य संस्थाहरूको साथसाथै स्वतन्त्रता अभियानको पनि भूमिका रहेको थियो।

## बालबालिकासम्बन्धी ऐन २०७५ को सान्दर्भिकता र यसमा भएका नयाँ व्यवस्थाहरू

नेपाल बालअधिकारको पक्ष राष्ट्र भइसकेपछि महासन्धिको कार्यान्वय गर्ने उद्देश्यले जारी गरिएको बालबालिकासम्बन्धी ऐन २०४८ तात्कालीन अवस्थामा बालअधिकारको क्षेत्रमा कोषेढुङ्गो नै साबित भएको थियो। तर बालअधिकार महासन्धिपछि संयुक्त राष्ट्र संघले विकास गरेका ऐच्छिक महान्धिहरूलगायत बालबालिकासँग सरोकार राख्ने अन्य महासन्धिहरूका प्रावधानहरूलाई समेत राज्यले सम्बोधन गर्नु पर्ने, २०४८ देखि आजसम्मको अवस्थासम्म आइपुग्दा मुलुकमा भएका परिवर्तनहरूलाई आत्मासात गर्नु पर्ने, बालअधिकारका बारेमा सिङ्गो राज्य, नागरिक समाज तथा स्वयं बालबालिकामा भएको ज्ञानको अभिवृद्धि तथा यसक्षेत्रमा विभिन्न सरोकारवालाहरूले काम गर्ने दौरानमा अनुभवहरूलाई समेत समेट्न पर्ने परिवेशमा विगतको ऐनलाई प्रतिस्थापन गर्नु पर्ने आवश्यकता बन्यो। यही आवश्यकता पूर्तिका लागि हालै मात्र बालबालिकासम्बन्धी ऐन २०७५ जारी भएको छ। यो ऐन जारी हुने अवस्था सिर्जना हुनुभन्दा अगाडिसम्म पनि यसलाई परिमार्जन गर्नका लागि नागरिक समाजको तर्फबाट सुझाव र सल्लाहहरू प्राप्त भई नै रहेका थिए। २०६२ र ०६३ सालको जनआन्दोलन पछि गठन भएको पहिलो संविधान सभाको पालामा म आफैं पनि सविधान सभामा बाल अधिकारको पैरबीकर्ताको विशेष भूमिकामा संलग्न भएको थिएँ। विशेष गरी बालअधिकारका सवालहरूलाई संविधानको मौलिक हकको रूपमा स्थापित गर्न नागरिक समाजको तर्फबाट उल्लेख्य पहल भएको थियो। अन्तरिम संविधानमा पनि बालबालिकाका अधिकारलाई उच्च प्राथमिकता दिइएको थियो। यसै गरी २०७२ सालमा जारी गरिएको नेपालको संविधानमा पनि

बालअधिकारलाई मौलिक हकको रूपमा मान्यता दिइएको छ।

यस्तो पृष्ठभूमिमा जारी भएको बालबालिकासम्बन्धी ऐन २०७५ विगतको ऐनको तुलनामा धेरै हदसम्म प्रगतिशील रहेको छ। परिच्छेद १० र ८७ वटा दफा भएको यस ऐनले बालबालिकाका आधारभूत अधिकारहरूलाई समेटेको छ भन्न सकिन्छ। यसमा केही नयाँ व्यवस्थाहरू पनि छन् जस्तै सहभागिताको अधिकार, बालबालिका प्रति वयस्कको दायित्वको व्यवस्था, बालन्यायसम्बन्धी व्यवस्था, दिशान्तरको व्यवस्था, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, बाल अधिकार तथा कल्याणसम्बन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा उनीहरूप्रतिको दायित्वको संरक्षण र प्रचलन, बालबालिकाविरुद्धको कसूरको प्रष्ट व्याख्या, सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारीको व्यवस्था र विविध अन्तर्गत बालबालिकाको कर्तव्यको समेत उल्लेख गरिएको छ। विगतको केन्द्रीय बालकल्याण समितिको स्थानमा अब राष्ट्रिय बाल अधिकार परिषदको व्यवस्था गरिएको छ। यो परिषद सम्बन्धित मन्त्रीको अध्यक्षता रहने व्यवस्था छ। त्यसैगरी प्रदेश तहमा पनि सामाजिक विकास शाखाका मन्त्रीको अध्यक्षतामा बालअधिकार समिति तथा स्थानीय तहमा पनि पालिका प्रमुखको अध्यक्षतामा बन्ने बालअधिकार समिति भएकाले बाल अधिकारको मुद्दा अब राजनीतिक मुद्दाको रूपमा स्थापित भएको छ। नयाँ ऐनले ७५३ वटै पालिकाहरूमा बाल कल्याण अधिकारी तोकेको छ भने फौजदारी मुद्दाबाहेक अन्य प्रकृतिका मुद्दाहरू स्थानीय तहको न्यायिक समितिले हेर्नेसमेत व्यवस्था गरेको छ।

## कानुन परिमार्जनको सन्दर्भ

कुनै पनि कानुनहरू पूर्ण हुँदैनन् यो देश काल परिस्थितिअनुसार संशोधन हुँदै परिमार्जन गर्दै लैजानु पर्दछ। यसैगरी नयाँ ऐनले समेट्न नसकेका सवालहरूलाई यो कानुन कार्यान्वयनका लागि बन्ने नियमावलीमा समेट्दै जानु पर्दछ।

## बालअधिकार अभियानको सन्दर्भमा गन्तव्यविहीन यात्रामा बालबालिका (DUCOM) अभियान

गन्तव्यविहीन यात्रामा बालबालिका (Destination Unknown Children on the Move (DUCOM) अभियान सन् २००० मा सुरु गरिएको अभियान हो। यस अभियानले अन्तर्राष्ट्रिय तहमा सीमा पार हुने आप्रवासको सन्दर्भमा बालबालिकाको संरक्षणको सवाललाई सम्बोधन गर्दछ। नेपालको सन्दर्भ चाहिँ सन् २०१५ मा तेरेज डेस होम (टिडिएच जर्मनी) को सहयोगमा देशभित्रै एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने बालबालिकाको संरक्षणका लागि सञ्चालित अभियान हो। हाम्रो देशमा आन्तरिक आवागमनको अवस्था ६२ प्रतिशत रहेको छ। केन्द्रीय तथ्याङ्क विभागका अनुसार आन्तरिक आवागमनको क्रममा परिवारबाट विछोडिएका बालबालिकाको संख्या करिब ११ लाख रहेको छ। नेपाल सरकारको तथ्याङ्कअनुसार नेपालमा रोजगारी गर्ने बालबालिकाको संख्या १० प्रतिशत छ भने रोजगारीको खोजीमा रहेका बालबालिका २६ प्रतिशत छन्। यी तथ्याङ्कहरूले नेपालमा गन्तव्यविहीन यात्रामा रहेका बालबालिकाको संरक्षणको सवाल गम्भीर छ भन्ने कुरा प्रष्ट पारेको छ।

नेपालमा गन्तव्यविहीन यात्रामा बालबालिका अभियान (DUCOM Campaign) को संयोजन पहिलो वर्ष सिविसले गरेको थियो भने हाल यस अभियानको अगुवाइ स्वतन्त्रता अभियान, नेपालले (Swatantrata Abhiyan Nepal (SAN) ले गरिरहेको छ। अन्तर्राष्ट्रिय कानुनले समेत नसमेटेको नेपालको आन्तरिक आवगमनलाई स्थापित गर्नु तथा जोखिममा पर्ने बालबालिकाको संरक्षणका लागि

अभियान सञ्चालन गर्नु यसको मुख्य उद्देश्य हो। हाल DUCOM अभियानमा सिविस, स्वतन्त्रता अभियान लगायत १२ वटा संस्थाहरू आवद्ध छन् र यस अभियानमा आबद्ध हुने संस्थाहरू थपिने क्रम जारी रहेको छ।

## बालअधिकारसम्बन्धी अभियानहरूको आगामी कार्यदिशा

नेपालको सन्दर्भमा बाल अधिकारसम्बन्धी सवालहरूको उठान संस्थाहरूको कार्यसूचीबाट सुरु हुन्छ भने बीचमा गएर दाताहरूबाट नियन्त्रणमा पर्दछ। त्यसपछि अझ अगाडि भन्ने हो भने कर्मचारी तन्त्रले अल्मल्याउने गर्दछ। यसरी घटना परिघटनाबाट उद्वेलित भएर उठान भएका सवालहरू अन्ततः परियोजनामा गएर टुंगिने र रूपान्तरणमा नपुग्दै, सामान्य सुधारमा नै अल्मलिने अवस्था आएको हामी पाउँदछौं। यो एउटा ठूलो चुनौती हो।

यदि बालअधिकारका सवालहरूलाई प्रभावकारी ढङ्गले उठाउने हो भने यसका लागि अब नागरिक अभियन्ताहरू जागिरे मानसिकताबाट माथि उठेर सामाजिक अभियन्ताको रूपमा अगाडि आउनु पर्दछ। कार्यक्रमहरू परियोजनामुखी सोचबाट माथि उठेर सवालमुखी हुनु पर्दछ। नागरिक अभियानहरू होटेलमा मात्र होइन खुला चौर र सडकमा पनि आउनु पर्दछ। सधैं दाताको भरमा होइन आफ्नै बलबुतामा सवालमुखी भएर अभियान हाँक्नु पर्दछ।

## अभियानहरूको दौरानमा प्राथमिकता दिनु पर्ने कामहरू

बालअधिकार अभियन्ताहरूले बालअधिकार शासन प्रणालीलाई स्थानीयकरण गरी यसलाई ७५३ वटै पालिकाहरूमा स्थापित गर्नु जरुरी छ। स्थानीय पालिकाहरूमा बालअधिकारसम्बन्धी नीति तथा कार्यक्रम निर्माण गरिएको छैन। यसैले अभियन्ताहरूले पालिकाहरूमै केन्द्रित भएर नीति तथा कार्यक्रम निर्माणका लागि अभियान सञ्चालन गर्नु आवश्यक छ। स्थानीय नीति, कानुन र नियमहरू बनेका छैनन्। अभियन्ताहरूले स्थानीय तहमा नीति नियम बनाउन सहजीकरण गर्ने काममा संलग्न हुन नितान्त आवश्यक देखिन्छ।

# अन्तरवार्ता

# अदालत बालबालिकाको न्याय निरूपणमा गम्भीर भएरै लागेको छ ।

*(जिल्ला न्यायाधीश गिरीराज गौतम हाल कपिलवस्तु जिल्लामा कार्यरत हुनुहुन्छ । उहाँ भक्तपुर जिल्लामा कार्यरत रहँदा सिविसले कानुनी सहायता उपलब्ध गराएको जोखिममा परेका बालबालिकासँग सम्बन्धित मुद्दाको न्याय निरूपणका शिलशिलामा वहाँसँग सिविसका रमेश कुमार पौडेल र देवकी पोखरेलबाट लिइएको अन्तरवार्ताका महत्त्वपूर्ण अंशहरू)*



**गिरीराज गौतम**

❖ ***तपाईँ न्यायाधीश पदमा कार्यरत रहनु भएको कति भयो ?***

म न्यायाधीश पदमा कार्यरत रहेको १० वर्ष भयो। मिति २०६५ साल भदौ २३ गतेदेखि यो पदमा कार्यरत छु र हालसम्म ५ वटा अदालतमा काम गरिसकेँ।

❖ ***अदालतमा बालबालिकासम्बन्धी मुद्दाहरू कत्तिको आउने गरेका छन् ?***

अदालतमा बालबालिकासम्बन्धी मुद्दाहरू निकै कम संख्यामा आउछन्। सर्वप्रथम त रिपोर्टहरू नै हुँदैनन्। भइहालेपनि प्रहरी कार्यालय, सरकारी वकिल कार्यालयमा नै मिलेर जान्छन्।

❖ ***बालबालिकासम्बन्धमा आउने मुद्दाहरू के कस्ता हुन्छन् ?***

अदालतमा पर्ने गरेका बालबालिकासम्बन्धी मुद्दाहरूमा बढिजसो यौन दुर्व्यवहार तथा यौन हिंसा, जबरजस्ती करणी, चोरी मुद्दाहरू रहेका हुन्छन्। तिनमा पनि विशेष गरी बालबालिका प्रतिवादी भएका मुद्दाहरू न्यून मात्रामा आउछन्। विशुद्ध बालबालिका प्रतिवादी भएका मुद्दाहरू विशेष इजलासद्वारा हेरिन्छ। विशेष इजलासमा सामाजिक अभियन्ता, मनोविमर्शकर्ताको प्रतिवेदनलाई समेत प्रमुख प्रमाणको रूपमा समावेश गरिएको हुन्छ। बालबालिका वादी तथा वयस्क प्रतिवादी भएका सम्पूर्ण मुद्दाहरू सामान्य इजलासमा नै हेर्ने गरिन्छ।

❖ ***कस्ता वर्ग समुदायका बालबालिकामाथि यौन दुर्व्यवहारसम्बन्धी घटना बढी हुने गरेका छन् र मुद्दामा प्रतिवादी कस्ता वर्ग समुदायका हुने गरेका छन् ?***

बालबालिकामाथि हुने यौन दुर्व्यवहारसम्बन्धी मुद्दाका पीडितहरू सामान्यतया आर्थिक, सामाजिक, राजनैतिक, कानुनी चेतनामा कमी तथा शैक्षिक स्तरमा कमजोर र घरेलु बाल श्रमिक हुन्छन्। प्रतिवादीमा प्रायः आर्थिक, सामाजिक, राजनैतिक स्तरमा वर्चश्व जमेका, उच्च शैक्षिक स्तर तथा उच्च पदस्थ व्यक्तिहरू नै बढी हुने गरेका छन् । यस्ता मुद्दाका प्रतिवादीले आर्थिक, सामाजिक, राजनैतिक, कानुनी चेतनामा कमी तथा शैक्षिक स्तरमा कमजोर भएका पीडित परिवारलाई प्रलोभनमा पारी संरक्षण दिने नाममा यस्तो अपराध गरिरहेका हुन्छन्। यसका साथै बालबालिकाको शैक्षिक, आर्थिक स्तरमा सुधार गरिदिने प्रलोभनमा विदेशी प्रतिवादी भएका बाल यौन दुरव्यवहारसम्बन्धी मुद्दाहरू समेत आउने गरेका छन्।

❖ ***बाल यौनदुर्व्यवहारविरुद्धका मुद्दामा पीडितलाई उचित न्याय दिलाउनका लागि जाहेरवालाको तर्फबाट छुट्टै कानून व्यवसायी नियुक्त गरी बहस पैरबी गर्दा पीडितले पाउने न्यायमा कतिको प्रभाव पर्छ जस्तो लाग्छ ?***

पीडितलाई उचित न्याय दिलाउनको लागि जाहेरवाला तथा पीडितको तर्फबाट छुट्टै कानून व्यवसायी नियुक्त गरी बहस पैरबी गर्दा पीडितले पाउने न्यायमा सकारात्मक प्रभाव त पर्छ नै। संरक्षण दिनुपर्ने मुद्दामा त झनै सहयोग गर्दछ। साथै यसले अदालतलाई पनि सहयोग पुऱ्याउँछ। तपाईंहरूको संस्था सिविनलगायत अन्य संस्थाहरूले पनि बालबालिकाको क्षेत्रमा काम गर्दै आएका छन् तर कतिपय मुद्दाको सन्दर्भमा एउटा संस्थाले सहयोग गरेको बालक तथा बालिकालाई अन्य संस्थाले पनि सहयोग गरेका छौं भनेर दाबी गरेको पाइन्छ। यसो नगरी जुन मुद्दाका पीडित बालबालिकालाई जुन संस्थाले सहयोग पुऱ्याइरहेको छ उसैले मात्र सहयोगको दाबी गर्नु उपयुक्त हुन्छ जस्तो लाग्छ।

❖ ***बालबालिकासम्बन्धी मुद्दालाई निरन्तर सुनुवाइमा राखी छिटो कानुनी कारबाही गर्नुपर्ने व्यवस्था भए  तापनि व्यवहारमा एकदम कम मात्रामा पाइन्छ। यसरी फैसला ढिलो हुनुमा यहाँको अनुभवमा के कस्तो कारण रहेका हुन सक्छन् ?***

भनिए जस्तो ढिलो त पटक्कै होइन, बालबालिकाको मुद्दामा अदालतबाट न्याय निरूपणका लागि कुनै हेल्चेक्र्याइँ गरिएको छैन। अदालती काम कारबाहीमा चलेको मुद्दामा कहिलेकहीं ढिलो त हुन्छ नै त्यसमा पनि क्षतिपूर्ति भराउनु पर्ने मुद्दा छन् भने प्रतिवादीको सम्पत्ति विवरण झिकाउन समय लाग्छ। समयमा अभियोजनकर्ताले अदालतमा अभियोजन पेश नगरिदिने, बोलाएको समयमा विशेषज्ञ, पीडित तथा अन्यले अदालतमा आएर बकपत्र नगरिदिने, त्यसै गरी मुद्दाका पक्ष विपक्षका कानून व्यवसायीहरूको तर्फबाट पनि पेशी स्थगित गराई पाऊँ भन्ने निवेदन पर्ने गर्दछन्। प्रतिवादी धेरै जना भएका मुद्दामा फरार अभियुक्त रहेका खण्डमा साथै कहिलेकाहीं न्यायाधीशको कार्य व्यस्तता तथा प्राविधिक कारणले पनि पेशी हुन सक्दैन। यस्तो अवस्थामा बाहेक अन्य अवस्थामा अदालत बालबालिकाको मुद्दाको न्याय निरूपणमा गम्भीर भएरै लागेको हुन्छ।

❖ ***बाल यौनदुर्व्यवहारविरुद्धका मुद्दा फैसला गर्ने क्रममा पीडितको जन्मदर्ता र स्वास्थ्य परीक्षण प्रतिवेदन कत्तिको महत्त्वपूर्ण हुन्छ र यस्ता प्रमाणहरू सही तथा गलत हुन् भनेर कसरी अनुसन्धान गरिन्छ ?***

बाल यौनदुर्व्यवहारविरुद्धका मुद्दा फैसला गर्ने क्रममा पीडितको जन्मदर्ता र स्वास्थ्य परीक्षण प्रतिवेदनले उल्लेख्य भूमिका खेलेको हुन्छ। यस्ता प्रमाणहरू सही तथा गलत हुन् भनेर अनुसन्धान गर्ने क्रममा पीडितको जन्मदर्ता छ भने मुद्दाको न्याय निरूपण गर्न अत्यन्त सहज हुन्छ। तर यदि प्रभावित बालक वा बालिकाको जन्म दर्ता नै नभएको अवस्थामा भने हामीले डाक्टरले गरेको स्वास्थ्य परीक्षणलाई आधार मान्ने गर्दछौँ। डाक्टरहरूले यस्तो परीक्षण शरीरमा भएको हाडको विकासलाई आधार मान्ने गर्दछन्। यसरी गरिएको परीक्षणमा २ वर्षको तलमाथि हुन सक्छ। तर हामीले मुद्दाको क्रममा प्रतिवादीलाई जेल सजाय तोक्नु पर्ने अवस्थामा न्यूनतम वर्षलाई आधार मानी फैसला गर्ने गर्दछौँ। अदालतले बाल न्याय कार्यविधिमा भएको प्रावधानको आधारमा फैसला गर्ने गर्दछ । त्यसैगरी कतिपय बालबालिकाका अभिभावकहरूले रोजगारदाताको प्रलोभनमा परेर वा यसको असर बारे जानकार नभएर उमेर बढाएर जन्मदर्ता बनाएको पाइन्छ। यसरी मुद्दाका जाहेरवाला बालक वा बालिकाको उमेर वास्तविक उमेरभन्दा अस्वभाविक रूपमा धेरै फरक देखिएमा पनि अदालतले सम्बन्धित बालक वा बालिकाको डाक्टरलाई स्वास्थ्य परीक्षणको आदेश दिन सक्छ।

❖ ***बाल यौनदुर्व्यवहार विरुद्धका मुद्दाको न्याय निरूपणका लागि कार्यरत रहदा यहाँलाई कस्तो अनुभूति हुने गछ ?***

हामी पनि यही समाजका उत्पादन हौँ। अदालतमा पर्ने गरेका मुद्दाहरूबाट पनि समाजको वास्तविकता झल्कन्छ नै। बालबालिकालाई संरक्षण गर्दा अवस्थाअनुसारको हित अहित दुवै हुने गर्दछ। बालबालिकालाई स्वास्थ्य, शिक्षा, दिक्षा दिएर न्यूनतम समयको लागि त बालश्रममा लगाउन पाइन्छ। तर, बालबालिकाको अभिभावक तथा रोजगारदाता बीचमा भएको सहमतिअनुसार काम नहुँदा बालबालिका शोषणमा परेका छन्। हामीले पश्चिमेली कानुनको अनुशरण गरेका छौँ तर समाजको वास्तविकता अर्कै छ। अमेरीकाले जस्तो बालबालिकाको निम्ति उपलब्ध गराउने सुविधा यहाँ छैन। आफ्नो आर्थिक अवस्था जस्तो भएपनि अभिभावक स्वयंले नै बालबालिकाको निम्ति लगानी गर्नुपर्ने बाध्यात्मक अवस्था छ। आर्थिक सामाजिक स्तर राम्रो हुने अभिभावकले त आफ्ना छोराछोरीको स्वास्थ्य, शिक्षा, दिक्षामा लगानी गर्लान् तर कमजोर आर्थिक अवस्था भएका अभिभावकले छोराछोरीमाथि आवश्यकताअनुसार लगानी गर्न सक्ने स्थिति हुँदैन। यसैले पढ्न सक्ने क्षमता भएका यस्ता परिवारका बालबालिकाले आर्थिक अभाव कै कारण शिक्षाबाट बञ्चित हुनुपरेको अवस्था पनि छ।

बालबालिका प्रतिवादी भएको मुद्दामा फैसला भएको जेल सजायका लागि सुधार गृहमा पठाउँदा बस्ने सिट छैन भनी फिर्ता पठाउने गरिन्छ। परिणामस्वरूप उक्त प्रतिवादी भनिएको बालक महिनौ दिनसम्म पुलिसमा फिर्ता भई त्यहीँ बस्न बाध्य हुन्छ। यो उदाहरण नै काफी छ। वास्तवमा भन्ने हो भने

कानुनको अपेक्षाअनुसार बालबालिकालाई न्याय दिलाउन सकेका छैनौं ।

❖ ***मुद्दा फैसला गर्ने क्रममा पीडितले पाउने क्षतिपूर्तिको मापदण्ड कसरी निर्धारण गरिन्छ ? के यस्तो क्षतिपूर्ति मनासिव हो जस्तो लाग्छ ?***

पुरानो कानुनमा बाल यौन दुर्व्यवहार र जबरजस्ती करणी सम्बन्धी जम्मा २ वटा मुद्दामा मात्रै माफिकका क्षतिपूर्तिको व्यवस्था थियो । त्यो पनि सन्तोषजनक तथा मनासिब थिएन । त्यसो हुनाको कारण प्रतिवादीको सम्पत्ति विवरण पत्ता लगाउन नसक्ने तथा आर्थिक अवस्था कमजोर भएका प्रतिवादीबाट केही लिन नसक्ने अवस्था हुने हुँदा राज्यको ढुकुटीबाट क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था छ । तर राज्यको ढुकुटीमा पनि पर्याप्त रकम नहुनाले क्षतिपूर्तिको व्यवस्था मनासिव माफिकको थिएन । मिति २०७५।०५।०१ देखि लागु भएको कानूनमा पर्याप्त मात्रामा क्षतिपूर्तिको व्यवस्था राखिएको छ ।

❖ ***मुद्दाको अन्तिम किनारा पछि मात्र तोकिएको क्षतिपूर्ति सम्बन्धित पीडितले पाउने भनी फैसलामा उल्लेख हुने गरेको छ। यस्तो अवस्थामा सुरु जिल्ला अदालतको फैसलामै उक्त तोकिएको रकम पीडितले तुरुन्त पाउने व्यवस्था गर्न सकिएला ?***

मिति २०७५।०५।०१ भन्दा अघिको कानूनमा पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउन वर्षौं लाग्थ्यो । तोकिएको क्षतिपूर्ति पीडितले पाउने स्थिति अत्यन्त कम हुने गर्दथ्यो । किनभने जिल्लाले तोकेको क्षतिपूर्ति उच्च अदालत हुँदै सर्वोच्च अदालतमा पुगेर त्यो मिसिल फेरि जिल्लामा फिर्ता आई क्षतिपूर्तिको प्रावधान कार्यान्वयन गर्ने समयसम्म आइपुग्दा पीडित नै अन्यत्र गइसक्ने अवस्था थियो । मिति २०७५।०५।०१ भन्दा पछिको कानुनअनुसार भने अन्तरकालिन (Transitional) आदेश दिएर भएपनि मुद्दामा भएको फैसलाअनुसार पीडितले पाउने क्षतिपूर्ति तत्काल जिल्लाबाट नै उपलब्ध गराइन्छ ।

❖ ***बालबालिकाको क्षेत्रमा काम गर्ने सन्दर्भमा सिविसका लागि केही सुझाव छ कि ?***


राम्रो काम गर्दै जानुहोस, बालबालिकाको क्षेत्र बृहत छ । प्रभावित क्षेत्रका बालबालिका मात्र हैन अभिभावकमा पनि काम गर्दै जानुपर्ने आवश्यकता छ । तपाईंहरूले गरेको कामको प्रतिवेदन हामीहरूलाई पनि पठाउनुहोस । आर्थिक रूपमा कमजोर तथा जोखिममा परेका बालबालिकाको क्षेत्रमा अझ धेरै काम गर्दै जानुहोस । अन्त्यमा, यस क्षेत्रमा अरू धेरै काम गर्नका लागि तपाईंहरूलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

# बालअधिकार अनुगमन र समीक्षामा संयुक्त राष्ट्र सङ्घीय अभ्यास

*प्रस्तुत विषयका सन्दर्भमा मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) बालअधिकार समितिको संयोजनकारी भूमिकामा पनि रहनुभएका चाइल्ड नेपालका अध्यक्ष, श्री कृष्ण सुवेदीसँग सिविसका रमेश कुमार पौडेल र श्रीकृष्ण थापासँग भएको कुराकानीका आधारमा तयार पारिएको अन्तरवार्ता :*

## कृष्ण सुवेदी : संक्षिप्त शब्दचित्र :

नागरिक समाजको तर्फबाट संयुक्त राष्ट्रसङ्घमा बालअधिकारसम्बन्धी पूरक प्रतिवेदन पेश गर्ने कार्यका लागि बालअधिकारसम्बद्ध सामाजिक संस्थाहरूको समन्वय र संयोजनकारी भूमिका खेल्दै आउनुभएका श्री कृष्ण सुवेदी सामाजिक र शैक्षिक अभियानमा २०३४ सालदेखि संलग्न हुनुभयो। सिन्धुपाल्चोकको मेलम्चीमा जन्मनुभएका श्री सुवेदी प्रारम्भिक अवस्थामा शैशिक उन्नयनको क्षेत्रमा क्रियाशील हुँदा बालअधिकारका क्षेत्रमा अप्रत्यक्ष रूपमा संलग्न रहनुभएको हो। उहाँले आफ्नै अगुवाइमा सन् १९९७ मा बालहितकारी परियोजना, नेपाल नामक संस्था स्थापना गर्दै यसै संस्थामार्फत बालअधिकारका क्षेत्रमा प्रत्यक्ष रूपमा क्रियाशील हुनुभयो। श्री सुवेदीले साहित्यका माध्यमबाट बालबालिकाको आवाजलाई मुखरित गर्ने उद्देश्यका साथ उहाँकै अगुवाइमा सन् २००१ मा कलिला हृदयका आवाजहरू (Voice of Child Hearts) संस्था स्थापना भयो। क्रमशः त्यसपछि सन् २००३ मा चाइल्ड नेपाल स्थापना भयो। त्यसपछि उहाँ बालअधिकारको अभियानमा चाइल्ड नेपालका साथ निरन्तर संलग्न रहँदै आउनु भएको छ।



**कृष्ण सुवेदी**

## पृष्ठभूमिमा उहाँलाई नियाल्दा :

आफ्नै घरमा सञ्चालित परम्परागत गुरुकुलका सङ्गत र प्रेरणाबाट स्वयम्सेवी सामाजिक अभियानतर्फ अभिप्रेरित हुनुभएका श्री सुवेदी रोवर्ट च्याम्बरले थालनी गरेको सहभागीमूलक विकास (Participatory Rural Appraisal (PRA)) सम्बन्धी सोचको अभ्यास र परिशीलनपछि सन् १९९८ तिरदेखि सहभागितात्मक अधिकारमुखी सोचका साथ सामाजिक जागरणका क्षेत्रमा संलग्न हुनुभयो। त्यसै सहभागीमूलक विकास

अवधारणाको अभ्यासबाट यदि बालअधिकारको क्षेत्रमा काम गर्ने काम गर्ने हो भने बालबालिकाको सहभागिता हुनै पर्ने रहेछ भन्ने महसुस गरेको बताउनुहुन्छ उहाँ। भारद्वाज मित्रका नाममा साहित्यमा पनि रमाउँदै आउनुभएका उहाँका सिर्जनाहरू विशेषतः बालसाहित्यमै केन्द्रित पाइन्छन्। बालबालिका भविष्यका कर्णधार मात्र हुन् भन्ने परम्परागत मान्यता विपरीत उनीहरू वर्तमानका नागरिक भएकोले बालबालिकाको लागि गरिने विकासमा स्वयं बालबालिकालाई नै साझेदार बनाउनु पर्दछ भन्ने कुरामा अभियन्ताकै रूपमा लाग्दै आउनुभएको छ।

❖ ***तपाईं त पूर्वीय दर्शनको पनि अध्येताका रूपमा चिनिनु हुन्छ। हाम्रो समाजमा बालबालिकाको स्थान के कस्तो थियो र हाम्रो परम्परामा बालअधिकारका सन्दर्भ कस्ता थिए बताइदिनु हुन्छ कि ?***

पूर्वीय दर्शनमा बालबालिकाका अधिकारको विषय फरक भावमा पाइन्छ। वैदिक परम्परामा बालबालिकालाई निकै ठूलो महत्त्व दिने गरिन्थ्यो। हाम्रो देशमा पनि मध्यकालदेखि कुमारीलाई पूजा गरिने अभ्यासले आजसम्म पनि निरन्तरता पाएको छ। त्यस्तै प्रागऐतिहासिक कालमा बटुकको पनि पूजा गर्ने चलन थियो। त्यसबेला एउटा कहावत थियो : "**बालक जहाँ रम्छ त्यहाँ देउता खुशी हुन्छन्।**" तात्कालीन अवस्थामा बालअधिकार भने बालबालिकाको सम्मान र मायाका रूपमा प्रयुक्त हुने गरेको पाइन्छ। वर्णाश्रम धर्ममा शिक्षाको ठूलो महत्त्व थियो। शिशुअवस्था पार गर्नासाथ गुरुकूलमा रहेर विद्याध्यायन गर्ने अनिवार्य व्यवस्था थियो। त्यो पनि २५ वर्षको उमेरसम्म। यसलाई नियाल्दा बाल्यजीवनप्रतिको संवेदनशीलताका साथै बालविकासप्रतिको स्पष्टता र त्यसको अनिवार्य अनुशीलन पाइन्छ। अधिकारका रूपमा व्याख्या नगरिए पनि उमेरको हदका कुरा बालविकासमा उचित ध्यान दिनुपर्ने औ माया र सम्मान दिने सन्दर्भहरूको हाम्रो पूर्वीय परम्परामा पर्याप्त सामाजिक व्यवस्था थियो। यसबाट हामी पूर्वीयहरू केवल अरूले पहिचान गरेका विचारहरूलाई पछ्याउने मानिस मात्र होइनौ बरु नयाँ विचारहरू सिर्जना गर्न सक्ने सर्जक पनि हौं भन्ने प्रमाणित हुन्छ। यद्पि बालअधिकारको व्यवस्थित ढङ्गले विकास गर्ने श्रेय भने पश्चिमलाई अनि संयुक्त राष्ट्रसङ्घलाई नै जान्छ।

❖ ***संयुक्त राष्ट्रसङ्घ र बालअधिकार महासन्धि (UN CRC) का बारेमा अलि सरल (बालमैत्री) भाषामा बताइदिनुस् न :***

बालबालिकाका अधिकारहरूलाई मानकका रूपमा लिएर लिपिवद्ध गर्ने, कानुनको रूपमा विकास गर्ने एउटा लामो अभ्यासपछि संयुक्त राष्ट्रसङ्घले बालअधिकार महासन्धिका सिद्धान्तहरूको प्रतिपादन गऱ्यो र बालअधिकारलाई राष्ट्रहरूले परिशीलन गर्नुपर्ने अवस्थाका साथसाथै त्यसको अनुगमनको पनि व्यवस्था गऱ्यो। बालअधिकारका चारै वटा अधिकार समूहहरूलाई समावेश गरेर २० नोभेम्बर १९८९ मा बालअधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो। हाम्रो देशले १४ सेप्टेम्बर १९९० मा यस सन्धिलाई अनुमोदन गऱ्यो। यो बालअधिकार महासन्धिमा विश्वका सबैभन्दा धेरै राष्ट्रहरूबाट हस्ताक्षर गरिएको छ। यसर्थ पनि यस महासन्धिको महत्त्व अत्यधिक रहेको छ। यसका ४ वटा सिद्धान्तहरूले महासन्धिले बालबालिकाका लागि व्यवस्था गरेका अधिकारहरू तथा यसको कार्यान्वयन पक्षलाई अझ व्यवस्थित गरेको छ। यो महासन्धिलाई यस अवस्थामा ल्याइपुऱ्याउनका लागि हाम्रा देशका बालअधिकारको क्षेत्रमा कार्यरत नागरिक समाजका अगुवाहरूले पनि उल्लेख्य भूमिका खेलेका थिए।

❖ ***बालअधिकार महासन्धिका इच्छाधीन आलेखहरू (Optional Protocols) का सम्बन्धमा पनि प्रकाश पारिदिनुहुन्छ कि ? :***

संयुक्त राष्ट्रसंघले बालअधिकारसम्बन्धी महासन्धिको थप व्याख्याका रूपमा सन् २००२ मा त्यसका दुईवटा ऐच्छिक आलेख (क) बालबालिकाको बेचबिखन वेस्यावृत्ति र अस्लील चित्रणसम्बन्धी, (ख) बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोगविरुद्धको ऐच्छिक आलेख पनि जारी गरेको छ। ती आलेखहरूलाई पनि नेपालले क्रमश सन् २००६ र २००७ मा अनुमोदन गरेको हो। तर नेपालले सन्धि र त्यससँग सम्बन्धित् दुई वटा इच्छाधीन आलेखहरू अनुमोदन गरेता पनि यसको प्रभावकारी कार्यन्वयनका लागि नभई नहुने सञ्चार प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन आलेख भने स्वीकारेको छैन।

१९ नेभेम्बर २०१२ मा जारी यो आलेखले बालबालिकाको बालअधिकार उल्लङ्घन भएको खण्डमा देशको कानुनी प्रक्रियाबाट न्याय नपाएमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिसक्ष उजुरी पुराउने बाटो खोल्छ। हुनत हाम्रो देशमा हामी बालबालिकाको अधिकार हनन् भएमा जाने ठाँउ न्यायपालिका नै हो। यसमा रहेका स्थानीय न्यायिक समिति ७५ वटै जिल्लामा रहेका जिल्ला अदालत र त्यसमा रहेको बाल इजलास साथै ७ वटा प्रदेशमा रहेको उच्च अदालत र सर्वोच्च अदालतबाट पनि बालअधिकार हनन्मा उपचार माग्न सकिन्छ।

तर बालअधिकार महासन्धिको पक्षराष्ट्रमा भएको बालअधिकार हनन्का घटनामा देशभित्र न्याय नपाएमा यसले अन्तर्राष्ट्रिय स्तरसम्म उजुरी दिने बाटो खोल्दछ।

हामी नेपाली नागरिक समाजका सङ्गठनहरू र सञ्जालहरू मिलेर यो बालअधिकार महासन्धिको सञ्चार प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन आलेखलाई स्वीकार गर्न र अनुमोदन गर्नका लागि नेपाल सरकारसँग अनुरोधकासाथ अभियान नै सञ्चालन गरिरहेका छौं। त्यस अभियानको संयोजनको काम पनि चाइल्ड नेपालले नै गरिरहेको छ।

❖ ***संयुक्त राष्ट्रसंघीय महासन्धि समिति, प्रतिवेदन पद्दति प्रतिवेदन गर्ने पक्षराष्ट्रको दायित्व र यसको प्रक्रिया कस्ता छन् ?***

संयुक्त राष्ट्रसङ्घबाट जारी गरेका महासन्धिहरू २० वटा राष्ट्रहरूले र थप अतिरिक्त या ऐच्छिक आलेखहरूमा १० वटा राष्ट्रहरूले हस्ताक्षर गरिसकेपछि कार्यान्वयनका लागि क्रियाशील या (Inter into force) लागु हुने गर्दछ। सन्धि अनुमोदन गर्ने प्रत्येक राष्ट्रले महासन्धिमा व्यवस्था भएअनुसार सम्बन्धित समितिमा कार्यान्वयनको अवस्थासम्बन्धी प्रतिवेदन पेश गर्नु पर्ने दायित्व निर्वाह गर्नु पर्दछ। यहाँ राष्ट्रसंघीय महासन्धि समितिहरूको समग्र चर्चा गर्न त्यत्ति सम्भव नहुनाले बालअधिकार समितिकै चर्चामा केन्द्रित हुन्छौं। बालअधिकार समितिमा १८ जना उच्च नैतिकतायुक्त तथा बालअधिकार महासन्धिको कार्यक्षेत्रबारे विशेषज्ञता भएका १८ जना सदस्यहरू हुने गर्दछन्। यिनीहरूको निर्वाचन पक्षराष्ट्रहरूले गोप्य मतदानको प्रक्रियाबाट हुने गर्दछ। यहाँ संयुक्त राष्ट्रसङ्घीय समितिमा पठाइने प्रतिवेदन र त्यसपछिका प्रक्रियाहरूको बुँदागत चर्चा यसरी गर्नु उपयुक्त होला ?

**१. आवधिक प्रतिवेदन :**

बालअधिकार महासन्धिअनुसार पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा दुई वर्षमा प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक पाँच

पाँच वर्षमा आवधिक प्रतिवेदन पेश गर्नु पर्दछ ।

बालअधिकार महासन्धिअनुसार ऐनकानुनहरू, नियममावलीहरू, नीतिगत प्रावधानहरू छन् या छैनन् । बालअधिकार कार्यान्वयनका र अनुगमनका संयन्त्र तथा संरचनाहरू र बजेट तथा कार्यक्रमहरूका प्रावधानहरू कस्ता छन् ? तदनुकूल मुलुकमा कार्यान्वयन भए नभएको पक्षराष्ट्रका सरकारले विधिवत ढङ्गले प्रतिवेदन पेश गर्दछ ।

## २. नागरिक समाजको प्रतिवेदन

राज्यपक्षले प्रतिवेदन पेश गरिसकेपछि समितिले उक्त प्रतिवेदनमाथि नागरिक समाजसँग उनीहरूको प्रतिक्रिया वा टिप्पणी के कस्तो रहेको छ भनेर छाया प्रतिवेदनका रूपमा नागरिक समाजको प्रतिवेदन लिन्छ । यदि सम्बन्धित सरकारले आवधिक प्रतिवेदनको तोकिएको म्याद गुजारेमा या प्रतिवेदन नपठाएका समितिले नागरिक समाजलाई वैकल्पिक प्रतिवेदन पठाउनका लागि आग्रह गर्न सक्छ । हाम्रो देशले पनि अरूले जस्तै यस्तो वैकल्पिक प्रतिवेदनको अभ्यास गरेको पाइन्छ ।

## ३. बालअधिकार समितिमा आवधिक प्रतिवेदनमाथिको छलफल प्रक्रिया, प्रिसेशनल बैठक :

समितिमा सरकारबाट पेश गरिएका आवधिक प्रतिवेदन तथा नागरिक समाजको तर्फबाट पेश गरिएका पूरक प्रतिवेदन अध्ययन गर्न एक कार्यदल बनाइएको हुन्छ । कार्यदलले नागरिक समाजले पेश गरेको प्रतिवेदन र सरकारले पठाएको प्रतिवेदन अध्ययन गरी त्यसमाथि छलफललाई सहज बनाउनका लागि नागरिकसमाजका प्रतिनिधिलाई प्रतिवेदनका जिम्मेवारका रूपमा समितिमा बोलाउने गर्दछ । प्रिसेशनल वर्किङ ग्रुपका नामबाट समितिले नागरिक समाजका प्रतिनिधिहरूसँग समितिले छलफल गर्दछ । यस छलफलबाट समितिले राज्यपक्षको प्रतिवेदनमा रहेका कमी कमजोरीहरूको जानकारी लिनुका साथै नागरिक समाजको प्रतिवेदनमाथिको आधिकारिकताको छानबिन र थप सूचनाहरू सङ्ग्रह गर्दछ ।

## ४. सवालहरूका सूची संप्रेषण (List of issues) :

राज्यपक्षको आवधिक प्रतिवेदन, सम्बन्धित मुलुकका मानवअधिकार आयोगहरूका प्रतिवेदन र युनिसेफलगायतका संयुक्त राष्ट्रसंघीय संयन्त्रहरूका आन्तरिक र नियमित सूचनाहरूका साथै नागरिक समाजको प्रतिवेदन, समेतको अध्ययन र प्रिसेशनल वर्किङ ग्रुपको छलफलपछि समितिले सवालहरूका सूची (List of issues) तयार गरी तत्तत् देशलाई पठाउने गर्छ । यस्ता सवालहरू मूलतः सरकारले पठाएको प्रतिवेदनमा नपुग भएका तथा नागरिक समाजको प्रतिवेदन अन्य सूचनाहरूसँग मेल नखाने विषयहरूमा केन्द्रित हुने गर्दछन् । निश्चित सङ्ख्याका प्रश्नावलीहरूसहितको त्यस सवालहरूका सूचीको सम्बन्धित देशले लिखित जवाफ पठाउने प्रावधान हुन्छ । सन्धिको पक्षराष्ट्रहरूबाट प्रेषित लिखित जवाफलाई समितिले राज्य र नागरिक समाजका प्रतिवेदनहरूमाथिको थप पुष्टिका रूपमा लिने र अध्ययन गर्ने गर्दछ । त्यसपछि समितिले प्लेनरी बैठकको आयोजना गर्दछ ।

## ५. प्लेनरी बैठक :

लिखित जवाफमाथिको अध्ययनपश्चात् त्यसको निरूपण र प्रामाणिकताका लागि प्लेनरी बैठकको आयोजना हुने गर्दछ । यसरी आवधिक प्रतिवेदनमाथि छलफल गर्नका लागि आयोजना गरिएको त्यस प्लेनरी बैठकमा समितिका सदस्यहरू, विज्ञहरू, युनिसेफका प्रतिनिधि, सम्बन्धित सरकारका देशीय प्रतिनिधि एवं पक्षराष्ट्रका संयुक्त राष्ट्रसङ्घीय स्थायी नियोगका प्रतिनिधिहरू तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी हुने गर्दछन् । यस बैठकमा नागरिक समाज साक्षीको रूपमा मात्र भाग लिने गर्दछ । यस बैठकमा भएका औपचारिक छलफलहरूमा नागरिक समाजले

बोल्न भने पाउँदैनन् । फेरि पनि बैठकको दौरानमा नागरिक समाजको तर्फबाट लबी गर्नका लागि अनौपचारिक रूपले भने सम्बन्धित प्रतिनिधिहरूसँग कुराकानीहरू राख्न सकिन्छ। सरकारले दाबी गरेका कुराहरूमा नागरिक समाजले प्रश्न उठाउनु पर्ने भएमा समितिका प्रतिनिधिहरूलाई लबी गरी उनीहरूको तर्फबाट सरकारलाई प्रश्न सोध्न लगाउन सकिन्छ। यसरी सोधिएका प्रश्नहरूको जवाफ सरकारले दिनुपर्दछ। उठेका सबै सवालहरूको सरकारका प्रतिनिधिले जवाफ र आवश्यक छलफलपछि त्यो प्लेनरी बैठक सम्पन्न हुने गर्दछ।

### ६. समापन टिप्पणी :

त्यस छलफल र प्राप्त तथ्यहरूका आधारमा समितिले समापन टिप्पणी (Concluding Observation) तयार गर्दछ। यो समापन टिप्पणी कार्यान्वयनका अपेक्षासाथ सम्बन्धित सरकारलाई पठाउने गर्दछ। समापन टिप्पणी भन्नाले त्यस देशको बालअधिकारका क्षेत्रमा सुधार गर्नुपर्ने सवालहरू (जो संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले देखेको हुन्छ) नै हुन् ।

**हामीले संयुक्त राष्ट्रसङ्घमा प्रेषित गरिने प्रतिवेदन र पक्षराष्ट्रको दायित्व र यसको प्रक्रिया कस्ता छन् ? भन्ने कुराको छलफल गरेका छौँ। अब हामी बालअधिकारसम्बन्धी आवधिक प्रतिवेदन कार्यमा नेपालको अवस्थाको पनि केही कुराहरूका चर्चा गरौँ :**

बालअधिकार महासन्धि समितिमा नेपालको प्रतिवेदनको अवस्थाको चर्चा गर्दा प्रारम्भिक प्रतिवेदन १९९२ मै दिनुपर्नेमा तीन वर्ष ढिला गरेर १९९५ मा पठाएको अवस्थाबाट छलफल सुरु गर्नु उपयुक्त हुन्छ । १० अप्रिल १९९५ लेखिएको त्यो प्रतिवेदन १० मे १९९५ मा कमिटीले स्वीकार गरेको पाइन्छ। उक्त प्रतिवेदनको सुनुवाई पछि ७ जून १९९६ समितिले नेपाल सरकारका लागि समापन टिप्पणी जारी गरेको थियो ।

त्यसपछि नागरिक समाजका तर्फबाट त्यसैको छायाँ प्रतिवेदनका रूपमा न्याक्रो नामक गैससको सञ्जालका नाममा २००२ मा एउटा प्रतिवेदन समितिमा पठाइयो। अल्टरनेटिभ रिपोर्ट भनी उल्लेख गरिएको त्यो प्रतिवेदनलाई राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिले स्वीकार गरेको थियो। प्रारम्भिक प्रतिवेदनको पाँच वर्षमा पठाउनु पर्ने दोस्रो प्रतिवेदन पनि समयमा जान सकेन। सन् २००४ मा मात्र त्यो प्रतिवेदन जान सक्यो। त्यो प्रतिवेदन नागरिक समाजको पनि सहभागिता हुने गरी संयुक्त रूपमा पठाइएको थियो। त्यस दोस्रो प्रतिवेदनउपर कुनै छायाँ प्रतिवेदन प्रेषित भएन। न्याक्रोका संयोजक डा.विजय सैँजूका अनुसार २००२ मा न्याक्रोद्वारा प्रेषित प्रतिवेदनलाई आधार बनाएर २००५ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिले न्याक्रोका संयोजकका हैसियतमा उहाँ समेतको उपस्थितिमा समितिको ३९औँ बैठकमा मिति २० मे, २००५ मा दुवै प्रतिवेदनमाथि छलफल भएको थियो।

### प्रतिवेदन प्रेषित गर्ने कार्यमा व्यवस्थित प्रयास :

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको चर्चाबिना यो काम पूर्ण हुँदैन। सरकारको तर्फबाट पठाएको प्रतिवेदन पछि नागरिक समाजको तर्फबाट पूरक प्रतिवेदन पठाउने कामलाई व्यवस्थित गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लगायतका मानव अधिकार संस्थाहरूको पहलमा सन् २००३ मा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र स्थापना गरियो। केन्द्रले नेपाल पक्षराष्ट्र भएका सबै ठूला महासन्धिहरू र महासन्धिहरूको प्रतिवेदन तयार गर्नका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने संस्थाहरूलाई पहल गर्न समन्वय गर्ने जिम्मा दियो। यसमध्ये बालअधिकार महासन्धिको पूरक प्रतिवेदन तयार गर्नका लागि समन्वय गर्ने जिम्मा प्रारम्भिक दिनहरूमा बालअधिकार अभियन्ता गौरी प्रधानको पहलमा बाल मजदुर सरोकार केन्द्र (सिविन)ले लिएको

थियो भने २००८ देखि सो संयोजनको जिमेवारी चाइल्ड नेपालले लियो ।

हाल चाइल्ड नेपालले बालअधिकारसम्बन्धी महासन्धिको पूरक प्रतिवेदन तयार गर्ने कार्यको समन्वय गरिरहेको छ। चाइल्ड नेपाल, सिविन नेपाल, सिविस, भ्वाइस अफ चिल्ड्रेन, कन्सर्न नेपाल, शक्तिसमूह, युसेप नेपाल, काठमाडौं स्कुल अफ ल, शिक्षा पत्रकार समूह, पार्टनरसिप नेपाल लगायतका राष्ट्रियस्तरका १० वटा गैससहरू रहेका छन् ।

**बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेखको प्रतिवेदन :**

बालवालिकाको बेचबिखन, बाल देहव्यापार तथा अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेखको अवस्थाका बारेमा नेपालले २००९ मा पहिलो प्रतिवेदन पठायो। त्यसै प्रतिवेदनका आधारमा बालअधिकारसम्बन्धी महासन्धि समितिको प्रावधानअनुरूप निर्धारित समय सन् २०११ मै नागरिक समाजका तर्फबाट CRC Committee, HRTMCC ले छाया प्रतिवेदन पठाउने कार्य गऱ्यो। सो कार्यमा नेपालस्थित विकास साझेदार अन्तर्राष्ट्रिय संस्थाहरू सेभ द चिल्ड्रेन, प्लान नेपाल, ओर्ल्डभिजन इन्टरनेशनल, एन.जी.ओ. ग्रुप फर सि.आर.सी. र अष्ट्रेलियन एडले पनि सहयोग गरेका थिए।

❖ ***संयुक्त राष्ट्रसङ्घीय समितिमा प्रतिवेदन पठाउने क्रममा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको भूमिका कस्तो छ ?***

त्यो अर्को बिर्सनै नहुने सन्दर्भ हो। संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा नागरिक समाजको तर्फबाट पूरक प्रतिवेदन पेश गर्ने, सूचनाहरू पुऱ्याउने, बैठकहरूमा भाग लिनेलगायतका काममा सहजीकरण गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन इन्टरनेशनल, एक्प्याक्ट, टिडिएचलगायतका संस्थाहरूको एउटा सञ्जाल छ। संस्थागत रूपमै चाइल्ड राइट्स् कनेक्टका नाममा जेनेभामै अवस्थित छ। यसलाई बालकेन्द्रित अन्तर्राष्ट्रिय गैससहरूको बालअधिकारको संरक्षण उन्नयनका लागि राम्रो योगदानका रूपमा लिन सकिन्छ।

❖ ***संयुक्त राष्ट्रसङ्घीय समितिमा प्रतिवेदन पठाउने क्रमका पछिल्ला गतिविधिहरू के कस्ता छन् ?***

यो सवाललाई जवाफका रूपमा भन्नु पर्दा म केही बुँदागत रूपमा चर्चा गर्न चाहन्छु। जो यस प्रकार छन्

**क. बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाँचौं आवधिक संयुक्त प्रतिवेदन :**

लामो प्रतिक्षापछि नेपाल सरकारले सरोकारवाला मन्त्रालय महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमार्फत बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाँचौं आवधिक प्रतिवेदन संयुक्त प्रतिवेदनका रूपमा पठायो। त्यो प्रतिवेदन लेखनमा लामो समयसम्म बालअधिकारका क्षेत्रमा क्रियाशील व्यक्तित्व श्री उद्धव पौडेल संलग्न हुनुहुन्थ्यो। प्रतिवेदन तयार गरिरहँदा सम्बन्धित क्षेत्रका विज्ञहरू, मानवअधिकार आयोग, सरोकारवाला संघ-संस्था लगायत, बालक्लबहरूसँग पनि राष्ट्रिय र क्षेत्रिय रूपमा परामर्श भेलाहरूको आयोजना गरी राय, सुझावहरू लिइएको थियो। दोस्रो, तेस्रो र पाँचौंको संयुक्त प्रतिवेदन पठाउनु पर्ने अन्तिम मिति पनि २०१० रहेको सो सरकारी प्रतिवेदन ११ अक्टोबर २०१२ मा तयारी भएको उल्लेख गर्दै २३ डिसेम्बर २०१३ मा मात्र बालअधिकार महासन्धि समितिमा पठाउने काम भयो। त्यसलाई महासन्धि समितिले २२ डिसेम्बर २०१४ मा आफ्नो वेभसाइटमा प्रकाशन गऱ्यो।

**ख. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन :**

लामो प्रतिक्षापछि नेपाल सरकारले सरोकारवाला मन्त्रालय महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमार्फत बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन पठायो। त्यो प्रतिवेदन लेखनमा बालअधिकारका क्षेत्रमा क्रियाशील व्यक्तित्व श्री चन्द्रिका खतिवडा संलग्न हुनुहुन्थ्यो। धेरै अगाडि नै तयार गरिएको सो प्रतिवेदन लामो समयसम्म रोकी त्यसमा समयानुकूल परिमार्जनसहित महासन्धिको तेस्रो-पाँचौं प्रतिवेदनका साथै प्रेषित गरिएको थियो। सो प्रतिवेदन पठाउनु पर्ने अन्तिम मिति पनि २००९ रहेको सो सरकारी प्रतिवेदन २०१३ मा मात्र बालअधिकार महासन्धि समितिमा पठाउने काम भयो। त्यसलाई महासन्धि समितिले ३१ अगष्ट २०१४ मा आफ्नो वेभसाइटमा प्रकाशन गऱ्यो।

**ग. सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालका नाममा हाम्रो बृहत्तर सहभागिता :**

त्यसपछि समितिले तोकेकै समयमा नागरिक समाजको प्रतिवेदनका रूपमा निम्नअनुसारको सञ्जालहरूको सामूहिक संलग्नतामा सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालका नाममा पूरक प्रतिवेदनहरू पठाइयो। माथि चर्चा भएका दुवै प्रतिवेदनमा आधारित भई वयस्कहरूका तर्फबाट र बालबालिकाका अगुवाइको एक प्रतिवेदन समेत तीन पूरक प्रतिवेदनहरू एकै साथ पठाइयो। बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाँचौं आवधिक प्रतिवेदनमाथि आधारित रही बालबालिकाका तर्फबाट तयार पारिएको सो प्रतिवेदनका लागि सहजीकरण गर्ने कार्य सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालकै एक सदस्य बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले गरेको थियो।

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र Human Rights Treaty Monitoring Coordination Center (HRTMCC) अन्तर्गतको बालअधिकार समितिको अगुवाइमा बनेको त्यस सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालमा बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप), बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), बालगृहहरूको सञ्जाल (सिनेट), बालअधिकारमा संलग्न संस्थाहरूको सञ्जाल (न्याक्रो), राष्ट्रिय बालसंरक्षण सञ्जाल (एनुसिपिए), सडक बालबालिकासँग कार्यरत सञ्जाल (नाओस) समेतको संलग्नता रहेको थियो। सबै सञ्जालहरूका सदस्य संस्थाहरू गरी ६०० भन्दा बढी संघसंस्था तथा निकायहरू संलग्नता थियो।

नागरिक समाजको तर्फबाट पूरक प्रतिवेदन तयार गरिरहँदाका केही सम्झनलायक बुँदाहरू यस्ता छन् :

- मूल प्रतिवेदन अर्थात् बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौं आवधिक प्रतिवेदनमाथिको पूरक प्रतिवेदन लेखन कार्यका लागि काठमाडौं स्कुल अफ ल का स.प्रा.कपिल अर्याललाई जिम्मेवार व्यक्तिका रूपमा चयन गरिएको थियो भने उहाँको सहयोगीका रूपमा चाइल्ड नेपालका मोहन दँगाललाई तोकिएको थियो।
- त्यस्तै बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदनका हकमा २०११ देखिनै प्रारम्भ गरिएको प्रतिवेदनलाई अध्यावधि गरी त्यसको सहजीकरणमा संलग्न श्री इन्दु तुलाधरले पूरक प्रतिवेदनको ड्राफ्ट प्रस्तुत गर्नुभएको थियो।
- संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी

महासन्धि समितिले निर्धारण गरेअनुरूप प्रतिवेदनको ढाँचा, निर्धारित समय सीमा भित्रमा तयार गरिसक्ने र बालअधिकारका समग्र सन्दर्भहरूलाई समावेश गर्ने गरी प्रतिवेदनको दायरा र मुलुकभरबाट सुझाव तथा परामर्श कार्यक्रमहरूमा सहभागिता गराउने व्यवस्थासहित यसको व्याप्तिको निर्धारण पनि पूर्ववत नै गरिएको थियो ।

- विषयगत र विधागत संलग्नताका आधारमा सूचना र तथ्य सङ्कलनका लागि सदस्य संस्था तथा सहयोगी संस्थाहरूको समन्वय गरिएको थियो ।
- सरोकारवाला मन्त्रालयहरू, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको महिला तथा बालबालिका सेलजस्ता सम्बद्ध सबै सरकारी निकायहरूसँग समन्वयात्मक सहकार्यको हाम्रो नीतिलाई निरन्तरता दिइएको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय बालकल्याण समिति, युनिसेफलगायत सरोकार राख्ने निकायहरूसँग पनि सहकार्य र समन्वयात्मक सहयोग परिचालन गर्ने हाम्रो परम्परालाई निरन्तरता दिइएको थियो ।

## घ. पछिल्ला पूरक प्रतिवेदनमा उठाइएका सवालहरू

नेपालको तर्फबाट तयार गरिएको पूरक प्रतिवेदनमा विभिन्न सवालहरू उठाइएका थिए । सवालहरूमा ऐन कानुन तथा नीतिमा सुधार, कानुन, नीतिहरूको कार्यान्वयन, बालअधिकार आयोग व्यवस्था हुनु पर्ने, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मातहतमा प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय व्यवस्था हुनु पर्ने कुराहरू थिए। बालअधिकार हनन् भएका अवस्थाको अनुगमन गर्ने स्वतन्त्र निकायको व्यवस्था हुनुपर्ने र यसैगरी बालअधिकार महासन्धिको धारा २८ मा बालबालिकाको शिक्षा दिक्षाको दायित्व सके परिवारले पूरा गर्नु पर्ने यदि परिवारबाट सम्भव नभएको खण्डमा यसको दायित्व राज्यले नै लिनुपर्ने सन्दर्भहरू उठाइएका थिए । बालअधिकार महासन्धिको पूर्णताका लागि तेस्रो ऐच्छिक आलेखलाई राज्यले अनुमोदन गर्नुपर्ने कुरा पनि उठाइएको थियो। अपाङ्गता भएका, आर्थिक रूपले बिपन्न, पछाडि पारिएका समुदायका बालबालिकाका सवालहरू उठाइएका थिए। यसको साथै संयुक्त राष्ट्रसङ्घले सबैका लागि शिक्षा भन्ने नारा तय गरेको सन्दर्भमा नेपाली परिवेशमा यो नारा गुणस्तरीय शिक्षा सबैका लागि राखिनु पर्दछ भन्ने विचार अगाडि सारेको थियो ।

## ङ. नेपालको तर्फबाट नयाँ अभ्यास :

नेपालको यो बालअधिकार महासन्धिसम्बन्धी प्रतिवेदन निर्माण गर्ने सन्दर्भमा अर्को एउटा मान्यता स्थापित गऱ्यो। जसको सवाल उसको नेतृत्व हुनु पर्दछ भन्ने मान्यतालाई व्यवहारिक रूप दिनका लागि नेपाली प्रतिनिधिहरूले यो पूरक प्रतिवेदन बालबालिकाको नेतृत्वमा निर्माण हुनुपर्दछ भन्ने सवाल उठाए। यसका साथै नेपाली प्रतिनिधिहरूले उक्त बालबालिकाको नेतृत्वमा तयार गरिने प्रतिवेदनको ढाँचा कस्तो हुनुपर्दछ भन्ने विषयमा एउटा निर्देशिका नै तयार गरेको थियो। यसरी एशिया महादेशमै पहिलो पटक बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा पेश गर्ने काम भयो। परम्पराभन्दा फरक अर्थात थप एक विशिष्ठ प्रयोगका रूपमा त्यस अवसरमा बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाँचौं आवधिक प्रतिवेदनमाथि आधारित रही बालबालिकाका तर्फबाट एक चाइल्डलेड रिपोर्ट तयार पारिएको थियो । त्यसको सहजीकरण गर्ने कार्य सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालकै एक सदस्य बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले गरेको थियो। त्यस प्रतिवेदन तयार गरिरहँदा बालमैत्री प्रकृया र पद्दतिहरू अपनाइएको थियो ।

समितिसम्मै बालबालिकालाई उपस्थित गराउने र छलफलमा सहभागी गराउने कामसहित नेपालका नागरिक समाजको तर्फबाट गरिएको यस प्रकारको क्रियाशीलतालाई सबैतिरबाट प्रशंसा गरिएको थियो ।

त्यस्तै हाम्रो देशमा राज्यले संयुक्त राष्ट्रसङ्घमा पठाउने आवधिक प्रतिवेदन तयार गर्ने क्रममा पनि नागरिक समाजसँगको छलफल कार्यक्रमहरूलाई अनिवार्य सर्तका रूपमा स्थापित गराइएको छ। नागरिक समाजको प्रतिवेदन तयारीका क्रममा पनि सरकारी प्रतिनिधिहरूको पनि सहभागिता र सुझावसहितको प्रतिवेदनमाथि मुलुकव्यापी रूपमा छलफल गर्ने, नयाँ सोच र अभ्यासहरू स्थापित गर्न सफल भएका छन् । त्यस्तै बालअधिकार समितिमा नागरिक समाजद्वारा पेश गरिने बालअधिकारसम्बन्धी प्रतिवेदनलाई नयाँ नाम दिने अभ्यास पनि प्रारम्भ गरिएको छ। केही वर्ष अगाडिसम्म नागरिक समाजको तर्फबाट पठाइने प्रतिवेदनलाई छाया प्रतिवेदन भन्ने गरिन्थ्यो। संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायलाई नागरिक समाजले पेश गर्ने प्रतिवेदनलाई छाया प्रतिवेदन नभनी पूरक प्रतिवेदन भन्नुपर्दछ नेपालको नागरिक समाजका प्रतिनिधिहरूले लबी गर्ने काम गरे । यसपछि मात्र नागरिक समाजको तर्फबाट पेश गरिने प्रतिवेदनलाई पूरक प्रतिवेदन भन्ने मान्यता स्थापित भयो ।

❖ ***नेपालमा बालअधिकार कार्यान्वयनको हालको स्थिति कस्तो छ ?***

बालअधिकारप्रति राज्य संवेदनशील भएको देखिन्छ। संविधानमा बालअधिकारलाई मौलिक हकभित्र समावेश गरिएको छ। यो अत्यन्त स्वागत योग्य कुरा हो । बालअधिकार कार्यान्वयन गर्नका लागि सरकारले केन्द्रदेखि, प्रदेश हुँदै स्थानीय तहसम्म संरचनाहरू बनाई पद्धति बसाल्ने प्रयत्न गरिरहेको छ। बालबालिकासम्बन्धी ऐन २०४८ तथा बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०५६ निर्माण भई कार्यान्वयन भइरहेको, बालबालिकासम्बन्धी नीति पनि आइसकेको अवस्थामा छ। अव बालअधिकारलाई मौलिक हकका रूपमा प्रतिस्थापना भइसकेपछि त्यसै अभिभावनासँग मेल खाने गरी हालै बालबालिकासम्बन्धी ऐन २०७५ पनि आइसकेको छ। यसको साथै बालबालिकासँग सरोकार राख्ने गुणस्तरीय शिक्षा, मानवोचित स्वास्थ्य, पोषण, संरक्षण, सहभागितालगायतका सवालहरूलाई पनि संविधानको प्रस्तावनाअनुरूप बालबालिकाको सर्वोत्तम हितमा हुनेगरी कानुनहरू समय सापेक्ष परिमार्जन गर्ने कतिपय पुराना कानुनलाई प्रतिस्थापित गरेर त्यसको ठाउँमा नयाँ कानुनहरू बनाउने काम भइरहेको छ। बालबालिकाका लागि आवधिक र योजनाबद्ध विकासका खाका निर्माण गर्नु र तिनीहरूको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण देखिएको छ ।

असङ्गठित क्षेत्रको बालश्रम, सडक बालबालिकाका सवाल दूरदराजका असक्त र अपाङ्गता भएका अनि गरीबीले आक्रान्त अवस्थाका बालबालिकाका विकासका कुरा, बालविवाह, बालबालिकाको बेचबिखन, यौन शोषणमा परेकालाई द्रुतन्याय कार्यान्वयनको कुरा अझै निकै चुनौतीपूर्ण छन् । संविधानले स्पष्ट नबोलेका बालअधिकार आयोग जस्ता कतिपय सवालहरू अझै प्रतिक्षाकै विषय भएका छन् ।

# सिविससँगको सहकार्य प्रभावकारी रहेको छ

**कमला सुवेदी**
**प्रहरी निरीक्षक**
**महिला तथा बालबालिका सेवा केन्द्र, कालिमाटी**
**काठमाडौं**

*(सिविसको तर्फबाट रमेश कुमार पौडेल र देवकी पोखरेलले लिनु भएको अन्तरवार्ता)*

❖ ***तपाइँ यो महिला तथा बालबालिका सेवा केन्द्रमा कहिलेदेखि सेवारत हुनुहुन्छ ?***

मिति २०७५ को बैशाखदेखि महानगरीय प्रहरी परिसर काठमाण्डौ महिला तथा बालबालिका सेवा केन्द्र कालीमाटीमा कार्यरत छु। यहाँ आउनुभन्दा अघि जिल्ला प्रहरी कार्यालय काभ्रे धुलिखेल र महानगरीय प्रहरी वृत्त बौद्धस्थित महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत थिएँ।

❖ ***सेवा केन्द्रमा के कस्ता प्रकृतिका घटनाहरू आउने गर्दछन् ?***

यस सेवा केन्द्रमा धेरैजसो महिला तथा बालबालिकासँग सम्बन्धित मुद्दाहरू आउने गर्दछन्। पछिल्लो समय पुरुष पीडित भएका घरेलु हिंसासम्बन्धी मुद्दा पनि आउन थालेका छन्।

❖ ***आएकामध्ये बालबालिकासँग सम्बन्धित घटनाहरू के कस्ता प्रकृतिका हुने गरेको पाइएको छ ?***

बालबालिकासँग सम्बन्धित मुद्दाहरूमा घरेलु हिंसा, बाल यौन दुर्व्यवहार, जबरजस्ती करणी, मानव बेचबिखन तथा लैङ्गिक हिंसालगायतका मुद्दा पर्दछन्।

❖ ***प्रहरीको दृष्टिमा बालबालिकाविरुद्धका यौन दुर्व्यवहारसम्बन्धी घटनाहरू कुन महिनामा बढी आउने गरेका छन् ?***

नयाँ कानुन आएपछि त झनै धेरै मुद्दाहरू आएका छन्। त्रिवर्षीय तथ्याङ्क हेर्दा ०७२।०७३ मा १०२ वटा करणी, ३१ वटा जबरजस्ती करणी उद्योग, मानव बेचबिखन २१ वटा, घरेलु हिंसा १४०१ वटा, त्यसै गरी ०७३।०७४, ०७४।०७५ र ०७५।०७६ मा आएका मुद्दाहरू बढ्दो क्रममा छ। यो किन यस्तो बढ्दो रूपमा छ भनेर अनुसन्धान गर्ने बेला भएको छ।

❖ ***यस सेवा केन्द्रमा परेका मुद्दाहरूका आधारमा कुन उमेर समूह, कुन जातजाति तथा कुन वर्गका बालबालिकाहरूमाथि यौन दुर्व्यवहार हुने गरेको पाइएको छ ?***

आ. व.२०७३।०७४ लाई आधार मान्दा यौन दुर्व्यवहारपीडित महिलाहरूको जाति र संख्यालाई छुट्याउदा  मधेसी ७२, ब्राम्हण २३१, क्षेत्री ४७३ र दलित १७७ रहेका छन् । त्यसैगरी धर्मको आधारमा हिन्दू १२८७, बौद्ध ३७२, मुस्लिम ६३ रहेको पाइएको छ। उमेर समूहमा आ.व.२०७२।०७३ मा १८ वर्ष मुनिका पीडित बालिका २३ जना रहेका मुद्दाहरू दर्ता भएका छन् । जबरजस्ती करणी गर्ने उद्योगका मुद्दामा आ.व.२०७४।०७५ मा १० वर्षभन्दा कम उमेरका बालिका ८ जना, ११ देखि १६ वर्षसम्मका बालिका १२ जना र १७ देखि २५ उमेर समूहका महिला १८ जना रहेका दर्ता भएमा छन् । आ.व. २०७४।०७५ मा १० वर्षभन्दा कम उमेरका पीडित बालिका १३ जना, ११ देखि १६ वर्षका बालिका ६६ र १७ देखि २५ वर्षका महिला ४८ जना रहेका छन् ।

❖ ***यौन दुर्व्यवहारबाहेक बालबालिकामाथि घट्ने अन्य हिंसात्मक घटनाहरू के कस्ता पाइएका छन् र यी सम्बन्धित के कस्ता मुद्दाहरू पर्ने गरेका छन् ?***

यौन दुर्व्यवहारबाहेक बालबालिकासँग सम्बन्धित अन्य मुद्दामा मानव बेचबिखन तथा बालविवाह जस्ता मुद्दाहरू पर्ने गर्दछन् । जसमा मानव बेचबिखनको तुलनामा बालविवाहसम्बन्धी मुद्दाहरू कम आएको पाइन्छ ।

❖ ***यौन दुर्व्यवहार पीडित बालबालिकाको स्वास्थ्य परीक्षणका लागि कहाँ पठाउने गर्नु भएको छ ?***

बालबालिकाविरुद्ध हुने यौन दुर्व्यवहारसम्बन्धी घटनाका पीडित बालबालिकाको स्वास्थ्य परीक्षणका लागि थापाथली स्थित प्रसुती गृहको  one step crisis management center (OCMC) मा पठाउने गर्दछौँ । यो केन्द्र लैङ्गिक हिंसा न्यूनीकरणका लागि सम्माननीय प्रधानमन्त्रीको कार्यालयको पहलमा स्थापना भएको हो । जसले निःशुल्क रूपमा सेवा प्रदान गर्दछ। विधि विज्ञान प्रयोगशालाबाट गरिने स्वास्थ्य परीक्षण र OCMC द्वारा गरिने स्वास्थ्य परीक्षणमा एउटाले अर्कोलाई समर्थन गरिरहेको पाइन्छ।

❖ ***जोखिममा परेका बालबालिकाहरूलाई मनोसामाजिक विर्मश प्रदान गर्ने बालमैत्री वातावरणयुक्त मनोविमर्श कक्ष तथा यससम्बन्धी तालिम प्राप्त महिला प्रहरीहरूको व्यवस्था कस्तो रहेको छ ?***

यस सेवा केन्द्रमा जोखिममा परेका बालबालिकाहरूलाई मनोसामाजिक विर्मश प्रदान गर्नका लागि बालमैत्री वातावरणयुक्त मनोविमर्श कक्षको व्यवस्था छ। यो कक्ष मिति २०६०मा स्थापना भएको हो। हाल यो कक्ष अलि जीर्ण अवस्थामा पुगेको छ । मनोसामाजिक सेवाको लागि संवेदनशील प्रकृतिको मुद्दामा म आफैँले सेवा प्रदान गर्ने गरेको छु। मैले समय दिन नसकेको अवस्थामा मनोविमर्शसम्बन्धी तालिम प्राप्त महिला प्रहरीहरूले नै हेर्ने गर्नु हुन्छ।

❖ ***हिंसा वा यौन दुर्व्यवहारमा परेका बालबालिकाको पक्षबाट जाहेरी दिनका लागि के कस्ता प्रक्रियाहरू अपनाउने गर्नु भएको छ ?***

हिंसा वा यौन दुर्व्यवहारमा परेका बालबालिकाको पक्षबाट जाहेरी दिनका लागि बालबालिकाको उमेर नपुग्ने भएको र त्यस्तो जाहेरीले मान्यता नपाउने भएकाले सुरुमा

पीडित बालबालिकाको अभिभावकलाई झिकाई जाहेरी दिन लगाइन्छ। अभिभावक नै नभएका तथा तत्काल उपस्थित हुन नसक्ने र अभिभावकलाई पर्खेर बस्दा प्रतिवादी उम्कने स्थिति छ भने बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाको रोहबरमा जाहेरी दरखास्त दर्ता गराएर मुद्दालाई कानुनी प्रक्रियामा अघि बढाउने गर्दछौं । यस सन्दर्भमा सिविस, सिविनलगायतका संघ संस्थासँग हामीले पहिला देखि नै समन्वय र सहकार्य गर्दै आएका छौं।

❖ ***दुर्व्यवहारसम्बन्धी घटनाहरूमा सम्बन्धित बालक वा बालिका वास्तविक रूपमा पीडित हो होइन भन्ने कुराको निक्र्यौल कसरी गरिन्छ ?***

सम्बन्धित बालक वा बालिका पीडित हो होइन भन्ने कुरा निक्र्यौल गर्ने सन्दर्भमा सबैभन्दा पहिले हामी बालबालिकाको कुरा ध्यान दिएर सुन्छौं। उनीहरूको मनस्थिति बुझ्ने प्रयास गर्दछौं। घटना भएको समय र वरिपरिको परिस्थितिलाई पनि ध्यान दिएर हेर्छौं। बालमैत्री कक्षमा गएर बालमैत्री किसिमबाट सम्बन्धित बालबालिकासँग छलफल गर्छौं। सामान्यतया बालबालिकाले झुटो कुरा बोल्दैनन् भन्ने मान्यता रहेकाले यो छलफलले पनि वास्तविकता पहिचान गर्न मद्दत गर्दछ। वास्तविकता पत्ता लगाउनका लागि हामीले सक्रिय अनुसन्धान गर्ने गरेका छौं। प्राप्त भएका दसी प्रमाणहरू पनि अध्ययन गर्दछौं। फेरि पनि मुद्दाको अन्तिम टुङ्गो लगाउने काम ता अदालतले नै गर्दछ।

❖ ***जोखिममा परेका बालबालिका सम्बन्धित कुनै घटना आएको अवस्थामा तपाईँहरूले कुन कुन संस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्दै आउनु भएको छ ?***

यस सम्बन्धमा केन्द्रीय बालकल्याण समिति, बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय महिला आयोग तथा विभिन्न संघ संस्थाहरू जस्तै सिविस, सिविन, साथी, सेलर्डसँग समन्वय गरी काम गरिन्छ। कानुनी प्रक्रियालाई बालमैत्री बनाउनको लागि बालबालिकाको परिवारमा पहल गर्छौं। संवेदनशील भएर अनुसन्धान गरिन्छ। अदालतमा हुने बन्द इजलाशमा सुनुवाइ तथा क्षतिपूर्तिको लागिसमेत पहल गरिन्छ।

❖ ***बाल यौन दुर्व्यवहारसम्बन्धी मुद्दाहरूको कारबाही प्रक्रिया अगाडि बढाउन अदालतले गर्ने अनुसन्धानको क्रममा प्रहरीको भूमिका के कस्तो हुने गर्छ ?***

यस प्रकृतिका मुद्दाहरूलाई कानुनी प्रक्रियामा अघि बढाउने क्रममा प्रहरीको भूमिका प्रत्येक चरणमा हुन्छ। अदालतले गर्ने अनुसन्धानको क्रममा र संवेदनशील मुद्दामा प्रहरीलाई समेत बकपत्र गराइन्छ र गराइनु आवश्यक छ।

❖ ***सिविसले यस सेवा केन्द्रमा सिफारिस गरेका केसहरू कतिको वास्तविकतासँग मेल खाएको पाउनुभएको छ ?***

सिविसले यस सेवा केन्द्रमा सिफारिस गरेका केसहरू सबै यथार्थपरक हुन्छन्। किनकी यस संस्थाले सम्बन्धित घटनाका बारेमा तथ्यगत प्रमाणहरू जुटाएको पाइन्छ।

❖ ***बालयौन दुर्व्यवहारदेखि बाहेक अन्य प्रकृतिका मुद्दाहरू पनि सिविसबाट सिफारिस भएर आउने गरेका छन् कि ?***

सिविसबाट सिफारिस भएर आउने बालयौन दुर्व्यवहारदेखि बाहेक अन्य प्रकृतिका मुद्दाहरूमा घरेलु बालश्रम, घरेलु हिंसालगायतका मुद्दाहरू पर्दछन्।

❖ ***सिविससँग सहकार्य गर्ने क्रममा यस सेवा केन्द्रले के कस्ता सहज तथा असहज स्थितिको अनुभव गर्नु परेको छ ?***

यस सेवा केन्द्रले सिविससँग गर्दै आएका सबै सहकार्यहरूमा सहजता नै अनुभव गरेको छ। जस्तै कानुनी सेवा, मनोविमर्शको सेवा, वास्तविकता पहिचान गर्नमा सहयोगका साथै पीडितलाई संरक्षण दिनको लागि सिविसबाट आवास गृहको व्यवस्था पनि गरिएको छ। यसबाट सेवा केन्द्रलाई धेरै नै सहयोग पुगेको छ। वास्तवमा सिविस र यो सेवा केन्द्रको मूल उद्देश्य भनेको पीडितले न्याय पाओस र पीडकलाई कानुन बमोजिम सजाय होस भन्ने नै हो।

❖ ***सिविसलाई यस महिला तथा बालबालिका सेवा केन्द्रको तर्फबाट केही सुझावहरू छन् की ?***

सुझाव नै दिन त खासै केही छैन। राम्रो काम गर्दै जानुहोस। बालबालिकाको क्षेत्र बृहत छ । जोखिममा परेका बालबालिका मात्र हैन उनीहरूका अभिभावकमा पनि काम गर्दै जानुपर्ने भएको छ। आर्थिक रूपमा कमजोर तथा जोखिममा परेका बालबालिकाको क्षेत्रलाई केन्द्रविन्दु बनाएर काम गर्ने शिलशिलामा तपाईँ हाम्रो समन्वय तथा सहकार्य निरन्तर जारी रहोस। अन्त्यमा सिविस २५ वर्ष पुगेको उपलक्ष्यमा मेरो तर्फबाट हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु तथा संस्थाको निरन्तर प्रगतिको कामना गर्दछु।

# बालयौन दुर्व्यवहारविरुद्ध सिविसले निर्वाह गरेको भूमिका सराहनीय छ

**डा. श्री सिर्जना कुँवर**

*(गत डेढ वर्षदेखि पाटन अस्पतालको फरेन्सिक विभागमा कार्यरत फरेन्सिक विशेषज्ञ डा. श्री सिर्जना कुँवरसँग सिविसका रमेश कुमार पौडेल र देबकी पोखरेलले यस सम्बन्धमा गर्नु भएको अन्तरवार्ताको मूल पक्ष)*

❖ ***अहिलेसम्म तपाईँले बालयौन दुर्व्यवहारसँग सम्बन्धित कतिवटा केस परीक्षण गर्नु भयो होला ?***

२०७५ साल सुरु भए पछि हाम्रो विभागले पीडित र पीडक दुवै गरेर ५० जनाको स्वास्थ्य परीक्षण गरिसकेको छ ।

❖ ***त्यसमध्ये बालबालिकासँग सम्बद्ध के कस्ता केसहरू आउने गरेका छन् ?***

बालबालिकासम्बद्ध मुद्दा अन्र्तगत जोखिममा परेका बालबालिका, आफ्नै परिवार (बुबा, सौतेनी बुबा, हजुरबुबा) तथा नजिकका चिनेजानेकाबाट जबरजस्ती करणीमा परेका मुद्दा आउने गर्दछन् । त्यस्ता मुद्दाहरूमा सम्बन्धित व्यक्तिहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनपश्चात प्रायः धेरैजसो अभिभावकहरूबाट “जे नहुनु थियो भइहाल्यो । अब हामी एकआपसमा मिलेर बस्छौ । मुद्दा गर्दैनौ र प्रहरीमा दर्ता गरेको जाहेरी नै फिर्ता लिन्छौँ” भन्नेसम्मका भनाइहरू आउने गरेको पाइन्छ । अस्पतालको स्वास्थ्य परीक्षणपश्चात् अदालतमा कानुनी कारबाहीमा जाने मुद्दा एकदम न्यून मात्रामा हुने गरेका छन् ।

❖ ***यौन दुर्व्यवहारपश्चात हत्या गरिएकाको शव तथा अन्य यौनजन्य हिंसालगायत जोखिममा परेका बालबालिकाको परीक्षणको क्रममा के कस्ता चुनौतीहरूको सामना गर्नु परेको अनुभव छ ?***

यस्ता परीक्षणहरू गर्ने क्रममा पीडकहरू पहुँचवाला भएको खण्डमा उनीहरूबाट धम्की दिइने, प्रलोभन देखाउने जस्ता चुनौतीहरू आउने सम्भावना प्रशस्त हुने गर्दछन् । तर यस विभागले भने त्यस्तो ठुलो चुनौतीको सामना गर्नु परेको छैन । बरु शिक्षण अस्पतालको आइओएममा एम.डि.को तेस्रो वर्षमा अध्ययन गर्ने क्रममा बालिकामाथि जबरजस्ती करणी

भएको मुद्दामा उमेर बढाएर परीक्षण प्रतिवेदन बनाइदिनु पऱ्यो भनी पीडक पक्षबाट पैसाको प्रलोभन देखाइएको थियो। तर यसलाई मैले अस्वीकार गरिदिएको थिएँ।

❖ ***अहिलेसम्म यस विभागले परीक्षण गरेका केसमा विभागलाई बकपत्र गराउनका लागि अदालतले बोलाएको छ वा छैन ?***

यस विभागले बालयौन दुर्व्यवहारसँग सम्बन्धित धेरै व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरिसकेको छ। तर ती मध्ये करिब १० वटा मुद्दामा मात्र अदालतमा गएर बकपत्र दिनु परेको अवस्था छ।

❖ ***सिविसले सिफारिस गरेको केसलाई यहाँले कसरी हेर्ने गर्नु भएको छ ?***

सिविसको सिफारिसमा आएका मुद्दाहरू सधैँ सबै प्रमाणसहित आएका हुन्छन्। पीडितलाई संरक्षण गर्नु, न्याय पाउनको लागि उत्प्रेरणा दिनु तथा प्रोत्साहन गर्नु हामी सबैको कर्तव्य हो। तपाईंहरूले यस कर्तव्यलाई निःस्वार्थ भावनाका साथ पूरा गर्नु भएको छ।

❖ ***बालबालिकाको यौन दुर्व्यवहारसम्बन्धी केसका पीडितहरूको शरीर परीक्षण गर्दा तपाईँलाई कस्तो अनुभूति हुने गरेको छ ?***

म आफू पनि एउटी आमा हुँ। बेला बखत भावनामा बग्ने स्थिति सिर्जना हुने गर्दछ। मेरा पनि बालबालिका छन्, साना बालबालिकाको मुद्दा आयो भने त झन् संवेदनशील हुने गर्छु। बालबालिकाविरुद्ध जबरजस्ती करणीको घटना परीक्षण गर्नु पर्ने भएमा आफ्नो बालबालिकासँग तुलना गरेर हेर्न पुग्छु। यस बेला मलाई असाध्य पीडा भएको अनुभूति हुन्छ तर पनि काम गर्ने दौरानमा हामी आफूलाई नियन्त्रणमा राखेर काम गर्ने गर्छौं। साना बालबालिकाको मुद्दामा झनै संवेदनशील भएर काम गर्नु पर्दछ। पीडितको स्वास्थ्य परीक्षणको क्रममा देखिएका सत्य तथ्यमा मात्र केन्द्रित रहेर वास्तविक रूपमा के भएको हो प्रष्ट हुने गरी स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ।

❖ ***बालयौन दुर्व्यवहारसम्बन्धी घटनाका पीडितको स्वास्थ्य परीक्षण गर्ने कार्य फरेन्सिक विभागले गर्छ भन्ने कुरा आम मानिसहरूलाई कतिको जानकारी भएको होला ?***

सामान्यतया फरेन्सिक विभागले गर्ने कामको बारेमा सर्वसाधारण जनता मात्र होइन अदालतमा कार्यरत कर्मचारीहरूसमेतमा यस विभागको काम भनेको शव परीक्षण गर्ने मात्र हो भन्ने धारणा रहेको पाइन्छ। सुरक्षा निकायका कतिपय प्रहरी कर्मचारीहरूमा पनि यस्तै धारणा रहेको देखिन्छ। वास्तवमा यो विज्ञान अन्तर्गत उपलब्ध गराइने सेवाहरूमा शव परीक्षणको अतिरिक्त उमेर परीक्षण गर्ने, मेडिकोलिगल केसका सबै किसिमका घाउ, चोट पटकको जाँच गर्ने तथा बलात्कार भए नभएको बारे शारीरिक परीक्षण गरी सत्य तथ्य पत्ता लगाउने जस्ता कामहरू पर्दछन्। यी कुराहरूको बारेमा आम नागरिकलाई सुसूचित गराउन अति नै आवश्यक देखिन्छ।

❖ ***महिला तथा बालबालिकामाथि हुने बलात्कार वा यौन दुर्व्यवहारसम्बन्धी मेडिकल परीक्षण गर्न कहाँ पठाउनु उपयुक्त हुन्छ ? सामान्य सरकारी अस्पतालमा वा फरेन्सिक विभाग वा यससँग सम्बन्धित निकायमा ?***

महिला तथा बालबालिकामाथि हुने बलात्कार वा यौन दुर्व्यवहारसम्बन्धी मेडिकल परीक्षण गर्न सामान्य अस्पतालमा भन्दा फरेन्सिक विभागमा गर्दा नै उपयुक्त हुन्छ। नेपालका सबै अस्पतालहरूमा फरेन्सिक विभाग वा यस किसिमको सेवा उपलब्ध छैन तर जहाँ जति मात्रामा छन् तिनको भरपुर मात्रामा उपयोग गर्नु उपयुक्त हुन्छ। फरेन्सिक विभागको काम भनेको मेडिकोलिगल केस अर्न्तगत पीडित तथा पीडकको शरीरमा देखिएका सम्पूर्ण घाउ, चोटपटक आदिको सुक्ष्म विश्लेषण गरी सत्य तथ्यमूलक विश्लेषणात्मक परीक्षण गरी प्रतिवेदन तयार गरिन्छ। सामान्य अस्पतालमा सम्बन्धित विषयको ज्ञान तथा सीप भएका डाक्टरहरू, यसका लागि आवश्यक पर्ने उपकरण, प्रविधि र प्रयोगशालाको अभावका कारण अन्य अस्पतालबाट फरेन्सिक विभागको जस्तो प्रष्ट रिर्पोट आउने संभावना कम हुन्छ।

❖ ***कानुनी रूपमा यस्ता केसहरू परीक्षणका लागि कहाँ पठाउने व्यवस्था छ ?***

कानुनी रूपमा यस्ता मुद्दाहरूसँग सम्बन्धित व्यक्तिका घाउ तथा चोटपटक परीक्षणका लागि सम्बन्धित पीडित तथा पीडकहरूलाई अस्पतालको फरेन्सिक विभागमा पठाउनु पर्दछ र त्यस्ता मुद्दाहरूमा फरेन्सिक विशेषज्ञबाटै स्वास्थ्य परीक्षण आवश्यक हुन्छ भनेर स्पष्ट रूपमा कतै उल्लेख रहेको पाइदैन। तर नेपाल सरकारले २०७२ मा जारी गरेको 'लैङ्गिक हिंसासम्बन्धी क्लिनिकल प्रोटोकल'मा पीडितको स्वास्थ्य परीक्षण गर्दा के के गर्ने, कुन कुन अङ्गहरूमा कसरी परीक्षण गर्ने, परामर्श कसरी गर्ने, आफुले सेवा उपलब्ध गराउन नसकेका मुद्दा कहाँ पठाउने भनी काम गर्ने प्रक्रियाको ढाँचा बारे स्पष्ट पारेको छ। यसले फरेन्सिक विभागको सेवा नभएका अस्पतालमा कार्यरत कर्मचारीलाई समेत मद्दत पुग्ने भएको छ।

❖ ***प्रहरी निकायले बलात्कारसम्बन्धी केस सोझै फरेन्सिक विभाग वा सम्बन्धित विषेशज्ञकोमा नपठाएर गाइनोकोलोजी डा. कहाँ पठाउने गर्दछन् ? के सबै गाइनो डाक्टरहरूमा यससम्बन्धी दक्षता हुने गर्दछ ?***

प्रायः जसो प्रहरी निकायले महिला तथा बालबालिकाको बलात्कारको केस सोझै फरेन्सिक शाखा वा यससँग सम्बन्धित विषेशज्ञता भएको निकायमा नपठाएर गाइनोकोलोजी डा. कहाँ पठाउने गर्दछन् यसको मूल कारण प्रहरी निकायमा फरेन्सिक विभागको कामको बारेमा प्रष्ट रूपमा जानकारी नभएरै हुन सक्छ। त्यसैले हामी सबैजना यो कुरामा प्रष्ट हुन जरुरी छ कि महिला तथा बालबालिकाको बलात्कारको केस सोझै फरेन्सिक शाखा वा यससँग सम्बन्धित विषेशज्ञता भएको निकायमा नै पठाउनु पर्छ। किनकि यस्ता मुद्दाका पीडितहरूको घाउ जाँच गरी स्वास्थ्य परीक्षण प्रतिवेदन बनाउने काम फरेन्सिक विभागले गर्न सक्छ। स्त्रीरोग विशेषज्ञहरू (Gynaecologist) महिलासम्बन्धीको रोग तथा प्रसुतिसम्बन्धी

विज्ञ हुन । सबैले थाहा पाउनै पर्ने कुरा के भने फरेन्सिक विशेषज्ञले र स्त्रीरोग विशेषज्ञले गर्ने कामहरू पृथक प्रकृतिका हुन्छन् ।

❖ ***सिविसको अनुभवमा प्रहरी निकायले संस्थागत अनुरोधमा मात्र फरेन्सिक विभागमा पठाउने गरेको छ । अन्यथा सामान्य सरकारी अस्पतालमा पठाउने गरेको पाइएको छ। यसबारे यहाँलाई लागेको कुरा बताइदिनु हुन्छ की ?***

प्रहरी निकायलाई फरेन्सिक विभागको कार्य क्षेत्र र गाइनो तथा OBS विभागको कार्य दक्षताको बारेमा थाहा नभएर महिला तथा बालबालिकाको बलात्कारको केस सोभै फरेन्सिक शाखा वा यससँग सम्बन्धित विषेशज्ञता भएको निकायमा नपठाएर गाइनो तथा OBS विभागमा पठाउने गरेको हुन सक्छ। सामान्यतया फरेन्सिक विभाग उपचारात्मक विज्ञान (clinical science) कै भाग हो । यसले पीडित तथा पीडक सबैको सबै प्रकारका घाउ, चोटपटक जाँच गर्ने, यौन दुर्व्यवहार र जबरजस्ती करणीसम्बन्धी घटनाका घाउ तथा दुर्घटनाबाट भएका घाउ जाँच गर्ने तथा मनोचिकित्सकको परामर्श गराउने समेत काम गर्छ ।

❖ ***सिविससँग यस्ता केसहरूमा सहकार्य गर्दा के कस्ता सहजता वा अप्ठ्याराहरू पाउने गर्नु भएको छ ?***

पीडितलाई सेवा उपलब्ध गराउने सन्दर्भमा सिविससँग सहकार्य गर्दा कुनै खास अप्ठ्यारो महसुस हुने गरेको छैन। बरु सिविसले पीडितको स्वास्थ्य परीक्षणका लागि गरेको सहजीकरणले न्याय प्राप्तिको लागि अदालत समक्ष जान पीडित तथा पीडितका परिवारको मनोबल बढाएको छ। उत्प्रेरणा जगाउने काम भएको छ। मलाई यो नै सबल पक्ष हो जस्तो लाग्दछ।

❖ ***सिविसले ल्याएका यस्ता केसहरूमा फरेन्सिक शाखाबाट सेवा प्राप्त गर्न के कस्तो प्रक्रिया अवलम्बन गर्नु पर्दछ ? यस प्रक्रियामा सिविसको तर्फबाट सच्याउनु पर्ने कुराहरू केही छन् कि ?***

सिविसले सिफारिस गरेका यस्ता केसहरू सबै प्रहरी मार्फत नै आउने गर्दछन्। आम जनमानसमा फरेन्सिक विभागको कामको बारेमा कमै मात्र जानकारी भएकोले फरेन्सिक विभागको कामका बारेमा जनचेतना अभिवृद्धि गर्नु उत्तम हुन्छ । पीडितको स्वास्थ्य परीक्षणको सन्दर्भमा थाहा पाउनै पर्ने कुराहरू यस प्रकार छन् : पीडितलाई स्वास्थ्य परीक्षणमा लिएर आउँदा सकेसम्म घटना भएका बेला फेला परेका सबै प्रमाणहरू साथै लिएर आउनु पर्दछ । साथै, पीडितले लगाउनका लागि अर्को एकजोर कपडा पनि ल्याउन आवश्यक हुन्छ । पीडितले घटना भएको बेलामा लगाएको कपडा परीक्षणको लागि अस्पतालमा नै राख्नु पर्ने भएकाले यसको आवश्यकता परेको हो। प्राप्त प्रमाणहरूलाई ल्याउन सकेसम्म ढिलो गर्नु हुदैन। ढिलो भएको खण्डमा घटना भएको हो भनेर प्रमाणित गर्ने तथ्यहरू नै नष्ट हुन सक्छन्। घटना भएको ७२ घण्टा भित्र पीडितको स्वास्थ्य परीक्षण गर्न सकियो भने त्यस्तो घाउलाई आलो घाउ मानिन्छ। पछि जतिसुकै अवधिलाई पनि पुरानो घाउ मानिने र के कारणले घाउ भएको खुलाउनसमेत गाह्रो हुन्छ। अझ वयस्कको

तुलनामा बालबालिकामा घाउ निको हुने क्षमता (healing capacity) धेरै हुने भएको कारण घटनाको प्रमाण छिटो नष्ट हुने गर्दछ। त्यसैले पीडित बालबालिकालाई उचित न्याय दिलाउनका लागि अन्य अस्पतालमा नलगी सम्भव भएसम्म फरेन्सिक विभागमा र सकेसम्म छिटो ल्याउनु उपयुक्त हुन्छ।

❖ ***अन्त्यमा, सिविसले बालयौन दुर्व्यवहारमा परेका बालबालिकाको पक्षमा भए गरेका कार्यहरूप्रति यहाँले के कस्तो मूल्याङ्कन गर्नु भएको छ ?***

कमजोर आर्थिक अवस्था तथा शक्तिहीन भएका कारण कतिपय पीडितले मुद्दालाई अगाडि नबढाइ फिर्ता लिने गरेको अवस्था छ। अझ कतिपय मुद्दाहरूमा पीडकले पीडितलाई दबाब, धम्की, प्रलोभन आदिको प्रयोग गरी मुद्दालाई निस्कृय बनाउने प्रयास गर्ने गरेको पाइन्छ। यस्तो अवस्थामा सिविसले पीडित बालबालिकालाई संरक्षण सहितको स्वास्थ्य, कानुनी तथा परामर्श सेवा प्रदान गर्ने, पीडितलाई न्यायको लागि अदालतसम्म जान सहजीकरण गर्ने, मुद्दा लड्नका लागि उत्प्रेरणा जगाउने तथा प्रोत्साहन दिने काम गर्दै आएको छ। सिविसको यो कार्य निरन्तर रूपमा जारी रहोस भन्ने अपेक्षा गर्दछु। पीडित बालबालिकालाई न्याय दिलाउने क्रममा हाम्रो तर्फबाट हुने सहकार्यका लागि हामी सदैव तयार छौं।

अन्त्यमा, पाटन अस्पतालको फरेन्सिक विभागमा आई यस विभागले प्रदान गर्ने सेवा सुविधाको जानकारी सर्वसाधारणमा पुऱ्याउने उद्देश्यले छलफल गर्नु भएकोमा मेरो व्यक्तिगत तथा पाटन अस्पतालको फरेन्सिक विभागको तर्फबाट धेरै धेरै धन्यवाद ज्ञापन गर्दछु।

# सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्य आवश्यक छ

**नमुना भुसाल**
**कार्यक्रम अधिकृत, केन्द्रीय बाल कल्याण समिति**

*(वि.सं. २०६५ सालदेखि केन्द्रीय बाल कल्याण समितिमा कार्यरत रहँदै हाल कार्यक्रम अधिकृतको जिम्मेवारी सम्हाल्नु भएकी नमुना भुसालसँग बालअधिकारका विभिन्न आयामहरू बारे सो समितिका धारणा तथा योजनामा केन्द्रित रही सिविसका रमेश कुमार पौडेल र मनिता धरेलले लिनु भएको अन्तर्वार्ता)*

❖ ***केन्द्रीय बाल कल्याण समितिले वर्तमान परिप्रेक्षमा के कस्ता कामहरूमा संलग्न रहँदै आएको छ र यसमा यहाँको भूमिका के रहेको छ ?***

केन्द्रीय बाल कल्याण समिति बालबालिकासम्बन्धी ऐन २०४८ अन्तर्गत गठन भएको हो। यसले बालबालिकाको हक हित तथा बालअधिकारको संरक्षण तथा प्रर्वधनका लागि ऐनले तोके बमोजिमका कार्यहरू गर्दछ। विशेषतः समितिले नीतिगत तह, कार्यक्रम कार्यान्वयन तह बीचको समन्वयकारी भूमिका निभाउने गरेको छ। यस क्षेत्रमा प्रवेश गरेपछि मैले विशेष गरी बाल संरक्षणसम्बन्धी सवालको सम्बोधन गर्ने जिम्मेवारी बहन गर्दै आइरहेको छु। यसका साथै समितिले बालबालिकासम्बन्धी घटनाको व्यवस्थापन, बालबालिकाका घटनाहरूको तत्काल सम्बोधन, विभिन्न निकायसँग समन्वय, आवासीय बालगृहको सञ्चालन अनुमती, बालगृहको अनुगमन तथा नियमनलगायतका कार्यमा संलग्न हुँदै आएको छ। समितिको सिंगो टिम बालबालिकासम्बन्धी नयाँ कानुन निर्माण तथा नीतिगत व्यवस्थालाई अझ व्यवस्थित गर्ने कार्यमा सरिक हुँदै आएको छ।

❖ ***यस समितिले बालअधिकारसँग सम्बद्ध संस्थाहरूसँग के कस्ता सहकार्य गर्दै आएको छ ?***

विगतदेखि नै केन्द्रीय बाल कल्याण समिति संघ संस्था तथा अन्य निकायहरूसँग निरन्तर समन्वय तथा सहकार्यको पक्षमा छ। यसले बालअधिकारसँग सम्बन्धित जल्दाबल्दा विषयहरूमा नागरिक समाजसम्बद्ध संस्थाहरू सिविन, सिविस, भि.ओ.सि, हेल्पलाइनलगायतसँग सहकार्य गर्दै आएको छ। यो आफूले तयार गर्ने विभिन्न नीति निर्देशिकाहरू निर्माणको क्रममा बालअधिकारसम्बद्ध संस्थाहरूसँग छलफल गर्ने तथा उनीहरूका सुझावहरू माग्ने तथा रचनात्मक सुझावहरू समावेश गर्ने जस्ता कार्यहरू गर्दछ। यसैगरी जोखिममा परेका बालबालिकाको उद्धार तथा घटना व्यवस्थापनको क्रममा पहिचान गरिएका

सेवाप्रदायक संस्थाहरूसँग दक्षताअनुसारको सेवा लिने कार्य पनि गरिरहेको छ।

❖ ***विद्यमान् अवस्थामा नेपालमा बालअधिकार कार्यान्वयनको स्थिति कस्तो देखिरहनु भएको छ ?***

राज्यले बालअधिकारसम्बद्ध अन्तर्राष्ट्रिय महासन्धिहरूमा प्रतिबद्धता जनाएको छ। देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधान विश्वमै उत्कृष्ट संविधान हो भनेर दाबी गर्न सकिन्छ। संविधानको धारा ३९ मा बालबालिकाको अधिकारलाई मौलिक हकमा समावेश गरिनुले राज्य बालअधिकारप्रति संवेदनशील रहेको जाहेर गर्दछ। यसैगरी भरखरै मात्र विगतको बालबालिकासम्बन्धी ऐन २०४८ प्रतिस्थापित भई बालबालिकासम्बन्धी ऐन २०७५ संसदले पारित गरेको छ। नयाँ ऐन अनुसारका संरचनाहरू निर्माण गर्न राज्यले तत्परता देखाएको नै पाइन्छ। यति हुँदाहुँदै पनि बालबालिकाविरुद्धका हिंसात्मक घटनाहरू दिन दिनै भइरहेका छन्। राज्यले तिनीहरूमाथि नियन्त्रण गर्न सकिरहेको पाइदैन। बालगरिबी, बालश्रम, बाल यौन दुर्व्यवहार तथा शोषण, बालविवाह, बाल बेचबिखन, शारीरिक तथा मानसिक दण्ड सजायका कारण कैयौं बालबालिका विद्यालय छाड्न बाध्य छन्। बालश्रम निषेध तथा नियमित गर्ने ऐन प्रभावकारी ढङ्गले लागु हुन सकेको छैन। यसैले विद्यमान् अवस्थामा बालअधिकारसम्बन्धी ऐनहरूको कार्यान्वयनको अवस्था भने निकै चुनौतीपूर्ण देखिएको छ।

❖ ***अब बालअधिकार संरक्षणका लागि के कस्ता संरचना बन्नु आवश्यक देख्नुहुन्छ ?***

बालबालिकासम्बन्धी नयाँ ऐन संघीय संसदबाट पारित भइसकेको र राष्ट्रपतिले पनि प्रमाणीकरण गरिसकेको स्थिति छ। नयाँ ऐनमा बालअधिकारको सुनिश्चितता गर्न तथा बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि संघ, प्रदेश, स्थानीय तहमा संरचना निर्माण गर्ने व्यवस्था गरिएको छ। यसअनुसार संघीय तहमा राष्ट्रिय बालअधिकार परिषद रहने छ। यो परिषद् सम्बन्धित मन्त्रालयका मन्त्रीको अध्यक्षतामा गठन हुनेछ। यसैगरी प्रदेश जिल्ला र स्थानीय तहमा बालअधिकार समितिको व्यवस्था गरेको छ। यसका साथै प्रत्येक गाउँ तथा नगरपालिकामा एक एक जना बाल कल्याण अधिकारी नियुक्त गर्ने व्यवस्था छ। उक्त व्यवस्था नहुञ्जेल पालिकाहरूमा भएका सामाजिक विकास शाखाले काम गर्दछ।

❖ ***बालअधिकार समितिमा पेश गरिएको पछिल्लो राष्ट्रिय प्रतिवेदनको तयारीमा केन्द्रीय बाल कल्याण समितिले के कस्तो योगदान गर्न सक्यो ?***

बालअधिकार महासन्धिअनुसार निर्माण भएको बालअधिकारसम्बन्धी समितिमा पेश गर्ने राष्ट्रिय प्रतिवेदन निर्माण गर्ने कार्य महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्दछ। तर यो राष्ट्रिय प्रतिवेदन निर्माण गर्ने क्रममा केन्द्रीय बालकल्याण समितिको प्रत्यक्ष रूपमा संलग्नता रहेको थियो। समितिले यो प्रतिवेदन निर्माणमा प्राविधिक रूपमा सहयोग पुऱ्याउने काम गरेको थियो।

❖ ***केन्द्रीय बालकल्याण समितिमा रहँदा बालअधिकारसम्बद्ध संघ संस्था तथा बालअधिकारकर्मीहरूबाट के कस्तो सहयोग पाएको अनुभव गर्नु भएको छ ?***

केन्द्रीय बाल कल्याण समितिले बालअधिकारसँग सम्बद्ध नीति, नियम तथा निर्देशिकाहरू निर्माण गर्ने क्रमका विभिन्न चरणहरूमा नागरिक समाजका प्रतिनिधिहरूसँग घनिभूत ढङ्गले छलफल गर्ने तथा उनीहरूबाट सुझावहरू संकलन गर्ने गर्दछ। संघ संस्थाबाट प्राप्त सुझावहरूलाई नीति निर्देशिकाहरूमा समावेश गर्ने काम गर्ने गरेको छ। यसरी हेर्दा केन्द्रीय बाल कल्याण समिति र नागरिक समाजसम्बद्ध संस्थाहरूबीच

राम्रो सहकार्य हुने गरेको छ।

❖ ***आगामी दिनमा बालबालिकाको क्षेत्रमा कार्यरत नागरिक समाज बालअधिकारको संरक्षण र प्रवर्धनमा के कसरी लाग्नु उपयुक्त होला ?***

वर्तमान अवस्था भनेको पुराना बालअधिकारसम्बन्धी संचरनाहरूको सट्टामा नयाँ संरचना निर्माण गर्ने बेला हो। नयाँ ऐन अनुसारका संरचनाहरू निर्माण गर्न, बालसंरक्षणका लागि एउटा व्यवस्थित प्रणाली स्थापित गर्न नागरिक समाज, संघ संस्थाको सहयोग एवं सहकार्यको अत्यन्त ठूलो महत्त्व छ। कैयौं पालिकाहरूमा अवधारणागत स्पष्टता नभएको अवस्था छ। बालअधिकारको व्यवहारिक कार्यान्वयन गर्न पालिकाहरूले पालिका तहका ऐन, नीति तथा नियमहरू निर्माण गर्नु पर्ने अवस्था छ। यस्तो स्थितिमा नागरिक समाजले आफ्नो ज्ञान सीप र दक्षतालाई भरपुर उपयोग गरी पालिकाहरूलाई सबलीकरण गर्न भूमिका खेल्नु पर्दछ। अर्कातिर यो नागरिक समाजसम्बद्ध संस्थाहरूका लागि सुवर्ण अवसर पनि हो।

❖ ***बालअधिकारको सन्दर्भमा केन्द्रीय बाल कल्याण समिति र सिविसका बीच के कस्ता क्षेत्रमा सहकार्य हुँदै आएजस्तो लाग्छ ?***

सिविस र केन्द्रीय बाल कल्याण समितिले बालश्रम न्यूनीकरण गर्दै निराकरण गर्ने अभियानमा सँगसँगै काम गर्दै आएका छन्। बालयौन दुर्व्यवहार, घरेलु श्रमिक बालबालिकालगायत अन्य जोखिममा परेका बालबालिकासम्बन्धी घटना व्यवस्थापनमा पनि हामी सहकार्य गर्दै आएका छौं।

❖ ***वर्तमान परिस्थितिमा जोखिममा परेका बालबालिकासम्बन्धी समस्या समाधानका लागि नागरिक समाजसम्बद्ध संस्थाहरूले सम्बन्धित निकायहरूमा कसरी सम्पर्क, समन्वय र सहकार्य गर्नु पर्ला ?***

पहिलेको ऐन प्रतिस्थापित भइसकेको र नयाँ बालबालिकासम्बन्धी ऐन २०७५ लागु भएको अवस्थामा नयाँ ऐनअनुसार केन्द्रीय बालकल्याण समिति नरहने तर यसको जिम्मेवारी राष्ट्रिय बालअधिकार परिषदले लिनेछ। यसैले अबका दिनमा बालअधिकारसम्बद्ध संघसंस्थाहरूले संघीय तहमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय बालअधिकार परिषदसँग, प्रदेशको तहमा हेर्ने हो भने प्रदेशको समाजिक विकास मन्त्रालय तथा प्रदेश तहको बालअधिकार समिति र स्थानीय तहमा हेर्ने हो भने सामाजिक विकास शाखा, बालअधिकार समिति तथा बाल कल्याण अधिकारीसँग सम्पर्क, समन्वय र सहकार्य गर्दै काम गर्नुपर्ने देखिन्छ। बालबालिकाको संरक्षणमा काम गर्ने हो भने बाल हेल्पलाइन (१०९८), बालबालिका खोजतलास केन्द्र (१०४) जस्ता निकायसँग पनि समन्वय गरेर काम गर्नु पर्दछ।

❖ ***जोखिममा परेका बालबालिकाको उद्धार गरिसकेको अवस्थामा सम्बन्धित बालबालिकाको संरक्षणको लागि केन्द्रीय बाल कल्याण समितिले के सहयोग गर्न सक्छ ?***

जोखिममा परेका बालबालिकाहरूको उद्धार गर्ने कार्यपश्चात् केन्द्रीय बालकल्याण समितिले बालबालिकाको आवश्यकताअनुसार सम्बन्धित घटना व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउँदै आएको छ। संघीय सरकारका विभिन्न निकाय, प्रदेश सरकार तथा स्थानीय निकाय, सम्बन्धित विभिन्न सेवाप्रदायक संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्दछ र उक्त घटना समापन नहुञ्जेलसम्म निरन्तर अनुगमन गर्ने कार्य गर्दछ। घटना व्यवस्थापनको दौरानमा आएका जटिलताहरूको हल गर्न समितिले पहल कदमी लिन्छ।

# पैसाको खाँचो टार्न ठुलो सहयोगी बनेको छ बचत समूह

**गीता थापा**
**पद सचिव**
**प्रगति महिला बचत समूह, ज्ञानेश्वर**

*(घरेलु श्रममा आबद्ध तथा अन्य मजदुरी गर्ने महिलाहरूले सिविसको सहयोग र प्रेरणामा गठन गरेको प्रगति महिला बचत समूहसँगकी सचिव गीता थापासँग सिविसका रमेश कुमार पौडेल र यादव कुमारी बस्नेतले गर्नुभएको वार्तामा आधारित)*

❖ ***यो बचत समूह कहिले गठन भएको हो ?***

यो बचत समूह २०६५ सालमा १६ जना महिलाहरूको सक्रियतामा गठन गरिएको थियो। यसका संस्थापक सदस्यहरूमा मैया सापकोटा, गीता थापा, राधिका अधिकारीलगायत् अन्य धेरै छौं। अन्य सदस्यहरूमा कल्पना कार्की, संगीता के.सी.लगायत धेरै हुनुहुन्छ। हाल यस बचत समूहमा हामी ५२ जना महिलाहरू आबद्ध छौं। यस समूहमा एक जना अध्यक्ष, एक जना सचिव र अन्य सदस्यहरू छन्। आजका दिनमा प्रगति महिला बचत समूह बिस्तार भएर १५० जना महिलाहरूले अर्को छुट्टै बचत समूह पनि सञ्चालन गरिरहेका छन्।

❖ ***बचत समूह गठन गर्न तपाइँहरू कसरी प्रेरित हुनुभयो ?***

घरेलु श्रममा आबद्ध र अन्य मजदुरी गर्ने हामी महिलाहरू संगठित थिएनौ। हामीले अक्षर पनि चिनेका थिएनौ। आफ्नै ढङ्गले दुःखजिलो गरेर आ–आफ्नो जीवन निर्वाह गरिहेका थियौँ। यस्तैमा एक दिन सिविसका मोहन थापा आउनु भयो। उहाँले केही विषयमा छलफल गर्नु छ भनेर केही महिलाहरूलाई भेला गर्नु भयो। भेलामा करिब १५।१६ जना महिलाहरू भयौँ। मोहन थापा सरले पढ्न लेख्ने अवसर नपाएका को–को हुनुहुन्छ भनेर सोधी खोजी गर्नुभयो। भेलामा जम्मा भएका हामी प्रायः सबै लेख पढ् गर्न नसक्ने नै थियौँ। यसपछि उहाँले अब पढ्नु पर्छ सामान्य लेखपढ गर्न जान्यो भने पनि जीवनलाई सुखी बनाउनका लागि बाटो खुल्छ भन्ने सल्लाह दिनु भयो। पढाइले जागिर खाने मात्र होइन आफ्नै जीवनलाई पनि सहज बनाउछ। उहाँले दिनु भएको सल्लाहले हाम्रो आँखा खुल्यो। हामी उक्त कक्षा पढ्न तयार भयौँ।

यसपछि सिविसले हाम्रो समूहका लागि अनौपचारिक शिक्षा अन्तरगतको प्रौढ कक्षा सञ्चालन गऱ्यो। यस कक्षामा करिब दुई महिना पढेपछि हामीले प्रौढ कक्षामा पढेको

बचत भन्ने पाठलाई आधार मानेर एक दिन मोहन थापा सरले यस समूहमा बचत गर्ने कुराको प्रसंग चलाउनु भयो। उहाँले बचत गर्नु भनेको के हो ? बचत गर्दाको फाइदा र बचत कसरी गर्न सकिन्छ ? भन्ने बारेमा बताउनु भयो। यसको साथै उहाँले "धेरै जनाले थोरै थोरै पैसा जम्मा गऱ्यो भने पनि धेरै रुपियाँ जम्मा गर्न सकिन्छ, त्यो पैसाले यहाँ आउनु भएका आमा, दिदी बहिनीहरूलाई पैसाको खाँचो परेको बेला गर्जो टर्न सक्छ, अरू कसैसँग माग्न जानु पर्दैन र समूहमा रहेको सबैले पालै पालो गरेर यो पैसा चलाउन सकिन्छ" भन्ने कुरा बताउनु भयो। उहाँले भनेका कुराले हाम्रो पनि चित्त बुझ्यो र हामीले फजुल खर्चलाई कम गरेर बचत गर्ने कामको थालनी गऱ्यौँ। प्रारम्भमा हामीले महिनाको रु १००।– जम्मा गर्न थाल्यौँ।

बचत गर्न थालिसकेपछि सिविसले हिसाब किताब खाता के हो ? हिसाब किताब कसरी राख्नु पर्छ भन्ने बारेमा हामीलाई जानकारी गरायो। हामीले नौ महिनासम्म औपचारिक प्रौढ कक्षा पढ्यौँ। यसपछि उक्त कक्षा बन्द भयो।

संकलित रकम समूहको बचत खातामा रकम जम्मा हुन थाल्यो। यसपछि उक्त जम्मा भएको रकम हामी आफ्नै समूह भित्रका आवश्यकता परेको साथीलाई थोरै व्याजमा चलाउन दिन थाल्यौँ। पहिले रु. १००।– जम्मा गर्ने गर्दथ्यौँ। पछि हामीले आपसमा सल्लाह गरेर रु २००।–जम्मा गर्ने नियम बनायौँ। त्यसपछि रु ५०० र १००० सम्म पुऱ्यायौँ। हाल हाम्रो बचत समूहले मासिक रु १००० जम्मा गर्न थालेको छ।

❖ ***बचत समूहमा आबद्ध भएपछि तपाईँहरूको जीवनमा के कस्तो परिवर्तन आएको महसुस गर्नु भएको छ ?***

प्रारम्भमा भएको अनौपचारिक कक्षाले हामी लेख पढ गर्न, सही गर्न सक्ने भयौँ। त्यस अघि हाम्रो लागि कालो अक्षर भैँसी बराबर थियो। लेखपढ गर्न सक्ने भएपछि हामीले बचत समूहका बारेमा जानकारी पायौँ र बचत गर्न थाल्यौँ। बचत भएको रकमले हाम्रो समूहका पैसाको खाँचो परेका दिदी बहिनीहरूले पैसा चलाउन पाए। आवश्यक परेका काम गर्न अरू कसैसँग पनि हात पसार्नु नपर्ने भयो। समूहमा बस्दा एक अर्कालाई अप्ठ्यारो परेको बेला सहयोग गर्ने बानीको विकास भयो। समूहमा छलफल गर्ने बानीले अरूका अगाडि आफूलाई लागेका कुराहरू भन्न सक्ने क्षमताको विकास भयो। यसअघि अरूका अगाडि केही भन्नु परेमा लाज लाग्थ्यो, बोल्न धक लाग्ने गर्दथ्यो। अर्को महत्त्वपूर्ण कुरा १५।१६ जनाबाट सुरु गरेको समूह अहिले आएर दुई वटा भएको छ। एउटा समूहमा १५० जना र अर्को समूहमा ५२ जना सदस्यहरू छन्। रकम पनि करिब १३।१४ लाख बचत भइसकेको छ। यसबाट समूहका सदस्यहरूमा परेका बिहे, वर्तबन्ध अन्य कार्यहरू गर्नका लागि साह्रै सजिलो भएको छ। यसका साथै सानोतिनो व्यवसाय सञ्चालन गर्न पनि ऋण खोज्न अन्त कतै जानु नपर्ने भएको छ। यस अघि आफूलाई मन लागेको व्यवसाय गर्नु परेमा हामीले श्रीमान्सँगै हात थाप्नु पर्दथ्यो। श्रीमान्ले हुन्न भनेको खण्डमा हामी चुपचाप बस्नु पर्ने अवस्था थियो।

❖ ***बचत जम्मा गर्ने, ऋण दिनेसम्बन्धमा के कस्तो नियम बनाउनु भएको छ त ?***

हामीले बचत जम्मा गर्ने दिन प्रत्येक महिनाको पहिलो शनिबार तोकेका छौँ। त्यस दिन बिहान ७ देखि ८ बजेसम्म सबै जना भेला हुने। यदि बिना सूचना समूहको बैठकमा उपस्थित नभएमा पटकको रु ५० जरिवाना गरिने। एक

पटकमा रु एक लाखसम्म ऋण लैजान पाइने। यो ऋण समूहका सदस्यहरूले मात्र लैजान पाउने। ऋण लगिसकेपछि ६ महिनाभित्रमा चुक्ता गर्नु पर्ने। एउटा सदस्यले लगेको ऋण नतिरी अर्को सदस्यले ऋण लैजान नपाउने। खाता सञ्चालन हामी आफैले गरेका छौं। एउटा बैठक पुस्तिका राखेका छौं। यसमै बचत गरेको रकम र ऋण लगेको रकमको हिसाबकिताब राख्ने गरेका छौं। रु.१ लाख ऋण लानेले ६ महिनाको जम्मा रु. १५०० व्याज तिर्नु पर्दछ। अहिलेसम्म ऋण लाने सदस्यहरूले सबैले नै तोकेकै समयमा साँवा व्याज बुझाउने गर्नु भएको छ। समूहका सदस्यहरूले मासु पसल सञ्चालन गर्न, अन्य प्रकारको दोकान चलाउनका लागि रकम लैजाने गर्नु भएको छ।

❖ ***बचतबाट संकलन भएको रकम कहाँ जम्मा गर्नु हुन्छ ?***

पहिले त सहकारी बैंकमा राख्ने गर्दथ्यौं। हाल आएर उक्त रकम समूह मै राख्ने गरेका छौं। ५२ जना समूहमा कसै न कसैको केही न केही काम परेकै हुन्छ। यसैले उक्त रकम समूह भित्रै रोटेसन भएर घुमिरहेको हुन्छ।

❖ ***अनौपचारिक साक्षरता कक्षा र बचत समूह सञ्चालन गर्ने सीप बाहेक तपाइँहरूले अन्य के–के तालिमहरू पाउनु भएको छ ?***

यी बाहेक हामीहरूले मैन बत्ती बनाउने, साबुन बनाउने जस्ता तालिम पाएका छौं। यी तालिमहरू पाएपछि हामीले केही समय मैन बत्ती बनाउने काम गर्‍यौं। किनकी त्यसबेला धेरै लोडसेडिङ हुने गर्दथ्यो। यसैले पहिले त यो व्यवसाय राम्ररी नै चल्यो तर पछि भने घाटा हुन थाल्यो। त्यसैले यो काम पनि हामीले गर्न छाड्यौं। हामीले खर्चिलो र धेरै लगानी गर्नुपर्ने भएको कारण साबुन बनाउने व्यवसाय चाहि सञ्चालन गर्न सकेनौ।

❖ ***आगामी दिनका लागि सिविसलाई के सल्लाह वा सुझाव दिन चाहानुहुन्छ ?***

सिविसले नै एक्ला एक्लै भएर बसेका हामीलाई एकजुट गरायो। अनौपचारिक साक्षरता कक्षा पढ्ने अवसर दियो। बचत समूह गठन गर्ने तथा सञ्चालन गर्ने ज्ञान तथा सीप दियो। तर के कारणले हो लामो समयदेखि सिविससँग सम्पर्क हुन सकेको थिएन। अहिले तपाइँहरू खोजी गर्दै हामीहरू समक्ष आउनुभएको छ। अबदेखि संस्थासँग सम्बन्ध र सम्पर्क निरन्तर होस र सिविसले बालश्रमिकहरूका लागि गरिरहेको कामलाई निरन्तरता देओस। यसका लागि हामी पनि सिविसलाई साथ दिन तयार छौं।

# अनुभव र अनुभूतिमा सिविस

# संरक्षण नेपाल र सिविस नेपालबीचको साझेदारी र सिकाइहरू



**बृजमोहन कुशवाहा**
**संरक्षण नेपाल, बारा**

बाल संरक्षण नेपाल वि.सं. २०५९ सालमा बारा जिल्लामा दर्ता भएको संस्था हो। सामाजिक सेवा मार्फत समाजलाई सचेत गराउँदै विकासको मूलधारमा ल्याउनु नै यस्को मुख्य उद्देश्य हो। यसले यही अठ्ोट बोकेर समुदायमा चेतनामूलक तथा सेवामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। जसअन्तर्गत बालबालिकामा हुने गरेका विभिन्न रुढीवादी र परम्परागत क्रियाकलाप तथा घटनाहरूलाई कम गर्दै लैजाने र तिनीहरूको हकहित, संरक्षण र अधिकार प्रति आवाज उठाउनु रहेको छ। वि सं. २०६६ सालमा भएको साधारण सभाले विधान संशोधन गरी संस्थाको नाम संरक्षण नेपाल राख्यो। बालकेन्द्रित संस्थाको रूपमा विभिन्न क्रियाकलापहरू गरिरहेको अवस्थामा संस्थाको कार्य क्षेत्रलाई अझै फराकिलो बनाउने उद्देश्यका साथ यसलाई समाजिक संस्थाको रूपमा रूपान्तरण गरियो। यसपछि संरक्षण नेपालले बालबालिका, युवा, महिला तथा पिछडिएका वर्गका लागि अधिकार सुनिश्चितता, लैङ्गिक समानता, युवा तथा महिला सशक्तिकरण, शिक्षा तथा सञ्चार, आयआर्जन, वातावरण तथा सरसफाइ एवं समूह सहजीकरण जस्ता कार्यक्रमहरू गर्दै आएको छ। साथै यो अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था तथा सरकारी निकायहरूसँग सहकार्य गर्दै समाज रूपान्तरणको बाटोमा अवरोधको रूपमा रहेका विभिन्न सवालहरूको क्षेत्रमा पनि क्रियाशील रहेको छ।

## सिविससँगको साझेदारी

बालअधिकार तथा बालसंरक्षणको अभियानमा लाग्ने क्रममा समान उद्देश्यका लागि संरक्षण नेपाल र सिविसकाबीच सन् २००८ देखि नै सहकार्य हुँदै आएको छ। विशेष गरी तराई क्षेत्रमा भएका बालबालिकाको अधिकार सुनिश्चितता, संरक्षण र सहभागिताको पक्षमा प्रभावकारी ढंगबाट वकालत गर्न साझेदारीको आवश्यकता महसुस गरेर नै यी दुई संस्थाका बीच सहकार्यको थालनी भएको थियो।

यसरी सिविससँग साझेदारी गर्दै संरक्षण नेपालले बारा जिल्लामा बालश्रम न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जसमा जिल्ला स्तरीय कार्यक्रम, बालबालिकामाथि हुने हिंसाविरुद्ध कालो टोपी जिल्ला स्तरीय अभियान तथा विभिन्न दबाबमूलक अभियान मुख्य रहेका छन्। साथै स्थानीय तह, प्रतिनिधि तथा प्रदेश तहको निर्वाचनमा बालबालिकाको प्रयोगसम्बन्धी आचारसंहिताको अनुगमन गर्ने प्रदेश नं. २ स्तरीय छुट्टाछुट्टै कार्यक्रमहरू पनि सञ्चालित छन्। यी दुवै संस्थाको सहकार्यमा बाढी प्रभावित बालबालिकाको संरक्षण तथा उद्धार प्रदेश नं २ स्तरीय कार्यक्रम सञ्चालन गरिएको छ। बाढी प्रभावित तराईका विभिन्न जिल्लाहरूमा विपद्मा बाल संरक्षणसम्बन्धी चित्रकथा सहजीकरण कार्यक्रम तथा शीतलहरबाट प्रभावित बालबालिकालाई न्यानो पार्ने जस्ता राहतका गतिविधि पनि चलाइएको छ। बारा, पर्सा र रौटहटअन्तर्गत जिल्लास्तरीय अभियान तथा यिनै जिल्लाहरूमा बाल अधिकार अनुगमन प्रणाली जस्ता कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइएको छ।

## पहिचान

सिविस नेपालको साझेदारीमा काम गर्दा तराईका विभिन्न जिल्लाको स्थानीय तहसम्म काम गरेकोले संरक्षण नेपालको चिनारी र पहिचानमा अझ उचाइ थपिएको छ। समुदायमा बालबालिकाको संरक्षण र प्रवर्धनका लागि कार्य गरेकोले यो संस्थाले क्रियाशील समाजिक अभियन्ताको रूपमा चिनिने अवसर पनि पाएको छ।

## अनुभव

साझेदारीमा काम गर्दा बालअधिकार र बालसंरक्षणसँग सम्बद्ध विभिन्न अभियानहरू सञ्चालनसम्बन्धी अनुभव हासिल भएको छ । यस क्षेत्रमा निर्माण भएका ऐन, नीति, नियम, कानुन बारे जानकारी तथा तालिम सञ्चालनका विधि र प्राविधिक ज्ञानहरू हासिल भएका छन्। यसका साथै विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी तथा सरकारी संस्थाहरूसँगको साझेदारीमा थप सहयोग प्राप्त भएको अनुभव समेत प्राप्त भएको छ।

अन्त्यमा, विगतमा झैँ आगामी दिनमा पनि संरक्षण नेपाल र सिविसको सहकार्य निरन्तर जारी रहोस। यी दुई संस्थाको सहकार्यमा बालअधिकार र बालसंरक्षणका अभियानहरूलाई निरन्तरता दिन सकियोस भन्ने अपेक्षाका साथ सिविसले आफ्नो कार्यकालको २५ वर्ष पूरा गरेको अवसरमा संरक्षण नेपाल सिविस परिवारप्रति हार्दिक बधाइ ज्ञापन गर्दछ।

# बालअधिकारको अभियानमा सिविस र प्रयास नेपालको सहयात्रा



**दामोदर अर्याल**

**कार्यकारी निर्देशक**

**प्रयास नेपाल, धादिङ।**

बालबालिकाको क्षेत्रमा केन्द्रित रहेर सामाजिक विकास अभियान सञ्चालन गर्ने उद्देश्यले क्रियाशील समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) संस्था २५ वर्ष पुग्दैछ। २५ वर्षको अभियानकै क्रममा प्रयास नेपालले सिविससँग सहकार्य गर्ने अवसर प्राप्त गऱ्यो। यस सहयात्राले धादिङ जिल्लामा बाल अधिकार अभियानलाई सशक्त बनाउन बल पुगेको छ। बालबालिकाको सवालमा क्रियाशील सिविससँगको सहयात्राले प्रयास नेपाललाई बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि थप उत्साह बढाएको छ। यी दुवै संस्था समान लक्ष्य र उद्देश्य लिएर अगाडि बढेका हुनाले यस जिल्लामा बालबालिकाको विकास, सहभागिता, तथा संरक्षणका क्षेत्रहरूमा काम गर्न सहज भयो। २०७० मंसिर महिनाबाट सुरु भएको सहयात्राको क्रममा प्रयास नेपालले बालअधिकार, बालसंरक्षण, बालबालिकाको शिक्षाको अधिकार तथा बालबालिकाको आफ्नै परिवारसँग बस्न पाउने अधिकारको सुनिश्चितताका लागि पहल गऱ्यो। सिविसले उठान गरेको बालअधिकार, बालसंरक्षण, बालबालिकाको शिक्षाको अधिकार तथा आफ्ना अभिभावकसँगै बस्न पाउने बालअधिकारका सवालहरूलाई धादिङ जिल्लाको दुरदराजका गाउँबस्तीहरूमा स्थापित गर्न प्रयास नेपाल सफल भयो।

यस क्रममा सञ्चालित कार्यक्रमहरू धादिङको साविकका भ्फार्लाङ, रि, दार्खा, सत्यदेवी र गुम्दी गाविसहरू हालका खनियावास र गंगाजमुना गाउँपालिकाका वडाहरूमा केन्द्रित रहे। यस सहकार्यमा एसि इन्टरनेशनलको सहयोगले कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाएको थियो। यी कार्यक्रमहरू जोखिममा रहेका र आफ्नो घरभन्दा टाढा रहेका बालबालिकाको पारिवारिक हेरचाहको अधिकारको लागि योगदान गर्ने, बालबालिकालाई उनीहरूको परिवारिक हेरचाहको अधिकार सुरक्षित हुने गरी परिवारसँगै राख्न परिवार र स्थानीय सरकारी एवं गैह्रसरकारी संस्थालाई

सहजीकरण गर्ने प्रकृतिका थिए। यस कार्यक्रमको उद्देश्य पारिवारिक हेरचाहसँग सम्बन्धित राष्ट्रिय बाल नीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय र राष्ट्रिय प्रणालीलाई सबल बनाउने रहेको थियो। यसको साथै यी कार्यक्रमहरूभित्र अभिभावक शिक्षासम्बन्धी तालिम, बाल संरक्षण संयन्त्रहरूलाई आर्थिक सहयोग गर्ने, बालबालिकाको पारिवारिक हेरचाहको अधिकारसम्बन्धी जानकारी साथै अभिभावकहरूको परिचालन, बालबालिकाको पारिवारिक विछोड रोक्न स्थानीय राजनैतिक दल तथा स्थानीय सरकारी निकायसँग अन्तरक्रियाजस्ता क्रियाकलापहरू सञ्चालन गरिएका थिए। यस क्रममा बालबालिकाको परिवारिक हेरचाहसम्बन्धी जनचेतनाका लागि स्थानीय एफ.एम रेडियो मार्फत सार्वजनिक सन्देश प्रसारण गरियो। जोखिम अवस्थामा रहेका र परिवारमा पुनर्एकीकरण भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग गर्ने जस्ता क्रियाकलापहरूका साथै समुदाय परिचालनका गतिविधिहरू पनि सञ्चालन गरिएको थियो। कार्यक्रमले वडा बाल संरक्षण समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल समूह र बालबालिकाको क्षेत्रमा कार्यरत अन्य संघ संस्था तथा सरोकारवालाहरूमा परिवारिक हेरचाह र बाल अधिकारको सवालका बारेमा बुझाइ साझा बनाउन उल्लेख्य योगदान गरेको थियो। बाल अधिकार हनन् र पारिवारिक विछोड रोक्न तथा बालबालिकाले शैक्षिक अवसर पाउने वातावरण सिर्जना गर्न सिविससँगको सहकार्यले महत्त्वपूर्ण योगदान गरेको थियो।

सिविसले Alternatives to Separation (ATOS) सँगको सहकार्य तथा Civil Society in Development (CISU) को आर्थिक सहयोगमा सन् २०१५ को अप्रिल महिनादेखि बालबालिकाको अभिभावकत्वको अधिकार प्रवर्धन कार्यक्रम 'आफ्नो घर आफ्नै परिवार' को दोस्रो चरणको कार्यक्रम सञ्चालन गर्‍यो। यो कार्याक्रम सन् २०१६ को अप्रिल १ तारिखदेखि २०१७ को सेप्टेम्बर ३० सम्म सञ्चालन भएको थियो। यस कार्यक्रमबाट बालबालिकालाई परिवारमा बस्ने वातावरण सिर्जना गर्न तथा अनावश्यक रूपमा बालबालिकालाई परिवारबाट अलग गराउने कार्यलाई निरुत्साहित गर्न, अनावश्यक रूपमा आवासीय बालगृहमा बस्नका लागि परिवारबाट अलग भएका बालबालिकाको पहिचान गरी परिवारमा पुनर्एकीकरण गर्न, परिवारमा पुनर्एकीकरण भएका बालबालिकाको परिवार तथा जोखिम अवस्थामा रहेका परिवारका लागि आयआर्जनका क्रियाकलाप गर्न सफलता प्राप्त भएको छ। यसैगरी जोडकोष सहयोगबाट व्यवसाय थालनी गरेका कतिपय अभिभावकहरू स्थानीय स्तरमा नै उद्यमी बनेका छन्। परिवारको आर्थिक कारणले विद्यालय जान नसकेका तथा शिक्षाको लागि परिवारबाट अलग हुनु पर्ने जोखिम अवस्थामा रहेका बालबालिकाको शैक्षिक सामाग्री तथा विद्यालय पोशाक उपलब्धताले शिक्षाको निरन्तरतामा सहयोग पुगेको छ।

सिविससँगको सहकार्यले प्रयास नेपाल बालबालिकाका सवालमा सहजीकरण गर्ने विषयगत ज्ञान र सीपयुक्त संस्थाको रूपमा पहिचान बनाउन सफल भएको छ। साथै संस्थामा बालबालिकाका सवालहरूमा काम गर्न सक्ने मानवीय शक्ति विकास भएको छ जुन दिगोपन र संस्थागत विकासको लागि महत्त्वपूर्ण रहेको छ।

सिविससँगको सहयात्राको क्रममा बालबालिकाको अभिभावकत्वको अधिकारका विषयमा हासिल गरेका ज्ञान सीप तथा क्षमतालाई प्रयास नेपाल निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछ। अन्त्यमा, २५ वर्षको अवधिमा सिविसले प्राप्त उपलब्धिहरूको उच्च प्रंशसा गर्दै आगामी दिनमा पनि बालबालिकाको मुद्दामा काम गर्ने सशक्त र विश्वासिलो संस्थाको रूपमा सिविसले आफूलाई अग्रपंक्तिमा उभ्याइरहन सकोस् हार्दिक शुभकामना।

# पूर्व घरेलु बालश्रमिकहरूको अनुभवमा सिविस

# विछोडिएको एघार वर्षपछि परिवारसँग पुनर्मिलन

**सावित्री तामाङ, गोले**
**कक्षा ९, श्री महेन्द्र आर्दश मा.वि., इमाडोल**
**सदस्य, बाल सल्लाहकार समिति, सिविस**

## पुनर्मिलनको त्यो क्षण

म आमा र बहिनीहरूलगायत छ जनाको परिवारबाट करिब एघार वर्षसम्म विछोडिन पुगेको थिएँ। मैले २०७५ साल भाद्र २३ गतेका दिन आमा र भाइ बहिनीहरूसँग भेट्ने अवसर पाएँ। यो अवसर सिविसको सहयोगबाट जुटेको थियो। मेरा लागि सिविसका दिदी र दाइहरूको पहलमा भएको यो पारिवारिक पुनर्मिलन बिर्सिनसक्नुको रह्यो। सिन्धुपाल्चोक बलेफी गाउँपालिका स्थित प्रहरी चौकीमा हुन सकेको यो पारिवारिक पुनर्मिलन मेरा लागि पुनर्जन्म भएसरह नै रह्यो। मेरो मन मलाई जन्म दिने आमालाई भेट्नका लागि आतुर थियो। मेरा बहिनीहरू कत्रा भए होलान् कस्ता भए होलान् भन्ने कौतुहलता उत्तिकै थियो। मलाई देख्नासाथ पहिले त आमा मलाई हेरेको हेरै हुनुभयो। मलाई पनि सपना हो कि विपना हो भनेर छुट्याउन गाह्रो भयो। मेरो मन भित्र मेरी आमा उहाँ नै हो कि होइन भन्ने प्रश्न उठिरहेको थियो। यतिकैमा आमाले मलाई नियालेर हेर्नु भयो र चिन्नुभयो। नजिकै तानेर छातीमा टाँस्नु भो। सुम्सुम्याउनु भो। आमाका आँखाबाट आँसु थामिएनन्। म पनि बेसरी रोएँ। एघार वर्षसम्म मरे बाँचेको केही टुङ्गो नलागेर आशा मारिसकेकी दिदी अचानक घर आइपुग्दा भाइ बहिनीहरूको मात्र होइन वरिपरिका छरछिमेकीहरूको समेत आँखा रसाए। खुशीका आँसु झरिरहेकै बेला काइली बहिनीले मलाई साइली दिदी भनेर अँगालो हाल्दै भक्कानिएर रोई। पारिवारिक पुनर्मिलनका बेला झरेको त्यो आँसु खुशीको आँसु थियो। हामी सबै एकै छिनमा सामान्य अवस्थामा आयौँ। त्यसपछि मैले आमालाई आफ्नो अवस्थाको बारेमा बेलिबिस्तार लगाएँ। मेरी दुईवटी दिदी र दाइसँग चाहिँ घरमा नभएकोले उहाँहरूसँग भेट हुन सकेन।

## परिवारबाट विछोडिएपछि

मेरो जन्मस्थान सिन्धुपाल्चोकको बलेफी गाउँपालिका हो। म सानै हुँदा बुबा बितिसक्नुभएको थियो। हाम्रो आर्थिक अवस्था निकै कमजोर भएकाले ६/७ वर्षको उमेरमा मलाई गाउँ कै फुपू नाता पर्ने दिदीले काठमाण्डौमा काममा लगाइदिन्छु भनेर ल्याउनु भएको थियो। उहाँले मलाई बौद्धस्थित एउटा गलैँचा कारखानामा गलैँचा बुन्ने काममा लगाइदिनु भयो। मलाई कारखानामा छोडेपछि उहाँ कता जानुभो केही थाहा भएन र मलाई कहिल्यै भेट्नसमेत आउनु भएन। गलैँचा कारखानामा बिहानै देखि राति अबेरसम्म बन्द कोठामा बसेर गलैँचा बुन्नु पर्दथ्यो। गलैँचा बुन्न नजानेकाले सुरुका दिनहरू निकै गाह्रो भयो। नजिकै गलैँचा बुन्ने दिदीले बुनेको हेरेर सिक्ने कोशिश

गरें। सिक्दै गरेको अवस्थामा बुन्ने काम ढिलो हुन्थ्यो र कहिले काहीँ बिग्रिन्थ्यो पनि। बुन्ने काम ढिलो भयो र बिग्रियो भनेर कारखानाका मालिकले गाली गर्ने र हातमा पिट्नेसमेत गर्दथे। यसरी मैले करिब दुई वर्षसम्म गलैंचा कारखानामा काम गरें। कारखानामा काम गरेको पछिल्ला दिनहरू मेरा लागि झन् कष्टकर बने। नुहाइ धुवाई राम्ररी नहुँदा मेरो कपालमा बेसरी जुम्रा पऱ्यो। हातमा खटिराहरू निस्के। जुम्राले निकै सताउन थाल्यो। खटिराको कारण गलैंचा बुन्न झन् ढिला हुन थाल्यो तर उपचारको लागि कसैले केही पहल गरेन। यस्तो पीडा खप्न नसकी एक दिन म त्यहाँबाट भागें। गलैंचा कारखानामा काम गरुञ्जेलसम्म म केवल तामाङ भाषा बोल्न जान्दथें। नेपाली भाषामा बोलेको बुझ्दथें तर नेपाली भाषामा कुराकानी गर्न जान्दिनथें।

कारखानाबाट भागेपछि म भौतारिँदै खुट्टाले जता डोऱ्याउँछ उतै तिर हिड्न थालें। हिड्दा हिड्दै म कुन ठाउँ पुगें राम्रो जानकारी छैन। तर अहिले सम्झिदा म सायद जोरपाटीतिर पुगेंछु। कहाँ जाने केही टुङ्गो नभएपछि म रुन थालेंछु। धेरै दिनदेखि नकोरेकोले जिङग्रिङ्गपरेको कपाल, टाउको भरि जुम्रा र लिखाले पोको पारेको अवस्था, हात भरि घाउ खटिरा, मैला लुगा लगाएर रुँदै हिडिरहेको थिएँ। यसै क्रममा बौद्धको फुलबारी विद्यालयमा सहयोगीको रूपमा काम गर्नु हुने शान्ति आन्टीले मलाई भेट्नु भयो। रुँदै हिडेको देखेर उहाँले मलाई मेरो घर, ठेगाना, आमाबुबाको नाम सोध्नु भयो तर मैले केही भन्न नसकी झन् साह्रो रुन थालेंछु। मेरो यस्तो अवस्था देखेपछि उहाँले "नरोउ तिम्रो लागि म छु, मसँगै हिँड जाउँ" भन्नुभयो। त्यसपछि म उहाँकै पछि लागें। उहाँले मलाई जोरपाटीबाट हिड्दै बौद्धस्थित राजकुमार परियार अंकलको पसलमा लैजानु भयो। अंकलको थाङ्काको चित्रहरू बेच्ने पसल रहेछ। केहीबेरको कुराकानीमा शान्ति आन्टीले राजकुमार अंकललाई मेरो बारेमा बताउनु भयो। उहाँले "अब तिमीलाई म मेरै घर लैजान्छु, घरमा आन्टी तथा दिदी बहिनीहरू छन्। अब तिमी मेरै घरमा बस ल !" भन्नुभयो। केही समयको बसाइपछि उहाँले मलाई इमाडोलस्थित आफ्नो घरमा लिएर जानुभयो।

हामी अंकलको घरमा पुग्यौं। घरमा पुगिसकेपछि अंकलले मेरो बारेमा संगिता आन्टी र दिदीहरूलाई बताउनु भयो। वहाँहरूले मलाई धेरै मायाँ गरेर नुहाइदिने, तेल लगाएर कपाल कोरिदिने, जुम्रा माारिदिने, हातका घाउहरूमा औषधी लगाइदिने आदि जस्ता सेवा सम्भार गर्नुभो। लामो समयपछि त्यो रात म राम्ररी निदाउन सकेकी थिएँ। आन्टीको घरमा नेपाली भाषामा मात्र बोलिने हुँदा सुरुका दिनहरूमा मलाई उहाँहरूसँग कुराकानी गर्न निकै कठिन भयो। तर, पछि बिस्तारै नेपाली भाषामा बोल्न पनि थालें। जसले अंकलको परिवारमा बस्न मलाई अझ सहज हुँदै गयो। करिब ३ देखि ४ महिनासम्म उहाँहरूले मेरो राम्रो स्याहार सुसार गर्नु भयो। स्याहार सुसार, माया र औषधी उपचार पाएपछि मेरा घाउहरू निको भए। टाउकामा भएका जुम्रा र लिखाहरू सबै समाप्त भए। त्यसपछि मैले बिस्तारै अंकल र आन्टीलाई घरका कामहरू सघाउन थालें। असहाय अवस्थामा बल्ल तल्ल सहारा पाएको स्थितिमा मैले स्कुल जाने बारेमा सोचेको थिइन। त्यसबेला अंकल र आन्टीहरूले पनि मलाई पढाउने बारेमा सोच्नु भएको थिएन। उहाँका छोरा छोरीहरू भने स्कुल जाने गर्दथे। म उनीहरूलाई स्कुल जानका लागि सघाउने गर्दथें।

## परिवारले माया मारेको अवस्था

म केही जान्ने बुझ्ने भएपछि मैले रोजगारदाता घरकी आन्टीको सहयोगमा मेरो घर, मेरा आमा, दाजु भाइ, दिदी बहिनीहरूको बारेमा सोधी खोजी गरिरहेकी थिएँ। घरकै ठेगाना र बुबा आमाको नाम थाहा नभएको अवस्थामा एउटा घरेलु बालश्रमिकको रूपमा काम गरिरहेकी मैले परिवार पत्ता लगाउन सक्ने अवस्था थिएन। तर पनि मेरो मनको एउटा कुनामा एक दिन त पक्का

आमा र घर परिवारको पत्ता लाग्छ भन्ने आशाको दियो भने बलिरहेकै थियो। यता आमालगायत मेरो परिवारले पनि मलाई ३ वर्षसम्म निरन्तर खोजी गर्नु भएछ। खोजीका लागि प्रहरीमा मेरो हुलिया दिनु भएछ। आफन्त, छरछिमेक सबैले खोजीको प्रयास गरेछन् तर कतैबाट केही पत्ता नलागेपछि उहाँहरूले छोरी मरिसकी कि भन्ने आशंका गर्दै मायाँ मारिसक्नु भएको अवस्थासमेत रहेछ।

## बालचौतारी कक्षामा भर्ना

कुरा २०६७ सालको हो। त्यसबेला सिविसले घरेलु बालश्रमिकहरूका लागि अनौपचारिक बालचौतारी कक्षा सञ्चालन गर्न लागेको रहेछ। सिविसकी बिनिता जोशी मिसले बालचौतारी कक्षामा पढाउनका लागि घरेलु श्रमिक बालबालिकाहरूको खोजी गरिरहनु भएको रहेछ। यसै क्रममा उहाँले मेरो रोजगारदाता अंकल र आन्टीसँग भेटेर मलाई उक्त बालचौतारी कक्षामा पढाउनका लागि अनुरोध गर्नु भयो। उहाँले अनौपचारिक बालकक्षाको महत्त्वका बारेमा प्रष्ट पार्दै मलाई पढाउनका लागि आवश्यक पर्ने कापी कलम सिविसले नै व्यवस्था गर्ने कुरा पनि बताउनुभयो। यी कुराहरू बुझेपछि अंकल र आन्टी पनि मलाई उक्त कक्षामा पढ्न पठाउनका लागि राजी हुनुभयो। कक्षामा जान थालेपछि मिसले किताब, कलम र ड्रेस पनि दिनु भयो। ड्रेस लगाएर कापी किताब बोकेर बालकक्षामा जान थाले पछि मेरो खुशीको सीमा थिएन। मैले बाल चौतारी कक्षामा ९ महिनासम्म पढैं। ९ महिनामा मैले पढ्नमात्र हैन, बालअधिकारका बारेमा समेत धेरै कुराहरू सिक्ने अवसर पाएँ। बाल चौतारी कक्षामा पढ्ने अवसर नपाएको भए मेरो जीवन सायद अहिले पनि अन्धकारमय नै रहन्थ्यो होला।

बालचौतारी कक्षाको पढाइ सकिएपछि २०६८ साल बैशाखमा सिविसकै पहल र सहयोगमा ललितपुरको इमाडोलस्थित श्री महेन्द्र आदर्श मा.वि. मा कक्षा ३ मा भर्ना भएँ। त्यस विद्यालयमा मैले कक्षा ८ सम्म निरन्तर पढ्ने अवसर पाएँ। अंकल र आन्टीले मेरो पढाइलाई अगाडि बढाउन सहयोग गर्नु भयो। मैले बिहान बेलुका घरका कामहरू गर्न सघाउँथैं। यसरी मेरा दिनहरू हाँसी खुशीका साथ बितिरहेका थिए।

## जन्मदर्ताको अभावमा कक्षा ८ को परीक्षामा सामेल हुन कठिनाइ

कक्षा ८ मा पढ्दै गर्दा जिल्ला स्तरीय परीक्षामा सामेल हुने बेला आयो। तर जन्मदर्ताबिना परीक्षामा सामेल हुन नपाइने रहेछ। मेरो जन्मदर्ता नै थिएन। घर, आमा बाबु परिवारबारे मलाई केही थाहा थिएन। अब कक्षा ८ को परीक्षा दिन नपाउने भएँ भनेर म साह्रै ठूलो चिन्तामा परैं। यो चिन्ताले मेरो भोक र निन्द्रा नै हरेको थियो। यसरी निरास भएर बसिरहेको अवस्थामा म सिविसको बालसल्लाहकार समितिमा छनौट भएँ। मैले बालसल्लाहकार समितिको बैठकमा आएको बेला यो समस्या राखेको थिएँ। त्यसपछि सिविसले मेरो जन्मदर्ताका लागि केन्द्रीय बालकल्याण समितिलगायतका निकायहरूमा गएर आवश्यक पहल गऱ्यो। परीक्षा नजिकै आइसकेकाले म झन् चिन्तित हुन थालेकी थिएँ। चिन्ता यतिसम्म बढेको थियो कि "यदि कक्षा ८ को परीक्षा दिन पाइन भने म त मर्छु" भनेर संगिता आन्टीलाई भन्नसमेत भ्याएकी थिएँ। यसपछि संगिता आन्टी मेरो जन्मदर्ता गर्नका लागि नगरपालिका र वडा कार्यालयमा धेरै पटक धाउनु भयो। सिविसको बिनिता जोशी मिसले पनि वडा कार्यालय गएर मलाई कक्षा ८ को परीक्षा दिलाउने उपाएका लागि छलफल चलाउनु भएछ। संगिता आन्टी र विनिता मिसबाट यस्ता प्रयासहरू भएपछि महालक्ष्मी नगरपालिकाले मलाई कक्षा ८ को परीक्षा दिलाउनका लागि वडालाई सिफारिस गऱ्यो। यो सिफारिसपछि मैले कक्षा ८ को परीक्षा दिन पाएँ। यो सफलताले मलाई अत्यन्त हर्षित बनाएको थियो।

## एसइको परीक्षा पुनः जन्मदर्ताको समस्या

म कक्षा ९ मा पुगेपछि एसइइको भर्नाको लागि फारम खुल्यो। मलाई सिविसकी बिनिता मिसले त्यसमा भर्ना हुनका लागि निवेदन दिन लगाउनु भयो। निवेदन दिएपछि परीक्षाको फारम भर्ने बेला आयो। सबै साथीहरूले धमाधम फारम भर्न थाले तर आफ्नो भने फेरि उही जन्मदर्ताको समस्या। यस पटक बिनिता मिसले जन्मदर्ता गर्ने उपायहरूका लागि पहल गर्नुभयो। यसका लागि मेरो स्थायी घर पत्ता लगाउने प्रयास थालियो। यसै क्रममा मेरो अनौपचारिक बाल चौतारी कक्षाबाट पास भएर कक्षा ३ मा भर्ना हुँदाको केही कागज पत्र त होला त्यसबाट बाबु आमाको ठेगाना पत्ता लाग्न सक्छ भन्ने अनुमान गरियो। म पढ्ने विद्यालयमा २०६८ सालमा भर्ना हुँदाको रजिष्टरको खोजी गर्दा उक्त रजिष्टर भेटियो। संयोगवस मेरो भर्ना गरेको बेला रजिष्टरमा मेरो बितिसक्नुभएको बुबाको नाम रूप सिङ तामाङ र जिल्ला सिन्धुपाल्चोक लेखिएको रहेछ, जुन कुरा मेरो सम्झनामा नै थिएन। अब फेरि अर्को समस्या आइलाग्यो नाम र जिल्लाको भरमा वास्तविक ठेगाना कसरी पत्ता लगाउने ? तै पनि बिनिता मिसले हाल सिन्धुपाल्चोकमा कार्यरत सिविसका कर्मचारी नवराज सापकोटा सरसँग सम्पर्क गरी मेरा बुबाको नामको आधारमा ठेगाना पत्ता लगाउने प्रयास गर्नु भयो। नवराज सरले मलाई फोनबाट घर जानका लागि जलविरेबाट कतातिर जानुपर्दो रहेछ भनेर सोध्नुभयो र जलविरे वरिपरिका सम्भावित गाउँका नामहरू पनि भन्नु थियो। तर मैले यकिनका साथ ठाउँको नाम बताउन सकिन। जसबाट उहाँलाई मेरो घरको ठेगाना पत्ता लगाउन निकै कठिन परेछ। तर उहाँले आफूले थाहा भएसम्म र जानेसम्मका वडाध्यक्षहरू समक्ष सोधपुछ गर्दै जानु भयो। उहाँ सिन्धुपाल्चोकका कतिपय ठाउँहरूमा सिविसद्वारा सञ्चालित मानव बेचबिखन रोकथामसम्बन्धी सचेतीकरण कक्षाको अवलोकनकर्ता पनि भएकाले पनि सोधखोजका लागि सहजता भएछ। संयोग कसरी मिलेछ भने यस्तै एउटा कक्षमा मेरी बहिनी पनि सहभागी हुने गरेकी रहिछिन्। उहाँले मेरी बहिनीहरूलाई पनि चिन्नु हुँदो रहेछ तर मेरो र मेरी बहिनीको नातासम्बन्ध बारे उहाँलाई थाहा थिएन। खोजीकै शिलशिलामा उहाँले कक्षा सञ्चालित भएको बलेफी गाउँपालिकाका वडा नं. ३ का वडाध्यक्षसँग पनि मेरो र बुबाको बारेमा सोधीखोजी गर्नु भएछ। वडाध्यक्षले मेरो बितिसकेका बुबालाई चिन्नुभएको रहेनछ। तर वडाध्यक्षले वडा नं. ३ धुस्कोटका बुढापाकासँग सोधीखोजी गर्दा गाउँबाट ११ वर्ष अघि एउटी छोरी हराएको भन्ने कुरा पनि उहाँलाई थाहा भएछ। यसैगरी उहाँले मेरो बुबा रूप सिं तामाङलाई चिन्ने बुढापाकाहरू पनि पत्ता लगाउनु भएछ। उहाँले बुढापाकाबाट छोरी हराएको घर पहिचान गर्नु भएछ। वडाध्यक्षबाट उक्त घरको छोरीको फोन नं. पत्ता लगाउनु भएछ। नवराज सरले वडाध्यक्षबाट उक्त फोनबाट सचेतीकरण कक्षाकी सहभागी मेरी कान्छी बहिनीसँग सम्पर्क गर्नुभएछ। उहाँले फोन गर्नासाथ मेरी बहिनीले बोलीबाट नवराज सरलाई चिनिछन्। यसपछि मेरो वास्तविक ठेगाना बलेफी गाउँपालिका वडा नं. ३, धुस्कोट हो रहेछ भन्ने पक्का भयो र परिवारसँगको पुनर्मिलन सम्भव भयो। मैले सिविसको पहल र वडाध्यक्षको सहयोगमा जन्मदर्ता बनाएर ल्याएँ। अब म निर्धक्कपूर्वक एसइइको परीक्षा दिन पाउने भएको छु। यो मेरो जीवनको लागि सबैभन्दा ठूलो उपलब्धि भएको छ।

# बालश्रमिकदेखि घरेलु श्रमिक युनियनको अध्यक्षसम्म



**सोनु दनुवार**
**क्यालिफोर्निया, अमेरिका**

## आफ्नै दाजु र दिदीलाई पनि चिन्न सकिन

म सोनु दनुवार, मेरो घर झापा जिल्ला मेची नगर धुलाबारी हो। हाम्रो जग्गा जमिनको नाममा १० कट्ठा ऐलानी पाखो र दुईवटा गरा धान फल्ने खेत थियो। एकातिर चरम आर्थिक अभाव अर्कोतिर १० जनाको परिवार भएकाले गर्दा मैले दाजु दिदी भनेर चिन्नु तथा थाहा पाउनुभन्दा अगाडि नै मेरा जेठो दाइ र दिदी घरेलु बालश्रमिक भइसक्नु भएको रहेछ। सायद मेरो उमेर सानै भएकाले आवश्यकता नठानेर होला आमा बुबाले पनि मभन्दा माथि दाजु दिदी भएको कुरा मलाई जानकारी दिनु भएको थिएन। रोजगारदाताले चाडबाडमा समेत छुट्टी नदिने भएकाले वहाँहरू घरमा आउनै सक्नु हुन्नथ्यो। त्यसैले मैले उहाँहरूलाई चिन्ने मौकै पाएको थिइन। म ७ वर्षकी भइसकेपछि एक दिन मेरो दाइ र दिदी घरमा आउनु भएको थियो। तर मैले वहाँहरूलाई चिन्न नसकी छिमेकीको घरमा को हो भनेर सोध्न जानु परेको घटनाले अहिले पनि चिमोटिरहेको अनुभव हुन्छ।

## घरेलु बालश्रमिकबाट जीवनको थालनी

म सातै वर्षको उमेरदेखि घरेलु बालश्रमिकको रूपमा काम गर्न बाध्य भएँ। त्यतिबेला मैले झापा धुलाबारीको एउटा घरमा काम गर्न थालेकी थिएँ। म बालश्रममा लागेको ९ महिना पनि नपुग्दै मेरो बुबा बित्नुभो। बुबा बितिसकेपछि किरिया खर्चका लागि आमाले मेरो रोजगारदाताबाट केही ऋण लानु भएको रहेछ। यो खर्च कटाउनका लागि मैले ३ वर्षसम्म सोही घरमा काम गर्नु पर्‍यो। “आमाले कति रकम लगेको हो र मैले कहिलेसम्म यो घरमा काम गर्नु पर्ने हो” भनेर मैले पटक-पटक सोध्दा पनि रोजगारदाताले कहिल्यै बताएनन्। जहिले पनि “आमाले लगेको किरिया खर्च अझै कट्टी हुन बाँकी छ त्यसैले तँ अझै यो घरमा बस्नु पर्छ” मात्रै भन्थे।

प्रत्येक दिन बिहान पाँचै बजे उठ्नु पर्थ्यो। उठिसकेपछि सबैभन्दा पहिले घर आँगन बढार्ने, चिया खाइसकेपछि घाँस काट्न जाने, दिउँसो रोजगारदाताका छोराछोरीहरूलाई स्कूल पुऱ्याउने, एक डङ्गुर जुठा भाँडा माझ्ने, बाख्रालाई

पानी दिने, बारीमा लगाइएको तरकारीहरू र तुलफूल गोडमेल गर्ने, जाडो महिनामा दाउरा लिन जङ्गल जाने, मकै तथा चामल केलाउने, बारीबाट तरकारी टिपेर ल्याउने र केलाउने आदि काम गर्नु पर्थ्यो। सबैभन्दा गाह्रो काम चाहिँ इनारबाट पानी उघाएर घैला तथा बाल्टीमा एक तलामाथि ओसार्ने थियो। योबाहेक प्रायः डोको लिएर खेतालालाई खाजा पुऱ्याउने र फर्किदा त्यसमा घाँस लिएर आउनु पर्थ्यो। यसखाले कामको बोझले म दिक्क भैसकेकी थिएँ र भित्रभित्रै रिस उठ्न थालेको थियो। त्यसै कारण मलाई कैल्यै पनि उम्किन नदिने त्यो घरबाट आफू खुशी निस्कैं र आफ्नै घरमै बस्न थालेँ। तर घरमा बसेर गुजरा चल्न सक्ने स्थिति थिएन।

## काठमाण्डौ आगमन

यसरी अत्यधिक घोटिएर काम गर्दागर्दै म झापा छाडेर २०५३ सालमा काठमाण्डौ आएँ। काठमाण्डौ आएर पनि घरेलु श्रमिक नै भएर काम गर्न थालेँ। यहाँ प्रायः भान्साभित्रका काम र अन्य घरेलु कामहरू गर्नु पर्थ्यो। मालिकको परिवार ८ जनाको थियो। बिहान ५ बजेदेखि बेलुका १० बजेसम्म काममा खटाइन्थ्यो। यहाँ आएपछि सुरुका दिनहरूमा राइसकुकरलगायत भान्सामा प्रयोग गरिने अरू आधुनिक प्रविधिसँग परिचित हुन केही समय लाग्यो। यस्ता भाँडकुडा, ग्याँस चुल्हो, भोकुम क्लिनर आदि प्रयोग गर्न सिकेपछि धुलाबारीमाभन्दा काठमाण्डौमा काम केही सजिलो रहेको अनुभव हुन थाल्यो।

## अनौपचारिक कक्षामा भर्ना

काठमाण्डौ आएको २ वर्षपछि सिविसद्वारा घरेलु बाल श्रमिकका लागि सञ्चालित अनौपचारिक कक्षामा भर्ना भएँ। त्यसबेलासम्म मैले अक्षर पनि नचिनेको र विद्यालयको आँगनसम्म टेक्ने अवसर पाएको थिइन। सिविसले घरदैलो कार्यक्रम गर्दा म काठमाण्डौको रातोपुलमा घरेलु बालश्रमिकको रूपमा काम गर्थें। त्यस घरमा सिविसका मिसहरू आउनु भएको मलाई अहिले जस्तो लाग्छ। जुन दिन वहाँहरू आउनु भएको थियो, त्यो दिन म फूलबारीमा काम गरिरहेको थिएँ। "यो घरमा बालश्रमिक छ?" भनेर मिसहरूले सोध्नु भएपछि मैले "यो घरमा काम गर्ने म नै हुँ" भनेर जानकारी गराएको थिएँ। यसरी सिविससँग मेरो पहिलो भेट भएको थियो। यसपछि उहाँहरूले मलाई अनौपचारिक कक्षामा भर्नाका लागि उक्त घरका आन्टीहरूसँग कुराकानी गर्नुभयो। पहिले त आन्टीहरूले मलाई कक्षामा पढ्न जान दिनका लागि अन्कनाउनु भएको थियो। मिसहरूले राम्ररी सम्झाएपछि सहमत हुनुभयो। त्यसपछि मिसहरूले मलाई अनौपचारिक कक्षामा भर्ना गरिदिनु भएको थियो। सिविसको सहायताले मैले पहिलो चोटी अक्षर चिन्ने मौका पाएँ र फुर्सदको समय निकालेर पढाइलाई निरन्तरता दिदै आएँ।

## नयाँ जीवनको सुरुवात

सिविसको सहयोगबट पढाइलाई निरन्तरता दिन पाएकाले मेरो लागि नयाँ जीवनको ढोका खुल्यो। ९ महिनाको अनौपचारिक कक्षा पढिसकेपछि म २०५८ सालमा सरकारी स्कूलमा ४ कक्षामा भर्ना भएर पढ्न थालेँ। स्कूल पढ्न थालेपछि मैले बिहानको खाना पकाउनु परेन। स्कूलबाट करिब ११ बजेतिर फर्केपछि मात्रै काममा लाग्नु पर्थ्यो।

## बालक्लबमा संगठित

सिविसद्वारा सञ्चालित अनौपचारिक कक्षामा भर्ना भई पढ्नेक्रममा हामीले बालअधिकारका बारेमा धेरै ज्ञान प्राप्त गऱ्यौं। सिविसले त्यहाँ घरेलु बालश्रमिकहरू भेला गराई आफ्ना दुःख सुख आदान प्रदान गर्न हाँसखेल तथा मनोरञ्जन गर्नका लागि गुड फ्राइडे कार्यक्रम पनि सञ्चालन गरेको थियो। यो कार्यक्रमको माध्यमबाट हक अधिकार पाउनका

लागि एक्लाएक्लै हैन सामूहिक प्रयास आवश्यक हुन्छ भन्ने थाहा पाएपछि हामीले बालक्लब गठन गऱ्यौं ।

## घरेलु श्रम सम्मानित श्रम हुनु पर्छ भन्ने अभियानमा संलग्न

हामी घरेलु बाल श्रमिकको रूपमा काम गरिरहेका थियौं । सँगसँगै बालक्लबमा आबद्ध भई घरेलु बाल श्रमिकहरूको हकअधिकारको लागि पनि काम गर्न थाल्यौं । एकातिर श्रममा व्यस्त रहनु पर्ने अर्कातिर बालक्लबले दिएका जिम्मेवारीहरू पनि बहन गर्न थालियो । यसरी खट्दा खट्दै थाहै नपाई म लगायत अन्य साथीहरूको उमेर १६ वर्ष पुगिसकेछ। यसैकारण हामीले बालक्लब छोड्नु पर्ने अवस्था आयो । बालक्लबको नेतृत्व नयाँ भाइ बहिनीहरूलाई हस्तान्तरण गर्नु पर्ने स्थिति आयो । तर अब के गर्ने ? बालक्लबको माध्यमबाट संगठित हुँदै आफ्ना हक अधिकारका लागि गरिदै आएको संघर्षलाई कसरी निरन्तरता दिने ? भन्ने बारेमा हामीले यसै क्षेत्रमा कार्यरत संस्था सिविससँग छलफल गऱ्यौं। छलफल पश्चात् हामीले घरेलु श्रमिक मञ्च स्थापना गरेर वयस्क घरेलु श्रमिकहरूको हकअधिकारका लागि अगाडि बढ्ने निष्कर्ष निकाल्यौं। यसपछि सिविससँगको सहकार्यमा हामी जस्तै बालक्लबमा संगठित भई वयस्क भएका २५ जना घरेलु श्रमिकहरूसँग सम्पर्क बढायौं । यसका लागि सिविस र नेपालका ट्रेड युनियनहरूको महासंघ जिफण्टको संयुक्त आयोजनामा हामीलाई संगठन निर्माणसम्बन्धी आधारभूत तालिम दिइयो। सिविस र जिफन्टको सहजीकरण तथा तालिममा सिकेका ज्ञान र सीपलाई प्रयोग गर्दै हामीले विभिन्न ठाउँमा कार्यरत घरेलु श्रमिकहरूसँग सम्पर्क बढायौं । यी संस्थाहरूको सहयोग र हाम्रो अथक प्रयासबाट ५५८ जनाको हस्ताक्षर सङ्कलन गरी आफ्नो सङ्गठन दर्ता गर्ने निर्णय गऱ्यौं । २०६३ माघ १९ गते संगठन निर्माणका लागि जिफन्टको सभा हलमा करिब ३०० जना घरेलु श्रमिकहरूको भेला गरियो। भेलाले सङ्गठनको नाम 'नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियन' राख्यो । त्यसै भेलाद्वारा मेरो अध्यक्षतामा १३ जना सदस्य रहेको केन्द्रीय कार्यसमिति निर्माण गरियो । यसरी हामीले घरेलु श्रमिकहरूको संगठन निर्माण गऱ्यौं। यो दक्षिण एशियाकै पहिलो घरेलु श्रमिकहरूको युनियन थियो। युनियनको निर्माणपश्चात् हामी घरेलु श्रमिकहरूको अधिकार प्राप्तिको अभियानमा लाग्यौं ।

## सन् २०११ मा अन्तर्राष्ट्रिय श्रम संगठनबाट महासन्धि नं. १८९ पारित

यसरी अभियानहरूमा निरन्तर सरिक हुँदै जाने दौरानमा हामीले घरेलु श्रम सम्मानित हुनु पर्दछ भन्ने आवाज राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म उठायौं । संगठनले घरेलु श्रम पनि श्रम हो भन्ने सवाललाई स्थापित गर्न अभियानहरू चलायो । यस क्रममा संगठनले घरेलु श्रमलाई मर्यादित श्रमको रूपमा स्थापित गरिनु पर्दछ भनेर अन्तर्राष्ट्रिय श्रम संगठनलाई पनि झक्झक्याउने काम गऱ्यो। यसै क्रममा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले सन् २००९ मा घरेलु श्रम किन सम्मानित हुनुपर्दछ ? भन्ने विषयमा अवधारणा पत्र तयार गर्न प्रश्नपत्रहरू तयार गऱ्यो। यी प्रश्नपत्रहरूको माध्यमले ८ वटा जिल्लाहरूबाट विचार संकलन गर्ने काम गरियो। सिविस तथा जिफण्टको सहजीकरणमा घरेलुश्रम सम्मानित श्रम हुनुपर्दछ भनेर हस्ताक्षर अभियान चलाउने काम पनि भयो। यो हस्ताक्षर अभियान नेपालमा मात्र होइन विश्वभर सञ्चालन गरियो। नेपालबाट संकलन गरिएको हस्ताक्षर नेपाल सरकारलाई बुझाइयो। विश्वका अन्य मुलुकहरूका साथै एशिया महादेशबाट संकलन गरिएको हस्ताक्षर सन् २०१० को जुनमा जेनेभामा सार्वजनिक गरियो। घरेलु श्रम सम्मानित श्रम हुनु पर्दछ भन्ने मान्यतालाई अन्तर्राष्ट्रिय रूपमा स्थापित गर्न बल पुऱ्याउने उद्देश्यले संगठन नभएका देशमा संगठन निर्माण र संगठन भएका देशका

घरेलु श्रमिकहरूको संगठन बीच सञ्जाल निर्माण गर्ने अभियान चलाइयो। यसरी संसार भरबाट घरेलु श्रमिकहरूको पक्षमा आवाज उठेपछि अन्तर्राष्ट्रिय श्रम संगठनले पनि उनीहरूको मागलाई सम्बोधन गर्दै सन् २०११ मा घरेलु श्रमिकहरूका लागि सम्मानित श्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८९ पारित गऱ्यो। अन्ततः घरेलु श्रमिकहरूको लामो समयदेखिको सपना पूरा भएरै छाड्यो।

## सिविसको कार्य समितिको सदस्यको रूपमा काम गर्ने अवसर

सिविसको सहजीकरणमा म अभियानकर्ताको रूपमा स्थापित भइसकेकी थिएँ। अभियानकै क्रममा घरेलु श्रमविरुद्धका विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालको प्रतिनिधित्व र नेतृत्व गर्ने मौका पाएँ। मेरो व्यक्तित्व विकास भयो। परिणामस्वरूप सिविसको साधारण सभाले कार्यसमिति सदस्यको रूपमा चयन गऱ्यो।

अन्त्यमा, परिस्थितिले डोऱ्याउने क्रममा हाल मेरो बसाइ अमेरिकामा छ। यसले गर्दा हिजोआजका दिनहरूमा सिविससँग प्रत्यक्ष रूपमा संलग्न नभएतापनि यसले एउटी घरेलु श्रमिक बालिकाको व्यक्तित्वलाई माथि उठाएर नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियनको अध्यक्षसम्म बन्नका लागि भूमिका खेल्यो। अझ माथि अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउनुका लागि सिविस तथा जिफण्टले खेलेको भूमिकालाई म सधैँ स्मरण गरिरहन्छु। यसलाई मैले मेरो जीवनको सबैभन्दा ठूलो उपलब्धि हो भन्ने ठानेकी छु।

# शिक्षा र सीपले रूपान्तरण गरेको जीवन

**देवेन्द्र चौधरी**

जिन्दगीको भोगाइमा फरक पार्ने एउटा अनौठो कुरा हो समय। समयको गतिसँगै दौडिनुपर्ने हो जिन्दगी, तर सोचाइ र भोगाइमा आकाश र धर्ती जत्तिकै फरक पर्ने रहेछ। चाहना त समयजस्तै जीवन पनि अविरल गतिशील बनोस भन्ने हो तर परिस्थितिले जसरी डोऱ्याउँछ त्यसरी नै पो अगाडि बढ्ने रहेछ जिन्दगी।

समय र परिस्थितिले मानिसको जीवनमा अनेक उतार-चढाव ल्याउने रहेछ। आज म यस्तै उतार-चढाव पार गर्दै अगाडि बढेका आफ्नै जीवनका क्षणहरू सम्झिरहेको छु, जसलाई कहिल्यै पनि बिर्सन सकिन्न।

आज म यिनै क्षणहरूलाई सम्झदै अनेकौं नागिबेली पार गरेर आइपुगेको वर्तमानबाट विगतलाई चिहाउन खोजिरहेको छु। यतिबेला म हिजोको जस्तो अभावग्रस्त र पीडादायी अवस्थामा छैन। आफू र आफ्ना परिवारका लागि सामान्यतया सहज जीवन बाँच्नका लागि आवश्यक कुराहरू जुटाउन सक्ने भएको छु। आज मेरो हातमा सीप छ जुन अब कसैले खोस्न सक्दैन। तर पनि विगत दुःखका दिनहरू सम्झदा मैले अझै थकाइ मार्ने बेला भएको छैन, मैले अझै मेरो गतिलाई अगाडि बढाउनु पर्छ भन्ने लाग्छ।

## मेरो विगत

वि.सं. २०५४ सालमा आफ्नो घर छोडी कैलाली धनगढीबाट काठमाण्डौ आएँ। काठमाण्डौ आएपछि एउटा घरमा घरेलु श्रमिकको रूपमा काम गर्न थालेँ। त्यसबेला मेरो उमेर १० वर्षको थियो। बाबुको मृत्यु पश्चात् घरमा अनेकौं समस्याले गर्दा म यसरी घरेलु श्रमिक हुन बाध्य भएको थिएँ। करिब ६ वर्ष जति अरूको घरमा घरेलुश्रमिक भएर बस्दा मैले आफ्नो पढाइ भने छोडिन। पढाइलाई निरन्तरता दिइरहेँ। जब म १६ वर्षको भएँ बिस्तारै म आफैँ आफ्नो जीवनको बारेमा केही हदसम्म बुझ्न सक्ने र केही काम गरेर जीविकोपार्जन गर्न सक्ने हुँदै गएको थिएँ। त्यसपछि मैले अब यसरी घरेलु श्रमिक भएर नबस्ने निर्णय गरेँ। यो मेरो जीवनका लागि अत्यन्तै महत्त्वपूर्ण र गम्भीर निर्णय थियो। किनकी त्यतिबेला मसँग केही सीप थिएन र पढाइ पनि थिएन। कता जाने र के काम गर्ने क्यै टुङ्गो थिएन। तै पनि त्यतिबेला मैले अरू नै कुनै काम गर्ने अठोट गरेँ र घरेलु श्रमिकको काम छाडेँ।

आफू कामदार भएर बसेको घरबाट विदा भएर निस्केपछि म हाम्रै गाउँको एकजना दाइकोमा बसेँ र वहाँसँगै घर बनाउने काममा ज्याला मजदुरी गर्न थालेँ। केही समय यसरी नै बित्यो। पछि मेरो मनमा अनेक कुराहरू खेल्न थाले। के म सधैँ यसरी नै बसिरहने ? के मैले ज्याला मजदुरी गरेर नै जीवन बिताउने ? यसको कुनै अरू विकल्प छैन ? एक दिन नजिकैको छिमेकी दिदीले मलाई सम्झाउदै भन्नुभो, "तिमीले पढ्नु पर्छ , पढ्नलाई काम र उमेरले छेक्दैन।" दिदीको कुरा सुनेर मलाई फेरि पढ्ने इच्छा जाग्यो। मजदुरी गरेर केही पैसा

बचाएको थिएँ त्यसैले वि.सं. २०६१ सालमा काठमाण्डौस्थित कालोपुलको सिफलमा रहेको श्री बाल व्यवसायी केन्द्र मा.वि.मा कक्षा ८ मा भर्ना भएँ। त्यस विद्यालयमा बिहानको कक्षा सञ्चालन हुने रहेछ। मैले सोही विद्यालयमा अध्ययन गर्न थालैं र दिउसो रत्नपार्कमा गएर सन्धाकालीन पत्रिकाहरू किनेर बेच्न थालैं। मेरो पढाइ पनि राम्रै थियो। त्यसबेला मेरो दैनिकी बिहानी कक्षा पढ्ने र दिउँसो पत्रिका बेच्ने भइसकेको थियो। पत्रिका बेच्दा राम्रै कमाइ हुन्थ्यो। यसरी मैले आफ्नो पढाई सँगसँगै रोजगारी पनि गरेर आफ्नो गुजारा चलाउन थालैं। यसै क्रममा सँगै बस्ने दाइ पनि अब काठमाण्डौ नबस्ने भन्ने निर्णय गरी घरतिर लाग्नुभो। तर मलाई चिन्ता थिएन किनकी अब म दुःख गरेर बाँच्न सक्ने भइसकेको थिएँ।

वि.सं. २०६२ सालमा म कक्षा ९ मा पढ्दै थिएँ। त्यसै बखत सिविस संस्था म अध्ययन गर्ने विद्यालयमा आयो। यसले त्यस विद्यालयमा पढ्ने गरिब, दुःखी, असहाय तथा घरेलु श्रमिक रहेका विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने स्वरोजगारमूलक शिक्षा दिन थाल्यो। त्यसमा मैले पनि सामेल हुने अवसर पाएँ। अब मैले बिहान विद्यालयमा अध्ययन गर्ने, दिउँसो पत्रिका बेच्ने र बेलुका स्वरोजगार शिक्षा लिने गर्न थालैं। यसबाट मैले आफ्नो जीवनलाई अझ राम्ररी बुझ्ने अवसर पाएँ। सिविसले स्वरोजगार शिक्षाका सहभागीहरूलाई दुई वटा समूहमा बाँड्यो। मेरो समूहमा परेका साथीहरूमध्ये म उमेरले अरूभन्दा केही ठूलो थिएँ, साथै मेरो पढाइ पनि राम्रो थियो। त्यसैले मलाई मेरो समूहको अध्यक्ष बनाइयो। त्यसबेला बिहानदेखि बेलुकैसम्म म बेफुर्सदी भएको थिएँ। समयाभावले गर्दा साथीभाइसँग भेट्ने, खेल्ने, घुम्ने कामहरू सबै बन्द भए। अहिले मलाई त्यो बेफुर्सदीले राम्रै गरेको महसुस हुन्छ। किनकी त्यसले गर्दा मैले गलत संगतमा लाग्नु परेन। बिस्तारै सिविसले हाम्रो लागि विभिन्न तालिमहरू दिने प्रबन्ध मिलायो। हामीहरूमध्ये केहीलाई प्लम्बर, कसैलाई कुक, कसैलाई मेकानिकसम्बन्धी तालिमहरू दिन थालियो। मैले चाहिँ ड्राइभिङ सिक्न थालैं। यो तालिम लिइसकेपछि म पूर्ण रूपमा गाडी चलाउन सक्ने भएँ। यो तालिमले मेरो जीवनमा आमूल परिवर्तन नै ल्यायो।

मैले आफ्नो पढाइलाई पनि निरन्तरता दिदै आएको थिएँ। वि.सं. २०६३ सालमा म दोस्रो श्रेणीमा एसएलसी उत्तीर्ण भएँ। यसबाट ममा झन् बढी उत्साह बढ्यो। एकातिर ड्राइभिङ सीप सिकेर आफैं गाडी चलाउन सक्ने भएको र त्यसमाथि एसएलसीसमेत उर्त्तीण भएपछि अब म पनि केही गर्न सक्छु भन्ने आँट बढेर आयो। मैले घर गएर नागरिकता र सवारी चालकको लाइसेन्स बनाएँ र निजी गाडी चलाउन थालैं। गाडी चालक भए तापनि मैले आफ्नो पढाइलाई रोकिन। क्याम्पस भर्ना भएँ। बिहान क्याम्पस पढ्ने र दिउँसो गाडी चलाउन थालैं। बिहान १० बजेदेखि नै गाडी चलाउनु पर्ने भएकाले बिहानका कक्षाहरूमा म पूर्ण रूपले उपस्थित हुन भने सक्दैनथैं। गाडी चालक भएपछि पारिश्रमिक पाउन राम्रै पाउन थालेको थिएँ। यसरी काम र पढाइलाई सँगसँगै अगाडि बढाउने क्रममा मैले कक्षा ११ र १२ राम्रैसँग उत्तीर्ण गरैं। त्यसपछि भने पढाइलाई निरन्तरता दिन सकिन।

सवारी चालकको रूपमा मैले धेरै ठाउँहरूमा काम गरैं। हाल म अत्तरखेल, जोरपाटी अवस्थित नेपाल मेडिकल कलेजमा सवारी चालकको स्थायी पदमा कार्यरत छु। अहिले मैले आफूलाई एउटा घरेलु बालश्रमिकको अवस्थाबाट माथि उठाएर आत्मनिर्भर, सक्षम र सबल नागरिकको रूपमा विकास गर्न सक्षम भएको छु। मेरो जीवनमा आएको यो रूपान्तरणका पछाडि कठिन स्थितिमा पनि पढाइलाई निरन्तरता दिन प्रेरित गर्ने छिमेकी दिदीको सल्लाह, कक्षा ९ मा पढ्दापढ्दै सिविसका माध्यमबाट प्राप्त गरेको स्वरोजगार शिक्षा र ड्राइभिङ सीपले नै प्रमुख भूमिका खेलेको अनुभव गरेको छु।

# विद्यालयहरूसँगाको सहकार्यमा सिविस

# सिविससँगाको, मेरो अनुभूति



**श्याम श्रेष्ठ**
**शिक्षक**
**बूढानिलकण्ठ मा.वि, काठमाण्डौ।**

सिविसले आफ्नो २५ वर्ष पार गर्नै लाग्दा हाम्रो सहकार्यले पनि झण्डै एक दशक नाघ्नै लागेको पत्तै भएनछ। यसलाई अटुट सहकार्यको परिणाम मान्न सकिन्छ। संस्था फरक तर लक्ष्य एउटै भएर होला नी, सम्बन्ध जोडियो अनि बन्यो मीठो सहकार्य। यसले बालबालिका माथि चिन्तन बढायो। केही गर्नु पर्छ भन्ने अठोट जगायो। त्यही अठोट र चिन्तनले बाल संरक्षणको नारा लगाइयो। कानूनका ठेलीहरू हेरियो। धेरै बालबालिका, अभिभावक, विद्यार्थी, सरोकारवालाहरूको मन भित्र चेतनाको दियो बालियो। टोल टोलमा पुगियो। धेरैका घरका आँगन चाहारियो। रोजगारदातासँग श्रमिक बालकको निमित्त पौंठे जोरी खेलियो र आँसु पिउदै गरेका बालबालिकाको आँसु पनि पुछियो। यस क्रममा अत्यधिक कामले पटपटी फुटेका हात र गोडामा थोरै भए पनि मलमपट्टी लगाउने अवसर मिल्यो अनि आफ्नो संरक्षण र निगरानीमा मस्तले खेलेका बालबालिकाको हाँसो र मुस्कानले सबै दुःख भुलायो। भौतिक रूपमा पाउनु केही थिएन तर त्यो भन्दा धेरै पाएको महसुस गरायो।

घरेलु श्रमिक बालकले आफ्नो मन फुकाएर बोलेका वाक्यले, खोलेका कथाले गला अवरुद्ध पारेका छन् मेरा धेरै पटक। एउटी आमाले आफ्नो छोराछोरीलाई अन्जानमा वर्षौंदेखि गर्दै आएको व्यवहार आफैले आत्मासात गर्दा भएको घुक्क घुक्क रुवाइ अझै ताजै छन् मेरो मन मष्तिष्कमा। नजिक आउन डराउने स्कुले भाइबहिनीहरू नजिकै आएर आफैँ हात समाउँदा, आफ्ना मनका कुरा निधक्र्कले राख्दा, समस्या समाधानको उपाय आफैँ निकाली "यसो गर्दा कसो होला सर ?" भन्दा आफूले गरेको काम र सिविसले देखाएको बाटो प्रति कति गर्व महसुस हुन्छ मलाई।

धेरै अभिभावकको संगत र सहकार्यमा लामै समय बित्यो। बालबालिकासँगको हेलमेलले आउने सकारात्मक परिवर्तनको बोध गरायो। विद्यालयको बाल संरक्षण समितिको संयोजकको अनुभव सँगालेपछि जिल्ला स्तरीय बाल संरक्षण समितिको संयोजकको जिम्मेवारी पनि थपियो। यस्ता अनुभवहरूले काम गराइ, हेराइ, बुझाइको दायरा झन् झन् फराकिलो बन्दै आए र जिम्मेवारी अझ बढेको महसुस भयो। साथै बालबालिकालाई

सदैव प्राथमिकता राख्नु पर्छ भन्ने बोध पनि गरायो ।

मान्छे हो, कहिले काहीँ जाँगर चल्दैन र काम प्रति दिक्दारी लाग्न पनि सक्छ। तर सिविससँगको सहकार्यमा यी कामहरू गरिरहदा ममा त्यो क्षण कहिल्यै आएन। विद्यालयसँगको सहकार्य, बालबालिकासँगको सम्बन्ध, नीति नियमको कार्यान्वयनका अवस्थाको विश्लेषण, सरोकारवालाहरूलाई निरन्तर झकझकाइ, काम प्रतिको लगाव, सम्पर्कको प्रविधि, क्षमता वृद्धिका रणनीतिहरू, जिम्मेवारीपनको बोध जस्ता कुरा सिविसले व्यक्तिगत रूपमा मलाई सिकायो। ती अमूल्य सम्पति बनेका छन् म र मेरो संलग्नता रहेको विद्यालय, अनि मेरा साना बालबालिकाका लागि ।

बडा मुस्किलले विद्यालयमा पढ्ने अवसर पाएका ती घरेलु बालश्रमिकहरू, जसले विद्यालयमा बसेर पढ्ने अवसर पाउँदा SLS कक्षामा आफ्नो पाठ सकेको पत्तै पाउदैनन्। त्यतिबेला तिनका ओठमा खुशीको मुस्कान झल्किन पुग्छ। जब विद्यालयमा पढ्ने समय सकिएर फर्कने बेला हुन्छ तब रोजगारदाताले गर्ने गाली र टोकसो सम्झेर ती चिन्तित बन्छन् र तिनको अनुहारबाट प्रसन्नताको मुस्कान गायब हुन्छ। त्यस्ता बालबालिकालाई पढाउने क्रममा मैले यस्ता दृष्यहरू धेरै पटक देखेको र अनुभव गरेको छु।

सिविसले यस्ता बालश्रमिकहरूको पीडादायी अवस्थालाई मेटाएर उनीहरूको अनुहारमा क्षणिक रूपमामात्र झुल्कन पाउने प्रसन्नताको मुस्कानलाई निरन्तरता दिनका लागि गर्दै आएको प्रयासलाई सरहना नगरी रहन सकिदैन। सिविसले यस्ता बालबालिकाका पीडाहरूलाई उनीहरूबाटै खुलस्त रूपमा बुझ्नका लागि विद्यालयलाई सुझाव पेटिका राख्न लगाएर उनीहरूलाई आफ्ना मनोभावना पोख्ने अवसर पनि दियो। ती सुझाव पेटिकाहरूमा कतिले खुलस्त आफ्ना पीडाहरू पोखे भने कतिले पोख्न सकेनन् । तर पनि यो अभ्यासले खुलस्त हुन नसकेका बालश्रमिकहरूले भोगेका पीडाहरूलाई एकहदसम्म खुलस्त बनाउन र उनीहरू के चाहन्छन् त्यस बारेमा थाहा पाउन राम्रो मद्दत पुऱ्याएको थियो ।

अझै थाहा नपाएका कति मुद्दाहरू छन् बालबालिकाका सम्बन्धमा। कति गम्भिर कुरा सजिलै लिन्छन् सरोकारवालाहरू । बनेका नीतिहरू थुप्रिएका छन् काठको दराज भित्र । पर्दाले छोपेको छ मनको आँखालाई । हटाउनुछ पर्दा र खोल्नु छ आँखा सधैँलाई ।

तालिम भएकै छन् । तर तालिमका सीपहरू कति बालबालिकासँग पुग्यो ? यसले काम गऱ्यो कि गरेन ? जिज्ञासा छ सबैमा । उत्तरको खोजीमा छन् धेरै मनहरू । प्रक्रिया र नीतिलाई आत्मासात गरेर अगाडि बढ्नुको विकल्प छैन। तर कहिले काहीँ नीति र प्रक्रिया मिलाउँदा मिलाउँदै पीडित अझ पीडित बन्दै जाने परिणामले मन खाएकै छन् । कामको निरन्तरता, रणनीतिहरूको समय अनुसार परिमार्जन गरी अगाडि बढ्न सबैलाई घचघच्याउँछ नै । सायद सिविसलाई पनि यसले पक्कै छुनेछ भन्ने आशा लिएको छु। अन्तमा सिविस, नेपालको प्रगति र उन्नति भइरहोस् । धेरै धेरै शुभकामना ।

# मेरो दृष्टिमा सिविस



**तारा न्यौपाने नि.मा.वि.शिक्षक**
**श्री महेन्द्र आदर्श मा.वि. इमाडोल,**
**महालक्ष्मी न.पा.४ ललितपुर**

सिविस (समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका) बालबालिका तथा महिला अधिकारका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको एउटा गैर सरकारी संस्था हो। यो संस्थाले सञ्चालन गरेका यस्ता कामहरूले धेरै बालबालिका तथा महिलाहरू लाभान्वित हुन सकेका छन्। साथै, यसबाट राज्यलाई पनि सघाउ पुगेको अनुभव गर्न सकिन्छ।

मैले सिविससँग झण्डै एक दशक लामो सहयात्रा पार गरेँ। यस क्रममा मैले गरेका अनुभवहरू उल्लेख गर्ने प्रयास गरेकी छु, जो मेरा लागि गर्वको विषय पनि हो। यो अवसर जुटाइदिनुभएकोमा मनिता जी, दुर्गा जीलगायत सम्पूर्ण सिविस परिवारप्रति धन्यवाद तथा आभार प्रकट गर्दछु।

सिविससँगको मेरो सहयात्रा २०६१/२०६२ तिरबाट सुरु भएको हो। त्यतिबेला ललितपुर जिल्लाको इमाडोल अर्थात् हाल महालक्ष्मी न.पा. वडा नं. ४ स्थित श्री महेन्द्र आदर्श मा. वि. मा सिविसका प्रतिनिधि कमल चौँलागाई सरले तत्कालिन प्र.अ. स्व. सूर्यबहादुर बि(ष्टको संलग्नतामा आदर्श बालक्लब खोल्नु भएको थियो। त्यो बालक्लबमा विद्यालय र समुदाय दुवै क्षेत्रका भाइबहिनीको सहभागिता रहेको थियो।

यसै क्रममा मैले सिविसबाट बालक्लब गठन, पुनर्गठन, बालअधिकार आदि विषयहरू समेटेर ३ दिनको तालिम लिने अवसर पाएँ। यो तालिम पाएपछि रमिलाजी, कमलसर आदिको सहयोगबाट २०६७ मा श्री महेन्द्र आदर्श बालक्लब गठन गरियो। हालका प्र.अ. एकबहादर भण्डारीले जिल्ला बालकल्याणमा यसलाई दर्ता गराउनु भयो। त्यसपछि यही बालक्लबमा हाम्रा भाइबहिनी संलग्न भएर नेतृत्व विकाससम्बन्धी गतिविधिमा सरिक हुँदै आएका छन्।

हाल विद्यालयको बालक्लबले महिनाको एक पटक भित्ते पत्रिका प्रकाशन गर्छ। विद्यालयको अतिरिक्त क्रियाकलापसँग मिलेर महिनाको २ ओटा शुक्रबार खेलकूदलगायतका गतिविधिहरूमा सरिक रहँदै आएको छ। यसले साथीभाइलाई

परेको समस्यामाथि पनि छलफल चलाउँछ। यी सबै कार्यहरू गर्न चाहिने सामाग्री सिविस र विद्यालयले मिलेर व्यवस्था गर्ने गरिएको छ।

सिविसले विद्यालयमा जोखिममा परेका विद्यार्थीहरूका लागि विद्यार्थी भर्ना, स्टेशनरी सहयोग, घर फर्काउन पर्नेलाई घर फर्काउन सहयोग, केही बालमैत्री फर्निचर निर्माण, दुईओटा बालविकास कक्षा व्यवस्थापन तथा मनोसामाजिक विमर्श कक्षा व्यवस्थापनमा समेत सहयोग गर्दै आएको छ। यसरी सिविस नेपालले हाम्रो जस्तै अन्य धेरै सामुदायिक विद्यालयमा गर्दै आएको सहयोगलाई सह्रानीय कार्य मान्न सकिन्छ।

सिविससँगको मेरो सम्बन्ध २०७१ साल जेठ महिनामा पाएको ७ दिनको मनोसामाजिक विमर्श तालिम पश्चात् झन् बलियो र गाढा बन्यो। तालिम पछि म धेरै परिवर्तन भएँ। म पहिले जागिरे मानसिकता बोकेको एउटा शिक्षकभन्दा बढी थिइन। सिविसका तर्फबाट मनोविमर्श तालिम पाएपछि बालमनोविज्ञानका बारेमा धेरै कुराहरू जानकारी पाउन सकियो। यस तालिमबाट बालबालिका किन कुण्ठित हुन्छन्, किन रिसाउँछन्, किन रुन्छन्, किन एकोहोरो हुन्छन्, किन झगडालु हुन्छन्, आदि धेरै कुराहरूका बारेमा जानकारी लिन सकियो। हामीले बालबालिकासम्बन्धी कुनै समस्या समाधान गर्न उनीहरूलाई पिटेर, गाली गरेर नहुने रहेछ भन्ने कुरा पनि थाहा भयो। मायालु वातावरणमा मनोसामाजिक विमर्श गरेर उनीहरूको वेदना पत्ता लगाएपछि सजिलै समस्याको समाधान भेट्न सकिने रहेछ भन्ने कुरा पनि मैले यस तालिमबाट सिक्ने बुझ्ने अवसर पाएँ।

हाम्रो एउटा भनाइ छ, एक पटक रिसाउँदा एक थोपा रगत दुषित हुन्छ रे, त्यसैले हामीले विद्यालयमा मायालु वातावरण बनाउनु पर्छ। हिजो आज म सानोतिनो मनोसामाजिक विमर्श आफैँ गर्न सक्ने भएकी छु। नसकेको कुरालाई सिविसमा सिफारिस गर्छु। उहाँहरू आएर विमर्श गरिदिनु हुन्छ। मलाई लाग्छ हाम्रा भाइबहिनी पनि खुशी छन्। कुनै पनि कुरा शिक्षकसँग निर्धक्क भन्छन्। कहिलेकाहीँ साथीहरू यसलाई विमर्श गर्नु पऱ्यो भन्नुहुन्छ भने कहिले कुनै पनि भाइबहिनी असामान्य अवस्थामा देखिए भने हामी सोधिहाल्छौँ। अहिले कुनै विद्यार्थीमाथि दुर्व्यवहार भयो भने कि आफैँ भन्छन् , कि साथी मार्फत भन्न  लगाइहाल्छन्। यस कार्यक्रमबाट अहिले विद्यार्थी निक्कै सुसूचित भएका छन्।

हामी २०७१ साल यता विद्यालयमा धेरै यस्ता कार्य गर्न सफल भएका छौँ, जसबाट विद्यालयमा सकारात्मक परिवर्तन देख्न सकिन्छ। हामीले बालश्रमको शोषणमा परेका वा कुनै दुर्व्यवहारमा परेका धेरै विद्यार्थीहरूलाई घर फर्काउन सफल भएका छौँ। पहिले पहिले त विद्यार्थीलाई घर फर्काउँदा विद्यालय प्रशासनले "सबै विद्यार्थी फर्काउँदा स्कुल नै बन्द होला नी" भनेको सुन्नु पर्थ्यो। अब त्यस्तो अवस्था छैन। घर फर्केका विद्यार्थीका अभिभावकले फोन गरेर धन्यवाद दिँदा खुशीको सीमा नै रहँदैन।

नेपालमा २०७२ सालमा आएको शक्तिशाली भूकम्प पछि विद्यालयले धेरै समस्या खेप्नु पऱ्यो। धेरै साना बहिनीहरूले पालमा बस्दा यौन दुर्व्यवहार सहनु परेको खुलासा गरे। आफ्नै मामा, काका जस्ता नजिकका नाताबाट पनि दुर्व्यवहारहरू भएको जानकारी हुन्थ्यो। आफ्नो आमा नभएका बालबालिका बढी दुर्व्यवहारमा परेका पाइयो। एक जना बालिकालाई त हामीले पिसाब जचाउन स्वास्थ्य चौकी पनि लग्यौँ। ती समस्याहरूमध्ये कतिपय साथीहरूको सहयोगमा आफैँ र कतिपय सिविसको सहयोगमा समाधान गरियो। भूकम्पको डरले कतिपय विद्यार्थी डराउने, काप्ने पनि गर्थे। त्यस्ता विद्यार्थीहरूलाई सामूहिक विमर्श पनि गरेर समस्या निराकरण गऱ्यौँ। यसरी त्यो वर्ष धेरै नै उतार चढावका साथ सकियो। मेरा लागि २०७४ साल झन् धेरै चुनौतीपूर्ण रह्यो। यसको कराण के भने कक्षा ९ की

एकजना बहिनीमाथि आफ्नै नजिकका नातेदारबाट दुर्व्यवहार भएछ। विद्यालयमा आएर आफ्ना मिल्ने साथीहरूलाई आफूले भोगेका दुर्व्यवहारका पीडा पोखेपछि ट्वाइलेटमा गएर रुन थालिछन्। म सँग भेट भएपछि सबै कुरा बताइन्। उनलाई मैले यस्तो हुन्छ भनेर सबै कुरा बताउँदा उनले "त्यहाँ त आज जान्न बरु मलाई अन्तै पठाउनु नत्र म त मर्छु" भनिन्। हामीले सिविसको परामर्शमा केन्द्रीय बालकल्याणमा पठायौँ। उनी ज्यादै रोएकी कारण मैले गाउँमा रहेकी उनकी आमासँग पनि मोबाइलमा गफ गराएकी थिएँ। उनीलाई उनका आफन्तहरू कसैसँग भेट नगराइएकोले मलाई आफन्तहरूबाटै विभिन्न धम्की आउन थाल्यो। कि सास, कि लास ले भन्न थाले। विभिन्न नराम्रा आक्षेप लगाउन थाले। फोन त खोल्नै नहुने भयो। मलाई ललितपुर सातदोबाटो प्रहरी चौकीले बोलायो। म गएर ती बालिकाले जे-जे सुनाएकी थिइन् ती सबै कुरा भनेर बयान दिएँ। पछि उनकी आमासँग उनलाई भेट गराइएछ। भेटपछि आमाले भने बमोजिम 'यो उनीहरूको पारिवारिक कुरा' भनेर बालिकाले बयान फेरिछन्। फेरि मलाई प्रहरी चौकीले बोलायो। मलाई बयान फेर्न उनीहरूको घर, हाम्रै विद्यालय प्रशासन र गाउँका केही व्यक्तिहरूबाट पनि दबाब आएको थियो। प्रहरीले पनि तपाईँको र बालिकाको बयान मिलेन के हो भनेर केर्नुसम्म केर्‍यो। तर मलाई बयान फेर्न उचित लागेन त्यसैले मैले आफ्नो बयान यथावत राखेँ। पछि के कारणले हो त्यो केस अदालतसम्म पुग्न सकेनछ। त्यतिबेला म खुब डराएँ पनि तर मसँग सिविस थियो। उहाँहरूको साथ र सहयोग थियो। मेरा केही साथीहरूको र मेरा घरका छोरा, छोरी र श्रीमानजीको साथ र हौसला थियो। त्यसैले म अगाडि बढ्न सफल भएकी थिएँ। नबिराउनु नडराउनु भन्ने उक्ति मलाई त्यतिबेला सार्थक लाग्यो। त्यो वर्ष पनि यस्ता सानाठुला समस्याहरूसँग जुध्दै समाप्त भयो।

तर २०७५ साल मेरो लागि राम्रो वर्षको रूपमा रह्यो। किनभने यो वर्ष मलाई सिविसले नेपालको पूर्वी जिल्ला दोलखाको सुष्मा क्षमावती र सुन्द्रावती गाउँपालिकाका विद्यालयहरूमा मनोसामाजिक विमर्शकर्ताको रूपमा ३ दिने कक्षा चलाउने मौका दियो। यसपछि बल्ल ममा परिपक्कता आएछ भन्ने ठानेँ। शोषण, दुर्व्यवहार जस्ता विषयमा अनभिज्ञ विद्यार्थीहरूलाई सिकाउँन सम्झाउँन पाएकोमा ज्यादै खुशी लाग्यो। सिविसमा रहेर काम गर्ने साथीहरूलाई धेरै धेरै धन्यवाद पनि दिएँ। यो वर्ष पनि विद्यालयमा सानातिना घटनाहरू भइ नै रहे तर त्यसको समाधान पनि गर्दै अगाडि बढ्न सिविसले मद्दत गरिनै रह्यो। यस्तै सबल पक्षले गर्दा यो सालमा विद्यार्थीको चाप बढेको छ। कक्षामा सिटको अभावले कति विद्यार्थीलाई फर्काउँनुसमेत परेको छ। सिविसबाट मनोविमर्शको लागि के भइ रहेको छ, कुनै समस्या आएको छ कि छैन भनी सोधेर सहयोग गरिरहनु भएको छ। विद्यालयमा यस्ता समस्या बेलाबेलामा यस्ता समस्याहरू नआउने हैनन् तर तिनका समाधान पनि भइरहेकै छ। यस्ता समस्या पूरै निराकरण भने नहुने नै रहेछन्। बालबालिकालाई सचेत बनाउँदा चाहिँ घट्दै जाने कुरामा दुई मत नहोला। मलगायत हाम्रो विद्यालयलाई यति सबल बनाउन सहयोग गर्ने सिविसलाई धन्यवाद नदिई रहन सकिन्न। मुरी मुरी धन्यवाद सिविस नेपाल र कार्यरत सम्पूर्ण सिविस परिवारमा।

# सिविससँग सहकार्यका केही अनुभूतिहरू

**जीवन सुवाल**
**डोलेश्वर आधारभूत विद्यालय, भक्तपुर**

मुस्कुराउँदै जीवन बिताउन, उत्साही भई कार्यथलोमा इमान्दार एवं कर्तव्यनिष्ठ भई अगाडि बढ्न, अरूको विशेषतालाई पहिचान गरी सम्मान गर्न र हृदयदेखि नै निस्वार्थ सेवा भावनामा समर्पित बन्न उत्प्रेरित गर्ने सिविस मेरो पहिलो गुरु हो। सिविसले मलाई जीवनप्रति सकारात्मक दृष्टिकोणको विकास मात्र हैन त्यस्तै व्यवहारको विकास गर्न पनि सिकायो। जीवनको मर्म, महत्त्व र कर्तव्यलाई बोध गराउने सिविसप्रति म आजीवन आभारी रहनेछु।

सिविस अभियानमा संलग्न हुँदाका दुईवटा अनुभव यहाँ उल्लेख गर्न चाहन्छु। जसमा एउटा हो, वि.सं. २०६८ मा भक्तपुरमा सञ्चालन गरेको बाल अधिकार र संरक्षणसँग सम्बन्धित कार्यक्रम।
सिविसले भक्तपुरको स्वीट होममा सञ्चालन गरेको बालक्लब गठन र विद्यालयमा बालक्लबको आवश्यकता र त्यसमा सिविसको सहयोग कार्यक्रम मार्फत औपचारिक रूपमा सिविससँगको मेरो पहिलो भेट भएको थियो। यस कार्यक्रममा संलग्न भएपश्चात मैले बाल अधिकार, सकारात्मक अनुशासन, सकारात्मक अभिभावकत्व, बाल भित्ते पत्रिका निर्माण, मनोविमर्श जस्ता विविध तालिमहरूमा सहभागी हुने अवसर पनि पाएँ। यी कार्यक्रमहरूबाट मैले बालबालिकालाई हेर्ने र बुझ्ने दृष्टिकोण एवं उनीहरूसँग गर्ने व्यवहारमा सकारात्मक परिवर्तन आएको महसुस गरेँ। जसले मेरो जीवनलाई अर्थपूर्ण बनाइदिएको छ।

यी कार्यक्रमहरू पछि सिविसले भक्तपुरका करिब ४० वटा विद्यालयहरूमा बालक्लबहरू गठन गऱ्यो। यी क्लबहरूले बालबालिकाको क्षमता र प्रतिभा पहिचान गरी विकास गर्ने, बाल अधिकार र कर्तव्यलाई बोध गर्ने, बालश्रम मुक्त गर्ने जस्ता गतिविधिहरू गर्न थाले। साथै, विद्यालय स्तरीय विविध सहयोग कार्यक्रमहरू सञ्चालन गरेर बालबालिकाको शैक्षिक स्तर बढाउने अभियान पनि चलाउन थाले। त्यतिबेला सिविसले भक्तपुर जिल्लामा भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका, चाँगुनारायण नगरपालिका र ठिमी नगरपालिका क्षेत्रका बालबालिकाहरूलाई मुख्य केन्द्रबिन्दुमा राखेर संचालन गरेका गतिविधि तथा सहयोग कार्यक्रमहरू एकदमै महत्त्वपूर्ण रहेका छन् र मेरा निम्ति ती क्षणहरू अविस्मरणीय रहेका छन्। सिविसले भक्तपुरमाा सञ्चालन गरेका कार्यक्रमहरूले मेरो मनमा पारेको प्रभाव एक कविले आफ्नो कवितामार्फत व्यक्त गरेका यी पंक्तिका भावहरू जस्तै छन्।

*तिम्रो यादको धरोहर छ यो मनमा।*
*तिम्रै बास बस्ने शहर छ यो मनमा॥*
*जीवनबाट जति टाढा भए पनि तिमी।*
*तिमी तिर बग्ने नहर छ यो मनमा॥*

दोस्रो अनुभव हो, वि.सं. २०७२ मा सिविसले आयोजना गरेको ७ दिने आवासीय मनोविमर्श तालिममा मेरो संलग्नता। विद्यालय र कलेज जीवनमा मनोविज्ञान विषयमा अध्ययन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा प्रयोग गर्ने सीप मैले यस तालिमबाट प्राप्त गरेँ। उक्त तालिम भक्तपुर गेष्ट हाउस कटुञ्जेमा सञ्चालन गरिएको थियो। यसमा उपत्यकाका २०० वटा विद्यालयबाट छानिएका करिब ४० जना शिक्षकहरू सहभागी थिए। यस तालिममा बाल रुचि, क्षमता, चाहना र आवश्यकता बुझी तिनका समस्यालाई समाधान गर्ने मनोविमर्शसम्बन्धी विषय रहेको थियो। साथै, तत्सम्बन्धित ज्ञान, सीप र धारणाका बारेमा पनि प्रायोगिक अभ्यास गराइएको थियो। कार्यक्षेत्रमा, सकारात्मक अनुशासन प्रवर्धन गर्ने, सहन क्षमता अभिवृद्धि गर्ने, आत्मबल वृद्धि गर्ने, उत्प्रेरणा जगाउने तथा उपचारात्मक ःगकष्अ त्जभचबउथ जस्ता विविध विषयवस्तु पनि तालिममा समावेश रहेका थिए। प्रायः सबै सहभागीहरू तालिममा सक्रिय रूपले र खुलेर सहभागी भए। त्यसेबेला सहभागी सबैमा केही नयाँ गरौँ र सिकौँ भन्ने भावना जागृत भएको अनुभव गर्न सकिन्थ्यो। यी सबै पक्ष समेटिएकाले तालिम एकदमै ज्ञानवर्धक र रोमाञ्चक बनेको थियो।

लगातार ७ दिनसमम चलेको यो मनोविमर्श तालिम अत्यन्त उत्साहजनक रह्यो। प्रशिक्षक किशोर कुमार थापा सरको मनोविमर्शसम्बन्धी प्रस्तुती शैली अझै पनि मनमा गढिरहेको अनुभव हुन्छ। सोही तालिमको प्रतिफल सूर्यविनायक नगरपालिका अन्तर्गत डोलेश्वर आधारभूत विद्यालयमा मनोविमर्श कक्षा सञ्चालन गरियो। जस्मा म स्वयम् यस विद्यालयको मनोविमर्शकर्ता शिक्षकको रूपमा कार्यरत रही आफ्नो पहिचान बनाउन सफल भए। मेरो सफलताको यो श्रेय सिविसलाई नै जान्छ।

यसरी सिविसका विविध कार्यक्रमहरूमा आफू र आफ्नो विद्यालयले सक्रिय सहभागिता जनाउँदै आएकाले यो विद्यालयमा स्थापित बालक्लब २०७२ सालमा विद्यालय स्तरको उत्कृष्ट बाल क्लब बन्न पुग्यो। त्यसै कारण यसले बालमैत्री कक्षाकोठा निर्माण गर्न, रु. १,५०,००० सहयोग रकम पनि प्राप्त गरेको थियो। सिविसले अभिभावक, शिक्षक, विद्यार्थीहरू एवं विद्यालय व्यवस्थापन समितिसमेतलाई अभिमुखीकरण तालिम, गोष्ठी, छलफल, भेला र सेमिनारहरू सक्रिय सहभागिता गराई विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न खेलेको भुमिका उदाहरणीय रहेको छ। साथै यस विद्यालयका ४ जना विद्यार्थीहरूलाई २ वर्षसम्म छात्रवृति प्रदान गरिनुका साथै जिल्ला व्यापी अन्तर विद्यालय स्तरीय बालबालिकालाई हेप्ने सताउने (Bulling) विषयक चित्रकला प्रतियोगिता पनि सञ्चालन गरियो। यस प्रतियोगितामा यसै विद्यालयका विद्यार्थी पुजा लोहला र सुनिता तामाङ्ग क्रमशः प्रथम र दोस्रो हुन सफल भए। यो सबै उपलब्धि सिविसको योगदानबाट सम्भव भएको थियो।

मैले सिविसका अन्य विभिन्न कार्यक्रमहरूमा पनि प्रत्यक्ष वा परोक्ष रूपले सहभागी हुने अवसर पाएँ। मैले बालबालिकाको क्षेत्रमा कार्य गर्न पाउँदा थोरै भए पनि समाज प्रति आफ्नो जिम्मेवारी निर्वाह गरेको अनुभव गरेको छु। यसरी सिविसले रोपेको बिउबाट फल फलाउने र त्यही फलबाट पुनः असल बीउ बनाउने प्रयासमा म सधैँ तत्पर रहदै आएको छु। सिविसबाट जसरी बालअधिकारका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइएको छ, त्यस प्रति सरोकारवाला सबैले चासो दिनु नितान्त आवश्यक देखिन्छ।

बालबालिकामा लामो समयसम्म
मनोसामाजिक समस्याहरू देखिएमा

# मनोविमर्शका लागि



टोल फ्रि नं. **१६६०-०१-१००००** मा
सम्पर्क गर्न सकिन्छ ।

# सिविसका पूर्व कर्मचारीहरूको दृष्टिमा सिविस

# घरदैलो प्रमुखदेखि कार्यकारी प्रमुखसम्म



**ऋतु भट्ट राई**
पूर्व कार्यालय प्रमुख, सिविस
हाल कार्यालय प्रमुख
स्वतन्त्रता अभियान

## सिविससँगको संलग्नता

सिविसमा मेरो सुरुको संलग्नता घरेलु बालश्रमिकहरूलाई अनौपचारिक कक्षा सञ्चालन गर्ने सहजकर्ताको रूपमा अनामनगर केन्द्रबाट भएको थियो। भर्खर १२ कक्षा सकेर घर बसेको फुर्सदको समयलाई सामाजिक काममा लगानी गर्ने उद्देश्यका साथ म उक्त केन्द्रमा सहभागी भएको थिएँ। उतिबेला यो केन्द्रमा प्रेम घिमिरेजीले कक्षा सञ्चालन गर्नुहुन्थ्यो। यसै क्रममा म पूर्णकालीन सहजकर्ता बन्न पुगेँ। यसरी काम गर्दै जाँदा मैले घरेलु बालश्रमिकहरूसँग नजिक हुने अवसर पाएँ। यो अवसरले मलाई औपचारिक पढाइ वा तालिमको सिकाइभन्दा अझै गहन ज्ञान र अनुभव दिलायो। मेरो मान्यता केवल असल जागिरे मात्र होइन श्रममा संलग्न बालबालिकाहरूमा रहेको क्षमता प्रस्फुटन गराउनु पर्छ भन्ने पनि रहेको थियो। त्यसैले म आफूले सकेसम्म बालश्रमिकहरूप्रति तात्कालीन अवस्थामा रहेको सामाजिक सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन र उनीहरूको क्षमता विकास गराउन प्रयासरत रहेँ। यसले मलाई अझ लगनशील हुन, बालश्रमको सवालमा थप अध्ययन गर्न र आफूलाई सक्रिय सामाजिक कार्यकर्ताको रूपमा विकास गर्न प्रेरणा दियो। मैले जति सिकेँ ती सबै सुरुका दिनमा भोगेका अनुभवहरूमा आधारित थिएँ। त्यसका लागि मलाई तत्कालिन समयमा प्रोत्साहन गर्नुहुने शान्ती अधिकारी, मदन शिवाकोटी र प्रदिप डंगोल प्रति म सँधै आभारी रहेकी छु।

## सिविसको कार्यक्रम निर्माण समूहमा प्रवेश

सन् २००५ ताका मलाई सिविसमा जनस्वास्थ्य सहायक अधिकृतको रूपमा जिम्मेवारी प्रदान गरियो। तत्पश्चात एकातिर अनामनगरको कक्षा केही समयका लागि बन्द भयो र अर्कातिर संस्थाले मलाई कार्यक्रम निर्माण र अनुगमन समूहमा राख्नुपर्छ भन्ने आवश्यकता महसुस गऱ्यो। यसले मलाई घरेलु बालश्रमिकहरूका लागि सञ्चालित अनौपचारिक शिक्षाका बारे बुझ्ने अवसर दियो। यतिमात्र होइन यसले बालश्रमिकहरूको स्वास्थ्य अवस्था, उनीहरूको अधिकार, संरक्षणका

सवालहरू, मानव अधिकारका सवालहरू र श्रमका सवालहरूका बारेमा बुझ्ने अवसर पनि दियो। सोही समयमा नेपालमा अर्धभूमिगत रूपमा 'कमिटी फर एशियन विमेन' र सिविसको सहकार्यमा दक्षिण एशियाली घरेलु श्रमिकहरूको कार्यशाला गोष्ठी आयोजना भएको थियो। अर्धभूमिगत हुनुपर्ने कारण तत्कालीन राजा ज्ञानेन्द्रको शाही शासन, संकटकाल र लोकतान्त्रिक गतिविधिहरूमाथिको नियन्त्रण रहेको थियो। उक्त कार्यक्रममा मैले घरेलु श्रमिक साथीहरूले भनेका कुराहरूलाई अंग्रेजीमा अनुवाद गर्ने अनुवादकको भूमिका निर्वाह गरेकी थिएँ। यस कार्यक्रमबाट मलाई घरेलु श्रमसम्बन्धी बुझाइ, श्रमिक अधिकारको दृष्टिकोण र घरेलु श्रमिकहरूले संगठित भएर गरेको आन्दोलनबारे बुझ्न थप मद्दत गऱ्यो। उक्त अवसरका लागि मैले कमिटी फर एशियन विमेनका लि सि ह्वा, सिविसका सहकर्मी प्रतिशा देवान र स्रोत व्यक्तिहरू विन्दा पाण्डे, बेलिमाया घले तथा सुजिता शाक्यलाई धन्यवाद दिनै पर्दछ। यही कार्यक्रमको परिणामस्वरूप सिविस र जिफन्टको संयुक्त पहलमा पहिलो घरेलु श्रमिक युनियन दर्ता भयो। साथै यसले नेपाली घरेलु श्रमिकहरूलाई एशियाली तथा विश्वस्तरीय घरेलु श्रमिक अधिकार अभियानको नेतृत्वदायी स्थानमा स्थापित गऱ्यो। सोनु दनुवार यसको नेतृत्वकर्ता हुनुहुन्थ्यो। यस अभियानका क्रममा मैले २००५ देखि निरन्तर रूपमा सोनुको सहयोगी र सहजकर्ता भएर सहयोग गर्ने अवसर पाएँ। यस अभियानमा जिफन्टको तर्फबाट भने यो भूमिका निभाउनेमा पेम्बा लामा हुनुहुन्थ्यो। सहजकर्ता र सहयोगी भूमिका निभाउने क्रममा मैले बैंकक तथा जेनेभामा गरिएका कार्यक्रमहरूसमेतमा सामेल हुने अवसर पाएँ। अन्ततः हाम्रोलगायत विश्वभरका घरेलु श्रमिकहरू तथा ट्रेड युनियनहरूको प्रयासले घरेलु श्रमसम्बन्धी आइएलओ महासन्धि १८९ लाई अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गरेरै छाड्यो। यस अभियानमा संलग्न हुन पाउने अवसरले मलाई घरेलु श्रमिकको सवालका बारेमा गहिरो ज्ञान दियो। यस सवालको पक्षमा अत्यन्त नजिक रहेर गरिएको कामको अनुभवले आज पनि मलाई यस क्षेत्रमा काम गर्नका लागि अभिप्रेरित गरिरहेको छ।

## कार्यक्रम संयोजकदेखि कार्यकारी प्रमुखसम्मको जिम्मेवारी बहन

सिविसमा काम गर्ने क्रममा प्राप्त सफलताहरूले यस क्षेत्रमा अझ जिम्मेवार भएर अगाडि बढ्ने अवसर प्राप्त भयो। यसै शिलशिलामा थप जिम्मेवारी बहन गर्दै म २००७ मा कार्यक्रम अधिकृत र २००९ मा कार्यक्रम संयोजकको रूपमा काम गर्न थालेँ। सुरुवाती दिनहरूमा व्यक्तिगतसम्बन्धका कारण सिविसमा प्रवेश पाएकी थिएँ। पछिल्ला दिनहरूमा साथीहरू बीचमा सिविस संस्थालाई अझ माथि उठाउने सवालमा भएका स्वस्थ्य आन्तरिक प्रतिस्पर्धा र परीक्षाहरूले मलाई अझ खारिने अवसर प्राप्त भयो। सिविसमा कार्यरत अनुभवी, अग्रज पुरुष साथीहरूसँगको प्रतिस्पर्धाले मलाई सँधै नयाँ कुराहरू सिक्न प्रेरित र प्रोत्साहित गरिरह्यो। अन्ततः सन् २०११ को अप्रिलदेखि सन् २०१२ को मार्चसम्म मैले सिविसको कार्यकारी प्रमुखको हैसियतमा जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गरेँ। सन् २०१२ को मार्च पछि आफ्नो क्षितिजलाई अझ फराकिलो पार्ने तथा सिविस बाहिर रहेरै बालअधिकार तथा बालश्रमविरुद्धको अभियानमा लाग्ने सोचका साथ मैले सिविसबाट बिदा लिएँ।

## सिविसपछिको संलग्नता

सन् २०१२ को अप्रेलदेखि म स्वतन्त्र बालअधिकार अभियन्ताको रूपमा कार्यरत रहन थालेँ। सोही वर्षको अगष्टदेखि तत्कालीन बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (DFID, Nepal) को आर्थिक सहयोगमा सञ्चालित इनेबलिङ्ग स्टेट प्रोग्राममा क्षेत्रीय कार्यक्रम संयोजक

र राष्ट्रिय कार्यक्रम अधिकृतको जिम्मेवारी लिएर काम गर्ने अवसर प्राप्त गरेँ। हाल म 'स्वतन्त्रता अभियान नेपाल'मा रहेर मानव अधिकार र दासत्वविरुद्धको अभियानमा संलग्न हुँदै आएको छु।

## सिविसका सिकाइहरू

सिविस मेरा लागि सधैँ सम्झिरहने सिकाइको थलो बन्न पुग्यो। चुनौतीपूर्ण काम, अत्यधिक कार्यव्यस्तता र उत्कृष्टताको प्रतिस्पर्धाले सिविसमा सँधै सिक्ने र सिकाउने अवसरहरू मिलिरहे। सिविसले तत्कालीन अवस्थामा बालश्रम र बाल संरक्षणको सवालमा राष्ट्रिय नेतृत्व लिएको थियो, राष्ट्रिय बाल सरक्षण सञ्जालको स्थापना, एटविनको नेतृत्व, कन्सोर्टियमको नेतृत्वले सिविसलाई अब्बल संस्थाको रूपमा स्थापित हुन मद्दत पुऱ्यायो। सिविस आफ्नो मान्यता, मार्गचित्र र कार्यक्रमहरूका सन्दर्भमा स्पष्ट थियो र दातृ निकाय तथा साझेदारहरूसँग स्पष्ट र खरो ढङ्गले प्रस्तावहरू राख्न सक्थ्यो। यसले सिविसलाई अब्बल र सशक्त त बनाएको थियो नै सँगसँगै प्रतिस्पर्धी नागरिक संस्थाहरूको भिडमा सँधै अगाडि उभिन चुनौती र जटिलता पनि ल्याएको थियो। मैले सिविसको करिब ८ वर्षको कार्य अनुभवमा बुझेको र स्वीकार र अवलम्बन गरेको के हो भने : आफ्ना मान्यताप्रति इमान्दार र स्पष्ट मार्गचित्रका कारण संस्थाहरू स्थापित र अब्बल रहन्छन्, परियोजनाहरूको बहकावमा मात्र लाग्ने हो भने संस्थाहरू अस्तित्वको संकट झेल्न पनि बाध्य हुन सक्छन्। मलाई लाग्छ अहिले पनि सिविस घरेलु बालश्रम र बाल यौनदुर्व्यवहारविरुद्धका अभियानहरूमा सक्रिय छ।

## आगामी सम्भावना

सिविस पर्याप्त सम्भावना र ऊर्जा रहेको संस्था हो। तर उक्त ऊर्जा र सम्भावनालाई व्यवहारिक कार्यान्वयन गर्न कुशल नेतृत्वको (कार्यक्रम र कार्यसमिति दुवै) आवश्यकता हुन्छ, । मेरो बुझाइमा सिविससँग त्यो दुवै नेतृत्व छ। तसर्थ सिविसले आगामी दिनमा बालश्रमको सवाललाई कसरी नेतृत्वदायी भूमिकाका साथ कार्यान्वयन गर्न सक्छ। यो कार्य अवश्य पनि चुनौतीरहित छैन। तथापि परियोजनालाई सहायक मानी आफ्ना मूल्य मान्यतामा आधारित सवाललाई प्राथमिताका साथ उठाइरहेको खण्डमा सिविसले निरन्तर नेतृत्वदायी भूमिका निभाउन सक्दछ भन्ने ठान्दछु। सिविसको शुभ चिन्तक, सरोकारवाला र साधारण सदस्यको हैसियतले हामी सबै त्यसका लागि सक्रिय र मार्गदर्शक हुन जरुरी छ।

सिविसमा रहँदा मैले प्राप्त गरेका अवसर र सहयोगका लागि म अध्यक्ष श्री विमला ज्ञवाली, संस्थापक अध्यक्ष श्री शान्ती अधिकारी, सिविसका कार्यकारी समिति तथा सम्पूर्ण कर्मचारी साथीहरूलाई आभार व्यक्त गर्दै आगामी दिनका लागि शुभकामना ज्ञापन गर्दछु।

# घरेलु बालश्रम न्यूनीकरणका लागि पारिवारिक सशक्तीकरण



**ध्रुव लामिछाने**

**पारिवारिक सशक्तीकरण पूर्व प्रमुख, सिविस**

आजका बालबालिका भोलिका कर्णधार हुन्। बालबालिकाको पहिलो पाठशाला नै आफ्नो घर परिवार भएकोले उनीहरूलाई भविष्यमा कस्तो बनाउने भन्ने कुरा पारिवारिक वातावरणले निर्धारण गरिरहेको हुन्छ। नेपालको संविधानले १६ वर्षभन्दा कम उमेरका मानवलाई बालबालिका भनी परिभाषित गरेको छ। यद्यपि अन्तर्राष्ट्रिय कानूनमा १८ वर्षभन्दा कम उमेरका मानवलाई बालबालिकाको रूपमा परिभाषित गरिएकोले हामी नेपालमा पनि १८ वर्षभन्दा कम उमेरकालाई बालबालिकाको रूपमा परिभाषित गरिरहेका छौं। शिक्षा स्वास्थ्य, खेल, मनोरञ्जन, सुरक्षा, माया, ममता, पारिवारिक स्नेह स्याहार र सहभागिता बालबालिकाको न्यूनतम मानवअधिकार हो। देशका धेरै बालबालिकाहरूले अझै पनि यी सबै अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न पाइरहेका छैनन्।

नेपालको श्रम ऐनले १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा लगाउन निषेध गरेको छ भने १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाइने उल्लेख गरेको छ। नेपालमा श्रमको प्रकृतिका आधारमा विभिन्न प्रकारका बालश्रम रहेका छन् जसमध्ये घरेलु बालश्रम पनि एक हो। घरेलु बालश्रमलाई सरकारले जोखिमपूर्ण निकृष्ट प्रकारको श्रमको रूपमा लिइएको छ। अन्य किसिमका श्रममा जस्तै घरेलु श्रममा संलग्न बालबालिकाले पनि आफू श्रममा संलग्न भएकै कारण आफ्ना आधारभूत अधिकारहरू गुमाउन बाध्य भएका छन्।

आफ्नो घर परिवार बाहेक अरू कसैको घर परिवारमा ज्याला लिएर वा नलिइकन अन्य कुनै अवसरका लागि घरेलु कामकाजमा संलग्न भएका बालबालिकालाई घरेलु बालश्रमिक भन्ने गरिन्छ। घरेलु बालश्रमिकहरूमा केही बालबालिका आफ्ना बाबुआमासँगै बसेर अरूको घरमा काम गरिरहेका छन् भने धेरै बालबालिकाहरू आफ्नो घर परिवार र समाजभन्दा पर रहेर रोजगारदाताकै घरमा बसेर आवासीय घरेलु बालश्रमिकको रूपमा काम गरिरहेका छन्। बालश्रम निवारणका लागि सरकारी तथा गैह्र सरकारी तहबाट धेरै प्रयास भएका छन्। यद्यपि बालश्रमिकको अवस्थामा सुधार आउनुको

सट्टा श्रमिक बालबालिकामाथि थप शारीरिक तथा मानसिक शोषणका घटनाहरू बाहिर आउन थालेका छन्। कतिपय अवस्थामा त बालश्रमिकहरूमाथि यौन शोषण समेत हुने गरेको पाइन्छ।

नेपालमा करिब एक लाखको हाराहारीमा घरेलु बालश्रमिकको संख्या रहेको अनुमान गरिन्छ। त्यसमध्ये ५६ हजार बालश्रमिकहरू सहरी क्षेत्रमा रहेका छन्। काठमाडौँ उपत्यकामा मात्र २१ हजार भन्दा बढी बालबालिका घरेलु बालश्रममा संलग्न रहेको पाइन्छ। पछिल्ला दिनहरूमा घरेलु बालश्रमिकहरूको शिक्षाको अवसर र पारिश्रमिक प्राप्त गर्ने सवालमा केही सुधार आएको नपाइने हैन। तर आफ्नो परिवारभन्दा टाढा रहेर सानै उमेरमा निकृष्ट प्रकारका श्रमहरूमा संलग्न हुँदा उनीहरूको भविष्य नै बर्बाद हुन पुग्छ। त्यसमाथि घरेलु श्रममा संलग्न बालबालिका विभिन्न किसिमको दुर्व्यवहार, हिंसा र शोषणको जोखिममा समेत परिरहेकै हुन्छन्। यसका साथै आफ्नो परिवार समुदायबाट टाढा बस्दा घरेलु श्रमिक बालबालिकाको पारिवारिक स्नेह, स्याहार, आफ्नो मौलिक, साँस्कृतिक, भाषिक र सामाजिक संस्कारहरूको सिकाइ तथा व्यक्तिगत नाम र पहिचानहरूको अधिकारबाट समेत बञ्चित हुने अवस्था पनि सिर्जना हुन जान्छ।

आजभोलि दिन प्रतिदिन बढ्दो प्रविधिको प्रयोग सँगसँगै बालबालिकाका आवश्यकता र चाहनाहरू पनि फरक फरक हुने गर्दछन्। परिवारले बालबालिकाका ती आवश्यकता पूरा गर्न नसकेका कारण कतिपय बालबालिका आफ्नो घर परिवार छोडेर शहरी रमझम प्रति आकर्षित भएको पाइन्छ भने कतिपय आमाबुबाले आफ्ना बालबालिकाको आधारभूत आवश्यकतासमेत पूरा गर्न नसकेकै कारण घरेलु श्रमिकको रूपमा काम गर्न पठाउने गरेको पाइन्छ। आमा बुबाले आफ्ना बालबालिकालाई श्रममा पठाउँदा उनीहरूको उज्ज्वल भविष्यको कल्पना गरेका हुन्छन्। उच्च घरानाकामा आफ्ना छोराछोरीलाई काममा लगाउँदा परिवारले ती बालबालिकाले राम्रो स्कुलमा पढ्न पाउने, मिठो खाना खान पाउने र आफूलाई पनि २/४ पैसा सहयोग हुने अपेक्षा राखेका हुन्छन्। तर बालबालिकालाई घरेलु श्रममा पठाउँदा उनीहरूमा के कस्तो असर पर्दछ भन्ने बारेमा भने सोचेका हुँदैनन्।

बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि पोषणयुक्त खानाका साथै परिवारको माया तथा स्नेहको पनि उतिकै भूमिका रहेको हुन्छ। बालबालिका परिवारबाट टाढा रहँदा उनीहरूले जतिनै पौष्टिक आहार पाएपनि आमाबुवा तथा परिवारबाट पाउने जस्तो माया अरू कसैसँग पनि पाउन सक्दैनन्। अरूको घरमा बसेर काम गरिरहँदा घरमालिकले आफू जस्तै साथीलाई गरेको माया अनि आफूलाई तिनै मालिकले गर्ने व्यवहारलाई हेरेर ती बालबालिकाको मनमा कस्तो असर पर्छ होला भन्ने बारेमा सहजै अनुमान गर्न सकिन्छ।

नेपालमा घरेलु बालश्रमको मुख्य कारणहरूमा पारिवारिक गरिबी, सहज तथा गुणस्तरीय शिक्षाको अभाव, बेरोजगारी समस्या, अनियन्त्रित जनसंख्या वृद्धि, ग्रामीण भेगमा आम्दानीको वैकल्पिक उपाय नहुनु, बालबालिकामा शहरी आकर्षण तथा सहपाठीहरू बीचको लहलहै आदि रहेका छन्। बालबालिका परिवारबाट अलग हुनुका पछि विभिन्न कारणहरूमध्ये प्रमुख कारण उनीहरूको परिवारको आर्थिक अवस्था नै हो। पारिवारिक गरिबीकै कारण कतिपय बालबालिकाले आफ्ना आमा बुबाबाट पाउनु पर्ने आधारभूत कुराहरू पाउँदैनन् र उनीहरू परिवारबाट अलग भै घरेलु श्रममा संलग्न हुने गर्दछन् भने कतिपय अवस्थामा आमाबुबाले नै बालबालिकालाई श्रममा लगाएको पाइन्छ। नेपालको संविधान २०७४ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने, उनीहरूको इच्छा विपरीत काममा लगाउन, बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने गरी शोषणविरुद्धको हक प्रदान गरेको छ। त्यसैगरी श्रम ऐन २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कुनै पनि बालबालिकालाई कानुन विपरीत काममा

लगाउन नपाइने व्यवस्था गरेको छ। कानुनमा यस्तो व्यवस्था भएपनि आम जनताको आधारभूत तहमा अझै पनि बालश्रमविरुद्धको कानुनी व्यवस्था र बालबालिका प्रतिको आमाबुबाको दायित्व के हो भन्ने बारेमा चेतनाको अभाव रहेको पाइन्छ।

घरेलु बालश्रम न्यूनीकरणका लागि बालबालिकासँग उनीहरू श्रममा आउनुका कारणहरू पहिचान गरी त्यसको लागि आवश्यक काम गर्नु पर्दछ। घरेलु बालश्रम न्यूनीकरणमा बालबालिका, उनीहरूको परिवार, विद्यालय, स्थानीय सरकार तथा बालबालिकालाई श्रममा लगाउने रोजगारदातासँग बसेर बालबालिकालाई श्रममा लगाउँदा उनीहरूलाई पर्न सक्ने असर, यससम्बन्धी कानुनी कारबाहीको व्यवस्था जस्ता कुरामा छलफल गरी बालश्रमिकको विकल्पमा युवा श्रमिकको प्रयोग तर्फ प्रोत्साहन गर्नु आवश्यक छ। कतिपय बालबालिका संरक्षकविहीन भएकै कारण श्रममा जाने गरेका छन्। यस्ता संरक्षणविहीन बालबालिकालाई संरक्षण गर्ने र उनीहरूका आधारभूत अधिकारको सुनिश्चितता प्रदान गर्नु राज्यको दायित्व हो तर पनि राज्यले यस्ता बालबलिकाको संरक्षणका लागि खासै उल्लेखनीय कार्य गरेको भने पाइदैन।

नेपाल सरकारले विद्यमान बालश्रम निवारणका लागि १० वर्षे बालश्रम निवारण गुरुयोजना तयार गरी वि.सं २०८५ सम्ममा नेपालबाट सबै प्रकारका बालश्रम अन्त्य गरी मुलुकलाई बालश्रमरहित बनाउने उद्देश्य लिएको छ। उक्त उद्देश्य पूरा गर्नका लागि सरकारले अघि सारेका रणनीतिहरूमध्ये चौथो रणनीतिको रूपमा लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने रणनीति बनाएको छ। यस रणनीति अन्तरगत सरकारले आर्थिक तथा सामाजिक कारणले आफ्ना बालबालिकालाई श्रममा पठाउन बाध्य परिवारहरूको पहिचान गरी त्यस्ता परिवारहरूलाई शिक्षा, सीप विकास तथा जीविकोपार्जनका वैकल्पिक उपायहरूका बारेमा आवश्यक सहयोग गर्ने तथा बालबालिकालाई श्रममा पठाउँदा उनीहरूमाथि पर्नसक्ने असरहरूको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने कुरा गुरुयोजनामा उल्लेख गरिएकोछ।

बालश्रम निवारणका लागि सरकारी तथा गैर सरकारी निकायहरूले जे जति प्रयास गरेका छन्, त्यस्ता प्रयासहरूले बालश्रमको मुख्य कारकको रूपमा रहेको गरिबीलाई खासै सम्बोधन गर्न सकेको पाइदैन। अर्को तर्फ बालबालिकाको पारिवारिक हेरचाहको अधिकारका बारेमा लक्षित परिवारसम्म चेतनाका कार्यक्रमहरू पुग्न सकेका छैनन्। जबसम्म आफ्ना बालबालिकाका आधार भूत अधिकार सुनिश्चितताका लागि परिवार सचेत हुँदैन तबसम्म सरकारले बालश्रम निवारणका लागि गरेका प्रयास, सरकारका योजना अनि गैर सरकारी तवरबाट बालश्रम निवारणका लागि भएका यावत प्रयासहरू निरर्थक साबित हुनेछन्। बालश्रमविरुद्ध भएका सरकारी तथा गैर सरकारी प्रयासहरूले बालश्रमिकको संख्यात्मक रूपमा कमी आएको होला तर बालश्रमिकले भोग्ने समस्या, उनीहरूलाई रोजगारदाताले दिने यातना तथा उनीहरूमाथि हुने शारीरिक, मानसिक हिंसा तथा यौन शोषणका घटनाहरू भने दिन प्रतिदिन बढिरहेकै छन्। श्रमिक बालबालिकामाथि भएको हिंसा तथा दुर्व्यवहारकै कारण कतिपय बालबालिका अकालमा ज्यान गुमाउन बाध्य भएका छन्। बालबालिकालाई यस किसिमको हिंसा तथा दुर्व्यवहारबाट मुक्त गराउने पहिलो जिम्मेवारी घर परिवारको नै हो भने कुनै पनि परिवार आफ्ना बालबालिकाका आधारभूत आवश्यकता पूरा गर्न असक्षम छ वा कुनै पनि बालबालिका परिवारविहीन अवस्थामा रहेका छन् भने त्यस्ता बालबालिकाको संरक्षण गर्ने र परिवारलाई सक्षम र सबल बनाउने दायित्य सरकारको हो। हामी नागरिक समाजले बालश्रम निवारण गर्ने सरकारको योजना साकार पार्न आ आफ्ना तर्फबाट खबरदारी गर्नु, समुदाय तथा परिवारमा बालश्रमका असरको बारेमा सचेत गराउने र परिवारलाई सबल अनि सक्षम बनाउने कार्यमा सहयोग र सहकार्य गर्नु जरुरी छ।

# घरेलु बालश्रम र अनौपचारिक शिक्षा कक्षा



**कमल चापागाईँ**
बालअधिकारकर्मी तथा सिविसका पूर्व कर्मचारी

वि.सं. २०११ मा प्रकाशित भएको 'नेपालमा शिक्षा' नामक प्रतिवेदनले प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिएपछि २०१३ सालदेखि योजनाबद्ध रूपमा प्रौढ साक्षरताकालागि अनौपचारिक शिक्षा सञ्चालन हुन थालेको देखिन्छ। नेपालमा अनौपचारिक शिक्षाको कक्षा कहिलेदेखि सुरुवात भयो भनेर एकिन रूपमा भन्न सकिन्न। इतिहासलाई कोट्याउँदा अंग्रेज सरकारले गोरखा भर्ती हुन अनिवार्य रूपमा लेखपढ गर्न सक्ने हुनैपर्ने नीति लिएपछि राणाकालमा गोरखा भर्तीमा सिपाही हुन जान चाहने व्यक्तिहरूलाई अंग्रेजी पढ्न लेख्न सिकाउन अनौपचारिक शिक्षा सुरु भएको मानिन्छ। वि.सं. २०३७ सालमा शिक्षा मन्त्रालय अन्तर्गत प्रौढ शिक्षा शाखा स्थापना भएपछि यससँग सम्बन्धित पाठ्यसामग्री, सहजकर्ताको तयारी लगायत अन्य सामग्रीको विकास हुन थाल्यो। प्रौढका अतिरिक्त किशोरी तथा महिलाहरूलाई लक्षित गरी चेलीबेटी शिक्षा कार्यक्रम कार्यान्वयन भयो। यसै गरी प्राथमिक उमेर समूहका बालबालिकालाई कक्षा १ देखि ३ सरहको शिक्षा दिने उद्देश्यले शिक्षा सदन प्रथम र द्वितीय सञ्चालन गर्न थालेपछि प्रौढहरूका अतिरिक्त बालबालिकालाई समेत अनौपचारिक शिक्षाले आफ्नो लक्षित समूहभित्र समेट्न पुगेको देखिन्छ।

सिविसले बालबालिकाको क्षेत्रमा कार्य गर्न सुरु गरे पछि सन् १९९६ देखि घरेलु बालश्रमिकहरूको लागि अनौपचारिक शिक्षा कक्षा सञ्चालन गर्न सुरुवात गरेको थियो। एकजना फ्रान्सेली नागरिक डोमिनिकको सहयोगमा सिविसले काठमाडौँका विभिन्न स्थानहरूमा घरेलुश्रमिक बालबालिकाका लागि अनौपचारिक शिक्षा अन्तर्गतको कक्षा सञ्चालन गरेको थियो। उक्त कार्यक्रमको परिणाम सकारात्मक र प्रभावकारी देखिएपछि जि.टि.जेड नामक संस्थाले सन् २००० देखि थप पाँचओटा कक्षा सञ्चालनका लागि सहयोग प्रदान गरेको थियो।

म वि.सं. २०५७ सालको मंसीर १ गतेदेखि सिविसमा घरेलु श्रमिक बालबालिकाको लागि सञ्चालित अनौपचारिक शिक्षा कक्षाको

सहजकर्ताको रूपमा नियुक्ति भएको थिएँ । सिविसमा काम गरेको १२ वर्षको समयावधि मध्ये सुरुका ४ वर्ष अनौपचारिक शिक्षा कक्षाको सहजकर्ताको रूपमा बितेको थियो। बालबालिकाको क्षेत्रमा कार्य गर्न सो समयावधि मेरा लागि आधारशिलाको रूपमा रह्यो ।

जि.टि.जेड.को सहयोगमा सिविसद्वारा काठमाडौँको जयबागेश्वरी, गौशाला, कोटेश्वर, जोरपाटी र डिल्लीबजार गरी ५ ओटा स्थानमा अनौपचारिक शिक्षा कक्षा सञ्चालित थिए । जसमा क्रमशः म, जान्दवी आचार्य, प्रणिता पाण्डे, रवी ढुंगाना र लिला शर्मा सहजकर्ताको रूपमा कार्यरत थियौँ । दुई वर्ष पछि सन् २००२ मा रवि ढुंगानाले तथा जोरपाटी केन्द्रमा अनिता पाण्डे र प्रणिता पाण्डेले छोडेपछि त्रिलोचन न्यौपाने कोटेश्वरको केन्द्रको लागि आउनु भएको थियो ।

सिविसको अनौपचारिक शिक्षा कक्षा प्रत्येक केन्द्रमा दुईओटा हुने गर्दथे। बिहान ११ बजेदेखि १ बजेसम्म र १ बजेदेखि ३ बजेसम्म। प्रत्येक कक्षामा २० जना घरेलु बालश्रमिक हुनै पर्दथ्यो। घरेलुश्रममा संलग्न रहेका श्रमिक बालबालिकाको समय अनुकूलतालाई ध्यानमा राखेर सो समय निर्धारण गरिएको थियो ।

जि.टि.जेड.को सहयोगमा सञ्चालित ५ ओटा कक्षा बाहेक पहिल्यैदेखि सञ्चालित रहेको अन्य ३ ओटा कक्षा पनि थिए । चाबहिल केन्द्रमा युवराज घिमिरे, चण्डोल केन्द्रमा प्रदिप डंगोल र ज्ञानेश्वर केन्द्रमा भवानी मिस सहजकर्ताको रूपमा कार्यरत हुनुहुन्थ्यो । बालबालिकाको संकलन गर्ने काममा एक्लैभन्दा समूहगत रूपमा घरदैलो गर्दा सहज हुने हुनाले पछि हामी समूहगत रूपमा घरदैलो गर्न थाल्यौँ । यसले कार्यसम्पादन गर्न धेरै सजिलो र प्रभावकारी समेत बनाएको थियो । सन् २००२ देखि २००४ सम्म जयबागेश्वरीमा सञ्चालन भएको केन्द्रलाई चाबहिल नजिकै मैजुबहाल भन्ने ठाउँमा स्थानान्तरण गरियो जसको सहकर्ता म थिएँ । मैले मैजुबहालमा २००४ सम्म सहजकर्ताको रूपमा काम गरेँ ।

फ्रान्सेली नागरिक डोमिनिकको माध्यमबाट प्राप्त भएको ३ ओटा अनौपचारिक कक्षा र जि.टि.जेड.बाट ५ ओटा कक्षाको लागि आउने सहयोग बाहेक सिविसमा अन्य कुनै पनि परियोजनाहरू थिएनन्। सिविसको केन्द्रीय कार्यालयबाट अनौपचारिक शिक्षा केन्द्रसम्म पुस्तक, कापी कलम, सुकुल आदि सामाग्री ओसारपसार गर्न ट्याक्सी भाडा समेत हुँदैन थियो । कैयौँ पटक सुकुल, चकटी, किताब, टिनको बाकस जस्ता सामग्री काँधमा बोकेर केन्द्रसम्म जानु पर्दथ्यो ।

अनौपचारिक शिक्षा कक्षा पूरा गरिसकेपछि बालबालिकालाई औपचारिक शिक्षाका लागि विद्यालयमा लिएर जान्थ्यौँ । धेरै भाइबहिनी कक्षा ३ मा, केही २ मा, केही ४ कक्षामा समेत भर्ना हुने गर्दथे । जयबागेश्वरी, मैजुबहाल र चाबहिल केन्द्रका लगभग ९० प्रतिशत भाइबहिनी चाबहिलकै गणेशस्थान स्थित मित्र प्राथमिक विद्यालयमा भर्ना हुने गर्दथे। एकबेला यस्तो अवस्था पनि थियो कि मित्र प्राथमिक विद्यालयमा सिविसबाट भर्ना भएका बालबालिकाको संख्या ६० प्रतिशत भन्दा बढी थियो ।

## चुनौती

अनौपचारिक शिक्षा कक्षा सञ्चालनका लागि घरेलु श्रमिक बालबालिकाको संकलन सबैभन्दा ठूलो चुनौती थियो। यो चुनौती

अन्तिमसम्म नै यथावत रह्यो। किनभने, अरू श्रमक्षेत्र जस्तो घरेलु श्रम नहुने र यो चारदिवार भित्रमात्र सिमित हुने हुँदा कुन घरमा घरेलुश्रमिक बालबालिका छन् ? भनेर पत्ता लगाउन नै गाह्रो थियो। यसका लागि हामीले केही रणनीति लिएका थियौँ। हामी हरेक दिन बिहान आफ्नो आफ्नो क्षेत्रमा पुग्ने गर्दथ्यौँ र त्यस क्षेत्रका दूध पसल, पत्रिका पसल, तरकारी पसल आदि स्थानहरूमा ढुकेर बस्ने गर्दथ्यौँ। जब श्रमिक जस्तो देखिने कुनै बालबालिका सो पसलमा आएर फर्किन्थ्यो अनि हामी उसको पछि पछि लागेर घर पत्ता लगाउने गर्दथ्यौँ। घर पत्ता लागिसकेपछि दिउँसो कुनै बेला त्यस घरमा कुराकानी गर्न पुग्थ्यौँ। तीमध्ये केही विद्यालय गइरहेका हुन्थे, जुन हाम्रो लक्षित समूहमा पर्दैनथे। केही रोजगारदाताहरूले घरको गेट नै खोल्दैनथे। मार्केटिंङ गर्दै सामान बेच्न आउने मान्छेले हैरान पारेका रहेछन्, हामीलाई पनि सामान बेच्न आएको व्यापारी सम्झिदा रहेछन्। हामी गेट बाहिर हुन्थ्यौँ अनि उनीहरू चाहिँ दुईतला माथिबाट कुरा गर्थे। न त हामीले बोलेको उनीहरू सुन्थे, न त उनीहरूले बोलेको हामी बुझ्दथ्यौँ। केही रोजगारदाताले चाहिँ हामीलाई सुराकी सम्झिदा रहेछन्। अनि ती काम गर्ने भाइबहिनीलाई मेरो आफ्नै फुपुको छोरा/छोरी, सानीमाको नाति/नातिनी आदि जस्ता साइनो लगाएर हामीलाई पन्छाउन खोज्दथे। केही रोजगारदाताहरू "यो अब एक महिना पछि घर फर्किहाल्छ" भन्दै हामीसँग टाढिन खोज्दथे। थोरैले चाहिँ सकारात्मक रूपमा लिने गर्दथे र हाम्रो अनौपचारिक कक्षामा दिनको दुई घण्टाको लागि पठाउने गर्दथे।

## अवसर

सिविसले घरेलुश्रमिक बालबालिकाका लागि सञ्चालन गरेको अनौपचारिक शिक्षा केन्द्रको संख्या वृद्धि हुन थालेपछि श्रमिक बालबालिका एकत्रित हुने संख्या पनि वृद्धि भयो। उज्यालो भविष्य परियोजना अन्तर्गत सबै बालबालिकाको अनिवार्य Baseline survey गर्नुपर्ने कार्यले बालबालिकाको वास्तविक तथ्यांक, अवस्थाको बारेमा जानकारी गराउन थाल्यो। सिविसले यसै अवसरलाई पूर्ण उपयोग गर्दै प्रत्येक वर्ष 'घरेलु बालश्रमिकको अवस्था' वार्षिक प्रतिवेदन प्रकाशित गर्न सुरुवात गऱ्यो।

घरेलु बालश्रमको क्षेत्रमा काम गर्ने अन्य संघसंस्थाको लागि पनि सिविस स्रोत केन्द्रको रूपमा विकसित हुन थाल्यो। त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर गर्ने विद्यार्थीको लागि थेसिस पूरा गर्ने स्रोतको रूपमा पनि विकसित हुन थाल्यो।

## अनौपचारिक शिक्षा केन्द्र र घरेलु बालश्रमिक समूह

अनौपचारिक शिक्षा केन्द्र पूरा गरेर विद्यालय भर्ना भएका श्रमिक बालबालिकालाई संगठित गर्न विद्यालयमा आधारित बालक्लब गठन गर्ने कामको सुरुवात भयो। बिस्तारै यसले आफ्नो रूपलाई विकसित गर्दै गयो र अनौपचारिक शिक्षा पूरा नगरेका तर विद्यालय शिक्षा अध्ययन गर्दै गरेका घरेलु बालश्रमिकहरूलाई पनि संगठित गर्ने कार्य गर्न थाल्यो। काठमाडौँ उपत्यकामा सञ्चालनमा रहेका विभिन्न ६४ ओटा सामुदायिक विद्यालयहरूमा यस्ता बालक्लबहरूको गठन भयो। तर, श्रमिक बालबालिकाले आफ्नो रोजगारदाताको घरायसी काम उनीहरूले तोकिएको समयमै पूरा गर्नुपर्ने हुनाले घरेलुश्रमिक बालबालिकाले बालक्लबको व्यवस्थापकीय पक्षमा समय दिन कठिनाइ भयो। यस प्रतिकूल परिस्थितीले बालक्लब सञ्चालनका साथै श्रमिक बालबालिकालाई संगठित गरी

उनीहरूको आवाज उठाउने काममा अवरोध सिर्जना हुने परिस्थिति देखा पर्‍यो। यसका लागि संगठित भएका घरेलु बालश्रमिकहरूसँगको सरसल्लाहमा प्रत्येक बालक्लबमा कुल सदस्य संख्याको २० प्रतिशत गैह्र श्रमिक बालबालिकालाई संगठित गर्ने र उनीहरूको सहयोगमा बालक्लबको व्यवस्थापकीय कार्य पूरा गर्ने रणनीतिको विकास भई सोही अनुरूप कार्य भएको थियो। यसले बालक्लबको सञ्चालन र श्रमिक बालबालिकालाई संगठित गर्ने दुवै कार्य सहज रूपमा पूरा भएको थियो।

## सडक नाटक र अनौपचारिक शिक्षा केन्द्रको सम्बन्ध

अनौपचारिक शिक्षा कक्षामा घरेलु श्रमिक बालबालिकालाई संकलन गर्न समुदायमा जनचेतनाको आवश्यकता थियो। यसलाई पूरा गर्न सडक नाटकलाई पनि एउटा माध्यमको रूपमा विकसित गरियो। बालक्लबमा रहेका बालबालिकालाई सडक नाटक प्रस्तुति, अभिनयसम्बन्धी तालिम दिइयो र घरेलु बालश्रमिकलाई शिक्षाको आवश्यकता सम्बन्धमा कलाकार आफैंले बनाएको कथावस्तुमा आधारित रहेर विभिन्न स्थानमा सडक नाटक मञ्चन गरियो।

पछि सडक नाटकको विषयवस्तु घरेलुबालश्रमिकको लागि अनौपचारिक शिक्षामा मात्र केन्द्रित भएन। यसले घरेलुश्रमका विभिन्न समस्याहरूलाई आफ्नो विषयवस्तु बनाउदै जनचेतना फैलाउने काम गर्न थाल्यो र यसले सडक मात्र नभएर विभिन्न रंगमञ्चहरूमा समेत नाटक मञ्चन गर्दै गयो।

कक्षा १२ पूरा गरिसकेपछि ती तालिम प्राप्त कलाकारहरूमध्ये अजित अर्याल, सञ्जिता पराजुली, रेखा खड्का, गीता खड्का, प्रकाश श्रेष्ठ, सुमित खरेल, नवराज खड्का आदि मिलेर "अचेल नाट्य समूह"को स्थापना गरे। आजभोलि "अचेल नाट्य समूह" राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रंगमञ्चहरूमा आफ्नो प्रस्तती प्रदर्शन गर्ने गर्दछ।

# सिविससँगको सहयात्राका छ वर्षहरू

*(सिविसको २५ औं वार्षिकोत्सवको अवसरमा यस संस्थासँग भएको आफ्नो ६ वर्षे यात्राअनुभवका केही स्मरणहरू लेख्न पाउँदा गौरव अनुभव गरेकी छु ।)*



**अनिता तामाङ**

## यात्रा प्रारम्भका दिनहरू

सिविस मेरो लागि यस्तो संस्था बन्यो जहाँ मैले बालअधिकार, बालसंरक्षणका मुद्दाहरू र मनोसामाजिक स्वास्थ्यका बारेमा धेरै सिक्ने अवसरहरू पाएँ। सँगसँगै केही चुनौतीहरूको सामना पनि गरेँ । तर यीनै कुराहरूले मलाई आगामी जीवनमा कुन क्षेत्रमा अगाडि बढ्नु पर्छ भन्ने मार्ग निर्देशन पनि गरे । यस संस्थामा सिकेका कुराहरू न कुनै शिक्षण संस्थमा पठनपाठन गरिन्छन् न त कुनै किताबमा नै पढ्न पाइन्छ। यी त मैले आफ्नो ६ वर्षको यात्रामा आफैँले गर्दै र सिक्दै प्राप्त गरेका अनुभवहरू हुन् । जो, जीवनयात्राका क्रममा धेरै नै महत्त्वपूर्ण हुन पुगेको अनुभव भइरहेको छ।

## सिविसमा प्रवेश

म आज पनि सम्झन्छु, ठ्याक्कै तारिख त ख्याल नरहेको भएपनि बार भने बिर्सेकी छैन छैन, सन् २००६ को सुरुवाततिर त्यो दिन मंगलबार परेको थियो । त्यतिबेला सिविसमा फिल्ड सुपरभाइजरको पद खुलेको रहेछ। यसका लागि आवेदन दिन भनेर खोज्दै खोज्दै चावहिलस्थित सिविसको कार्यालयमा पुगेको थिएँ । मैले त्यसबेला यो जागिर पाइहालौँला भनेर खासै अपेक्षा गरेको थिइन । तर एस.एल.सी. परीक्षा पश्चात् झण्डै ८ वर्षसम्म मैले गर्दै आएको शिक्षण पेशालाई भने बिट मार्ने इच्छा जागेको थियो। यसैले जे त होला भनेर आवेदन दिएँ। संयोगवश १ हप्तापछि मङ्गलबार कै दिन 'तपाईँ अन्तरवार्ताका लागि छनौट हुनु भयो' भन्ने खबर आयो। फेरि अन्तरवार्ता पनि मंगलबार कै दिन, छनौट पनि मंगलबार कै दिन र यहाँसम्म कि मेरो विदाइ पनि मंगलबार नै परेको थियो। यसैले पनि सिविस र मंगलबारको दिन मेरो लागि विशेष महत्त्वको दिन बन्न पुगेको छ।

## फिल्ड सुपरभाइजरको जिम्मेवारी बहन

यसरी २००६ देखिनै सिविसद्वारा सञ्चालित बालश्रमविरोधी अभियानलगायत अन्य सामाजिक क्षेत्रहरूमा मेरो यात्रा सुरु भयो। यस अघि यी क्षेत्रहरूमा मेरो कुनै अनुभव थिएन। मैले फिल्ड सुपरभाइजर भएर अनामनगर, बा(गबजार, वानेश्वर, गङ्गाघर र तिखेदेवल गरेर ५ वटा बालश्रमिकहरूका लागि सञ्चालित अनौपचारिक शिक्षा केन्द्रका सहजकर्तालाई सहयोग र कक्षाको राम्रो व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी पाएकी थिएँ। घरेलु बालश्रमिकहरूका लागि काम गर्नु चुनौतीपूर्ण थियो। समुदायमा गएर विभिन्न निकायसँग काम गर्दा धेरै अप्ठ्याराहरूको सामना गर्नुपर्दा मनमा कतै म गलत क्षेत्रमा त आइन ? भन्ने विचार पनि नउब्जेको हैन, तर त्यतिबेला मेरो सुपरभाइजर रहनु भएका मदन सिवाकोटी सरले ममा बढाउनु हुने हौसलाले म काममा उत्साहकासाथ लाग्न प्रेरित हुन्थेँ। मदन सरकै प्रेरणाले आजसम्म पनि मलाई यही क्षेत्रमा रहिरहन मद्दत गरेको छ। यसर्थ पनि म वहाँलाई हृदयदेखि नै श्रद्धा गर्दछु। सिविसको शिक्षा शाखामा रहँदा महिमा मिसले गर्नु भएको सहयोग र मभित्र जगाउनु भएको उत्प्रेरणा पनि मेरा लागि अर्को उत्साहको श्रोत बन्यो।

## जनवकालत तथा सामाजिक सशक्तीकरण शाखामा संलग्न

मैले दुई वर्ष अर्थात् सन् २००८ देखि २००९ सम्म सिविसको जनवकालत तथा सामाजिक सशक्तीकरण शाखामा रहेर काम गरेँ। त्यो शाखामा युवराज घिमिरे सर प्रमुख हुनुहुन्थ्यो। युवराज सरको नेतृत्वमा प्रेम घिमिरे सर र मैले काम गरेका थियौँ। त्यतिबेला हाम्रो सामूहिक प्रयास (टिमवर्क) उदाहरणीय नै थियो। युवराज सरको सहयोग, सल्लाह र उत्प्रेरणामा हामीले विभिन्न सरोकारवाला निकाय जस्तै नेपाल प्रहरी, हस्पिटल, पत्रकार, सामुदायिक प्रहरी, नगरपालिका, बालसंरक्षण समिति, विद्यालय, बालक्लब, युवाक्लबसँग सहकार्य गर्‍यौँ। यो सहकार्यले बालअधिकार र बालसंरक्षणका पैरबी गर्नुपर्ने मुद्दाहरूमा थप जानकारी गरायो। म अहिले पनि सम्झन्छु, हाम्रो ३ जनाको समूह एकै दिन ४ देखि ५ वटासम्म विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गर्न सफल भएको थियो। यसर्थ म युवराज सर र प्रेम सरलाई पनि हृदयदेखि धन्यवाद दिन चाहन्छु।

## मनोसामाजिक मनोविमर्श तालिमको अवसर

सन् २००७ तिर सहारा परामर्श केन्द्रबाट मनोसामाजिक मनोविमर्श तालिमको अवसर आयो। सिविसकै पूर्णकला दिदीको सहयोगबाट मैले सो तालिममा सहभागी हुने अवसर पाएँ। यो तालिम मेरो जीवनको महत्त्वपूर्ण खुड्किलो बन्न पुग्यो। यसैबाट मेरो बालबालिकालाई मनोसामाजिक सहयोग गर्ने काम सुरु भयो। यही अनुभवमा टेकेर चङ्गा बाल मासिक पत्रिकामा बालबालिकाका मनोसामाजिक समस्याहरूमा बारेमा लेख लेख्न थालेँ। यसले मनोसामाजिक समस्या परेका बालबालिकालाई सहयोग गर्‍यो। यसका लागि अवसर प्रदान गर्नुहुने पूर्णकला दिदीलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। साथै चङ्गा मासिक पत्रिकाका राजेश सर र यस काममा मलाई हौसला र प्रेरणा प्रदान गर्नुहुने मिलन धरेल सरप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु।

## उद्धार, राहत तथा स्याहार शाखाको जिम्मेवारी बहन

सन् २०१० र २०११ को २ वर्ष मलाई जोखिममा परेका बालबालिकाको उद्धार राहत तथा स्याहार शाखामा काम गर्ने अवसर मिल्यो। यस शाखामा रहेर विभिन्न प्रकारका दुर्व्यवहार, हिंसा र जोखिममा रहेका बालबालिकासँग प्रत्यक्ष रूपमा काम गर्न पाउँदा मनदेखि नै आनन्द महसुस हुन्थ्यो।

यस शाखामा सुरुमा ऋतु भट्ट मिसको नेतृत्वमा मसहित ५ जनाको टिम कार्यरत थियो। जसमा बाल संरक्षण अधिकृत प्रदिप सर र अधिवक्ताद्वय विकिता बस्नेत र कमल गुरागाईं म रहेका थियौं। यस शाखामा काम गर्दा धेरै चुनौतीहरूसँग जुध्नु पऱ्यो। यसले अप्ठ्याराहरूको सामना गर्नका लागि मलाई थप आँट र साहस थप्यो।

## केही उल्लेखनीय घटना

सिविसमा काम गर्दा मैले सामना गरेका कतिपय चुनौतीपूर्ण घटनाहरूको सम्झना आज पनि ताजै छ। यी मध्ये विशेष रहेका केही घटनाहरू यहाँ प्रस्तुत गर्नु सान्दर्भिक ठानेकी छु।

## पीडक पूर्व इन्स्पेक्टरलाई गिरफ्तार गर्न जाँदा

एक दिन प्रदिप सर र म श्रमिक बालिकामाथि लगातार यौन दुर्व्यवहार गर्ने पूर्व इन्स्पेक्टरको घर पत्ता लगाउन गयौं। यसरी जानु आफैंमा चुनौतीपूर्ण थियो। हामी डिएसपी गीता दिदीको नेतृत्वमा गएको एउटा प्रहरी टोलीमा मिसिएर उक्त इन्सपेक्टरलाई उनको घरमै गिरफ्तार गर्न गएका थियौं।

## अदालत परिसरमै पीडकको समूहबाट आक्रमण

पूर्व प्रहरी इन्स्पेक्टरबाट यौन दुर्व्यवहारमा परेकी बालिकालाई बयानका लागि अदालत लगिएको थियो। बालिका र म अदालतपरिसरमा पुग्नासाथ पीडकको तर्फबाट आएका लगभग १५ जना महिलाहरूले बालिकालाई खोस्ने प्रयास गरे। मैले खोस्न नदिएपछि उनीहरूले बालिका र मलाई अदालत परिसरमा नै लछार पछार गरेका थिए। त्यतिबेला मैले हार गुहार गर्दै बन्द इजलासको बोर्ड झुण्ड्याएको कोठा भित्र ती बालिकालाई तान्दै सुरक्षितसाथ न्यायाधीश समक्ष पुऱ्याएकी थिएँ।

म एउटीले त्यति धेरै महिलाहरूको आक्रमणबाट ती बालिकालाई फुत्काएर जोगाउँदै सुरक्षित स्थानमा पुऱ्याउन सफल भएको त्यो घटनाले मलाई यतिबेला पनि झस्काई रहेकै हुन्छ। त्यसबेला पीडकले अदालतमै पख्लिस भनेर दागा धरेको थियो। एक दिन किनमेलका लागि असन बजार जाँदा संयोगवस पीडककी श्रीमतीसँग जम्काभेट भयो। मसँग आँखा जुध्नसाथ उसले मलाई खाउँला झैं गरी आँखा तरेर हेरी। म डरले हतार हतार अर्कातिर लागेँ। यस्ता कैयौं घटनाहरूले अझै पनि मेरो आङ जिरिङ्ग हुने गर्दछ।

## यौन दुर्व्यवहारमा परेकी बालिकाको स्वास्थ्य जाँच

शनिबारको दिन थियो। प्रहरी कार्यालय गौशालाबाट ७ बजे राति यौन दुर्व्यवहारमा परेकी बालिकाको केस आएको छ भन्ने सूचना सिविसमा आयो। प्राप्त सूचनाअनुसार हामी तत्काल गौशाला प्रहरी कार्यालय पुग्यौं। दुर्व्यवहारमा परेकी बालिकालाई प्रहरी कार्यालयबाट थापाथलीस्थित प्रसुती गृहमा लगेर स्वास्थ्य जाँच गरायौं। त्यसपछि पीडित बालिकालाई पुनः गौशाला प्रहरी चौकीमा लगियो। प्रहरी कार्यालयमा उक्त घटनाको जाहेरी गर्नका लागि सम्पूर्ण कानुनी प्रक्रिया सक्दा नसक्दा राति १२:३० बज्यो। बाहिर मुसलधारे पानी परिरहेको थियो। यस्तो प्रतिकूल समयमा पनि मेरो पहलमा उद्धार गरिएकी बालिकालाई बालबालिका राख्ने अस्थायी गृह Transit home मा पुऱ्याएर त्यस दिन म एक्लै १ बजे राति घर पुगेको थिएँ।

## पीडित बालिकाले न्याय पाइन्

आफ्नै पुजारी बुबाबाट छोरीमाथि हुने गरेको यौन दुर्व्यवहारसँग सम्बन्धित घटना हो यो। यस घटनालाई ढाकछोप गर्न बुबाले छोरीलाई केटासाथीसँग सम्बन्ध छ भनी आरोप लगाएका थिए। यसै आरोपको कारण झण्डै २ वर्षसम्म यो मुद्दामा फैसला हुन सकेको थिएन।

त्यसपछि अदालतबाट मुद्दालाई किनारा लगाउनका लागि थप प्रमाण जुटाउने प्रयास गरियो। यस दौरानमा न्यायधीशबाट उक्त मुद्दा जाहेरवाला बालिकासँग मनोसामाजिक मनोविमर्श प्रदान गर्ने मनोविमर्शकर्ताको राय प्रस्तुत गर्ने आदेश भएको थियो। अदालतको आदेश पश्चात् मैले उक्त घटनामा परेकी बालिकासँग मनोविमर्श गर्दा प्राप्त निष्कर्ष अदालतसमक्ष प्रस्तुत गरेँ। अदालतमा झण्डै १ घण्टा लामो बहस भयो। अन्त्यमा सोही दिन यही रायको आधारमा नै अदालतले पुजारी बुबाबाटै बालिकामाथि यौन दुर्व्यवहार भएको हो भन्ने ठहर गरेको फैसला सुनायो। फैसलाले उक्त पुजारी बुबालाई १८ वर्ष जेल सजाय र सम्बन्धित बालिकालाई १ लाख क्षतिपूर्ति दिने निष्कर्ष निकालेको थियो।

## सहयात्राका सहकर्मीहरू

मैले सिविसमा ६ वर्ष काम गरेँ। यस क्रममा मेरा अगुवा तथा सहकर्मी साथीहरूबाट मैले बालअधिकारका विभिन्न पक्षहरूका बारेमा ज्ञान आर्जनमात्र गरिन, अन्याय, अत्याचार र व्यभिचारहरूका विरुद्ध जस्तोसुकै जोखिम मोलेर भएपनि अगाडि बढ्नुपर्छ भन्ने साहस र प्रेरणा पनि पाउन सकेँ। यस्ता प्रेरणा र ऊर्जाका स्रोतहरूमा मुख्यतः सिविसको बोर्डमा रहनु भएका आदरणीय शान्ति दिदी, बिमला दिदी, संगिता दिदी, बिन्दु दिदी, भोजराज सर, सोनु बहिनी, प्रदिप सर, अधिवक्ताद्वय विकिता मिस र कमल गुराराईं सर, मिलन धरेल सर, ऋतु भट्ट मिस, कमल सर, मनिता मिस, सुजाता मिस, केदार सर, प्रमोद सर, रमेश सर, कल्पना मिस, श्रद्धा मिस, निर्मला मिस, अनुराधा मिस, विनोद सर, सुनिता मिस, मुना मिस सरिता मिस, मोहन सर, गायत्री मिस, विष्णु दाइ र लिला मिस रहनु भएको छ।

सिविसमा रहदा मैले विभिन्न प्रेरणादायी र सकारात्मक पक्षहरू प्राप्त गर्ने सकेँ। यस पछाडि यस संस्थाको नेतृत्व पंक्तिबाट आफ्ना कर्मचारीहरूप्रति विश्वास गर्ने, जिम्मेवारी दिने र सँगसँगै हौसला र सहयोग कार्यशैलीलाई मैले प्रमुख पक्ष ठानेकी छु।

साथै मलाई ज्ञान, उत्साह, साहस र संघर्षमय जीवन जिउने प्रेरणा दिलाउनेमा मैले प्रत्यक्ष भेटेका बालश्रमिक भाइबहिनीहरूको प्रेरणदायी भूमिकालाई पनि म सरहना नगरी रहन सक्दिन।

अन्त्यमा, जीवनको यो यात्रा सिविसदेखि SOS Children Village हुँदै आज Save the Children सम्म आइपुगेको छ। जे भएपनि सिविसबाट प्रारम्भ भएको विशेषतः बालअधिकार र बालसंरक्षणको सुनिश्चित गर्ने अभियानमा म निरन्तर लागिरहेको छु र आगामी दिनमा पनि लागिरहन्छु भन्ने कुरामा म प्रतिवद्धता व्यक्त गर्दछु। हाल सेभ द चिल्ड्रेनमा फरक प्रकृतिको भूमिकामा काम गर्नु परेपनि मनोसामाजिक स्वास्थ्यको क्षेत्रमा अझै केही गर्नुपर्दछ भन्ने मेरो सोच यथावत छ। यसरी २००६ देखिको सुरु भएको १२ वर्षसम्मको यो यात्रामा सिविस संस्थाबाट ६ वर्षमा मैले सिकेका ज्ञान र सीपले मलाई आजको अवस्थामा आउन उल्लेख्य भूमिका खेलेको मैले महसुस गरेकी छु। यही भावनाका साथ सिविस संस्थाको २५ औं जन्मोत्सवको अवसरमा उत्तरोत्तर प्रगतिको कामनासहित सिविससँगको यात्राका मेरा अनुभवहरू राख्ने मौका दिनु भएकोमा कृतज्ञता व्यक्त गर्दछु।

# सिविसमा म : अनुभव र दृष्टिकोणहरू

# मनोविमर्शकर्ताको रूपमा संलग्न हुँदाको अनुभूति र सिकाइ



**पूर्णकला शर्मा**
**महासचिव, सिविस**
**एवं मनोविमर्शकर्ता**

## विषय प्रवेश

बालबालिकाले दबाबरहित मैत्रीपूर्ण वातावरणमा हुर्कन, बढ्न र शैक्षिक गतिविधिमा सहभागी हुन पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । यी अधिकारहरूलगायत बालबालिकाका सम्पूर्ण अधिकारहरूको प्रत्याभूति बालअधिकारसम्बन्धी महासन्धि १९८९ मा गरिएको छ। नेपालले बाल अधिकारसम्बन्धी महासन्धिमा १४ सेप्टेम्बर १९९० मा हस्ताक्षर गरेको थियो । तर अझै पनि धेरै बालबालिका विभिन्न प्रकारका हेला, दुर्व्यवहार, जोखिम, श्रम शोषण आदिका कारण तनावपूर्ण वातावरणमा हुर्कन बाध्य छन् । बालबालिकामाथि हुने विभिन्न प्रकारका हिंसा एवं यौन हिंसा जारी नै छन् ।

## बालश्रमिकहरूका लागि अनौपचारिक कक्षा सञ्चालन

सिविसले आफ्नो सामाजिक कार्यको थालनी घरेलु बालश्रमिकका लागि अनौपचारिक शिक्षा कार्यक्रमबाट गरेको थियो । बालबालिकाले उनीहरूका नैसर्गिक अधिकारहरूको उपभोग गर्न नपाइरहेको अवस्थालाई मध्यनजर गरी सिविसले उनीहरूका लागि अनौपचारिक कक्षाको सुरुवात गरेको हो । यसरी सुरु गरिएका कक्षाहरू काठमाण्डौ, भक्तपुर र ललितपुरमा सञ्चालनमा थिए ।

विभिन्न स्थानबाट आमाबुबा, परिवार तथा साथीसङ्गीहरू छाडेर, मनभरी पीडा बोकेर आएका बालबालिका अर्काको घरको रहनसहन र सकसमा बस्न बाध्य हुनुपर्ने, दुर्व्यवहार खेप्नुपर्ने, कामको बोझ, विद्यालय जान नपाउने, पाए पनि नियमित जाने अवसर कमै मात्र हुने समस्याहरू भोग्नु पर्दथ्यो । यतिबेलासम्म आइपुग्दा यस अवस्थामा केही सुधार भएतापनि बालश्रमिकहरूले अहिलेसम्म पनि पूर्ण रूपमा मुक्त हुन नसकेको स्थिति विद्यमान छ ।

## मनोविमर्श तालिममा सहभागी हुने अवसर

सिविसमा रहेर यस्ता कार्यअनुभव गर्दागर्दै यातना पीडित सरोकार केन्द्र (सिभिक्ट)द्वारा २०६०

साल तिर सञ्चालित ६ महिने मनोविमर्श तालिममा मैले सहभागी हुने अवसर पाएँ। तालिम लिँदै गर्दा मलाई यो तालिम जीवन पर्यन्त उपयोगी रहेछ भन्ने महसुस भयो। घरेलु श्रमिक बालबालिकाले अत्यन्तै गम्भीर प्रकृतिका समस्याहरू भोग्ने गरेका हुन्छन्। हामीले उनीहरूसँग घुलमिल गर्दै उनीहरूले भोगेका समस्या पहिचान गर्ने उद्देश्यले नै रमाइलो शुक्रबार कार्यक्रम सञ्चालन गरेका थियौँ। बालश्रमिकहरूका पीडा एवं भोगाइहरूलाई मैले नजिकबाट हेर्ने र बुझ्ने अवसर पाएकोले पनि मलाई तालिम लिन उत्प्रेरणा मिलेको थियो।

## मनोविमर्श सेवा प्रदान गर्ने कार्यमा संलग्न

मैले समस्यामा परेका बालबालिका सम्झेँ। समुदायसँग घुलमिल हुने क्रममा एकैघरका मानिसहरू पनि फरक फरक समस्याले ग्रस्त भएको पाएँ। यस तालिमले मनोविमर्शसम्बन्धी ज्ञान र सीपका लागि मलाई भोक जगाउने काम गऱ्यो। मैले मनोविमर्श (काउन्सिलिङ साइकोलोजी)को विद्यार्थी भएर पनि अध्ययन गर्न थालेँ। यो तालिम र अध्ययनले पीडामा परेका बालबालिकालगायत अन्य व्यक्तिहरूमा मनोविमर्श सेवा प्रदान गरेर उनीहरूलाई सामान्य अवस्थामा फर्काउन सकिने रहेछ भन्ने आत्माविश्वास ममा बढेर आयो। यस क्रममा मैले प्राप्त गरेको ज्ञान र सीपको माध्यमबाट बालबालिकालगायत वयस्क व्यक्तिहरूसँग साक्षात्कार गर्ने मौका पाएँ। हरेक समस्याग्रस्त बालबालिका वा वयस्कहरू मेरा लागि सिकाइका माध्यम बने। यस अवसरको लागि म सिविसलाई हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

## मनोसामाजिक मनोविमर्श के हो त ?

मानववादी र मनोविश्लेषणवादी विचारअनुसार समस्याजन्य परिस्थितिले व्यक्तिलाई चुनौती दिन्छ फलस्वरूप चिन्ता सुरु हुन्छ। यस्तो अवस्थाको सहज समाधान गर्न सकेमा चिन्ता निराकरण हुन्छ तर यस्तो कठिनाइ वा चिन्ता रहिरहेमा व्यक्तिको वास्तविकता र उसको अनुभव बीच दूरी बढ्दै जान्छ र यसले पारेको असरका कारण उसले असामान्य व्यवहार देखाउँदै जान्छ। तसर्थ यस्तो समस्या निराकरण गर्न मनोविमर्शको जरुरत पर्दछ। मनोविमर्शकर्ताले समस्याको स्वभाव र प्रकृतिअनुसार विभिन्न प्रकारका विधिहरू अपनाउनु पर्ने हुन्छ। यसका लागि मनोविमर्शकर्तामा यससम्बन्धी गहिरो ज्ञान र सीपको आवश्यकता पर्दछ।

मनोविमर्श भन्नाले समस्यामा परेको व्यक्ति र मनोविमर्शकर्ता बीच विचारको आदान प्रदान प्रक्रिया हो। मनोविमर्शले बालक वा बालिकालाई उनीहरूका संवेगात्मक भावना, चिन्ता, विचार तथा डर आदिलाई अभिव्यक्त गर्न, गुमेको आत्मसम्मान वा प्रतिष्ठालाई पुनर्स्थापन गर्ने अन्तरक्षमतालाई स्वयं पहिचान गर्न, समस्या समाधान गर्ने उपाय तथा निर्णय लिने क्षमतालाई सुदृढ गर्नुका साथै निर्दिष्ट लक्ष्य प्राप्त गर्न सहयोग गर्दछ। मनोसामाजिक मनोविमर्शले व्यक्ति र समाज दुवैलाई विश्लेषण गरी हेर्दछ। यसअनुसार कठि( ठनाइमा परेका बालबालिकालगायत वयस्कहरूको समस्या समाधान गर्नका निमित्त परिवार, समाज, दौँतरी, सामाजिक संघसस्था आदिको सहयोग अपरिहार्य हुन्छ।

## मनोविमर्श सेवाको थालनी

पीडा वा तनावमा परेका जोकोहीलाई सामान्य अवस्थामा फर्काउनमा मनोविमर्श सेवाको महत्त्वलाई बुझेको सिविसले मनोविमर्श सेवा प्रदान गर्ने कार्यको थालनी गऱ्यो। हामीले मनोविमर्श सेवा प्रदान गर्न अन्तरदृष्टि कार्यक्रम सञ्चालनमा ल्यायौँ। म मनोविमर्शकर्ता र कार्यक्रम संयोजकको रूपमा कार्यरत रहेँ। अनौपचारिक कक्षाका बालबालिका र सरकारी विद्यालयका विद्यार्थीहरूलाई लक्षित समूह बनाई यो सेवा प्रदान गर्न थालियो।

यस क्रममा सर्वप्रथम, आफ्नै कार्यालयका कर्मचारी साथीहरूलाई मनोविमर्शका बारेमा अभिमुखीकरण गरियो। यसले काम गर्ने वातावरण अनुकूल बनाउन सघाउ पुऱ्यायो। सिविसका अनौपचारिक कक्षामा अध्ययनरत

बालबालिकालाई र विद्यालयमा अध्ययनरत वालबालिकालाई आवश्यकताअनुसार व्यक्तिगत र समूहगत मनोविमर्श सेवा प्रदान गर्न थालियो । पीडा वा तनावमा परेका बालबालिकाका समस्यालाई सम्बोधन गर्न बालक्लब, परिवार, समुदाय, शिक्षक शिक्षिका, प्रहरी सबैको भूमिका हुने हुँदा उनीहरूलाई मनोविमर्श र यौन दुर्व्यवहारका ४ र ७ दिवसीय तालिमहरूका साथै विभिन्न अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिए । हामीले सरकारलाई प्रत्येक विद्यालयमा मनोविमर्शकर्ताको व्यवस्थापन गरियोस भन्ने बारेमा पनि सचेत गराएका थियौँ । तर तत्कालीन अवस्थामा यसको व्यवस्था असम्भव नै थियो। नीति नै बनाएर यो सेवा प्रदान गर्न आजसम्म पनि सम्भव हुन सकिरहेको छैन ।

## मनोविमर्श सेवासम्बन्धी सचेतना अभिवृद्धि

बालबालिकाका मनोसामाजिक समस्याहरूको सम्बोधन गर्न बालक वा बालिकालाई मात्र मनोविमर्श दिएर पुग्दैन। यसका लागि परिवार, रोजगारदाता र सामाजिक सहयोगको नितान्त खाँचो पर्ने हुँदा हामीले व्यक्तिगत मनोविमर्शका साथै समूह मनोविमर्श तथा परिवार मनोविमर्शलाई प्राथमिकता दिन थाल्यौँ । बालबालिकालाई dance movement therapy, play therapy आदिका माध्यमबाट पनि सेवा प्रदान गरियो । बालबालिकाको व्यक्तिगत समस्या पत्ता लगाउन group counseling पनि निकै सहयोगी भएको मैले महसुस गरेकी छु। मनोविमर्श र यौन दुर्व्यवहारसम्बन्धी जानकारी र समस्यामा परेका व्यक्तिहरूको समस्या समाधान हेतु साप्ताहिक रूपमा राष्ट्रिय दैनिक पत्रिका समाचार पत्रमा प्रश्नोत्तर कार्यक्रम पनि सञ्चालन गरियो र यो पनि फलदायी नै रह्यो। यसबाट देशभित्र मात्र होइन विदेशमा रहेका नेपालीहरूलाईसमेत मनोसामाजिक समस्याको बारेमा जानकारी लिन र आफ्ना समस्याहरू हल गर्ने उपायहरू पहिचान गर्न सहयोग पुगेको थियो भन्न सकिन्छ। यो सेवाको महत्त्वबारे आम समुदायलाई सुसूचित गर्न हामीले मनोविमर्शसम्बन्धी ब्रोसर तथा पम्पलेटहरू पनि निर्माण गरी वितरण गरेका थियौँ ।

## मनोविमर्श सेवाका लागि निःशुल्क फोनको व्यवस्था

यस क्रममा दुरदराजमा रहेका बालबालिकाको मनोविमर्श सेवामा पहुँच पुगोस भन्नका लागि निःशुल्क हटलाइन सेवा सञ्चालन गरियो। यसबाट बालबालिकाले मनोविमर्श सेवाका साथै अन्य आवश्यक जानकारी प्राप्त गर्न थाले। परिणामस्वरूप हटलाइन मार्फत नै बालबालिकामाथि हुने गरेका बालश्रम तथा बालयौन दुर्व्यवहारविरुद्ध उजुरीहरू पनि आउन थाले ।

## मनोविमर्शकर्ताको रूपमा मेरा अनुभूतिहरू एवं सिकाइहरू

मनोविमर्शकर्ताका रूपमा मनोसामाजिक मनोविमर्श गर्दाका क्षणहरू मेरा लागि सुखद र दुःखद दुवै रहे। मनोविमर्शकर्ता हुन सेवाको भावनाले ओतप्रोत हुनुपर्ने, सेवाग्राही जे जस्तो अवस्थामा छ त्यसलाई स्वीकार गर्न सक्ने क्षमता पनि मनोविमर्शकर्तामा हुनुपर्ने रहेछ भन्ने कुरालाई मैले नजिकबाट बुझ्ने अवसर पाएँ। मनोविमर्शकर्ता सेवाग्राहीको मनभित्र पस्नका लागि उसले सेवाग्राहीको जुत्ता आफ्नो खुट्टामा लगाउनु पर्दो रहेछ मेरो सिकाइ रह्यो। मनोविमर्श सेवा प्रदान गर्ने क्रममा मैले जीवनमा के हुन्छ भन्दा पनि के चाहि हुँदैन रहेछ भन्ने कुरा जान्ने मौका पाएँ। बालबालिकासँग साक्षात्कार गर्ने क्रममा मैले सोच्दै नसोचेका घटनाहरू बुझ्ने, विश्लेषण गर्ने, समस्याको चुरो कुरो थाहा पाउने अवसर पाएँ। बिर्सनै नसक्ने त्यस्ता घटनाका केही उदाहरणहरूमा आफ्नै अबोध छोरीलाई बलात्कार गरेको, शिक्षकले आफ्नै अबोध विद्यार्थीलाई अफिस कोठामै बलात्कार गरेको, विद्यालयमै ठूलो विद्यार्थीले सानो कक्षामा पढ्ने बालकलाई यौन दुर्व्यवहार गरेको, रोजगारदाताले श्रमिक बालिकालाई आफ्नै श्रीमतीका अगाडि यौन शोषण गरेको, शिक्षकले बालबालिकामाथि कठोर दण्ड सजाय दिने क्रममा बालबालिकाको अङ्गभङ्ग भएको लगायतका रहेका छन् ।

मनोविर्मशकर्ताको हैसियतले मनलाई सम्हाल्न खोज्दा खोज्दै पनि रोजगारदाताले यौन सिकार बनाउदै गर्दा बालिकाले भोगेको पीडादायी घटना, बाल्यकालमा बलात्कारमा परेकी कारणले असहज बन्न पुगेको वैवाहिक जीवन भोग्ने छोरीको वेदना आदिले मलाई सधैँ चिमोटिरहन्छन्। मेरा सुरुवाती दिनका केही रातहरूको निन्द्रा पीडित एवं प्रभावितहरूले भोगेको पीडाको कारण गायब भएको थियो। त्यस्तो परिस्थितिमा म स्वयंलाई मनोविर्मशको खाँचो अनुभव भएको थियो। जबकी मलाई सिद्धान्ततः सेवाग्राही र मनोविमर्शकर्ता बीच लक्ष्मण रेखा हुन्छ भन्ने ज्ञान नभएको भने हैन।

यस्तै घटनामध्ये एउटा घटनामा एक ११ बर्षीय बालक रोजगारदाताले पिटेका कारण सुनिएको गाला लिएर आएका थिए। यस्तो अवस्थामा सामान्यतया रोजगारदाताप्रति सबैले नकारात्मक धारणा राख्नु स्वभाविकै थियो। घटनाको वास्तविक कुरा बुझ्नका लागि रोजगारदातालाई अफिसमा बोलाइयो। साथीहरू बालकको पक्षमा बोल्दै हुनुहुन्थ्यो। रोजगारदाता बालकको विपक्षमा बोल्दै थिए। त्यहाँ वादविवाद चर्कँदै जाने स्थिति सिर्जना भइरहेको थियो। अर्कातिर म भने बालकलाई मनोविमर्श गर्दै थिएँ। मनोविमर्शको क्रममा त्यो बालकले रोजगारदाताको अबोध ३ वर्षे बालिकालाई चक्लेट दिएर बलात्कार गरेको रहस्य खुल्यो। उ रोजगारदाताको डरले सातो उडेको टिठलाग्दो अनुहार लिएर आएको थियो। एकातिर उ आफैँ अभिभावकविहीन तथा समस्याग्रस्त बालक थियो। अर्कातिर ३ वर्षीया बालिकाको पीडा र बालिकाको आमा बाबुको भावानात्मक पीडा सम्झदा अहिले पनि मन बेचैन हुन्छ। यसैगरी २०७२ सालको भूकम्पमा आफ्ना आँखा अगाडि आफुहरूलाई सुरक्षित गर्ने क्रममा बाबुआमा दुवैको मृत्यु भएको बालबालिकाका पीडा, केही घटनामा अपराधीले पीडितलाई सहयोग नगर्नका लागि दिएका धम्कीहरूले मनोविमर्श सेवा प्रदान गर्ने कार्य कठिन रहेछ भन्ने अनुभूति भएको थियो ।

यसै क्रममा एकदिन एउटी किशोरीसँग मनोविमर्श सत्रमा छलफल गरिरहेकी थिएँ। उनी कुलतमा पनि परेकी विद्यार्थी थिइन्। उनी बेला मौकामा रत्नपार्क तिर पकेट मार्ने काम पनि गर्दिरहिछिन्। कुरा गर्दै जाँदा पाकेट मार्ने क्रममा यदि कसैले थाहा पाइहाल्यो भने छुरीले रोपिदिने कुरा उनले निर्धक्कतापूर्वक गरिन्। यति भन्दै उनले आफूले छुरी आफ्नै मोजा भित्र राख्ने गरेको भनी खुटटा देखाइन्। मोजाभित्र लुकाएको धारिलो छुरी देख्दा डरले मेरो सातो उडेको थियो। त्यस दिनदेखि मैले उनी आउँदा ढोका पूरा नलगाइकन उनीसँग मनोविमर्श गर्न थालेँ ।

मनोविमर्शको क्रममा मन खुशी र सन्तुष्ट भएका घटनाहरू पनि नभएका होइनन्। "नपढेर, बरालिएर हिड्ने मेरो छोरो मनोविमर्श पछि सुध्रियो" भन्दै मिठाइ बोकेर भेट्न आउने आमाहरू, पढ्न छोडने मनस्थितिमा पुगेका बालबालिका तथा किशोरकिशोरी एसएलसी पास गरेँ भन्दै खुशी साट्न आएका क्षणहरू, रोजगारदाताका घरमा काम गर्दाका कष्टपूर्ण दिनहरू काटेर घर फर्केका किशोरकिशोरी, असाध्य जोखिममा परेका बालबालिकालाई संरक्षण दिन सफलता प्राप्त गरेका कुराहरू र जीवन उपयोगी तालिम लिई आफ्ना खुट्टामा उभिन सफल भएकाहरू, शिक्षाबाट बञ्चित भएकालाई औपचारिक कक्षामा भर्ना गर्दाका दिनहरू, कसूरदारलाई सजायको भागीदार बनाउने सफलता प्राप्त गरेका क्षणहरू, घरबाट बिनाअंश निकालिएकी महिला अंश लिन सफल भई खुशी साट्न आएको क्षण आदिजस्ता सकारात्मक परिणामहरूले मनोविमर्श सेवा ठूलो मानव सेवा रहेछ भन्ने आभाषबाट मन अत्यन्त प्रफुल्लित बन्न पुगेको अनुभूति पनि नभएको हैन।

## भूकम्प र मनोसामाजिक सेवा

सिविसले २०७२ साल बैशाखको भूकम्प आउनु अगावै धेरै शिक्षक शिक्षिकाहरू तथा सामाजिक कार्यकर्ताहरूलाई मनोविमर्श तालिम प्रदान गरिसकेको थियो। तिनै प्रशिक्षण प्राप्त सामाजिक कार्यकर्ताहरूले भूकम्पका समयमा र

भूकम्प पश्चात यसबाट प्रभावित बालबालिका तथा अन्य व्यक्तिहरूलाई सेवा प्रदान गर्ने कार्यमा उल्लेख्य योगदान पुऱ्याएका थिए । सिविसले भूकम्प लगत्तै पछि आघातमा परेका बालबालिकालाई व्यक्तिगत एवं सामूहिक मनोविमर्श सेवा प्रदान गरेको थियो । यसका साथै वयस्कहरूका लागि भूकम्प पश्चातको अवस्थामा प्राथमिक हेरचाहसम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो । यी कार्यक्रमहरूबाट धैरै बालबालिका एवं वयस्कहरूलाई सहयोग पुगेको थियो । सिविसबाट सञ्चालित यो कार्यक्रममा मैले पनि योगदान पुऱ्याउन सकेकोमा आज म आफैँ गौरवान्वित भएको महशुस गरिरहेकी छु ।

## निष्कर्ष

सारांशमा सिविसले बालसंरक्षणका सवालहरूको सम्बोधन गर्ने क्रममा सञ्चालन गरेको अन्तरदृष्टि सेवा कार्यक्रमलाई केही समयमै बिस्तार गरी आपतकालिन उद्धार तथा राहत कार्यक्रम सञ्चालन गऱ्यो । यस अन्तर्गत मनोविमर्शसेवा, कानुनी सेवा, र सिविस आफैँले सेफहाउसको व्यवस्था गरेको थियो । यसरी सिविस स्थापना भएको २५ वर्षको अवधिभित्रमा यसले आफूलाई बालअधिकार र बालसंरक्षणको क्षेत्रमा कार्यरत एउटा राष्ट्रिय स्रोत संस्थाको रूपमा स्थापित गर्न सफल भएको छ । मनोविमर्श सेवाले धैरै बालबालिका र वयस्कहरूलाई समस्याग्रस्त अवस्थाबाट बाहिर ल्याउन सहयोग गरेको छ । यस सेवालाई थप प्रभावकारी बनाउनका लागि विद्यमान अवस्थामा पनि हटलाइन सेवा, कानुनी सेवा र अन्य संघसंस्थाहरूसँगको सहकार्यमा सुरक्षित आश्रय स्थलको सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ । सिविसले शिक्षकहरूलाई लक्षित गरी विद्यालयमा आधारित मनोसामाजिक हेरचाह तालिम लिएका शिक्षकहरूले बालबालिकाको मनोभावना बुझी अध्यापन गर्ने गरेका छन् । आज शिक्षक र बालबालिकाको सम्बन्धमा सुधार आएको पाइएको छ । अभिभावकहरूले बालबालिकाका कुरा सुनी सहयोग गरेको पाइएको हुँदा विद्यालयमा आधारित मनोसामाजिक हेरचाह कार्यक्रम अत्यन्तै प्रभावकारी रहेको कुरा कार्यरत शिक्षकहरूले बताउने गरेका छन् । नेपालमा पर्याप्त सचेतनाको अभावको कारण मानिसहरूले शारीरिक स्वास्थ्यको तुलनामा मानसिक स्वास्थ्यलाई कम ध्यान दिएको पाइन्छ । सामान्यतया मानसिक समस्यालाई शरीरले नथेग्ने भएपछि मात्र अस्पताल लैजाने चलन छ । त्यसमा पनि मानसिक समस्या लुकाउने, लाज मान्ने, ढाकछोप गर्ने पनि गरिन्छ । पूर्णतया स्वस्थ्य रहनका लागि हाम्रो शारीरिक र मानसिक दुवै स्वास्थ्य अवस्था ठीक रहनु आवश्यक हुन्छ । शारीरिक स्वास्थ्य तलमाथि भए लक्षणहरू तत्काल देखिन्छ । तर मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरू हेर्नासाथ नदेखिने पनि हुन सक्छ । यसको पहिचानका लागि सम्बन्धित विशेषज्ञको आवश्यकता पर्ने हुन्छ । मानसिक स्वास्थ्य सम्वेदनशील विषय हो । एउटा व्यक्तिको हात वा खुट्टा छैन भने पनि उसले जीवन निर्वाह गरिरहेको हुन्छ तर मानसिक रूपमा अस्वस्थ्य भए एउटा व्यक्ति शारीरिक रूपमा हट्टाकट्टा भएर पनि उ निष्काम हुने गर्दछ । यदि एउटा मानिस शारीरिक र मानसिक रूपले सन्तुलित भई भौतिक र सामाजिक वातावरणमा स्वभाविक र व्यवस्थित रूपले समायोजन हुन्छ भने त्यसलाई स्वस्थ्य भन्न सकिन्छ । मानसिक रूपमा अस्वस्थ्य भएको व्यक्तिलाई सामान्य अवस्थामा फर्काउने विधाहरूमध्ये मनोविमर्श एउटा महत्त्वपूर्ण विधा हो ।

# घरेलु बालश्रमिकसम्बन्धी अनुसन्धान २०१८ को सारसंक्षेप



**राजु थापा**
**कार्यकारी निर्देशक, सिविस**

भनिन्छ, अनवरत अनुसन्धान बिनाको सामाजिक विज्ञान मृत प्रायः हुन्छ। अनुसन्धानको माध्यमबाट नै नयाँ तथ्यहरू उजागर गर्ने, घटनाको विवेचना गर्ने, तथ्यहरू बीच अन्तरसम्बन्ध तथा अनुक्रम पत्ता लगाउने जस्ता जटिल कार्यहरू गर्न सकिन्छ। बालअधिकार र बाल संरक्षण पनि समाज विज्ञानकै अभिन्न अङ्ग भएकोले यस क्षेत्रको अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा दुईमत नहोला। यही तथ्यलाई मध्यनजर गर्दै सिविसले स्थापनाकालदेखि नै बाल अधिकार र बाल संरक्षणका क्षेत्रमा गहन अध्ययन अनुसन्धान गरी सोही अनुरूप प्राथमिकता निर्धारण गरेर विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

सन् २०१८ मा पनि सिविसले यस्तो अनुसन्धानलाई निरन्तरता दिएको छ। यसपालि गरिएको यो अनुसन्धान घरेलु बालश्रमिकहरूले संविधान प्रदत्त मौलिक हक अधिकार कत्तिको उपयोग गर्न पाएका छन् र उनीहरूको अवस्था कस्तो छ ? भन्ने विषयमा केन्द्रित रह्यो। बालश्रमविरुद्धको विश्व दिवसको अवसर पारेर यो अनुसन्धानका तथ्यहरूलाई सार्वजनिक गरिएको थियो। उक्त अनुसन्धानको शोध विधिमा काठमाडौ महानगरपालिकाको वडा नं. ३२, १७, १६, १३ र ९ का प्रत्येक वडाबाट १०।१० जना विद्यालय गइरहेका घरेलु बालश्रमिक रहेका थिए। उक्त वडाहरू छनौट गर्दा सम्भाव्यता नमुना चयन पद्धति अपनाइएको थियो भने, घरेलु बालश्रमिक छनौट गर्दा उमेर, लिङ्गको समानुपातिक प्रतिनिधित्व गर्न अनुमानिक प्रतिचयन नमुना पद्धति (Judgmental sampling) अनुसरण गरिएको थियो। तथ्याङ्क संकलन गर्न, सिविसका प्रतिनिधि तथा सम्बन्धित वडाका सामाजिक परिचालकहरू परिचालित थिए। अध्ययनलाई विश्वसनीय बनाउन, अवलोकन, अन्तरवार्ता, प्रश्नावली, लक्षित समूह छलफल (Focus Group Discussion) लगायतका विधिहरू अवलम्बन गरियो। तथ्याङ्कहरू संकलन गर्दा मात्रात्मक परिणाम समेत निकाल्नका लागि लाइकर्ट स्केलमा आधारित प्रश्नावलीको प्रयोग गरिएको थियो।

घरेलु बालश्रमिकले नेपालको संविधानको धारा ३९ मा उल्लेख भएका हक अधिकारको कति प्रतिशत उपभोग गर्न पाएका छन् त भनेर उनीहरूले पाउने शिक्षाको हक, स्वास्थ्यको हक, सहभागिताको हक, निकृष्ट तथा जोखिमपूर्ण कार्यविरुद्धको हक, यातनाविरुद्धको हक तथा दुर्व्यवहारविरुद्धको हकको अध्ययन गरिएको थियो। यस्ता हकहरू कुन स्तरमा प्राप्त भएका छन् भनेर ५ पोइन्ट लाइकर्ट स्केलमा उनीहरूको धारणा लिइएको थियो। जसअनुसार नमुना छनौटमा परेका सबै घरेलु बालश्रमिक विद्यालय गइरहेको पाइएकाले उनीहरूले शिक्षाको हकको उपभोग गर्न नपाएको भन्ने देखिएन। तर उनीहरूको घरमा अध्ययनका लागि वातावरण कुन स्तरको छ, रोजगारदाताले शिक्षालाई कत्तिको प्राथमिकता दिन्छन् र अध्ययन सामाग्री कत्तिको उपलब्ध गराइदिने गरेका छन् ? जस्ता सवालहरूमा अध्ययन गर्दा समग्रमा घरेलु बालश्रमिकले ५१ प्रतिशत मात्र शिक्षाको हक उपभोग गर्न सकेको पाइयो। स्वास्थ्यको हकका सम्बन्धमा खानेकुराको गुणस्तर, लत्ताकपडा, स्वास्थोपचार जस्ता विषयहरूलाई मध्यनजर राखेर अध्ययन गर्दा समग्रमा ५० प्रतिशतमात्र स्वास्थ्यसम्बन्धी हक पाउन सकेको पाइयो।

त्यसै गरी निकृष्ट तथा जोखिमपूर्ण कार्यविरुद्धको हक अन्तर्गत, जीउले धान्न नसक्ने काम, घरभित्रका जोखिमपूर्ण कामहरूमा बालश्रमिकको संलग्नताको बारेमा अध्ययन गर्दा उनीहरूले ४३ प्रतिशत मात्र यस्तो हक पाउने गरेको तथ्य पाइयो। रोजगारदाताले घरेलु बालश्रमिकहरूलाई दिने यातना वा शारीरिक दण्ड सजाय, इच्छाविरुद्धको काम गर्न दबाब, बन्धक बनाउने, धम्काउने, थर्काउने जस्ता व्यवहारहरूसँग सम्बन्धित रहेको यातनाविरुद्धको हकको स्थितिका बारेमा गरिएको अध्ययनबाट ५४ प्रतिशतभन्दा बढी यस्तो हक पाउन नसकेको स्थिति देखियो। बालश्रमिकमाथि गरिने अस्वभाविक स्पर्स, अपमानजनक शब्द र गाली जस्ता व्यवहारसँग सम्बन्धित दुर्व्यवहारविरुद्धको हकको सन्दर्भमा गरिएको अध्ययनबट उनीहरूले ५३ प्रतिशतभन्दा बढीले यस्तो हक उपभोग गर्न सकेको पाइएन।

समग्रमा शिक्षाको हक, स्वास्थ्यको हक, सहभागिताको हक, निकृष्ट तथा जोखिमपूर्ण कार्यविरुद्धको हक, यातनाविरुद्धको हक, दुर्व्यवहारविरुद्धको हकको औसतमान ४९ प्रतिशत आएको थियो। यसबाट के प्रष्ट हुन्छ भने सतप्रतिशत पाउनु पर्ने मौलिक हक, घरेलु बालश्रमिकले आधाभन्दा कम मात्र उपभोग गर्ने अवसर पाएका छन् र आउँदा दिनमा सरकारी र गैरसरकारी प्रयास त्यस्ता संविधान प्रदत्त हकको बढोत्तरीमा केन्द्रित हुन जरुरी छ।

घरेलु बालश्रमिकको सामाजिक र पारिवारिक पृष्ठभूमि, जातीय भेदभाव तथा आर्थिक स्थितिको अध्ययन गर्दा, दलित घरेलु बालश्रमिक शून्य प्रतिशत रहेको पाइयो। यो नतिजाबाट समाजमा अझै पनि छुवाछुत कायम रहेकाले दलित समुदायका सदस्यलाई घरायसी काममा प्रयोग नगरिने अवस्था रहेको स्पष्ट हुन्छ। अर्को तर्फ ७८ प्रतिशत घरेलु बालश्रमिकको बाबु आमा दुवै नभएको पाइएकोले बाल्य अवस्थामै अनाथ हुन पुगेका यस्ता बालबालिका घरेलु बालश्रमिक हुनु पर्ने बाध्यात्मक स्थिति रहेको पाइएको थियो। घरेलु बालश्रमिकमध्ये ६४ प्रतिशतको परिवारको वार्षिक आम्दानी रु. ५०,००० भन्दा कम भएकोले चरम गरिबीको कारण उनीहरू बालश्रमिक हुन बाध्य भएको तथ्य पनि उजागर भएको थियो। यस्ता बालश्रमिकमा ४६ प्रतिशत आफन्तको माध्यमबाट रोजागारदातासम्म पुगेको पाइयो। रोजगारदाताहरूमा सरकारी कर्मचारी, विकासे कार्यकर्ता, व्यापारी, शिक्षक, डाक्टर, इञ्जिनियर,

वकिल जस्ता पेशाका व्यक्तिहरू पाइए। यीमध्ये १३ प्रतिशत त सरकारी कर्मचारीहरू नै देखिए।

घरेलु श्रममा संलग्न गराइएका ९४ प्रतिशत बालबालिकासँग कुनै पनि श्रम सम्झौता नभएको र ६४ प्रतिशतलाई तलब नदिई त्यतिकै श्रममा लगाइएको थियो। त्यस्तै २४ प्रतिशतभन्दा बढी घरेलु बालश्रमिक बिहान ५ बजेदेखि राति ११ बजेभन्दा पछिसम्म पनि लगातार काम गर्न बाध्य बनाइएको पाइयो। यस्तै यस्तै कारणले पनि ७८ प्रतिशत बालबालिका आफ्नै घर फर्कन चाहेका थिए र उनीहरूमध्ये ८८ प्रतिशतले बालश्रम निषेध गर्नुपर्छ भन्ने धारणा व्यक्त गरेका थिए।

यस अनुसन्धानले माथि उल्लिखित यावत समस्याहरू पहिचान गरिसकेको अवस्थामा ती समस्याहरू समाधानार्थ सम्बन्धित पक्षले बालश्रम न्यूनीकरण तथा घरेलु बालश्रमिकको अवस्था सुधार गर्नका लागि अझ प्रभावकारी ढङ्गले अघि बढ्नु पर्ने आवश्यकता औँल्याएको छ भने अर्को तर्फ सम्बन्धित सरकारी तथा गैरसरकारी निकायले घरेलु बालश्रम न्यूनीकरण गर्नका लागि प्राथमिकता निर्धारण गर्न मार्गदर्शन गरेको छ। आशा राखौँ सम्बन्धित सरोकारवालाहरू अनुसन्धानको तथ्यअनुसार कार्ययोजना बनाएर घरेलु बालश्रम न्यूनीकरण गर्न लागि पर्नेछन्।

# महिला तथा बालबालिका बेचबिखनको न्यूनीकरणमा सिविसको भूमिका



बाबु राम गौतम
(टिम लिडर)



कृति वैद्य
(परियोजना संयोजक)

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी समस्याको रूपमा विकास भएको छ। नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन। मानव बेचबिखन एउटा गम्भीर अपराधका साथै मानवअधिकार उल्लंघनको सबैभन्दा निकृष्ट र लज्जास्पद उदाहरण हो। यो अपराध आधुनिक दासत्वको रूपमा महिला, पुरुष र बालबालिका जो कोहीलाई श्रम तथा यौन शोषणलगायत विभिन्न उद्देश्यले हुने गरेको पाइन्छ। मानव बेचबिखन विश्व मै तेस्रो ठूलो संगठित अपराधको रूपमा देखा पर्दै आएको छ। आर्थिक हिसाबले यो एउटा दोस्रो लाभदायक तथा सबैभन्दा छिटो बिस्तार हुँदै गएको अपराध हो। मानव बेचबिखन तथा ओसारपसारले मानवको स्वतन्त्र, सुरक्षित र सम्मानित जीवन बाँच्न पाउने अधिकारको उल्लङ्घन गर्दछ। यस अपराधको तीव्रता भिन्न हुने भएतापनि UNODC का अनुसार अहिलेसम्म कुनै पनि देश मानव बेचबिखनबाट अछुतो रहन सकेको पाइदैन। नेपाललाई अमेरिकी विदेश विभागले Tier 2 country को रूपमा वर्गीकरण गरेको छ। किनकी मानव बेचबिखन तथा ओसारपसार उन्मूलनको लागि यस विभागले तय गरेको न्यूनतम मापदण्ड नेपालले पूरा गरेको छैन। तापनि नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रयासहरू भने गर्दै नै आएको पाइन्छ।

वि. सं. २०५२ असोजमा महिला, बालबालिका, तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो। यसपछि तत्कालै चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्ध नीति

तयार भयो। यस मन्त्रालयले २०६५ सालमा 'यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना' तर्जुमा गरी कार्यान्वयनमा ल्यायो। कार्यान्वयनका लागि केन्द्रीय तहदेखि स्थानीय तहसम्म विभिन्न संरचनाहरू निर्माण भए। केन्द्रमा यस मन्त्रालयको सचिवको संयोजकत्वमा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरू सम्मिलित राष्ट्रिय स्तरको कार्यदलसमेत गठन गरियो।

वि.सं. २०४३ मा चेलीबेटी बेचबिखन नियन्त्रण ऐन बनाइयो। तर बदलिँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्या र आयामहरूलाई यो ऐनले पनि सम्बोधन गर्न सकेन। यसर्थ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ जारी भयो। सो ऐन तथा नियमावलीमा राष्ट्रिय, जिल्ला तथा स्थानीय तहमा यो समस्या नियन्त्रणका लागि स्थायी रूपमै समितिहरू गठन गर्ने व्यवस्था गरियो। सोही अनुरूप अहिले केन्द्रमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय समिति (NCCHT) गठन भएको छ। यसैगरी ७५ वटै जिल्लाहरूमा जिल्ला समितिहरू (DCCHT) गठन भएका छन्।

वि.सं. २०६८ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा भयो। साथै वि.सं. २०७१ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि योजना तयार पारी कार्यान्वयनमा ल्याइएको छ।

## बालबालिका बेचबिखनको वर्तमान अवस्था

विश्व इतिहासको विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बधुवा श्रम, असुरक्षित आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व, बाध्यात्मक विवाह, बालविवाह, बालश्रम, बालदासत्व, धर्मपुत्र धर्मपुत्रीका रूपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिका लागि महिला, बालबालिका र पुरुषहरूको समेत बेचबिखन हुँदै आएको छ। समयको अन्तरालसँगै यो समस्याको स्वरूप र आयाममा परिवर्तन हुने गरेको पाइन्छ।

मानव बेचबिखनलाई आधुनिक युगको दासता पनि भन्ने गरिन्छ। अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको माग दिनदिनै बढ्दो छ। अन्तर्राष्ट्रिय श्रम संगठनले विश्वभरि २.१ करोड मानिसहरू दासत्वको रूपमा रहेको अनुमान गरेको छ। यसैगरी Walk Free Foundation द्वारा प्रकाशित Global Slavery Report का अनुसार विश्वभरी अनुमानित ४ करोड ५८ लाख मानिसहरू कुनै न कुनै रूपमा आधुनिक युगको दासतामा बाँच्नु परेको तथ्याङ्क सार्वजनिक गरेको छ।[१] महान्याधीवक्ताको कार्यालयद्वारा प्रकाशित वार्षिक प्रतिवेदनअनुसार २४% प्रभावितहरू १६ वर्ष मुनिका, ४१% प्रभावितहरू ६-१८ वर्ष मुनिका, २४% प्रभावितहरू १८ वर्ष माथिका रहेका छन्।[२] राष्ट्रिय मानवअधिकार आयोगले प्रकाशन गरेको मानव बेचबिखनसम्बन्धी (Trafficking in Person) राष्ट्रिय प्रतिवेदनअनुसार आर्थिक वर्ष १३/१४ र १४/१५ मा ९०००-९५०० मानव बेचबिखनको प्रयासमा र ८०००-८५०० मानव बेचबिखनमा परेको तथ्याङ्क सार्वजनिक गरेको छ। यसरी बेचबिखनमा पर्नेमा सबैभन्दा बढी महिला र बालबालिका रहेका छन्। साथै भूकम्पपश्चात् बेचबिखनको जोखिम १५ प्रतिशतले बढेको छ।[३] मानव बेचबिखनकालागि नेपाल स्रोत (source), निर्यात (Transit) र गन्तव्य (Destination) देशको रूपमा रहेको छ।[४] नेपालबाट ठूलो

१ Global Slavery Index, 2016

२ Annual report prepared by Office of the Attorney General, Jestha 2071.

३ Trafficking in Person, National Report 2013-2015, NHRC-Nepal

४ Trafficking in Person (TIP) Report 2016, US Depart-

संख्यामा बालबालिका तस्करी गरेर भारत र अन्य देशमा बेचिन्छन् । मानव तस्करहरूले संगठित रूपमा बालबालिकाको डरलाग्दो व्यापार गरिरहेका छन् ।

विश्वमा हरेक ६ सेकेन्डमा एक बालबालिका विस्थापित हुने गरेको अध्ययनले बताएको छ ।[५] बालबालिका विस्थापित हुने एक प्रमुख कारण बाढी, पहिरो तथा भूकम्प जस्तो विपत्ति रहेको छ । यसरी विस्थापित भएका बालबालिकाको समयमा पुनर्स्थापना हुन नसक्दा बालबालिका मानव बेचबखनलगायत अन्य प्रकारका जोखिमहरूमा पर्ने गर्दछन् । नेपालमा भूकम्पका कारण पहाडी भेगका बालबालिकाले भोगेको समस्या नसकिँदै पुन तराई भेगका बालबालिकाले पनि भीषण बाढीको समस्या भोग्नुपरेको थियो जसबाट पुनः हजारौँ बालबालिका विद्यालय छाड्न बाध्य भएका थिए ।

## मानव बेचबिखनको प्रमुख कारक तत्व

महिला तथा बालबालिका बेचबिखनमा पर्नुको मुख्य कारकका रूपमा गरिबी हो भन्ने मानिएता पनि यसलाई मात्र प्रमुख कारण मान्न सकिन्न । मानिसलाई गरिब बनाउने तत्वहरू जस्तै समाजिक लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, संरचनागत विभेदहरू जस्ता कारणहरूलाई मानव बेचबिखन/ओसारपसारको पनि प्रमुख कारक तत्वको रूपमा लिन सकिन्छ । पापर (Poverty Reduction Strategy Papers) का अनुसार नेपालका ३८% जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । सामाजिक लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, समाजमा विद्यमान संरचनागत भेदभाव, प्राकृतिक प्रकोपहरू, सशस्त्र संघर्ष/गृह युद्ध मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पुऱ्याउने प्रमुख कारक तत्वहरूको रूपमा पाइएको छ ।[६] गरिबी र रोजगारीको अवसरको अभाव भइरहेको अवस्थामा कुनै अवसर पाउने आशाका कारण मानिसहरू सहरतिर स्थानान्तरण हुने गर्दछन् । यसैगरी कतिपय घटनाहरूमा घरेलु हिंसा अथवा सामाजिक विभेदबाट मुक्त हुन पाउने आशामा विशेष रूपमा महिला र बालबालिकामाथि आफू बसेको स्थानबाट सहरतिर स्थानान्तरण गर्न दबाब सिर्जना गरेको पाइन्छ । यिनै माथि उल्लेखित कारणहरूले महिला र बालबालिकामाथि बेचबिखन हुन सक्ने जोखिमलाई बढाएको पाइन्छ ।

## बेचबिखन न्यूनीकरणमा सिविसको भूमिका

मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित रूपमा गरिने गम्भिर प्रकृतिको अपराध नियन्त्रण कुनै सरकारी निकाय वा एक्लो संस्थाको पहलमा सम्भव छैन । यो अपराधलाई न्यूनीकरण गर्दै निराकरणको दिशामा अगाडि बढ्न सबै सरोकारवालाहरूले संयुक्त अभियान सञ्चालन गर्नु आजको आवश्यकता बनेको छ । यही आवश्यकतालाई मध्यनजर गर्दै यो अपराधविरूद्धको अभियानमा सिविस, Anti-Slavery International र संरक्षक समूह नेपाल (ससाने)ले संयुक्त अभियान सञ्चालन गरेका छन् । यो अभियानलाई अगाडि बढाउनका लागि तीनै वटा संस्थाहरूको सहकार्यमा धादिङ, नुवाकोट र सिन्धुपाल्चोकमा कार्यान्वयन मानव बेचबिखनविरुद्धको परियोजना सञ्चालन भइरहेको छ । यी जिल्लाहरू २०७२ सालको भूकम्पबाट प्रभावित जिल्लाहरू हुन् । पहिलेदेखि नै मानव बेचबिखनबाट प्रभावित रहँदै आएका यी जिल्लाहरूमा भूकम्प पछि बेचबिखनको अवस्था अझ गम्भीर बनेको र बढ्दो अवस्थामा रहेको छ ।

ment of State

५ न्यूयोर्कस्थित मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको तथ्याङ्कअनुसार, सेप्टेम्बर २०१७

६ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सूचना सामाग्री "ज्योति", महिला पुनर्स्थापना केन्द्र २००२

भूकम्पपछि मानव बेचबिखन तथा ओसारपसारको जोखिम र बेचबिखनबाट प्रभावित किशोरकिशोरी र सम्बन्धित सरोकारवालाहरू यस परियोजनाका मुख्य लाभार्थी हुन्। त्यसैले परियोजना केन्द्रित गाउँपालिकाका बालबालिकाको संरक्षणका लागि युवा तथा स्थानीय संयन्त्रले तत्परता देखाउनु आवश्यक छ। यसबाट बेचबिखनको उच्च जोखिममा रहेका तथा व्यवसायिक यौन शोषणमा परेकाहरूमा हुने भेदभावमा न्यूनीकरण भई सम्बन्धित मुद्दा जस्तै बाल अधिकार, बाल बेचबिखनका विषयमा ज्ञान आर्जन हुन सक्ने छ। यस परियोजना अन्तर्गत प्रभावित क्षेत्रका समुदायमा सम्बन्धित निकायहरूको सहयोगमा बाल तथा मानव बेचबिखनका घटनाहरूको सम्बोधन गर्ने गरिएको छ। साथै बाल बेचबिखन तथा शोषणसँग सम्बन्धित घटनाहरूको व्यवस्थापनमा प्रणालीगत सुधारका लागि पहल गएिकोछ। परियोजनाको अन्त्यमा बालबालिका बेचबिखनविरुद्धको कार्यक्रमले समग्र अवस्थामा के कस्तो परिवर्तन ल्यायो भन्ने सम्बन्धमा तथ्याङ्क संकलन गरी अनुसन्धान प्रतिवेदन तयार गरिनेछ।

## अबको बाटो

मानव बेचबिखनको अपराधको सम्बोधन गर्नका लागि शिक्षा, जनचेतना, सामाजिक संलग्नता र परामर्श जस्ता क्षेत्रहरूमा केन्द्रित भएर कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यसको विरुद्धमा प्रभावित र जोखिममा रहेका व्यक्तिहरू, तिनीहरूका आमाबुबा, अभिभावक, शिक्षकलगायत सम्बन्धित सरकारी र गैर सरकारी सरोकारवालाहरूमा ध्यानाकर्षण गर्न र संलग्न गराउन पनि धेरै जरुरी छ। यसैगरी प्रभावित र जोखिममा रहेकाहरूलाई व्यवसायिक सीप र प्रशिक्षण दिई, बजार वा रोजगारदातासँग सम्पर्क गराई वित्तीय स्थिरताको लागि मार्गदर्शन गर्नु आवश्यक देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा जोखिममा परेकाहरूको पारिवारिक सशक्तीकरण उत्तिकै महत्त्वपूर्ण छ। यस्ता अवसरहरूले गर्दा प्रभावितहरूलाई नयाँ जीवन जीउन सहयोग पुग्छ। यसैगरी यसले आफ्नो परिवार र समाजमा बस्ने एउटा बलियो आधार पनि तयार गर्दछ। यसका अतिरिक्त मानव बेचबिखन नियन्त्रणका लागि प्रभावितहरू पुनः बेचबिखन हुनुबाट सुरक्षित हुन र पुनः सामान्य अवस्थामा फर्किन उनीहरूको पुनर्स्थापना कार्यलाई सुदृढ बनाउनुपर्छ। साथै धेरैजसो परिवारले प्रभावितहरूलाई सहजै स्वीकार्दैनन् भने कतिपयले स्वीकार्दै नस्वीकार्ने स्थिति देखिने गरेको छ। त्यसैले अभियानहरूमा प्रभावितहरूलाई स्वीकार्ने वातावरण सिर्जना गर्नका लागि प्रभावितहरूका परिवारलाई आवश्यक परामर्श दिने कुरालाई समावेश गरिनु जरुरी छ।

नेपालले भदौ २०७५ देखि लागु हुने गरी मुलुकी अपराध संहिता ऐन, २०७४ गत असोजमा जारी गरेको छ। यस ऐनमा मानव बेचबिखनको अपराधविरुद्ध विभिन्न व्यवस्थाहरू रहेका छन्। यसमा रहेका मूलभूत विशेषताहरूमा अनुसन्धान गर्न विशेष टोली गठन गर्न सक्ने, मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनुपर्ने, साक्षी र पीडितको संरक्षण, कसूरदार ठहर र सजाय निर्धारण अलग अलग सुनुवाइबाट हुनेलगायतका प्रावधानहरू समावेश गरिएको छ। यसैगरी सबैजसो कसुरमा दण्ड सजाय बढेको छ। बेचबिखनलाई जघन्य कसुरको रूपमा वर्गीकरण गरिएको छ जसमा कसुरदारलाई १० वर्षदेखि माथिको कैद तय गरिएको छ। गैरसरकारी संस्थाहरूले पहिले ऐनमा समावेश गर्नु पर्छ भनेर उठाएका सवालहरूमध्ये धेरै जसो सवालहरू नयाँ ऐनमा समावेश गरिएका छन्। त्यसैले अबको पैरबी भनेको ती प्रावधानहरूको उचित र समयमा नै कार्यान्वयन हुनमा केन्द्रित हुनुपर्छ।

# सिविसको स्रोत परिचालन र व्यवस्थापन विगतदेखि वर्तमानसम्म



**प्रमोद आचार्य**
आर्थिक तथा प्रशासनिक व्यवस्थापक

आज सम्झदा भर्खर जस्तो लाग्छ, दिन बित्न समय लाग्दो रहेनछ। सिविससँगको मेरो यात्रा १८ वर्ष पूरा भएछ। आज सिविसको २५ वर्षे स्मारिकामा विगतको सम्झना गर्ने जमर्को गर्न पाउँदा खुशी लागेको छ।

वि.स. २०५७ साल जेष्ठ महिनामा मेरो सिविसमा प्रवेश भएको थियो। त्यस बखत सिविस एउटा कोठामा सिमित थियो। सिविसको पूरा नाम सम्झन र भन्न पनि एक छिन सोचेर मात्र भन्न सकिन्थ्यो। प्रारम्भमा यसले घरेलु बालश्रमिकहरूलाई रोजगारदाताहरूको घरबाट बाहिर ल्याई अनौपचारिक कक्षा पढाउने काम गर्दथ्यो। त्यस बेला घरमा काम गर्ने बालश्रमिकलाई २ घण्टाको समयका लागि बाहिर ल्याउने काम निक्कै कठिन थियो। साँच्चै भन्ने हो भने यो कार्य निकै चुनौतीपूर्ण थियो। यस्तो परिस्थितिमा फ्रान्सका डोमेनिक पिभ्रोनको सहयोगमा सिविसले कामको थालनी गरेको थियो। घरभित्र गरिने कामलाई काम नै नठानिने सोच विद्यमान भएको तत्कालिन अवस्थामा ठुला बडाहरू घरेलु श्रमिक आफ्नो सान बढेको ठान्ने गर्दथे। त्यतिमात्र होइन उनीहरू बालबालिकालाई घरेलु श्रमिकको रूपमा राखेर काम गराउनु भनेको उनीहरूलाई खान दिएर उद्धार गरेको दुहाइसमेत दिने गर्दथे। यस्तो समाजिक परिवेशलाई चिर्दै सिविस अगाडि बढेको थियो।

मलाई राम्रो सम्झना छ, म प्रवेश गर्दा सिविसको खातामा मात्र रु.२५०००।– थियो। संस्थामा सहजकर्ताको रूपमा मिना विष्ट, युवराज घिमिरे र प्रदिप डंगोल हुनु हुन्थ्यो। त्यसबेला बालश्रमिकहरूलाई पढाएको कुराको कुनै अभिलेख राख्नु पर्छ भन्ने कुरामा समेत हामीले ध्यान पुऱ्याउन सकेका थिएनौ। सिविसमा प्रवेश भएपछि प्रारम्भमा मैले पढाएका बालबालिकाको नामावली खोज्ने काम सुरु गरैं। संस्था नवीकरण नगरेको २ वर्ष भएको रहेछ। सबैभन्दा पहिले संस्था नवीकरण गरियो। साथै संस्थालाई समाज कल्याण परिषद्मा आबद्धता गराउने काम पनि

गरियो। संस्थालाई व्यवस्थित गराउँदै जाने, आर्थिक पक्षका कामहरूलाई पनि व्यवस्थित बनाउदै लैजाने क्रममा मैले यसै क्षेत्रमा अनुभवहरू संकलन गर्दै गएँ। २०५७ मंसिरबाट जिटिजेटको आर्थिक सहयोगमा बालश्रमिकको अवस्था सुधार परियोजना सञ्चालन गर्न थाले पछि संस्था बिस्तारै बामे सर्ने काम गर्न थाल्यो। कामले काम सिकाउँछ भने झैं संस्थाले बालश्रमिकहरूका लागि अनौपचारिक कक्षाहरू सञ्चालनका साथ साथै रोजगारदातालाई पनि आफ्नो लक्षित समूह बनाई उनीहरूका लागि बालश्रमविरुद्ध सचेतना जगाउने काम गर्न थालियो।

वि. सं. २०५७ फागुनतिर सेभ द चिल्ड्रेनसँगको सहकार्यमा Global Movement For Children को परियोजना सञ्चालन भयो। यो परियोजनाले घरेलु बालश्रमिकको सवाललाई समाजमा स्थापित गर्ने कार्यमा उल्लेख्य भूमिका खेल्यो। यस पछि वि.स. २०५८ मा घरेलु श्रमिकहरूलाई स्थानीय वडा कार्यालयमा दर्ता गर्नु पर्छ भन्ने सवाल उठाउनका लागि सेभ द चिल्ड्रेनको सहयोगमा नयाँ पहल सुरु भयो। यो पहलको क्रममा सिविसले पहिलो पटक कार्यात्मक अनुसन्धान (Action Research) गऱ्यो। यस अनुसन्धान अन्तर्गत काठमाण्डौ नगरपालिका वडां.नं. ७ का सबै घरधुरी सर्वेक्षण गरियो। यस अनुसन्धानबाट वडा नं. ७ मा ८०० घरेलु श्रमिकहरू रहेको तथ्य बाहिर ल्यायो।

यसपछि विकास बेल्जियम नाम गरेको दातृ निकायले नवलपरासीमा महिला सशक्तीकरणको कार्यक्रमका लागि सहयोग गरिरहेको थियो। यसका लागि यो दातृ निकायले आ.व. २०५६/०५७ मा रु.४८९३००/– सहयोग गरेको थियो। लक्षित समूहका लागि सञ्चालन गरेको परियोजना सफलतापूर्वक सम्पन्न हुँदै जाने क्रममा आ.व. २०५६/०५७ मा AAEN France, Bikas Belgium बाट पनि सिविसलाई सहयोग प्राप्त भएको थियो। यसैगरी आ.व. २०५७/०५८ मा AAEN, France, GTZ, Bikas Belgium, SCN, CARNWG लगायतका संस्थाहरूले सिविसलाई सहयोग प्रदान गरेका थिए। सञ्चालित परियोजनाहरूलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि आ.व. २०५८/०५९ मा पनि AAEN, Bikas Belgium, GTZ, र SCI ले यस संस्थालाई सहयोग प्राप्त भएको थियो। संस्थाले छानेको कार्यक्षेत्रमा लक्षित समूहमाथि परियोजनाले पारेको सकारात्मक प्रभावहरू देखिन थाले। आम समुदायमा बालअधिकार, बालसंरक्षण आदि क्षेत्रमा सचेतनाको तह बढ्दै गयो। संस्थाले काम गर्ने सक्ने क्षमता देखेर विश्व शिक्षाले पनि कार्यक्रम दिने निर्णय गऱ्यो। यो कार्यक्रमले संस्थाको कार्यक्षेत्र बिस्तार गर्न धेरै महत्त्वपूर्ण भूमिका खेल्यो। यसरी आ.व. २०६८/०६९ सम्म संस्थाले विभिन्न २४ वटा दातृ संस्थासँग ४७ वटा परियोजनामा काम गर्ने अवसर प्राप्त गरिसकेको थियो।

संस्थाले साना साना परियोजनाहरू बनाउदै तिनीहरूलाई सफलतापूर्वक सम्पन्न गर्दै दातृ संस्थाहरूको विश्वास जित्दै गएको थियो। यसले संस्थाको कार्यक्षेत्र बिस्तारमा उल्लेख्य भूमिका खेलिरहेको थियो। यस्ता नयाँ नयाँ सिर्जनशील विचार र सोचहरूमा आधारित परियोजनाहरू निर्माणमा तत्कालिन कार्यकारी निर्देशक मिलन धरेलको महत्त्वपूर्ण योगदान रहेको थियो। संस्थाको कार्यक्षेत्र बिस्तार हुने क्रममा कर्मचारीहरूको संख्या पनि क्रमशः बढ्दै गयो। कर्मचारीहरू संस्थाका खम्बा हुन्। उनीहरूको विषयगत ज्ञान, सीप, दक्षता र अनुभवले नै संस्थाको पहिचान हुने कुरालाई ध्यानमा राख्दै संस्थाले कर्मचारीको क्षमता विकासमा जोड दिन थाल्यो। संस्थाले आवश्यकताअनुसार परियोजनासँग सम्बद्ध विषयगत ज्ञान, सीपका लागि विभिन्न तालिमहरू दिने, नयाँ कुरा सिक्नका लागि देश विदेश पठाउने परिबन्द मिलायो। यसरी विभिन्न प्रकारका विषयगत ज्ञान तथा सीप भएका क्षमतावान, जुझारु र लगनशील कर्मचारीको कारण दातृ संस्थाहरूको पनि सिविसमाथिको विश्वास

बढ्दै गयो र संस्थालाई स्रोत जुटाउन सहज हुँदै गयो ।

संस्थाको आर्थिक व्यवस्थापन चुस्त दुरुस्त बनाउन संस्थाले आ.व. २०६२/०६३ बाट चार्टर एकाउन्टेन्टबाट लेखा परीक्षण गराउने कार्य सुरु गऱ्यो । निजले दिएको सल्लाह सुझावअनुसार संस्थाले आर्थिक तथा प्रशासनिक नीति नियम बनायो । परिणामस्वरूप आर्थिक व्यवस्थापनमा महत्त्वपूर्ण सुधार हुँदै गयो । क्षमतावान कर्मचारीहरू थप्दै नयाँ परियोजनाहरूमा जोड्दै लैजाने क्रमलाई संस्थाले निरन्तरता दिइरह्यो । यसैको परिणाम संस्थामा दक्ष कर्मचारीको अभाव हुन पाएन । यसै गरी आर्थिक लागत, अभिलेखहरू कम्प्युटर सफ्टवेरलगायतका प्रविधिहरू प्रयोग गरी आर्थिक तथा प्रशासनिक पक्षलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउदै लैजाने काम भयो । समय समयमा हुने लेखा परीक्षण, अनुगमनले संस्थाको आर्थिक तथा प्रशासनिक पक्षलाई समयको माग अनुसार परिवर्तन गर्न मार्गनिर्देश गरेको थियो ।

संस्थाले घरेलु बालश्रमको क्षेत्रमा काम गर्ने रणनीति पनि समय सापेक्ष परिवर्तन गर्दै गयो । सुरुमा बालश्रमिकहरूका लागि अनौपचारिक कक्षा सञ्चालन गर्दै आएको सिविसले बिस्तारै रोजगारदाता र बालश्रमिकहरूको परिवारका लागि सचेतनाका कार्यक्रमहरू गर्न थाल्यो । त्यस पछि बालश्रमिकहरूमा हुने यौन दुर्व्यवहार, कुटपिट जस्ता मुद्दाहरूमा जोखिम मोलेर भए पनि उद्धार, राहत तथा कानुनी सहायता, पारिवारिक पुनर्स्थापना जीविकोपार्जनका कार्यक्रमहरू  सञ्चालन गर्दै आयो । यसरी काम गर्दै जाँदा संस्थाको कार्यक्षमता र विश्वास पनि बढ्दै गयो । यसैगरी संस्थाले आवश्यकताअनुसार बालबालिकाका विभिन्न सवालहरूसम्बन्धी अध्ययन अनुसन्धानलाई पनि सँगसँगै अगाडि बढायो ।

२०७२ बैशाख १२ गते देशले अचानक विनाशकारी भूकम्पको सामना गर्नुपऱ्यो । संस्थाका दक्ष तथा अनुभवी कर्मचारी भएकै कारण भूकम्प आएको केही दिनपछि नै उत्पन्न समस्याहरूको सम्बोधनका लागि सिविसले पहलकदमी थालेको थियो । त्यसबेला संस्थाद्वारा सञ्चालित परियोजनाका कामहरू सँगसँगै विपद् प्रभावित बालबालिकाका समस्याहरूलाई हल गर्ने योजनाका साथ कामहरूलाई अगाडि बढायो । यस क्रममा प्रभावित बालबालिकाका लागि अस्थाइ सिकाइ केन्द्रहरू स्थापना गर्ने,  मनोसामाजिक पीडामा परेका बालबालिकालाई मनोविमर्श सेवा प्रदान गर्ने, उनीहरूलाई सामान्य अवस्थामा फर्काउन अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नेलगायतका कार्यक्रमहरू सफलताका साथ सम्पन्न भएका थिए । सिविसको यो पहलकदमीले सिविसलाई विपद् व्यवस्थापनमा स्रोत परिचालन गर्न सफल संस्थाको रूपमा स्थापित गऱ्यो । परिणामस्वरूप संस्था विपद्पश्चातको अवधिमा विभिन्न दातृ निकायहरूबाट स्रोत जुटाउन समर्थ भयो ।

यसरी ४ जना कर्मचारीबाट सञ्चालन गरिएको सिविस सन् २०१५ को १ वर्षमा ९३ जना कर्मचारीहरूको व्यवस्थापन गर्न सफल भएको थियो । यसैगरी प्रारम्भमा रु २५,०००।– को बजेटबाट कार्य थालनी गर्ने सिविसले सन् २०१५ मा ११ करोड ३० लाखसम्मको बजेट परिचालन गरी लक्षित समूहसमक्ष सेवा पुऱ्याउन सक्षम भयो । सन् १९९८ मा फ्रान्सेली राजदूतको सहयोगमा नवलपरासी जिल्लाका थारु महिलाहरूलाई कानुनी शिक्षा र आर्थिक सशक्तीकरण परियोजनाबाट कार्य प्रारम्भ गरेको सिविसले सन् २०१५ मा मात्र साना ठूला गरी १८ वटा परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको थियो ।

कार्यक्रम लागू गर्नमा सफलताका साथै संस्थाको आर्थिक तथा प्रशासनिक व्यवस्थापनलाई पनि सिविसले नयाँ उचाइमा पुऱ्याएको छ । प्रारम्भमा लेखालाई व्यवस्थित गर्नका लागि संस्थाको सम्पूर्ण हिसाब किताबको लगत रजिष्टरमा राख्ने गरिन्थ्यो ।

सन् २००६ देखि सेभ द चिल्ड्रेनको सहयोगमा संस्थाको हिसाब किताबलाई कम्प्युटर प्रणालीमा राख्ने काम गर्न थालियो। साथै प्रशासनिक कार्य तथा अभिलेखहरू कम्प्युटरमा राख्ने कामको अभ्यास सुरु गरियो। प्रशासनिक व्यवस्थापन तर्फ हेर्दा संस्थाका सुरुवाती दिनहरूमा संस्थाको विधान र सामान्य कागजातहरूको आधारमा संस्थाको प्रशासन सञ्चालन गर्ने गरिन्थ्यो। गर्दै सिक्दै जाने क्रममा बिस्तारै आर्थिक तथा प्रशासनिक नियमावलीहरू निर्माण गरिन थालियो। संस्थाले बालसंरक्षण नीति निर्माण गर्‍यो। आर्थिक तथा प्रशासनिक कार्यहरूलाई चुस्त दुरुस्त बनाउनका लागि हाल करिब २२ वटा विभिन्न प्रकृतिका फारमहरूको प्रयोग गर्ने गरिएको छ।

यसरी संस्था अहिलेको समयसम्म आइपुग्दा यसले ३७ वटा दातृ संस्थाको सहयोगमा ९१ वटा परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरिसकेको छ।

विभिन्न परिस्थितिहरू, उतार चढावहरू पार गर्दै, समस्या चुनौतीहरूसँग सिँगौरी खेल्दै संस्था अगाडि बढिरहेको छ। कार्य समितिको मार्ग निर्देशन, दक्ष र अनुभवी मानवीय स्रोत परिचालन गरेर नै संस्था यहाँसम्म आइपुग्न सफल भएको हो। अन्त्यमा, संस्थालाई यहाँसम्म ल्याउनका लागि योगदान गर्नुहुने संस्थापकहरू, कार्य समितिका पदाधिकारीहरू, कर्मचारीहरू, लक्षित समुदायहरू, दातृ संस्थाहरू, सहकर्मी संस्थाहरू सबैको महत्त्वपूर्ण योगदान रहेको छ। यो योगदानको सिविस उच्च प्रशंसा गर्दछ।

# शिक्षाको अधिकारको अभियानमा सिविस



**रमेशकुमार पौडेल**
**परामर्शदाता, सिविस**



**ईशा बिमली**
**कार्यक्रम संयोजक**

## शिक्षासम्बन्धी कानुनी व्यवस्था

नेपालले बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितता गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा हस्ताक्षर गरिसकेको छ। समावेशी तथा स्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाइ प्रवर्धनका लागि दीगो विकास लक्ष्यको उद्देश्य ४ ले शिक्षालाई उच्च प्राथमिकता दिएको छ। यसै गरी नेपालको संविधानले शिक्षाको अधिकारलाई मौलिक हकको रूपमा मान्यता दिएको छ। यसमा प्रत्येक नागरिकलाई आधार भूत शिक्षाको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरिएको छ। अपाङ्ग तथा विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्न पाउने व्यवस्था पनि रहेको छ। यसमा दृष्टिविहिनलाई ब्रेल लिपि, कान नसुन्ने, स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएकाहरूलाई सांकेतिक भाषामा शिक्षा प्राप्त गर्ने अधिकार तथा नेपालभित्र वसोवास गर्ने प्रत्येक नेपाली नागरिकलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको छ। यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क भन्ने व्यवस्था गरेको छ। बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १५ मा शिक्षाको अधिकारको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बाल विकासको अधिकार, आधारभूत तहसम्म अनिवार्य

तथा निःशुल्क शिक्षाको अधिकार, माध्यमिक तहसम्म बालमैत्री वातावरणमा निःशुल्क शिक्षा प्राप्त गर्न पाउने अधिकार, विशेष शारीरिक तथा मानसिक अवस्थाअनुसार प्रचलित कानुन बमोजिम उपयुक्त अध्ययन सामाग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार, दलित बालबालिकालाई प्रचलित कानुन बमोजिम छात्रवृत्तिसहितको निःशुल्क शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ। यसरी राज्यले विभिन्न कानुनहरूको माध्यमबाट शिक्षालाई उच्च प्राथमिकता दिएको पाइन्छ।

## शिक्षा क्षेत्रमा देखिएका समस्याहरू

कानुनद्वारा शिक्षाको अधिकारको सुनिश्चितताका लागि गरिएका व्यवस्थालाई हेर्दा यसलाई सकारात्मक कदम मान्नु पर्दछ। तर कार्यान्वयन पक्षमा भने राज्यले अझै धेरै सुधार गर्नु पर्ने देखिन्छ। अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले शिक्षामा कुल बजेटको १५ देखि २० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको कम्तिमा ४ देखि ६ प्रतिशत बजेट छुट्याउने प्रतिबद्धता व्यक्त गरेको छ तर शिक्षा क्षेत्रमा राज्यले गरेको लगानी आर्थिक वर्ष २०६७।०६८ सालदेखि घट्दो क्रममा रहेको छ।[१] राज्यले निजी क्षेत्रलाई नियमन गर्न सकिरहेको छैन। एकातिर निःशुल्क शिक्षाको प्रतिबद्धता अर्कातिर पूर्व प्राथमिक तहदेखि नै निजी शिक्षाको व्यापारमुखी धार आपसमा विरोधावासपूर्ण सोच देखिन्छ। त्यसैगरी ८५ प्रतिशत भन्दा बढी बालबालिकाको पहुँचमा रहेको सार्वजनिक विद्यालयहरूले गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिरहेका छैनन्। जुन कुरा सार्वजनिक विद्यालयहरूको प्राप्ताङ्क अनुपात ४० प्रतिशतको हाराहारीमा देखिनुले सिकाइस्तर न्यून छ भन्ने पुष्टि गर्दछ।[२] सार्वजनिक विद्यालयहरूमा पर्याप्त दरबन्दी नभएको कारण शिक्षक र विद्यार्थीको अनुपात मिलेको छैन। सरकारी तथ्याङ्कअनुसार हाल करिब ६०,००० शिक्षक दरबन्दी खालि रहेको उल्लेख छ। शिक्षाका लागि राष्ट्रिय अभियान (NCE) ले २०७५ मा गरेको एक अध्ययनले करिब ७६ हजार शिक्षक सार्वजनिक विद्यालयहरूमा अभाव रहेको देखाएको छ।[३] राज्यबाट विद्यालयहरूमा गरिने अनुगमन प्रभावकारी देखिएको छैन। विद्यालयहरूमा अनुशासनका नाममा अनुचित तरिकाले दिइने दण्ड सजायका घटनाहरू नियन्त्रण हुन सकेका छैनन्। सार्वजनिक विद्यालयहरूमा सुशासन र जवाफदेहिताको अभाव रहनुकासाथै यस्ता विद्यालयहरूमा राजनीतिक हस्तक्षेप पनि भइरहेकै छन्।[४] विद्यमान अवस्थामा शिक्षा क्षेत्रले सामना गर्दै आएका यी समस्याहरूको सम्बोधन गर्नु नितान्त आवश्यकता बनेको छ। यस्तो सम्बोधन राज्यको अगुवाई र तीनै तहका सरकारहरूसँग नागरिक समाजको सहकार्यबाट मात्र सम्भव छ।

## शिक्षाको लागि राष्ट्रिय अभियान (NCE) नेपालमा आबद्धता

माथि उल्लिखित जस्ता शैक्षिक सवालहरूको पक्षमा वकालत गर्न तथा अझै प्रभावकारी ढङ्गबाट तिनको सम्बोधन र सञ्चालन गर्न कुनै एउटा मात्र संस्थाको प्रयासबाट सम्भव छैन। यसका लागि यस क्षेत्रमा संलग्न नागरिक समाजसम्बद्ध संस्थाहरूको सामूहिक प्रयासको

---

१ नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणसम्बन्धमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) को धारणा-पत्र २०७५

२ नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणसम्बन्धमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) को धारणा-पत्र २०७५

३ नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणसम्बन्धमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) को धारणा-पत्र २०७५

४ नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणसम्बन्धमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) को धारणा-पत्र २०७५

आवश्यकता छ। यही आवश्यकतालाई मनन गर्दै सिविस शिक्षाको लागि राष्ट्रिय अभियान (NCE) नेपालमा आबद्ध भएको छ। यो सञ्जाल मुलुकमा कार्यरत विभिन्न ३३९ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदायस्तरमा परिचालित संघ संस्थाहरूको एक राष्ट्रिय सञ्जाल हो। सिविस यो सञ्जालमा आबद्ध भएर सार्वजनिक शिक्षासँग सम्बन्धित जल्दा बल्दा सवालहरूको पक्षमा गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको वकालतमा आफ्नो तर्फबाट योगदान दिदै आएको छ। साथै सिविस स्वयम् पनि विगत लामो समयदेखि विद्यालयको शिक्षा क्षेत्रमा देखिएका समस्याहरूको सम्बोधनका लागि क्रियाशील हुँदै आएको छ।

## शिक्षाको अधिकारका लागि सिविसको पहलकदमी

आफ्नो स्थापनाको करिब ३ वर्ष पछि अर्थात् सन् १९९६ देखि सिविसले घरेलु बालश्रमिकहरूका लागि अनौपचारिक शिक्षासँग सम्बन्धित कक्षा सञ्चालन गर्न सुरुवात गरेको थियो। सिविसको यस कार्यमा हातेमालो गर्ने एक जना फ्रान्सेली नागरिक डोमिनिक थिए। उनको सहयोगमा काठमाण्डौका विभिन्न स्थानहरूमा विद्यालय जाने अवसर नपाएका घरेलु बालश्रमिकहरूको लागि अनौपचारिक शिक्षासँग सम्बन्धित कक्षाहरू सञ्चालन गरिएको थियो। यसबाट सकारात्मक परिणाम देखिन थालेपछि जि.टि.जेड नामक संस्थाले सन् २००० देखि थप पाँच वटा कक्षा सञ्चालनका लागि सहयोग जुटाएको थियो।

यस पछि शिक्षा क्षेत्रको कामलाई निरन्तरता दिने क्रममा सिविसले जिल्ला शिक्षा कार्यालयहरूको समन्वयमा वर्ल्ड एजुकेसन, इन्टरपिडिया, फिनल्याण्ड दुतावासलगायतका दातृ निकायहरूको सहयोगमा विभिन्न परियोजनाहरू सञ्चालन गर्दैआएको छ। सिविसको आफ्नै लागतमा समेत शिक्षासँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन भएका छन्।

## स्वरोजगारमूलक शिक्षा सञ्चालन

सिविसले सार्वजनिक विद्यालयहरूमा जोखिममा पर्न सक्ने सम्भावना भएका तथा उमेरको कारण युवा अवस्थाको नजिक पुगेका बालबालिकालाई स्वरोजगारमूलक शिक्षा कार्यक्रमसमेत सञ्चालन गरेको थियो। यस्तो स्वरोजगारमूलक शिक्षा अन्तर्गत व्यवसायिक सीप प्राप्त गरेका कतिपय बालबालिकाले हाल त्यही सीपको माध्यमबाट जीविकोपार्जन गरिरहेको पाइएको छ।

## अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग गाँस्ने काम

सिविसले विद्यालय जान नपाएका घरेलु बालश्रमिकलाई विद्यालय जानका निम्ति वातावरण तयार गर्न काठमाण्डौका विभिन्न क्षेत्रमा अनौपचारिक कक्षाहरू सञ्चालन गर्दै आयो। अनौपचारिक शिक्षासँग सम्बन्धित ९ महिने कक्षा पूरा गरिसकेपछि विद्यालय, रोजगारदाताहरूसँग सहकार्य गरी त्यस्ता बालबालिकालाई सिविसकै पहलमा विद्यालय भर्ना गराउने काम पनि गरिएको थियो। यसरी २०६७ सालमा अनौपचारिक शिक्षासँग सम्बन्धित कक्षामा पूरा गरेका केही श्रमिक बालबालिका हाल पनि सार्वजनिक विद्यालयहरूमा अध्ययन गरिरहेका छन्।

## विद्यालयहरूमा कार्यक्रम सञ्चालन

विद्यालयहरूलाई बालमैत्री विद्यालयको रूपमा रूपान्तरण गर्नका लागि यस संस्थाले काठमाडौ उपत्यका लगायत् विभिन्न जिल्लाहरूमा बालक्लबको स्थापना, त्यसको क्षमता अभिवृद्धि,

अभिभावक शिक्षक संघ र विद्यालय व्यवस्थापन समितिको गठनलगायतका कार्यक्रममा विद्यालयलाई सहयोग गर्दै आएको छ। यस शिलशिलामा अभिभावक शिक्षक संघ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्नो काम कर्तव्य र अधिकारका बारेमा जानकारी गराउने, बालमैत्री विद्यालय निर्माणका लागि विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता क्रियालापमा पनि सिविसको संलग्नता रहदै आयो । परिणामस्वरूप अभिभावक शिक्षक संघ र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले सिविसको सहयोगमा विद्यालयमा विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गरेका थिए । यस्ता कार्यक्रमहरूले विद्यालयमा भएका शिक्षक अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिहरू सक्रिय भएको र विद्यालय सुधारमा समेत मदत पुगेको थियो ।

## शैक्षिक सामाग्री वितरण

सिविसले विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने क्रममा बालश्रमको जोखिममा रहेका करिब ५००० बालबालिकाका लागि विभिन्न किसिमका शैक्षिक साम्राग्रीहरूको वितरण गर्‍यो। जसबाट शैक्षिक सामाग्रीको अभावमा विद्यालय जानबाट बञ्चित हुने सम्भावना भएका बालबालिकाहरूलाई निरन्तर विद्यालय जानका लागि समेत मद्दत पुगेको थियो। साथै काठमाण्डौ उपत्यकाका तीन जिल्लाका अतिरिक्त काभ्रे तथा रामेछापमा समेत शैक्षिक सामाग्री वितरण गरिएको थियो ।

## सहयोगी कक्षा सञ्चालन

सिविसले काठमाडौ उपत्यकाका १० वटा सरकारी विद्यालयका करिव १२०० बालश्रमिकहरूलाई लक्षित गरी सहयोगी कक्षा सञ्चालनमा ल्याएको थियो। यस्ता कक्षाहरूले बालबालिकालाई पढाइमा मद्दत पुर्‍याएकाले नै पढाइमा राम्रो सुधार आउनुका साथै परीक्षामा समेत राम्रो नतिजा आएको छ। त्यसैले होला यस्ता कक्षाहरू सबै सरकारी विद्यालयमा आवश्यक रहेको धारणा धेरै शिक्षकहरूबाट आएको छ।

## शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम

शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौ उपत्यकाका करिब ५०० शिक्षकहरूलाई विभिन्न किसिमका तालिमहरू समेत प्रदान गरिएको थियो । यस्ता तालिमहरूमा विद्यालय सुधार योजना निर्माण, बालमैत्री विद्यालय निर्माण, निरन्तर विद्यार्थी मूल्याङ्कन, शैक्षिक सामाग्री निर्माण आदि रहेको थियो । विद्यालयमा शिक्षण सिकाइका लागि सामग्री नभएको अवस्थामा कसरी सामाग्री निर्माण गर्ने भनी काठमाडौ उपत्यका लगायत काभ्रेका करिब ५२ जना शिक्षकहरूमा ३ दिने तालिम सञ्चालन गरिएको थियो। सो तालिममा सहभागी शिक्षकहरूले सिकाइलाई विद्यालयसम्म पुर्‍याएर सामग्री निर्माण गरी प्रयोग समेत गरिरहेका छन्। साथै सिविसले रामेछापमा बाल संरक्षण समितिहरूको गठन गर्ने कार्यमा सहजीकरण तथा यसैको पहलमा गठित बालसंरक्षण समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम र शिक्षकहरूका लागि बाल संरक्षणसम्बन्धी तालिम पनि दिएको थियो ।

## स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूलाई तालिम

विद्यालयका २५ स्रोत व्यक्ति र विद्यालय निरीक्षकहरूलाई सकारात्मक अनुशासनसम्बन्धी तालिम दिइएको थियो। सो तालिम पश्चात स्रोत व्यक्ति र विद्यालय निरीक्षकहरूले सिविसको सहयोगमा २०० विद्यालयका करिब ४५० शिक्षकहरूका बीच तालिम सञ्चालन गरे। त्यसैगरी २५ जना शिक्षकहरूका लागि सकारात्मक

अभिभावकत्वसम्बन्धी तालिमसमेत सञ्चालन भएको थियो। सो तालिम पश्चात शिक्षकहरूबाट करिब ४५० जना विद्यालय अध्ययनरत श्रमिक अभिभावकहरूलाई बालबालिकाका लागि प्रदान गरिनुपर्ने सकारात्मक अभिभावकत्वसम्बन्धी तालिमहरू सम्पन्न गरिएको थियो। सो तालिम पश्चात विद्यार्थीहरूले स्वास्थ्य, सरसफाइमा ध्यान दिएको, पहिलेको तुलनामा व्यवहारमा सकारात्मक परिवर्तन आएको तथा विद्यालयमा नियमित आउने गरेको पाइएको छ। साथै अभिभावकहरूमा आफ्ना बालबालिकाप्रतिको जिम्मेवारी बोध बढेको पनि पाइएको छ।

## आचारसंहिता तथा विद्यालय सुधार योजना निर्माणमा सहकार्य

सिविसले काठमाण्डौ उपत्यका भि( त्रका २०० वटा विद्यालयहरूमा आचारसंहिता निर्माण गर्ने, विद्यालय सुधार योजना निर्माण गर्न सहयोग गर्ने, उजुरी पेटिकाको स्थापनाका साथै सोको व्यवस्थापन समिति निर्माण र व्यवस्थापन गर्ने जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

## बालक्लबका सदस्यहरूका लागि क्षमता अभिवृद्धि तालिम

बालक्लबका सदस्यहरूका लागि क्षमता अभिवृद्धि तालिमहरू तथा अतिरिक्त क्रियाकलापसँग सम्बन्धित कार्यक्रमहरूले बालबालिकाको क्षमता वृद्धि गर्न सहयोग पुगेको पाइएको छ। परिणामस्वरूप बोल्न धक मान्ने बालबालिका सबैका अगाडि आएर आफैँ कार्यक्रम सञ्चालन गर्न सक्ने भएका छन्। बालबालिकाले विद्यालयका अभिभावक, शिक्षक संघ र विद्यालय व्यवस्थापन समितिका बैठकहरूमा समेत सक्रिय सहभागीता जनाउन थालेका छन्। उनीहरू विद्यालयलाई राम्रो बनाउन विद्यार्थी तहबाट गर्न सकिने योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्दछन्। केही विद्यालयका बालबालिकाले भित्ते पत्रिकासमेत निरन्तर रूपमा प्रकाशन गर्दै आएका छन्।

## पारिवारिक सशक्तीकरण तथा बालश्रमिकहरूको पुनर्स्थापना कार्यक्रम

श्रममा जान सक्ने वा अन्य प्रकारको जोखिममा पर्ने बालबालिकाका लागि काम गर्दै आउने क्रममा प्राप्त अनुभवबाट सिविसले एउटा महत्त्वपूर्ण सिकाइ सिक्ने अवसर प्राप्त गऱ्यो। त्यो के भने यदि परिवारबाट विछोडिएर श्रममा लाग्न बाध्य भएका बालबालिकालाई उनीहरूकै परिवारमा पुनर्स्थापना गर्ने। यदि उनीहरूलाई आमाबाबुसँगै बसेर विद्यालय जान सक्ने वातावरण तयार पार्न सकिएमा बालबालिका सबैभन्दा बढी सुरक्षित रहेर आमाबाबु तथा परिवारकै माया ममतामा हुर्किन पाउँछन्। आफ्नै साथीसङ्गीसँग रमाउदै पढ्ने अवसर पाउँछन्। तर यसका लागि बालश्रमिक वा जोखिममा पर्ने सक्ने सम्भावना भएका बालबालिकाका परिवारहरूको आय आर्जनका लागि विकल्पहरू खोज्नु जरुरी छ। आय आर्जनका साथै उनीहरूलाई छोराछोरीहरू सबैभन्दा बढी सुरक्षित भएर हुर्किने ठाउँ भनेको घरपरिवार नै हो। यसका साथै आय आर्जनका लागि बालबालिकालाई श्रममा पठाउनु भनेको उनीहरूलाई थप जोखिममा पार्नु हो भन्ने कुरामा अभिभावकहरूलाई विश्वस्त तुल्याउन सकिएमा उनीहरू आफ्ना बालबालिकालाई आफैँसँग राखेर पढाउन सक्छन्। यही कुरालाई मनन गर्दै बालबालिकालाई उनीहरूकै घरमा पुनर्स्थापित गर्ने उद्देश्यका साथ सिविसले पारिवारिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरेको थियो। रामेछाप र सिन्धुपाल्चोक, काभ्रे र धादिङ जिल्लामा सञ्चालित यो कार्यक्रमको परिणामस्वरूप ७३ जना श्रम तथा जोखिममा पर्न सक्ने सम्भावना

भएका बालबालिकालाई उनीहरूको परिवारमा पुनर्स्थापित गर्न सफल भएको थियो ।

## विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण कार्यक्रम

भूकम्प एक प्राकृतिक घटना हो । यसले विपद् निम्त्याउन सक्छ । यस्तो प्राकृतिक विपद् जुनसुकै बेला आउन सक्छ । बरु यसका लागि राम्रो पूर्व तयारी गरेर बसेको खण्डमा भूकम्प लगायतका प्राकृतिक विपद्हरू आइहाले भने पनि जोखिमलाई न्यून गर्न सकिन्छ । यही कुरालाई मनन गर्दै हाल सिविसले युनिसेफको सहयोगमा भक्तपुर लगायत काभ्रे, दोलखा र नुवाकोटका करिब १०० वटा विद्यालयमा विपद जोखिम न्यूनीकरणका लागि कार्य योजना निर्माण गरेको छ । साथै मौसमी पात्रो निर्माणका लागि सहयोग गर्ने, विद्यालय नक्शाङ्कन निर्माण, शिक्षक, विद्यालयका अभिभावक शिक्षक संघ र विद्यालय व्यवस्थापन समिति, स्थानीय पदाधिकारी, स्रोत व्यक्तिहरूलाई विभिन्न तहका तालिम समेत सञ्चालन गर्दै आएको छ । भूकम्प आइहालेको खण्डमा बालबालिकाहरूलाई कसरी सुरक्षित राख्न सकिन्छ, कसरी सुरक्षित स्थानमा जान सकिन्छ भन्ने विषयमा आवश्यक सीपहरू सिकाउने उद्देश्यले सम्बन्धित विद्यालयका बालबालिकाहरूलाई भूकम्पसम्बन्धी ड्रिलहरूको अभ्यास गराउने कार्यमा सहयोग पुऱ्याउँदै आएको छ ।

त्यसो त सिविसले २०७२ सालमा गएको भूकम्प पश्चात्को आपतकालीन अवस्थामा नियमित रूपले चलिरहेका आफ्ना सबै कार्यक्रमहरूलाई स्थगित गरी विपद् पश्चातको अवस्थामा तहसनहस भएका विद्यालयहरूमा अस्थायी सिकाइ स्थलहरू निर्माण गर्ने, राहत सामग्रीहरू वितरण गर्ने, भूकम्प प्रभावित विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीहरू वितरण गर्ने, भूकम्पका कारण असामान्य अवस्थामा पुगेका बालबालकालाई समान्य अवस्थामा फर्काउन बालमैत्री स्थल स्थापना र सञ्चालन गर्ने, गम्भीर मनोसामाजिक पीडामा परेका बालबालिकालाई मनोविमर्श सेवा प्रदान गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

# बाल मनोविमर्श सेवामा सिविसका भोगाइहरू



**मनिता धरेल**
**बाल मनोसामाजिक विमर्शकर्ता, हेल्पलाइन**

मनोविमर्श व्यक्तिको मनभित्र रहेको समस्यालाई विभिन्न छलफल र खेल माध्यमबाट उनीहरूको समस्या बाहिर निकाल्ने र सेवाग्राहीलाई नै समस्याको समाधान निकाल्न सहजीकरण गर्ने एक माध्यम हो। मनोसामाजिक समस्याबाट पीडामा परेका बालबालिकादेखि लिएर बृद्धसम्मका लागि मनोसामाजिक विर्मशको उत्तिकै महत्त्व छ।

बालबालिका वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन्। तर हामी समुदाय, परिवार र विद्यालयले बालबालिकाको उमेर अनुसारको व्यवहार गर्न सकेनौ भने उनीहरूको विकासमा नकारात्मक असर पर्न सक्छ। अझ हामीले उनीहरूलाई सुधार्ने नाममा गर्ने दमनात्मक व्यवहार हामीबाट उनीहरूलाई टाढा धकेल्ने कारक पक्ष बन्न सक्छ। हिजो विद्यालयमा पढेका हामीमध्ये धेरैजसो शिक्षकको कुटाइ तथा हप्की दप्की खाएर नै हुर्केका हौँ। हामीजस्ता वयस्कहरूको आफ्नै विगतको यस्तो नकारात्मक सिकाइबाट प्रभावित भएर अझै पनि बालबालिकालाई अनुशासनमा राख्न अधिकांश घरपरिवारमा दमनात्मक विधि नै अपनाउने गरिन्छ। सरकारी विद्यालयहरूमा भयरहित शिक्षण सिकाइ विधि प्रयोगमा नल्याइएको हैन, तर यसको प्रयोग प्रभावकारी बन्न सकेको भने पाउन सकिदैन।

यतिबेला अधिकांश अभिभावकहरू आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिनका लागि बढी प्रेरित बन्दै गएको पाइन्छ। यो सकारात्मक पक्ष हो। तर  छोराछोरीका लागि समय दिएर उनीहरूसँग कुराकानी गर्ने, उनीहरूले के कस्ता कठिनाइ तथा समस्याहरूको भोगिरहेका छन् भनेर बुझ्ने जस्ता व्यवहार भने धेरैजसोबाट हुन सकेको पाइदैन। बालबालिकामा यौन दुर्व्यवहार, बालश्रम, शारीरिक तथा मानसिक दण्ड सजायलगायत अन्य दुर्व्यवहारका घटनाहरू बाक्लै घटिरहेको पाइन्छ। जोखिममा परेका बालबालिकाको हाउभाउ तथा व्यवहारलाई नियालेर हेर्ने हो भने उनीहरू अप्ठ्यारामा छन् भन्ने कुरा पहिचान गर्न नसकिने हैन, तर अधिकांश अभिभावकहरू आफ्ना बालबालिका यस्ता समस्याहरूलाई सुक्ष्मतापूर्वक बुझ्ने र सुन्ने प्रयासमा लागेको पाइदैन। यो अवस्थालाई पहिचान गरी सिविसले बालबालिकाकाविरुद्ध समाजमा हुने यस प्रकारका घटनाहरूलाई नजिकबाट हेर्दै आएको छ। साथै यसले विगत लामो समयदेखि बालबालिकाको

संरक्षणको सवाललाई मुख्य रूपमा लिएर यो समस्या समाधानका लागि प्रयासरत रहँदै पनि आएको छ।

सिविसले घरको चार दिवारभित्र रहेका घरेलु बालश्रमिकहरूको शिक्षाको अधिकारको सवाललाई सम्बोधन गर्ने क्रममा लागिरहेको बेला त्यहाँभित्र रहेका अर्को असाध्य गम्भीर प्रकृतिको सवाल पहिचान भयो, त्यो थियो बालयौन दुर्व्यवहारको सवाल। घरेलु बालश्रमिकहरूसँग घुलमिल हुने क्रममा हामी उक्त सवाल र यसले घरेलु बालश्रमिकहरूमाथि पारेको गम्भीर असरका बारेमा एकदमै नजिकबाट परिचित हुन पुग्यौँ। एकातिर आमाबाबु तथा आफ्नो घर परिवारको मायाबाट बञ्चित भएर बस्नु परेको अवस्थामा घरेलु बालश्रमिकहरूमाथि आइपर्ने कामको बोझ, रोजगारदाता र उसका परिवारहरूबाट गरिने गालीगलौज, त्यसमाथि हुने यौन दुर्व्यवहार एवं शोषणले श्रमिक बालबालिकाको शारीरिक र मानसिक अवस्थामाथि पारेको गम्भीर असरलाई आफ्नै आँखाले देख्न पुग्यौँ। अर्कातिर यौन दुर्व्यवहारमा परेका घरेलु बालश्रमिकहरूको पीडा सुनिदिने मानिससमेत कोही हुने नगरेको, कसैले सुनिहाले पनि उल्टै सबै दोषको भागिदार बालश्रमिकहरूलाई बनाउने गरिएको पाइयो। यस्ता व्यवहारहरू शक्तिवालाहरूले शक्तिहीनमाथि गर्ने भएकोले सकेसम्म लुकाउने नसके दबाउने पनि गरिन्छ। घरेलु बालश्रमिकहरूले भोगेका यस्ता पीडादायी अवस्थालाई सम्बोधन गर्नका लागि सिविसले सन् २००६ देखि नै मनोसामाजिक सेवा प्रदान गर्न थालेको थियो। यसलाई अझ व्यवस्थित गरी सन् २०१२ देखि हेल्प लाइन इकाइको स्थापना गरियो र सामुदायिक विद्यालयमा मनोविमर्शसम्बन्धी कार्यक्रम सञ्चालन गर्न थालियो।

सामुदायिक विद्यालयमा पढ्ने मात्र न भै निजी विद्यालयमा पढ्ने पनि उत्तिकै महत्त्वपूर्ण बालबालिका हैनन् र ? भन्ने प्रश्न उठ्नु अस्वभाविक हैन। तर थोरै भएपनि पढ्ने अवसर पाएका अधिकांश घरेलु बालश्रमिकहरूलाई निजीमा नभै सामुदायिक विद्यालयमा पठाइन्छ। अर्कातिर सामुदायिक विद्यालय न्यून आय हुने वर्गका परिवारका छोरा छोरी पढ्न जाने शिक्षण संस्था बनेको छ। यस्ता परिवारका अभिभावकहरूमा कामको अत्यधिक बोझ र बालबालिकाप्रति अभिभावकको दायित्व सम्बन्धमा अपेक्षित चेतनाको अभावले पनि बालबालिकाको समस्याप्रति उति चासो देखाइदैन। यस्ता अभिभावकहरूमा त आफ्नो छोरा छोरीलाई कसरी खान लाउन पुऱ्याउने भन्ने चिन्ताले मात्र सताइरहेको हुन्छ। बालबालिकाले भोगेका समस्याहरूप्रति उनीहरूको ध्यान नै पुग्न सकेको देखिदैन। यो अवस्था र समस्यालाई बुझेकाले नै त्यस्ता बालबालिकाको अवस्थामा सुधार ल्याउन सिविसले सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाका लागि मनोविमर्श सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न थालेको थियो।

विद्यालय जाने बालबालिकाले घरमा भन्दा विद्यालयमा बढी समय बिताउने गर्दछन्। त्यसले बालबालिकाले आफ्ना समस्याहरू सबैभन्दा छिटो र सहज ढङ्गबाट भन्ने सक्ने व्यक्ति विद्यालयको शिक्षक/शिक्षिका नै हुन्छन्। त्यसैले शिक्षकहरूमा बालबालिकाका कुरा सुन्न, समस्याहरू पहिचान र सम्बोधन गर्नका लागि विशेष ज्ञान र सीपको आवश्यकता पर्दछ। यही विश्लेषणको आधारमा सिविसले विद्यालयका शिक्षक शिक्षिकालाई मनोविमर्शसम्बन्धी ७ दिने तालिम दिने सोच बनायो। पहिलो पटक आयोजना गरिएको यस तालिममा २०० वटा सरकारी विद्यालयका शिक्षक शिक्षिकाहरूलाई मनोविर्मशसम्बन्धी तालिम दिइयो। यस तालिममा काठमाण्डौ, भक्तपुर र ललितपुर गरी ३ वटा जिल्लाबाट २२० जना शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो।

बालबालिकाले आफ्ना समस्याहरू शिक्षकसँगभन्दा शिक्षिकासँग सहजतापूर्वक बताउन सक्ने देखिएकाले यस तालिममा

शिक्षकभन्दा शिक्षिकाको सहभागिता बढी थियो। तालिमपश्चात शिक्षक, शिक्षिकाको व्यवहारमा परिवर्तन आएको प्रत्यक्ष देखियो। तालिम लिनु अघि उहाँहरू बालबालिकालाई पिटेर गाली गरेर अनुशासनमा राख्ने प्रयास गर्नु हुन्थ्यो। यसो गर्दा बालबालिका शिक्षक शिक्षिकाहरूसँग खुल्न नसकिरहेको स्थिति थियो। उनीहरूले आफ्ना पीडा तथा समस्याहरू शिक्षक शिक्षिकाहरूसँग पोख्न सक्ने उपयुक्त वातावरण बनिरहेको थिएन। मनोविर्मशसम्बन्धी तालिम पश्चात् शिक्षक, शिक्षिकाले बालबालिकासँग छलफल गरेर उनीहरूका समस्या बाहिर निकाल्ने विधिको विकास हुन पुग्यो। आफूमाथि भइरहेका यौन दुर्व्यवहार, बालश्रम र अन्य दुर्व्यवहारका कुराहरू बालबालिकाले खुलस्त बताउन थालेपछि नै विद्यालयहरूले यससम्बन्धी विभिन्न प्रकृतिका घटनाहरूको सम्बोधनका लागि सिविसमा सिफारिस गर्न थाले। सन् २०१० देखि २०१७ सम्म यसरी सिफारिस भएर आएका घटनाहरू यस प्रकार रहेका छन् :-

| सि.न. | घटनाको प्रकृति | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल यौन दुर्व्यवहार | ३३० | |
| २ | घरेलु बालश्रमिक | २०२ | |
| ३ | घरेलु हिंसा | २८ | |
| ४ | नछोएर गरिने दुर्व्यवहार | ८ | |
| ५ | दण्ड सजाय | २७ | |
| ६. | जबरजस्ती करणी गर्ने उद्योग | ३१ | |
| ७ | मनोसामाजिक समस्या | ८७४ | |
| ८ | पारिवारिक मनोविमर्श | ३ | |
| ९ | बाल विवाह | २ | |
| १० | आत्महत्यासँग सम्बन्धितको घटना | ३ | |
| ११ | मानव बेचबिखन | ३ | |
| १२ | जोखिमतामा रहेको | ९४ | |
| १३ | बाल गृहमा रहेको | ४८ | |
| १४ | बाल श्रमिक | ७१ | |
| **जम्मा घटना : ८७४** | | | |

माथि उल्लिखित ८७४ वटा घटनामध्ये विद्यालयका शिक्षक र शिक्षिकाबाट जटिल प्रकृतिका घटनाहरूबाट पीडित ११३ जना बालबालिकालाई सहयोगका लागि सिविसमा सिफारिस भएको थियो। जसमा यौन दुर्व्यवहार, घरेलु बालश्रम आदि समस्यामा रहेका बालबालिका रहेका थिए। उनीहरूलाई सिविसले थप मनोविर्मश सेवा प्रदान गरी समस्याबाट बाहिर निकाल्न सहयोग गरेको थियो। हाल ती विद्यालयहरूमा सिविसबाट सञ्चालित कार्यक्रम नरहे पनि मनोसामाजिक विमर्शलगायतका कार्यक्रमहरू निरन्तर चलिरहेकै छन्। जोखिमयुक्त प्रकृतिको घटना छ र विद्यालयको पहुँच पनि नपुग्न नसकेको अवस्था छ भने विद्यालयले सिविस संस्थामा सिफारिस गर्ने काम अहिले पनि भइरहेकै छ। सिफारिस भएको एउटा घटना तल प्रस्तुत छ।

## बलात्कारको पीडामा परेकी ६ वर्षीया बालिकाले न्याय पाइन्

सिन्धुपाल्चोक जिल्लाको बलेफी भन्ने ठाउँमा घर भएकी ६ वर्षीया बालिका गाउँकै सरकारी विद्यालयमा कक्षा १ मा पढ्थिन्। घरबाट करिब १ घण्टा टाढा रहेको विद्यालयमा उनी सधैँ हिडेर जाने गर्दथिन्। घरबाट विद्यालय जाने आउने बाटोमा १ जना व्यक्तिको घर पर्दथ्यो। उनलाई उक्त व्यक्तिले सधैंजसो विद्यालय जाँदा आउँदा चकलेट दिने गर्थ्यो। बालिका खुशी भएर चकलेट खाँदै आउने जाने गर्दथिन्। एकदिन बालिका विद्यालयबाट घर फर्किरहेको बेला उक्त व्यक्तिले उनलाई आफ्नो घरमा बोलायो। बालिका पनि उक्त व्यक्तिको घर गइन्। सदा झैं उक्त व्यक्तिले उनलाई चकलेट दियो र घर नजिकैको गोठमा खेल्न जाउँ भन्यो। बालिका पनि खेल्ने कुरा सुनेर एक छिन खेल्ने अनि घर जानु पर्छ है भनिन्। त्यस मान्छेले एक छिन मात्र खेल्ने हो भनी फकाएर लगी उनलाई बलात्कार गऱ्यो। बलात्कारको पीडा सहन नसकी बालिका धेरै रोइन् तर उक्त मान्छेले आफ्नो कामवासना नमेटुञ्जेलसम्म बालिकालाई छोडेन। कामवासना तृप्त गरिसकेपछि छोड्ने बेलामा त्यस व्यक्तिले बालिकालाई कसैलाई भनिस् भने मार्दिन्छु भनेर धम्कायो। त्यसपछि बालिका रुँदै रुँदै घर गइन्। बालिकाको आमाबाबु आर्थिक रूपले विपन्न थिए। जीविकोपार्जनका लागि आमाबुबा दुवै काममा जाने गर्दथे। त्यस दिन पनि दिनभरिको कामपछि थाकेको शरीर लिएर बेलुका आमाबुबा घर आइपुगे। आमाबुबा आइपुगे पनि बालिकाले उनमाथि घटेको घटना बारे बताउन सकिनन्। केही दिनपछि आमाले बालिकाको यौनाङ्गमा घाउ भएको थाहा पाइन्। यसरी यौनाङ्गमा घाउ भएको थाहा पाएपछि बालिकालाई कसरी घाउ भयो भनेर सोधिन्। त्यसपछि मात्र बालिकाले आमालाई आफूमाथि भएको घटना बारे बताइन्। यसरी आमाले सोधी खोजी गरेर घटना भएको थाहा पाएको अवधिसम्ममा घटना भएको ३४ दिन भइसकेको थियो।

पीडकलाई कारबाही गर्नका लागि त्यति बेलाको प्रचलित कानुनमा घटना भएको ३५ दिन भित्र उजुरी दर्ता गराइसक्नुपर्ने थियो। तर परिवारले घटना थाहा पाउदा ३४ दिन नाघिसकेको थियो। घटना जटिल प्रकृतिको भएकोले सिविसको हेल्पलाइनमा उजुरी आयो। त्यसपछि बालिकालाई काठमाडौ ल्याइयो। हेल्पलाइनले बालिकाको अवस्था हेर्दा उनलाई मनोविमर्श गर्न एकदमै जरुरी भएको महसुस गऱ्यो। संस्थासँग पनि समय एकदमै कम थियो। मनोविमर्शको आधारभूत नैतिक मापदण्डमा जे लेखिएतापनि सोही दिन नै बालिकामाथि घटना गराउने व्यक्तिको नाम पहिचान गर्नु थियो। त्यसैले बालिकालाई मनोविमर्श गर्न थालियो। बालिका सानो उमेरको भएकोले हामीले बालिकालाई खेल विधिबाट मनोविमर्श गर्ने सोच बनायौँ। सोही दिन नै बालिका र मनोविमर्शकर्ता बीच सम्बन्ध पनि सुधार गर्नु थियो। आत्मीय सम्बन्ध विकास गर्नु थियो। हामी कसरी हुन्छ बालिकाको मुखबाट घटना गराउने व्यक्तिको नाम बाहिर आओस भन्ने चाहेका थियौं। बालिकालाई धेरै समयसम्म खेल विधिबाट मनोविमर्श गर्ने प्रयास गऱ्यौं तर बालिकाले घटना घटाउने व्यक्तिको नाम बताइनन्। त्यसपछि बालिका १ कक्षामा अध्ययन गर्ने हुँदा उसलाई अक्षरका ब्लक गेम खेलाएर उक्त मान्छेको नाम पत्ता लगाउन सकिन्छ कि भनी त्यो विधि अपनाउन थाल्यौं। त्यसपछि बालिकालाई तिम्रो नाम कति अक्षरमा आउँछ भनी सोध्यौं। बालिकाले ब्लकको माध्यमबाट देखाइन्। त्यसपछि मनोविमर्शकर्ताको नाम कतिवटा अक्षरबाट आउँछ भनी सोधेपछि बालिकाले त्यो पनि देखाइन्। अनि बालिकालाई

*त्यो नराम्रो काम गर्ने मान्छेको नाम ३ वटा अक्षर मिलेर आउँछ हो भनी सोध्दा बालिकाले होइन भनेर मुन्टो हल्लाइन् र आँखाबाट बररर आँसु झारिन्। त्यसपछि हामीलाई थाहा भयो कि बालिकालाई उक्त व्यक्तिको नाम थाहा छ। त्यसपछि बालिकालाई खेलाउँदै ब्लक दियौँ। उनले उक्त ब्लकमा भएका अक्षरहरू जोडेर उक्त नराम्रो काम गर्ने मान्छेको नाम देखाइन्। यसरी बालिकाबाट उक्त पीडकको नाम देखाइसकेपछि सिविस हेल्पलाइनको सहजीकरणमा सोही दिन राति प्रहरी चौकी गई उजुरी दर्ता गराइयो। यसपछि बल्ल पीडकविरुद्ध कानुनी कारबाहीको प्रक्रिया सुरु भयो। कानुनी कारबाहीको क्रममा घटनासँग सम्बन्धित मुद्दा अदालतसम्म पुग्यो। अदालतमा पुगेपछि न्याय निरूपणको क्रममा न्यायाधीशले हामीसँग कसरी यति सानी बालिकाले घटना गराउने व्यक्तिको कसरी नाम भन्न सक्छिन् भन्ने प्रश्न सोध्नुभयो। त्यसैले यो घटना गराउने भनिएको व्यक्ति दोषी नहुन सक्छ भनी आशंका व्यक्त गर्नु भयो। यसपछि हामीले बालिकाको सुरुमा मनोविमर्श गरिएको जानकारी गरायौँ। त्यसपछि न्यायाधीशले के कसरी यति सानी बालिकालाई मनोविमर्श गर्नुभयो ? कसरी घटना गराउने व्यक्तिको नाम यही नै हो भनी पहिचान गर्नुभयो भनेर प्रतिप्रश्न गर्नु भयो। उहाँको प्रतिप्रश्नपछि हामीले मनोविमर्श गरेको अपनाएको प्रक्रिया उल्लेख भएको प्रतिवेदन पेश गर्‍यौँ। यही मनोविमर्शको प्रक्रियासम्बन्धी प्रतिवेदनको आधारमा पहिलो पटक काठमाडौ जिल्ला अदालतले बालिकाको पक्षमा फैसला गरेको थियो।*

## चुनौती

जोखिममा परेका बालबालिकाका कतिपय समस्याहरू असाध्य जटिल प्रकृतिका हुने गर्दछन्। विशेष गरी यौन दुर्व्यवहारका घटना, घरेलु बालश्रमसँग सम्बन्धित घटनाहरूसँग सम्बन्धित समस्याहरू निकै जटिल हुने गरेको पाइएको छ। माथि नै भनिसकिएको छ यौन दुर्व्यवहार तथा घरेलु बालश्रमिक राख्ने कार्य प्रायः समाजका पद, पैसा र प्रतिष्ठाले सम्पन्न व्यक्तिहरू अर्थात् शक्तिवालाहरूबाटै हुन्छ। उनीहरूबाट यस्ता घटनाहरू सकेसम्म लुकाउने, पीडित बालबालिका, उनीहरूका आमाबाबु वा परिवारलाई प्रलोभन दिएर मिलाउने नसके दबाउने गरिन्छ। यस्तो अवस्थामा पीडित बालबालिकाको उद्दार कार्य, उनीहरूको सुरक्षाको बन्दोबस्त, कानुनी प्रक्रिया अगाडि बढाउनका लागि निकै चुनौतीहरूको सामना गर्नु पर्दछ। यहाँसम्मकी मुद्दा डिसमिस गर्न वा जित्नका लागि राजनीतिक दल, सरकारी संयन्त्रहरूलाई समेत प्रभावमा पार्न पीडकहरू पछि पर्दैनन्।

यस्तो परिस्थितिमा पहुँचवाला पीडक संलग्न भएको घटनामा पीडित बालबालिकालाई उद्दारमा प्रहरीहरूसँग खटिने हेल्पलाइनलगायत अन्य संस्थाहरूका कर्मचारी, सम्बन्धित बालक वा बालिकाको तर्फबाट कानुनी प्रक्रियामा सहजीकरण गर्ने संस्थाका कर्मचारीहरूलाई मनोविमर्शकर्ताको बयान पीडकको अनुकूल गर भनी पीडक र उसका मानिसहरूले मनोविमर्शकर्तालाई धम्काउने गर्दछन्। अझ कुनै–कुनै घटनामा त संस्थाका कर्मचारीहरूलाई पैसाको प्रलोभन दिई बालबालिकाको पक्षमा बकपत्र नगर्नका लागि भन्ने गर्दछन्। कतिपय अवस्थामा विभिन्न प्रकारका प्रलोभनमा परी पीडित बालबालिका, उसका परिवारहरूसमेत जाहेरीको विपक्षमा बयान गर्न पुग्ने गरेका छन्।

समुदायका कतिपय व्यक्तिहरू पनि पीडकको शक्ति र प्रभावलाई हेरेर पीडित बालबालिका, उसको परिवार पनि पीडितको पक्षमा भन्दा पनि पीडकको पक्षमा लागिदिने गरेको पाइन्छ। उनीहरूले सुरुमा प्रहरीमा एउटा बयान दिने

पछि अदालतमा पुगेपछि बयान फेर्ने पनि गछ्र्न् । यस्ता कारणहरूले गर्दा घटना प्रमाणित गर्ने दसी प्रमाणहरू कमजोर हुन गई फैसला पीडितको विपक्षमा हुने गर्दछ। जसले गर्दा सुरुमा घटनाको सत्य तथ्य पहिचान गर्ने कार्यमा मनोविमर्शकर्ताको भूमिका महत्त्वपूर्ण हुने भएकोले उनले दिएको निष्कर्षकै कारण पनि जीवन जोखिममा पर्ने स्थिति छ।

काम गर्ने समयको टुङ्गो नहुने, कहिले त राति पनि मनोविमर्शको लागि आइदिनुपऱ्यो भनी राज्यको निकायबाट फोन आउने गर्दछ। त्यसैले पनि पीडकले प्रतिशोध लिने पहिलो व्यक्ति मनोविमर्शकर्ता हुने गरेको छ। कहिलेकाहीँ बालबालिका स्वयंले पनि डर, धम्की र प्रलोभनमा परेर मनोविमर्शकर्तालाई दोषी देखाउन सक्ने सम्भावना हुन्छ। मनोविमर्श गर्ने दौरानमा पहिलो पटकको मनोविर्मशमा नै बालबालिकाले सबै कुरा बताउन सक्ने सम्भावना कम हुने गर्दछ। एकदमै जटिल प्रकृतिको घटना भएको खण्डमा जसरी भए पनि सोही दिन कुरा पत्ता लगाउनु पर्ने स्थिति पनि हुन सक्छ। यस्तो अवस्थामा मात्र मनोविमर्शको आधारभूत मापदण्डलाई कम सोचिन्छ। होइन भने कुनै पनि बालबालिकालाई दबाब दिएर उनीहरूबाट लिन खोजेको सूचना भन्न लगाउन हुँदैन। बालक वा बालिकासँग मनोविर्मश गर्ने सत्रमा एक पटकमा ४५ मिनेट भन्दा बढी समय लिन पाइन्न।

मनोविमर्शकर्ताले मनोविमर्श गर्दा पालना गर्नु पर्ने यस्ता आधारभूत नैतिक मापदण्डको पनि पालना गर्नु पर्ने हुन्छ। मापदण्डको पालनाको सँगसँगै बालबालिकालाई पनि सहयोग गर्नुपर्ने हुन्छ। मनोविमर्शकर्ताहरूको लागि यो एउटा ठूलो चुनौती हो। त्यसैले मनोविमर्शकर्ताहरूले घटना हुनका लागि परिस्थितिजन्य अवस्था, तत्कालिन स्थिति, सेवाग्राही बालक वा बालिकाको मनोसामाजिक समस्याको गाम्भीर्यता, मनोविमर्शका लागि उपलब्ध समयलगायतका कुराहरूमाथि विचार गरी मनोविमर्श गर्न तयार हुनु पर्दछ।

# बालबालिकामाथि हुने यौनजन्य अपराधः विद्यमान कानुन र चुनौती



**देवकी पोखरेल**
**कानुन अधिकृत**

## जबर्जस्ती करणीको परिभाषा

बालबालिकामाथि हुने यौनजन्य अपराध भित्र जबर्जस्ती करणी (बलात्कार), जबर्जस्ती करणीको उद्योग, यौन दुर्व्यवहार, बाल यौन दुरूपयोग र अप्राकृतिक मैथुन जस्ता अपराध पर्दछन् । मुलुकी अपराध संहिताले कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार (१८) वर्षभन्दा कम उमेरको बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ[१] भनी जबर्जस्ती करणीको परिभाषा गरिएको छ। त्यस्तै कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरीबिना करणीका आसयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाँउमा लगेमा, यौनसम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा सांकेतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्विर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिने छ।[२]। त्यस्तै कसैले करणीको आसयले बालबालिकालाई अस्वाभाविक रूपमा एकान्तमा लगेमा, यौनसम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौनसम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बाल यौन दुरूपयोग गरेको मानिन्छ[३]। मुलुकी अपराध संहिताले अप्राकृतिक मैथुनको परिभाषा गरेको छैन। तर अप्राकृतिक मैथुनलाई अपराधको

१ मुलुकी अपराध (संहिता) ऐन २०७४, करणी सम्बन्धी कसूरको दफा २१९(२)

२ मुलुकी अपराध (संहिता) ऐन २०७४, करणी सम्बन्धी कसूरको दफा २१९(२)

३ मुलुकी अपराध (संहिता) ऐन २०७४, करणी सम्बन्धी कसूरको दफा २१९(२)

दायरा भित्र भने राखेको छ। अप्राकृतिक मैथुन भित्र गुदद्वार मैथुन, मुखमा गरिने मैथुन जस्ता अपराधहरू पर्दछन् ।

बालबालिकामाथि हुने यस्ता यौनजन्य अपराधहरू व्यक्ति, समाज, समुदाय तथा राज्यविरुद्धका जघन्य अपराध हुन्। यस्ता अपराधहरू सरकारवादी फौजदारी मुद्दा अर्न्तगत पर्दछन् । यस्ता मुद्दामा सरकार पक्ष भई अदालतमा मुद्दा दायर हुन्छन्। साथै सरकारले नै सरकारी वकिल मार्फत मुद्दाको प्रतिरक्षा गर्दछ। साबिक मुलुकी ऐन २०२० मा महिला तथा बालिकामाथि भएको यौनिक बलात्कार (Vaginal Rape) लाई मात्र जबर्जस्ती करणी अर्न्तगत समेटेको थियो। २०७५ साल भदौ १ गतेबाट लागु भएको मुलुकी अपराध संहिता ऐनले जबर्जस्ती करणीको परिभाषालाई व्यापक बनाएको छ। जसले गर्दा महिला वा बालिकामाथि गुदद्वार वा मुख मैथुन गरेमा वा अन्य वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिन्छ[४] । साबिक मुलुकी ऐन २०२० मा १६ वर्ष पूरा नगरेकी बालिकासँग मञ्जुरी लिएर भए पनि शारीरिक सम्बन्ध राखेमा जबर्जस्ती करणी गरेको मानिने व्यवस्था रहेकोमा मुलुकी फौजदारी संहिता २०७४ ले उक्त १६ वर्षको उमेरलाई बढाएर १८ वर्ष कायम गरेको छ। यस व्यवस्थालाई हेर्दा अठार वर्षभन्दा कम उमेरका बालबालिकाले सही निर्णय लिन नसक्ने र आफ्नो हित अहित सम्बन्धमा समेत बिचार पुऱ्याउन तथा निर्णय गर्न सक्षम हुन सक्दैनन् भन्ने मान्यतालाई अंगिकार गरेको देखिन्छ ।

## अन्तर्राष्ट्रिय ट्रिब्युन, रुवाण्डाको परिभाषा

संयुक्त राष्ट्रसंघको रुवाण्डामा स्थापना गरेको अन्तरराष्ट्रिय ट्रिब्युनले दिएको परिभाषालाई वैज्ञानिक परिभाषाको रूपमा लिन सकिन्छ। उक्त परिभाषा लैङ्गिक रूपमा तटस्थ छ। साथै सबै खालको मैथुनलाई बलात्कारको परिभाषाभित्र समेट्न सकेको छ । उक्त ट्रिब्युनले पुरुष लिङ्ग वा कुनै वस्तुद्वारा कसैको इच्छा विपरीत निजको योनीमा वा गुदद्वारमा वा मुखमा मैथुन गरेमा बलात्कार हुनेछ भनी परिभाषा गरेको छ । स्वयं पीडितलाई वा अन्य तेस्रो व्यक्तिलाई डर त्रास आदि देखाएर यौन सम्बन्ध राख्न लिएको सहमतिलाई सहमति नमानी बलात्कार मानेको छ। नेपालको कानुनले पनि झुक्यानमा पारी डर त्रास देखाई वा बाँधछाँद आदि जस्ता कार्य गरी लिएको सहमतिलाई सहमतिमा करणी लिनु दिनु गरेको स्वीकार गर्दैन। तर तेस्रो व्यक्तिमाथि उपर्युक्त कार्यहरू गरी पीडितमाथि लिएको सहमतिका सम्बन्धमा कानुन मौन छ। उक्त ट्रिब्युनले दिएको परिभाषा यस प्रकार छ"

'Rape is forcible act. This means that the act is accomplished by force or threats of force against the victim or a third person, such threats being expressed or implied and must place the victim in reasonable fear that he, she, or a third person will be subjected to violence, detention, duress or psychological oppression. This act is the penetration of the vagina, the anus or mouth by the penis or the vagina or anus by other object. Rape is a crime against humanity, torture and sometime war crime too'.

उक्त ट्रिब्युनले दिएको जबर्जस्ती करणीको परिभाषा कतिपय विकसित देशहरूमा पहिले देखि नै लागु भएको देखिन्छ। कसैलाई (लोग्ने मानिस वा स्वास्नी मानिसलाई) गुदद्वार मैथुन (anal sex) मुख मैथुन (oral sex) र लिङ्गदेखि बाहेक अन्य कुनै चिजवस्तु, स्वइच्छा विपरीत योनी वा गुदद्वारमा प्रवेश गराएमा पनि कतिपय अष्ट्रेलियन कानुनी व्यवस्थामा जबर्जस्ती करणी मानिन्छ[५]। अमेरिका तथा युरोपियन

४ मुलुकी अपराध (संहिता) ऐन २०७४, करणी सम्बन्धी कसुरको दफा २१९(२) (ग)

५ रन्जितभक्त प्रधानाङ्ग, यौनजन्य हिंसाविरुद्धका अपराध र

मुलुकहरूमा समेत जबर्जस्ती करणीलाई स्वास्नी मानिस र लोग्ने मानिस दुवैका विरुद्धमा हुने अपराध मानिन्छ।

## सजाय

महिला तथा बालिकामाथि जबरजस्ती करणी गरेमा हुने सजायलाई पीडितको उमेरको आधारमा निम्नअनुसार सजाय निर्धारण गरिएको छः

मनासिब माफिकको क्षतिपूर्ति भराउने व्यवस्था छ, तर पीडकको आर्थिक स्तर कमजोर भएको अवस्थामा सरकारी कोषबाट क्षतिपूर्ति दिलाउने व्यवस्था छ तर यो व्यवस्था कानुन बमोजिम कार्यान्वयन भने कमै मात्रामा भएको पाइएको छ ।

जबर्जस्ती करणी मुद्दामा पीडित तथा अन्य बुझिएका मानिसहरूको हैसियत साक्षी वा सो सरह मात्र हुन्छ। साक्षीको हैसियतमा

| महिला तथा बालिकाको उमेर | मुलुकी ऐन २०२० (साबिक व्यवस्था) | मुलुकी अपराध संहिता २०७४ (हाल प्रचलित कानुनी व्यवस्था) |
|---|---|---|
| १० वर्षभन्दा  कम उमेर भए | १० देखि १५ वर्ष कैद | १६ देखि २० वर्ष कैद |
| १० देखि १४ वर्षभन्दा कम उमेर भए | ८ देखि १२ वर्ष कैद | १४ देखि १६ वर्ष कैद |
| १४ देखि १६ वर्षभन्दा कम उमेर  भए | ६ देखि १० वर्ष कैद | १२ देखि १४ वर्ष कैद |
| १६ वा सो भन्दाबढी २० वर्षभन्दा कम उमेर भए | ५ देखि ८ वर्ष कैद | १६ वा सोभन्दा बढी १८ वर्षभन्दा कम उमेर भए १० देखि १२ वर्ष कैद |
| २० वा सोभन्दा बढी उमेरकी महिला भए | ५ देखि ७ वर्ष | १८ वा सोभन्दा बढी २० वर्षभन्दा कम उमेरकी महिला भए ७ देखि १० वर्ष जेल सजाय |

## थप सजायसम्बन्धी व्यवस्था

माथि लेखिएअनुसारको सजायमा एच.आइ.भि.पोजेटिभ भएको व्यक्तिले जबर्जस्ती करणी गरेमा थप १० वर्षसम्म कैद र १ लाखसम्म जरिवाना हुन्छ। त्यस्तै सामूहिक रूपमा करणी गरेमा, असक्त, अपाङ्ग, मानसिक रूपमा अस्वस्थ्य र गर्भवतीलाई जबर्जस्ती करणी गरेमा वा हातहतियार देखाई जबर्जस्ती करणी गरेमा थप ५ वर्षसम्म सजाय हुने कानुनी व्यवस्था रहेको छ।

**हकदैया र हदम्यादः** जबर्जस्ती करणी मुद्दाको जाहेरी दरखास्त बालिग व्यक्ति जोसुकैले दिन सक्छ। जबर्जस्ती करणी भएको मितिले एक वर्ष भित्रमा उजुरी दिइसक्नु पर्छ।

**क्षतिपूर्तिः** कानुनी प्रावधानअनुसार जबर्जस्ती करणी मुद्दाका पीडितलाई  पीडकबाट

अदालतमा आएका व्यक्तिहरू सरकारले लगाएको अभियोगलाई प्रमाणित गर्न सहयोग गर्न आएका सरकार पक्षका साक्षीहरू हुन्। साक्षीहरूको यति ठूलो महत्त्व भएको भएतापनि साक्षी संरक्षणसम्बन्धी कानुनको अभावले गर्दा पीडित तथा अन्य बुझिएका मानिसहरू अदालत समक्ष आएर स्वतन्त्र रूपमा बकपत्र गर्न सक्ने अवस्था छैन, यही कारणले गर्दा पीडित तथा साक्षीहरूले मुद्दामा प्रतिकूल (Hostile) हुनेगरी बकपत्र गर्न बाध्य भएका उदाहरणहरू प्रशस्त छन्। साक्षी संरक्षणसम्बन्धी कानुनको अभाव छ। जसले गर्दा उजुरी र जाहेरीपछि पीडितले अदालतमा बकपत्रको लागि उपस्थित हुँदा अभियुक्त तर्फबाट दिइने डर त्रास धम्की आदिको कारणबाट प्रतिकूल बकपत्र गर्न बाध्य हुनु परेको छ। परिणामस्वरूप अपराधीले सजायबाट उन्मुक्ति पाई समाजमा यौन अपराधले प्रश्रय पाइरहेको अवस्था छ।

---

सम्बद्ध कानुनहरू, कानुन, अङ्क ७२, पृष्ठ ३८

## बाल यौनदुर्व्यवहारको अवस्था

महिला तथा बालबालिका सेवा निर्देशनालयको तथ्याङ्कअनुसार १८ वर्षमुनिका पीडित रही दर्ता भएका जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योगका मुद्दाको संख्यात्मक विवरण निम्नानुसार रहेको छ :

| क स | मुद्दाको प्रकृति | आ व ०७२।०७३ | | | आ व ०७३।०७४ | | | आ व ०७४।०७५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०देखि १० वर्ष | ११ देखि १६ वर्ष | १७ देखि १८ वर्ष | ०देखि १० वर्ष | ११ देखि १६ वर्ष | १७ देखि १८ वर्ष | ०देखि १० वर्ष | ११ देखि १६ वर्ष | १७ देखि १८ वर्ष |
| १ | जबर्जस्ती करणी | २१३ | ३५० | ११८ | २११ | ४४४ | ८८ | २६१ | ५९० | १४४ |
| २ | जबर्जस्ती करणी उद्योग | ५७ | १६५ | ४४ | ८५ | १५८ | ३२ | १०३ | २३४ | ६५ |
| | जम्मा | २७० | ५१५ | १६२ | २९६ | ६०२ | १२० | ३६४ | ८२४ | २०९ |

माथिको तालिकाबाट यो कुरामा प्रष्ट हुन सकिन्छ की जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योगका मुद्दा वर्षैपिच्छे संख्यात्मक रूपमा वृद्धि हुँदै गएको देखिन्छ।

त्यसैगरी सिविसले काठमाण्डौ, ललितपुर तथा भक्तपुर जिल्लाका विभिन्न प्रहरी कार्यालयहरू तथा सरकारी कार्यालयसँग समन्वय गरी प्रत्यक्ष रूपमा सहयोग गरिएका **जबर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग तथा** बाल यौनदुर्व्यवहारका घटनाहरूको संख्या निम्नानुसार रहेको छः :-

| मिति | घटना संख्या |
|---|---|
| २०१३ | ४० |
| २०१४ | ३६ |
| २०१५ | ४० |
| २०१६ | ४३ |
| २०१७ | २५ |
| २०१८ सेप्टेम्बरसम्म | १८ |

**जाहेरी** : बाल यौन दुर्व्यवहारका घटनामा जाहेरी दिने क्रममा पीडितको परिवारले नै आफू सचेत भएर जाहेरी दिनु उपयुक्त हुन्छ। यसो भएमा उक्त घटनाका संलग्न आरोपीविरुद्धको कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउन सहज हुन्छ। साथसाथै आरोप प्रमाणित भएमा आरोपीलाई सजाय दिलाउन सहज हुने गर्दछ। अभिभावक नभएका बालबालिका, जाहेरी दिने समयमा तत्काल उपस्थित हुन नसक्ने पीडित बालबालिकाका अभिभावकहरू भएको मुद्दामा पीडकविरुद्ध कानुनी प्रक्रिया अगाडि बढाउन असहज हुने गर्दछ। अर्कातिर जाहेरी दिन ढिला गरेमा उक्त आरोपी भाग्न सक्ने अवस्था हुन सक्छ। यस्तो अवस्थामा घटनाका बारेमा जानकार भएका संघसंस्थाहरूको रोहबरमा बसी पीडित बालबालिकालाई नै जाहेरवाला बनाई जाहेरी दिने गरिन्छ। यस प्रकारका घटनामा पीडित बालबालिकाका परिवारमा कानुनी चेतनाको कमी, कमजोर आर्थिक अवस्था, पीडकहरूबाट पीडित स्वयं तथा उनीहरूका परिवारलाई दिइने प्रलोभन, दबाब, डरत्रास र धम्कीका कारण पीडित तथा उनका परिवार सदस्यहरूले आफ्नैविरुद्ध बयान दिने गरेका छन् अर्थात् मुद्दा प्रतिकूल (Hostile) हुने गरेको छ। जसको परिणामस्वरूप अपराधीले सजायबाट उन्मुक्ति पाई समाजमा खुल्लम खुल्ला हिडेका उदाहरणहरू भेटिन्छन्।

**प्रहरी चौकीको भौतिक संरचना तथा व्यवहारिक पक्षः** प्रहरी कार्यालयमा छुट्टै बालमैत्री कक्षको व्यवस्थाको अभाव तथा बालमैत्री भाषा, शब्दहरू प्रयोग नहुँदा बाल यौनदुर्व्यवहार पीडित बालबालिकाको जाहेरी दिने, कारबाही प्रक्रिया

अगाडि बढाउने क्रममा बालबालिका हत्तोत्साही हुने गरेको पाइन्छ ।

**अस्पताल** : बाल यौनदुर्व्यवहारका घटनाका पीडितहरूलाई स्वास्थ्य परीक्षणका लागि फरेन्सिक विभाग लैजानु पर्नेमा प्रायः प्रसुति गृहमा लाने गरिन्छ। परिणामस्वरूप सम्बन्धित पीडितहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनमा घटनाको वास्तविक सत्य तथ्य पहिचान नहुन सक्छ। किनकि फरेन्सिक विभागको परीक्षणले यौनाङ्गमा देखिएको घाउ वा चोट जबर्जस्ती करणी, दुर्घटना, एलर्जी, आदि के कारणले भएको हो भन्ने कुरा प्रष्ट रूपमा उल्लेख गरेको हुन्छ। यता प्रसुति गृहले विशुद्ध रूपमा गर्भवती महिलाको स्वास्थ्य परीक्षण गर्ने काम गर्दछ। पछिल्लो चरणमा काठमाण्डौको थापाथलीस्थित प्रसुति गृहमा प्रधानमन्त्री कार्यालयकै पहलमा यस प्रकारको सेवा उपलब्ध गराइएतापनि देशका सबै प्रसुति गृहहरूमा यो सेवा सुविधाको व्यवस्था हुन सकेको छैन ।

**अदालत**ः मुद्दाको बकपत्रको लागि अदालतमा बिहान १० बजे नै बोलाएको हुन्छ तर सो बोलाएको दिनभरी पक्ष तथा साक्षीहरूलाई दिनभरी कुराएर राखी बेलुका ५ बजे हाजिर मात्रै गराएर पठाइन्छ। त्यसैगरी प्रतिवादीको कानुन व्यवसायी आएको छैन भनेर एउटा मुद्दाको बकपत्रमा २।३ दिन लगाएको अवस्थासमेत छ। अदालतमा साक्षी संरक्षण कक्ष भनेर एउटा कोठाको व्यवस्था त गरिएको छ तर सो कक्षको सदुपयोग भने कमै मात्र भएको पाइन्छ। अदालतमा पीडित तथा साक्षीहरूका लागि विशेष संरक्षण कक्षको अभाव तथा बकपत्रको लागि उचित वातावरण नहुँदा पीडित तथा साक्षीहरू अदालत जान मन गर्दैनन् । जसले गर्दा न्याय निरूपणमा प्रत्यक्ष असर पर्ने गरेको छ ।

## सिविसको अनुभव

(१) बालबालिकाले आफूमाथि भएको यौन दुर्व्यवहारलाई सहज रूपमा बुझ्न सक्ने अवस्था हुँदैन। बाल्यावस्थामा आफूमाथि गरिएको व्यवहार सामान्य हो कि असामान्य हो भन्ने पहिचान गर्न सक्ने क्षमताको विकास भएको हुँदैन। यो पहिचान गर्न पीडितको स्वास्थ्य परीक्षण, अन्य उपलब्ध प्रमाणहरू, परिस्थितिजन्य अवस्था, पीडितका अभिभावक, मनोसामाजिक विमर्शदाताको प्रतिवेदन आदिको आधारमा पहिचान हुन सक्दछ।

(२) पीडित तथा पीडित परिवारमा कानुनी ज्ञानको अभाव तथा कमजोर आर्थिक अवस्था भएका कारण मुद्दा दर्ता भएता पनि कानुनी प्रक्रियाको अन्तिम चरणसम्म पुग्दा पीडित मुद्दाको पक्षमा दह्रो भएर उभिन नसक्ने स्थिति हुन्छ। परिणास्वरूप कतिपय मुद्दामा पीडित र पीडितको परिवार आफैंले मुद्दा फिर्ता लिने, पहिलो पटक प्रहरीमा आफैंले गरेको बकपत्रको विपरीत अदालतमा मुद्दाका प्रतिवादीलाई सहयोग पुग्ने गरी बयान दिने गरेको पाइन्छ।

(३) प्रायः जसो पीडक (प्रतिवादी) को आर्थिक, सामाजिक र राजनीतिक स्तर उच्च हुने गरेको पाइएको छ। जसले गर्दा पीडकले पीडित, पीडितको परिवार, सरकारी वकिलदेखि अदालतसम्मका सरकारी निकायलाई समेत प्रभाव पार्ने गरेको पाइन्छ।

(४) बालयौन दुर्व्यवहारसम्बन्धी मुद्दा दर्ता भएपछि पीडितलाई संघ संस्थाबाट पीडित बालबालिकालाई कानुनी सेवा प्रदान गर्ने गरिन्छ। यस क्रममा पीडक तथा पीडकको परिवारले पीडित पक्षलाई असहयोग गर्नका लागि कानुन व्यवसायीलाई भनसुन गर्ने, पीडकलाई समर्थन गरेमा त्यसको बदलामा

आर्थिकलगायत अन्य प्रकारको प्रलोभन देखाउने गर्दछन् । त्यस्तो प्रलोभन अस्वीकार गरेमा सम्बन्धित कानुन व्यवसायीलाई डर, त्रास तथा धम्की दिएर पीडितको पक्षबाट वकालत नगर्नका लागि दबाब दिने गरिएको छ ।

(५) जबरजस्ती करणीसम्बन्धी मुद्दा सरकारवादी मुद्दा हो । यस्ता मुद्दाको कसुरको प्रमाण पुऱ्याउने भार सरकारी पक्षले गर्नु पर्दछ भन्ने कानुनी प्रावधान छ । कानुनी प्रावधान यस्तो भएको भएतापनि सरकारी निकायले गर्ने घटनाको सन्दर्भमा गरिने अनुसन्धान तथा पीडितको पक्षमा कानुनको प्रमाण जुटाउने कार्य अलि फितलो हुने गरेको पाइन्छ ।

(६) पीडित र सरकारी वकिल बीचको समन्वय जति मात्रामा हुनु पर्ने हो त्यो पर्याप्त भएको देखिदैन । सामान्यतया अदालतमा दर्ता भई कानुनी कारबाहीका लागि प्रक्रियामा गएको मुद्दा सरकारी पक्षबाट प्रतिरक्षा हुने गर्दछ । यसो भएतापनि सम्बन्धित पीडित पक्षले आफ्नो कानुन व्यवसायी तथा सरकारी वकिलसँग मुद्दाको जानकारी लिने तथा मुद्दालाई पक्षमा पार्नका लागि आफ्नो तर्फबाट गर्न मिल्ने काम गरेमा पीडितको पक्षमा बहस पैरबी कानुन व्यवसायीलाई अझ बढी सहज हुनेथियो । किनभने मुद्दासँग सम्बन्धित वास्तविक तथ्य पीडितलाई नै बढी मात्रामा थाहा हुन्छ । यसैले आफ्नो मुद्दामा पीडित पक्ष पनि सजग र सचेत रहनुपर्दछ । यस प्रकारको सचेतनताको कमीले गर्दा पनि वास्तविक पीडितले उचित न्याय पाउन नसकेको स्थिति छ ।

**मनोविमर्श** : बाल यौनदुर्व्यवहारका घटनामा प्रतिवादीले पीडितलाई विभिन्न किसिमका डर, त्रास तथा प्रलोभनमा पार्ने सम्भावना हुन्छ । यसैगरी आफन्तबाट यौन दुर्व्यवहार हुने तथा हाम्रो सामाजिक तथा सांस्कृतिक संरचनाका कारण यस्ता घटनाको बारेमा समाजमा खुलेर बोल्न हुँदैन भन्ने संस्कार विद्यमान छ । यसका साथै कतिपय पीडित बालबालिकाले सम्पूर्ण घटनाको जिम्मेवार आफैँलाई ठानी गम्भीर मानसिक पीडामा डुबिरहेका हुन्छन् । उनीहरूलाई यस्तो अवस्थाबाट बाहिर ल्याई घटनाको बारेमा खुलेर कुरा गर्न सक्ने बनाउन लामो समयसम्म मनोविमर्श सेवा प्रदान गर्नु पर्ने हुन सक्छ । त्यसैले बाल यौनदुर्व्यवहारसँग सम्बन्धित घटनाका पीडित पक्ष र उनका परिवारलाई मानसिक पीडाबाट बाहिर ल्याउनका लागि मनोविमर्श सेवाले अत्यन्त ठूलो भूमिका निभाउने गर्दछ ।

**निष्कर्ष** : आजका बालबालिका वर्तमानका साझेदार तथा भोलि देशका कर्णधार हुन् । बाल यौनदुर्व्यवहारसँग सम्बन्धित मुद्दाका प्रतिवादीहरू आफ्नै अभिभावक, आफन्त, छिमेकी, शिक्षक तथा साथीहरूलगायत जो पनि हुन सक्छन् । यसैगरी यसको पीडामा पर्ने बालबालिका जुनसुकै उमेर समूहका हुन सक्छन् । यसैले यस्तो जघन्य अपराध हुन नदिन, अपराधका पीडकहरूलाई कानुनको कठघरामा उभ्याउन तथा पीडित बालबालिकालाई न्याय दिलाउनका लागि परिवार, विद्यालय, समुदाय, प्रहरी कार्यालयलगायत सबैले जिम्मेवारपूर्ण ढङ्गले भूमिका खेल्न जरुरी छ ।

# सिविस अभियानका झलकहरू











प्रभातफेरी


"१८औं अन्तर्राष्ट्रिय बाल अधिकार दिवस"
"बालबालिका शान्ति क्षेत्र हुन"
बाल र्‍याली


बालयौन दुर्व्यवहार र बालबालिका विरुद्ध भइरहेको हिंसाका विरुद्ध आवाज उठाऔं !!!
चैत्र २० गते शुक्रबार विहान ९:१५ देखि १० बजे विजुलीबजार जाऔं ।
Youth in Black Cap


बालमैत्री कानुन, हाम्रो माग !!!




"बालअधिकारको लागि बाल सहभागिता"
बालक्लबहरुको वार्षिक समीक्षा
कार्यशाला






अनुरोधपत्र हस्तान्तरण संयुक समापन समारोह






बालश्रम विरुद्ध
युवा प्रदर्शन


उद्घाटन समारोह




मे दिवस
श्रमिक एकता जिन्दावाद!
नेपाल स्वतन्त्र घरेलु श्रमिक यूनियन
FAST FOOD








घरेलु श्रमिकको अधिकार संरक्षणका लागि
प्रधानमन्त्री समक्ष हस्ताक्षर बुझाउने कार्यक्रम








Supported By:
Save the Children
Norway


परीक्षण एवम्
सवाल र नागरिक समाजको भूमिका
अन्तर्क्रिया कार्यक्रम

# सिविसबाट प्रकाशित पुस्तक तथा सामग्रीहरू




# सिविसले प्राप्त गरेका प्रशंसापत्रहरू










महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
जिल्ला बालकल्याण समिति, ललितपुर
प्रशंसा–पत्र


जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक, धुलिखेल
स्थापित: २०२२
प्रशंसा-पत्र


MEGA COLLEGE
Certificate of Appreciation
We express our sincere gratitude to
CWISH, Nepal
For your valuable contribution in supporting our BSW students for field placement


गाउँ विकास समिति
उग्रतारा, जनागाल, काभ्रे
सम्मान-पत्र


Shree Sisnery Higher Secondary School
Certificate of Appreciation
We feel proud to present this Certificate of Appreciation to
in this school.
We hope to get same kind of support and cooperation from
you / your organization in the days to come.
Wishing you all the success in every endeavour in future.
Principal
Chairperson
Distinguished Guest
Hon. Chief Guest


गाउँ विकास समितिको कार्यालय
प्रशंसा-पत्र


श्री सिद्धेश्वर माध्यमिक विद्यालय
प्रशंसा-पत्र


“बालश्रम रोकौं”
हामी बालश्रमविरुद्धको अभियानमा एक जुट हुँदै आ-आफ्नो क्षेत्रमा बालश्रम अन्त्य गरी बालमैत्री नगर निर्माणका लागि प्रतिबद्ध छौं ।
बालश्रमविरुद्ध काम गरौं :
बालमैत्री नगरका लागि अघि बढौं
Stop Child Labour

# शब्दचित्रमा सिविसको २५ वर्ष

कुल परियोजना
९१

कुल दातृ निकाय
३७

सहकार्य गरेका संघ संस्था तथा निकाय
९८२

कुल स्थानीय साझेदार संस्था
४५

आबद्ध भएका सञ्जाल
७

कार्यक्रम सञ्चालित जिल्ला
४३

समेटिएका अभिभावक
३,९९,६३७

समेटिएका बालबालिका
२,५८,६४६

दर्ता भएका बालयौन शोषणका मुद्दा
३०५

कानुनका दायरामा ल्याइएका पीडक
८२

पुनर्मिलन गराइएका बालबालिका
७५



प्रकाशन
१२१



सिविसमा कार्यरत कर्मचारीहरु